CC-0. Nepal Sanskrit Academy, Kathmandu

खपऱ्या एवम् देवताहरूबिचको द्वन्द्व र सृजित विभेद

पुरनसिंह दयाल

नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खपऱ्या एवम् देवताहरूबिचको द्वन्द्व र सिर्जित विभेद

पुरनसिंह दयाल

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खपऱ्या एवम् देवताहरूबिचको द्वन्द्व र सिर्जित विभेद

लेखक	:	पुरनसिंह दयाल
प्रकाशक	:	नेपाल प्रज्ञा–प्रतिष्ठान कमलादी, काठमाडौँ
संस्करण	:	पहिलो, वि.सं. २०७७ (१२०० प्रति)
सर्वाधिकार	:	नेपाल प्रज्ञा–प्रतिष्ठान
आवरण सज्जा	:	सीताराम राई
मूल्य	:	रु. २०५।–
मुद्रण	:	प्रज्ञा छापाखाना कमलादी, काठमाडौँ

ISBN : 978-9937-723-39-8

Khaparya Ewam Devataharubichko Dwandwa Ra Sirjit Bibhed

Puran Singh Dayal

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवम् प्रवर्धन गर्दै तत्विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा स्थापित नेपाल एकेडेमीले क्रमशः रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जनआन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवम् नाट्य-सङ्गीत विधालाई छुट्याई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै विरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, साहित्य, संस्कृति, धर्म, दर्शन, सामाजिक शास्त्र आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिबद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने गरेका छन्। यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौँ। यसरी स्पष्ट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानका रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौँ। यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवम् ग्रन्थ प्रकाशनसहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौँ।

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशकीय

भाषा, साहित्य, धर्म, दर्शन, संस्कृति, समाजशास्त्र, ज्ञान-विज्ञान एवम् कला-वास्तुकला आदि नेपाली जनजीवनका विविध पक्षहरूको अध्ययन/अनुसन्धानका माध्यमद्वारा सिङ्गो नेपाल राष्ट्रको सुदृढीकरण र समष्टि रूपमा नेपाली राष्ट्रियताको दिगो विकासमा सघाउ पुऱ्याउने पवित्र उद्देश्यबाट अभिप्रेरित भएर नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिएको हो। नेपाल राष्ट्रलाई आवश्यक पर्ने प्रज्ञानको पूर्ति गर्ने नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रमुख दायित्व हो। नेपाल प्रज्ञा-प्रतिष्ठान स्थापना कालदेखि नै नेपालको मूर्त-अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन/अनुसन्धानका माध्यमबाट नेपाल राष्ट्रको आवश्यकता परिपूर्ति र विश्व सामु नेपाललाई चिनाउने काममा लागिरहेको छ।

अहिले नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत एघारओटा विभागहरू छन् र ती विभागहरू प्रवचन, गोष्ठी, अनुसन्धान परियोजना तथा पत्रिका एवम् पुस्तक प्रकाशनका माध्यमबाट आआफ्ना क्षेत्रको विषयगत उन्नयनमा लागिरहेका छन्। युगअनुसार नेपालीहरूका बिच आपसी सद्भाव बढाएर नेपालको अस्मितालाई कायम राखिराख्न सघाउ पुऱ्याउने खालको अध्ययन अनुसन्धानमा नेपाल प्रज्ञा-प्रतिष्ठान निरन्तर रूपले अगि बढिरहेको छ।

संक्रमणकालीन द्वन्द्वका पात्र खपऱ्यालाई मूल विषय बनाएर सुदुरपश्चिमका अध्येता पुरनसिंह दयालले लुकेको इतिहासको उत्खनन् गर्नुभएको छ। उहाँले ओझेलमा पारिएका पात्र, इतिहास र प्रवृत्तिलाई निकै ठूलो मेहनतका साथ बाहिर ल्याउनु उल्लेखनीय र प्रशंसनीय छ।

यस पुस्तकले सिङ्गो सुदुरपश्चिम र कर्णाली प्रदेश लगायत भारतको कुमाउँमण्डलका लागि समेत खपऱ्याको विषयमा प्रष्ट हुनसक्ने देखिन्छ। यस विषयामा थप अनुसन्धानकर्ताहरुका लागि समेत यो पुस्तक उपयोगी हुनेछ। त्यस क्षेत्रका अझै इतिहासको गर्भमा लुकेका कतिपय विषय र मुद्दालाई बाहिर निकाल्ने क्रममा प्रज्ञा-प्रतिष्ठानले यस पुस्तकलाई प्रकाशनमा ल्याएको हो।

यस पुस्तकले नेपाली भाषा, साहित्य, लोकवाङ्मयको क्षेत्रमा सुदुरपश्चिम र कर्णाली प्रदेशको मात्रै नभएर सिङ्गो नेपालकै श्रीवृद्धिमा टेवा पुग्नसक्छ। यसले समानता, न्याय, आत्मसम्मान र सामाजिक उन्नयनमा सघाउने कार्यको अपेक्षा राख्दै लेखकलाई बधाई तथा शुभकामना ज्ञापन गर्दछौं।

(डा. जगमान गुरुङ)
उपकुलपति
कमलादी, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विभागीय मन्तव्य

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक एवम् बहुआयमिक भौगोलिक धरातलमा सिर्जित प्राकृतिक सम्पदाले सुसज्जित देस हो। यसले नेपालको हरेक क्षेत्रमा वैशिष्टता प्रदान गरेको छ। चाहे त्यो भाषिक विविधिता होस्, धार्मिक मूल्यमान्यताका मौलिक प्रथाप्रणाली होस् वा हरेक जाति, समुदायभित्रका विविधतापूर्ण सामाजिक-सांस्कृतिक अभ्यास, आस्था, विश्वास नै किन नहोस्। नेपाल भौगोलिक रूपमा सानो भए तापनि सांस्कृतिक सम्पदा र सभ्यताका दृष्टिकोणले विशाल रहेको छ। यहाँ हिमाल, पहाड र तराईका सामाजिक जीवनमा अनेकौं रहनसहन, रीतिरिवाज, परम्परा, लवाइखुवाइ, शारीरिक रूपरङ्गमा विविधताले सुशोभित छ।

यी विविधताले नेपाली समाजमा सप्तरङ्गी इन्द्रेणीले जस्तो समन्वय कायम गरेको छ। विविधतामा एकता र एकतामा विविधता नै नेपालीको वास्तविकता हो। अतः अन्ततोगत्वा सबै जाति, समुदायको आ-आफ्नै विशेष महत्त्व रहेको हुन्छ। प्रकृतिले मानवलाई समान न्याय प्रदान गर्दछ समाजमा कुनै जाति वा समुदाय एक अर्काका परिपूरकको रूपमा रहेका हुन्छन्।

सहअस्तित्व, सहकार्य र समभाव नै सामाजिक यात्राको इन्जिन र पाङ्ग्रा हो। जो एक सिक्काका दुई पाटाजस्तै छन्। यही परिवेशमा आधारित मध्यकालीन एउटा घटना सुदूरपश्चिम र कर्णाली प्रदेशमा भएको थियो। लोकसाहित्यमा त्यसले छुट्टै महत्त्व राखेर सुदूरपश्चिम प्रदेशमा विशेषतः गौरा पर्वको समयमा गीतिमय वर्णन गरी खेल पनि खेलिने गरिन्छ।

त्यस घटनाको मूल पात्र खपऱ्या अर्थात् अठौती मल्ल राजा रहेको छ। नेतृत्वको भूमिकामा मल्ल देखिए तापनि त्यस समयपूर्वका रैथाने मूलवासिन्दा कोल, किन्नर, किरात, यक्ष, गन्धर्व आदिलाई वैदिक शासकहरुले शूद्र भनी विभिन्न अपमानसूचक उपमाले अपहेलना र विभेद गरी यिनको विभेदरहित र आफ्नै किसिमको धर्म संस्कृतिमाथि आक्रमण गरेपछि खस शासक एवम् अन्य धर्म संस्कृतिको विरोधी अठौती मल्लले गाईको सिनो लिएर तिनीमाथि आक्रमण गरेका थिए। त्यसबाट संरक्षित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन देवपक्षका बलिया देवगणका प्रतिनिधिलाई युद्धपछि विभेद नगर्ने सम्झौता गरिएको थियो । त्यस विपरीत उनीहरूलाई शूद्र-अछुतमा परिणत गरियो । यस्तो अवस्थामा खपऱ्या खप्तड गएर बस्ने कममा उनको मृत्यु भयो । मृत्युको केही समयपश्चात् खपऱ्यालाई खप्तड क्षेत्रका रैथाने सार्की जातिले देवताको रूपमा प्राप्त गरेको ऐतिहासिक सन्दर्भ पाइन्छ ।

यहाँ खपऱ्याको दैवीय गुणबाट सबै प्रभावित भएको पाइन्छ । सुदुरपश्चिम र कर्णालीका सबै शासकहरु, पण्डित, पूजारीहरु, हिन्दू र बौद्ध धर्मावलम्बी खस शासकहरूद्वारा खपऱ्या पूजनीय छन् । खपऱ्या पुरातन धर्म संस्कृतिको विरोधी भएर पनि आजसम्म पुजिनु र सम्झिनु कम्ती रोचक विषय छैन ।

खप्तडको प्राकृतिक सुन्दरता र वैभव अवर्णनीय छ । उपासकहरूले यसलाई स्वर्गकै उपमा दिने गरेको पाइन्छ । खप्तडको आकर्षणको केन्द्रबिन्दु खापरदह (खापरमाडौँ वा सार्कीमाडौँ) खापरदेवताको देवस्थल हो । खापरलाई किराती शिवको स्वरूप मान्ने गरिएको पाइन्छ । खापड जगन्नाथको उपासना खापर मष्टको पूजा अर्चना नै शिवत्व हो भनेर खापऱ्यालाई यस क्षेत्रमा देवाधिदेव महादेवको रूपमा स्वीकारिएको छ । अर्कोतिर भारतीय सीमा नजिक बैतडी, डडेलधुरा र डोटी क्षेत्रमा खपऱ्या वैदिक धर्मविरोधी, दानव, राक्षस, शूद्र-अछुत भनी हिन्दू धर्मले परित्यक्त बनाएको रैथाने शिल्पी (कथित दलित) समुदायको जिम्मामा रहेको पाइन्छ । खप्तडका रैथाने सार्की जातिले देवरूपमा खपऱ्यालाई प्राप्त गरेकोले सार्की जातिको धामीले चपाएको चामलको फाँकोले पूजा खाने चलन अद्यापि छँदैछ ।

(डा. जगमान गुरुङ)
उपकुलपति
कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कृतज्ञता

नेपाल भौगोलिक रूपमा सानो मुलुक भए तापनि यो बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुपर्यावरणीय दृष्टिले भरिपूर्ण छ। जति किसिमका विविधता छन्, त्यति नै किसिमका सकारात्मक र नकारात्मक गुणहरूले पनि शताब्दीयौं देखि शृङ्गारित र आलोचित छ। यो त यस भूमिको प्रयोगकर्ताको हातमा छ। यसलाई कसले कसरी प्रयोग गर्छ भन्ने कुरामा निर्भर हुन्छ। यसलाई हेर्ने दृष्टिकोण भोग्ने भोगाइ पनि आआफ्नो हुन्छ। कसैले कर्णालीमा जन्मनु अभिशाप हो भन्छ भने कसैले कर्णालीमा स्वर्ग नै उभिएको अनुभूति गर्ने गर्दछ। त्यस्तै गरी हाम्रो राष्ट्रको धर्म-संस्कृति, रीति-रिवाज र मौलिक परम्परा कतिका लागि स्वर्गीय आनन्द दिने किसिमका छन् तर कसैका लागि यिनै पीडादायी, अपमानजनक, प्रतिशोधात्मक र अभिशप्त छन्।

सुदूरपश्चिम प्रदेशको भौगोलिक विविधतासँगै सांस्कृतिक विविधताअन्तर्गत केही संस्कार अन्तर्घुलित छन्। केही अति उत्पीडन विभेदकारी, वर्णवादी र सामन्ती छन्। यी कुराहरूलाई आजको समय अनुकूल रूपान्तरित गर्न नसके यथास्थितिमा नै अभ्यास गरिरहँदा समाजभित्र कुनै बेला पनि हुन सक्ने विस्फोटबाट बचाउनु जरुरी छ। सुधर्म, सुसंस्कृति, सुविचारयुक्त, समतामूलक र न्यायपूर्ण समाज सिर्जना गर्न तत्कालीन समयका खपऱ्या र देवता भनिने शक्तिकेन्द्रहरूका न्याय-अन्यायपूर्ण क्रियाकलापको चिरफार गर्न यस अध्ययनले थप मद्दत मिल्ने कुरामा आशावादी छु।

यस विषयको अध्ययनका लागि स्वीकृति प्रदान गर्नुहुने प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेती, तत्कालीन उपकुलपति डा. विष्णुविभु घिमिरे र सदस्य सचिव जीवेन्द्रदेव गिरी, पुस्तक प्रकाशनका लागि विशेष भूमिका निर्वाह गरिदिनुहुने प्रतिष्ठानका उपकुलपति जगमान गुरुङ तथा सदस्य सचिव जगत्प्रसाद उपाध्यायज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुस्तकको प्रारूप तयार गर्नमा अमूल्य सल्लाह, सुझाव दिनुहुने प्रतिष्ठानका सदस्य सचिव प्रा. जगत्प्रसाद उपाध्याय, डा. प्रेम खत्री र सुदूरपश्चिमकै भाषा, साहित्य र संस्कृतिका विज्ञ नेपाल संस्कृत विश्वविद्यालय सांस्कृतिक अध्ययन केन्द्रका सह-प्रा.डा. लक्ष्मीराज पण्डितज्यूले पाण्डुलिपिको अध्ययन गरी मूल्याङ्कन गरिदिनुभएकोमा हार्दिक आभार व्यक्त गर्दछु । लेखनका क्रममा सल्लाह, सुझाव र सन्दर्भ सामग्रीको खोज तथा पुस्तकको प्रारम्भिक सम्पादनको विशेष जिम्मेवारी लिइदिनुहुने शोधकर्ता डिबी नेपाली (सोलुखुम्बु) प्रति अनुगृहीत छु । त्यसै गरी पुस्तक लेखन र शोध, खोजलाई अनुसन्धानात्मक ढाँचामा ढाल्न मद्दत गर्नुहुने मित्र जे.बी. विश्वकर्मा, भाइ जनक दयाल र भतिजाहरू ध्रुव दयाल र दीपक दयाल तथा फोटो व्यवस्थापनका लागि मुकेश तिर्वालाई धन्यवाद दिन चाहन्छु । खपऱ्या एवम् देवताहरूबिचको द्वन्द्व र सिर्जित विभेद विषयको क्षेत्र सुदूरपश्चिम र कर्णाली प्रदेश भएको हुँदा त्यस क्षेत्रबाट यसबारे जानकारी प्रदान गर्नुहुने विज्ञहरू, गीतकारहरू, धामीपण्डाहरू, अन्तर्वार्ता दिने, प्रश्नावली भरिदिनेदेखि विभिन्न सल्लाह, सुझाव र प्रेरणा प्रदान गर्ने व्यक्तित्वहरूका साथै पुस्तकालयहरूमा अध्ययन सामग्रीबाट सहयोग गर्नुहुने कैलाली जन-पुस्तकालय, मदन पुरस्कार गुठी पुस्तकालय, पुरातत्त्व विभाग पुस्तकालयका व्यवस्थापकज्यूहरू सबै धन्यवादका पात्र हुनुहुन्छ ।

-पुरनसिंह दयाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सङ्क्षिप्त शब्द र चरहरू

चरहरू : खपऱ्या एवम् देवताहरूबिचको द्वन्द्व र सिर्जित विभेदको अध्ययनका क्रममा विभिन्न चरहरू प्रसङ्गवश विभिन्न ठाउँहरूमा प्रयोग भएका छन्, जसमध्ये केही प्रतिनिधिमूलक चरहरू यहाँ प्रस्तुत गरिएका छन्– देवता, दानव, शिपाइल (शिवायल), पिशाच (पिजास), धामी, पण्डा, भण्डरचारी, मडाल, कटक, फौज, आल, मिलोमता, बडाबडा, मालथली, माडौँ, तीर्थ, थात थलो, गो:रा, जाँत, ठाडो खेल, स्वराड, दरबार ।

जाँत : ठुल्ठुला मन्दिरहरूमा लाग्ने जात्रा विशेष ।

स्वराड : बैतडीको पुरानो भौगोलिक विभाजनअन्तर्गतको दुई क्षेत्र विशेष मल्लो र तल्लो स्वराड, वर्तमानमा राजनीतिक विश्लेषकहरू स्वराड होइन स्वराज भन्ने पनि गर्दछन् ।

ठाडो खेल : प्रायजसो मठ मन्दिरहरूमा जात्राको समय धार्मिक, पौराणिक एवम् ऐतिहासिक गीतहरूलाई ढोलक र मजुरा बजाउँदै गोलघेरामा एउटै ताल मिलाएर गाउने, नाच्ने खेल ।

असमी (असिमी) केदार: पानी पार्ने शिवस्वरूप देवता, ग्वाल्लेक केदारको एउटा रूप, खपऱ्याका प्रतिद्वन्द्वी देवता ।

भडा : वीर गाथालाई हुड्को बजाएर दमाईं जातिले गाउने विशेष गीतिनृत्य ।

गोरा : सुदूरपश्चिम प्रदेशको प्रमुख चाड गौरी र शिव (पार्वती र शिव) का साथै श्रीकृष्णको पूजा आराधना गरिन्छ । ठाडो खेल र डेउडा खेलिन्छ ।

माल/मधेस: कैलाली, कञ्चनपुर र भित्री मधेस जोगबुडा क्षेत्र बुझिन्छ ।

खपऱ्या : डोटी राज्यको एउटा महान् बलशाली एवम् आर्यहरूका देवताविरोधी राजा अठौती मल्ललाई खपऱ्या, खोपऱ्या, खापर, खपरे वा खापरमस्टा भनिन्छ । यसलाई दानव, धूर्त, राक्षसका रूपमा पनि लिइन्छ । यसमा हुरी बतास, बाढी पहिरो उत्पन्न गर्ने क्षमता भएको मान्यता छ । बैतडी, बाजुरा, बझाङ, अछाम, कालीकोट, हुम्ला र भारतको कालीकुमाइँलगायतका केही जिल्लामा देवताका रूपमा पुजिने गर्दछ ।

कलिया : खपऱ्यालाई कुनै ठाउँमा कलिया नामबाट पनि सम्बोधन गरिएको छ । कसैले कलियालाई खपऱ्याको सहयोगी शक्तिका रूपमा लिएको छ भने कुनै गीतहरूमा कलियालाई नै मूल पात्रका रूपमा वर्णन गरिएको छ । बैतडीलगायत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुदूरपश्चिमका केही जिल्लामा शिल्पी (कथित दलित) समुदायले कुलदेवताका रूपमा पुज्ने चलन छ। कुनै गीतमा अठौतीको भाइ पनि भनिएको छ। यसलाई धातुजन्य शिल्पको महान् अन्वेषक भन्दा फरक नपर्ला।

अठौती वा अठौती मल्ल: इतिहासकार जितसिंह भण्डारीको डोटी क्षेत्रको प्राचीन इतिहासअनुसार प्रथम मल्ल राजा नागी मल्लपछिका राजा अठौती मल्ल हुन्। नागी मल्लकी मौला महारानीले घटालदेवताको घोर तपस्यापछि प्राप्त सन्तान। कुनै ठाउँका गीतहरूमा मेधनी मल्ल पनि भन्ने गरेको पाइन्छ।

मालथली : तराई/मधेसको भू-भाग।

बनारसी : पाटन नगरपालिकाअन्तर्गत सुर्नया नदीको बगर (बैना नजिक) मा प्रारम्भिक कालमा मानिचन राठ ठकुरीबाट पुजिँदै आएको मसानी देवताको प्रचलित नाम बनारसी हो। जसले खपऱ्यालाई परास्त गऱ्यो वा माऱ्यो भन्ने ठानिन्छ। हाल बयानी लोहारमा धामी काम्ने मल्लो स्वराडको बलिष्ठ देवता। सबै जाति समुदायले मान्ने देवता। धामी कामेर आगोभित्र पसिदिने, बालुवा, आगो खाइदिने, गुर्ज पखान छिराउने र तताएको गल वा गुर्ज दुहुने शक्तिशाली देवता मानिन्छ।

त्रिपुरा : बैतडी सदरमुकामकी रैण्यासैनी भगवतीको नामबाट प्रसिद्ध देवीलाई त्रिपुरा सुन्दरी नामकरण गरिएको हो।

पोटलो : पस्मिना, देवीदेवता अर्थात् मूर्ति वा धामीलाई ओढाउने वा ओढ्ने पवित्र मानिएको रातो वस्त्र।

निङ्गलासैनी: बैतडीको देहीमाणौं भन्ने स्थानमा विद्यमान शक्तिपीठको भवानीको नाम जुन निगालाको झ्याङमुनि शिल्पी/दलित लाबड ग्वालाद्वारा भेटिएकी थिइन्। नौदुर्गामध्येकी जेठी मानिन्छिन्। पछि गैरदलितद्वारा कब्जा गरिएको हो।

मेलौली : हालको मेलौली नगरपालिकाकी प्रसिद्ध भगवती, जसलाई १३ औँ शताब्दीतिर कत्युर जातिले पाएको विश्वास गरिन्छ। जगन्नाथ, ग्वाल्लेककेदार, भागेश्वर, शिवनाथ, रौलाकेदार, सिगास आदि शिवका विभिन्न नामधारी स्थानीय देवताहरू छन्। यिनको यस द्वन्द्वमा सकारात्मक वा नकारात्मक भूमिका देखिन्छ। महारुद्र, गैंसेर (गयाँहरि), सैंपाल, कालसैनी, सिद्ध, सिमडो, सहस्रलिङ्ग, कैलपाल, बेरठो, कनल्या, लाटो (लटैराज), निरपाल, समैजी (समैची), बेताल आदि स्थानीय देवताहरूका नाम हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छाउ : अछुत हुनु, अपवित्र ठानिएकोलाई छुन नहुने भन्ने भाव दिने शब्द
खलो : सम्म परेको जमिन गौराको समय डेउडा वा ठाडो खेल खेल्ने ठाउँ वा गहुँ, धान, चुट्ने, सुकाउने ठाउँ
खन्याटो : भन्ज्याङ, गल्छी, दुई थुम्काबिचको भूभाग
हिय खडि गैछ : मन दुःखेर आयो
डकारमाणौं : डाकेश्वर देवताको मन्दिर
बोल लिउँ : बिन्ती सुनिदेऊ
पाइक : वीर, बहादुर, लडाकु, साहसी
पननीया : पानीमा खेल्ने, पौडीबाज
गौडा : अप्ठेरो, असजिलो परेको ठाउँ, नाका, अक्कर परेको ठाउँ
जेजलो : बोकेको
नेडी : नजिक
सर्क : आकाश
रिखे : कालो
करदल : तोडफोड गर्नु वा नाशमास गर्नु
भना : वृत्ताकार पाते घन्टी
भोक्कर : एक प्रकारको बाजा
छात : छाता
नान : नुहाउन
घाई : बाजाहरूको एक प्रकारको ताल
कै बटा : कुन बाटो
जया : सपुत विजय गराउने, पैदा गरेको
गादो पडाउनी : पटुका बाँधेबापत, आँट गरेबापत
भर्‍या खपऱ्या : माल मधेसतिरबाट खपऱ्या आएको हुंदा, त्यहाँ हुने अमङ्गलकारी शक्ति वा तुकबन्दी मिलाउन प्रयोग गरिएको तुच्छ शब्द
ज्वाँतो : जौ, गहुँसँग उम्रने यस्तै प्रकारको घाँस, जौको प्रजाति
साउँ : धानसँग उम्रने धानको जस्तै बोट
पिठी आडो: पछाडिबाट सहायोग गर्नु वा सघाउनु
सय देवरा : सयकडौं देवस्थलबाट मान्यता प्राप्त गरेको वा पुजित हुने
सोर : भारतको उत्तराखण्डको एउटा जिल्ला पिथौरागढ
गिदरा : पूर्व प्रचलित गीतहरू भट्याउने वा आफै तत्काल गीत बनाएर दोहोरी खेल्ने खेलाउने व्यक्ति
थपना : सानो मन्दिर स्थापना गर्नु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लुकुडी : कपडा, वस्त्र

शिख भोग : पूजाआजाको सामग्री

रोत : अधीनस्थ क्षेत्र वा कब्जामा भएको भूभाग

सिपाइल : शिवालय, शिवगणहरू, शिवांशहरू

दानव : महर्षि कश्यपकी दनु नामकी पत्नीबाट जन्मेका सन्तान, दनुखलक, असुर, राक्षस (वसन्तकुमार शर्माको शब्दसागरबाट)

केर : दुध दिने गाई र भैंसीलाई आफ्ना आराध्य देवताको कृपा पात्रका रूपमा मान्ने र दुध दिने भएपछि अर्थात्, २२ दिनपछि त्यसको दुध देवतालाई चढाउने र केही घिउ बनाएर देवता पुजेका बेला होम गर्न लगाउने काम। कसैले उक्त पशुको किलोमा र कसैले दुधिलो रुख तिमिलो वा बेडुको रुखमुनि दुध चढाउने र घिउले होम गरी पूजा गर्छन्। उक्त देवताको मन्दिर जहाँ भए पनि सेर भनेर पूजाको दिन घिउ दिन आउनुपर्छ।

धुत : डरलाग्दो, आतङ्कित पार्ने किसिमको, सङ्क्षिप्त नेपाली शब्दसागर अनुसार कँपाइको, छापिएको, घेरामा पारिएको

रोत : अधीनस्थ क्षेत्र, राज्यलाई कर तिर्नुपर्ने क्षेत्र, शासित क्षेत्र

चलो : शोभायात्रा

धुत : कँपाइएको, धाडिएको, धम्क्याइएको, घेरा पारिएको, तर्कित, धोइएको (सङ्क्षिप्त नेपाली शब्दसागरबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

परिच्छेद : एक

१. ओझेलमा पारिएका ऐतिहासिक पात्र खपन्या १७
१.१ देवताविरोधी खपन्या १८
१.२ विभिन्न क्षेत्रमा खपन्याको आक्रमण १८
१.३ खपन्या पुनः शक्ति सञ्चयमा २०
१.४ खपन्याको अन्तिम लडाईं २१
१.५ खप्तड क्षेत्रमा खपन्याका गतिविधि २१
१.६ देवताका रूपमा पूजनीय खपन्या २२
१.७ शिवका रूपमा खापर २२
१.८ देवताका रूपमा सार्कीलाई प्राप्त २३
१.९ राजाबाट शक्ति परीक्षण २३
१.१० खपन्याको मानवतावाद २४
१.११ खपन्याको सकारात्मक पक्ष २४
१.१२ खपन्या विभेद नगर्ने शासक २४
उपसंहार २५

परिच्छेदः दुई घढ

२.१ कृति परिचय ३९
२.२ प्राप्त लोकसाहित्यको समीक्षा तथा पुनरावलोकन ४०

परिच्छेदः तीन

३. खपन्या अनुश्रुतिको उत्पत्ति र विस्तार ६०
३.१ साहित्यमा खपन्या ६०
३.२ माल र कुमाउँमा आक्रमण ६२
३.३ खपन्याको बैतडी प्रवेश ६५
३.४ खपन्याको बैतडी प्रवेश र देवताहरूमाथि गरेको हस्तक्षेप ६६
३.५ आपत्कालीन देवभेला ६८
३.६ जगन्नाथ देवताको फरक भूमिका ६८
३.७ नागार्जुनसँगको सङ्घर्ष ७०
३.८ सिमुकेदार, पासोआमा, नागार्जुन र खपन्या ७०
३.९ मान्छेको अपहरण ७१
३.१० खपन्या सबैका पूजनीय १ ७२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेदः चार

४.१	निङ्गलासैनी भगवतीको उत्पत्ति र महिमा	७४
४.२	निङ्गलासैनीको भूमिका	७५
४.३	ग्वाल्लेक केदारको बेवास्ता	७७
४.४	विभिन्न देवीदेवताको हतियार	७७
४.५	खपऱ्याकी आमा र श्रीमतीको सपना सन्देश	७७

परिच्छेदः पाँच

५.	देवीदेवताहरूका युद्ध समूहहरू	८०
५.१	योद्धा देवताहरूसँग सम्झौता	८०
५.२	झौलेकमा भएको द्वन्द्व	८०
५.३	पाटनको युद्धमा महाबलशाली बनारसीको भूमिका	८१
५.४	बृहत् भेलाद्वारा खपऱ्याको प्रतिकार गर्ने निर्णय	८४
५.५	पाटनको लडाइँ अन्योलमा	८५

परिच्छेदः छ

६.	खपऱ्यासँगको पहिलो मूल द्वन्द्व	८७
६.१	ऐँच्याकाँडा द्वन्द्वको केन्द्र	८७
६.२	देवस्थलहरू	८८
६.३	खपऱ्यासँग युद्धको तयारी	९०
६.४	काव्यमयी युद्धवर्णन	९१
६.५	गीतहरूको समीक्षा	९३
६.६	खाडल पर्नुको कारण	९४
६.७	असीमकेदारको पूजास्थल परिवर्तन	९६

परिच्छेदः सात

७.	विजयपछिको विवाद	९७
७.१	शुद्धीकरणका लागि तीर्थाटन	९७
७.२	केराको पातको डन्डीमा पानी बगाइयो	९८
७.३	विभेदित देवताहरूको प्रतिक्रिया	९९
७.४	रौलाकेदारसँग प्रतिकार गरी सिंहासनको प्राप्ति	९९
७.५	सिगास केदारको पोटलो खोस्यो	१००
७.६	सिमडोलाई अपाङ्ग बनाइयो	१०१
७.७	कालसैनी र सिद्धको एउटै मन्दिर बन्यो	१०१
७.८	विभेदित देवताहरूका कारण चोखा देवताहरूको पलायन	१०२
७.९	अन्य विभेदित देवताहरूको अवस्था	१०३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेदः आठ

८. गैंसेरको नेतृत्वमा खपऱ्यासँगको युद्ध १०५
८.१ खपऱ्याको आधार क्षेत्र १०५
८.२ खपऱ्याको पहिलो प्रहार १०६
८.३ खपऱ्या प्रतिकार योजना १०७
८.४ सहयोगका लागि गीतिमय आग्रह १०७
८.५ युद्धक्षेत्र सिमदोगडा १०९
८.६ द्वन्द्वपछि देवताहरूसँग पृथक् विभेद १११
८.७ द्वन्द्वको नेतृत्वमा गैंसेर १११
८.८ गङ्गेश्वरसँगको फरक शैलीको विभेद र जोलियाको हत्या ११२
८.९ मसानघाटबाट माथि पनि पूजित ११२
८.१० गैंसेरलाई मेलौलीको स्वीकार ११४
८.११ विजयपछिको प्राप्त उपलब्धि ११४
उपसंहार ११६

परिच्छेदः नौ

९. गन्यापमाथि खपऱ्याको आक्रमण ११७
९.१ गन्याप र लाटोको सङ्क्षिप्त उत्पत्ति विवरण ११८
९.२ खपऱ्याको गुजर वा गद्दी सडक ११९
९.३ गन्यापमाथि आक्रमण १२०
९.४ नाइलको ताल क्षेत्रमा खपऱ्याको कब्जा १२३
९.५ मिथकको दानव नै खपऱ्या राजा हो कि ? १२४
९.६ नाइल तालमा भएको द्वन्द्व १२५
९.७ खपऱ्यासँग भएकी महिला को हुन् ? १२७
९.८ कतै सातसङ्ल्या खपऱ्या त होइन ? १२८
उपसंहार १२९

परिच्छेदः दश

१०. खपऱ्या-खप्तड सम्बन्ध १३०
१०.१ पृष्ठभूमि १३०
१०.२ खपऱ्या र खापडदेव १३१
१०.३ बाजुरामा खापर १३२
१०.४ बाजुरामा देवताहरूको सङ्घर्ष १३३
१०.५ घटनाविशेष १३५
१०.६ अन्य देवताहरूसँगको सहसम्बन्ध १३६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१०.७ अन्य पूजनीय विधि र विभेद १३६
१०.८ बझाङमा खापर १३७
१०.९ अछाममा खापर १३८

परिच्छेदः एघार

११. कर्णालीमा खापर १४०
११.१ खापर र मस्टा १४०
११.२ हुम्लाको ताजाकोटमा खापर १४२
११.३ खपऱ्या सार्की राजा हुन सक्ने १४२
११.४ रैथाने सार्की जाति १४३
११.५ रक्तशुद्धता अझै कायम १४६
११.६ ग्रहणसँग भूलको सम्बन्ध १४६
११.६ सार्कीको ऋण नतिरेबापतको ग्रहण १४७

परिच्छेदः बाह्र

उपसंहार १४९
वर्ण र जातीय विभेदको औचित्यहीनताका कारणहरू १६०
सुझाव १६८
निष्कर्ष १७५
अनुसूचीः १ १७८
सन्दर्भ सामग्री १८२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेद : एक

१. ओझेलमा पारिएका ऐतिहासिक पात्र खपऱ्या

केही लिखित, केही अलिखित प्रमाणहरूका आधारमा खपऱ्यालाई डोटी अजयमेरुकोटका मल्ल राज्यका संस्थापक राजा नागी मल्लका छोरा अठौती मल्ल मान्न कुनै दुबिधा छैन। सिङ्गो खस साम्राज्यलाई चुनौती दिएर वि.सं. १४४४ मा आफ्नो स्वतन्त्र राज्य घोषणा गर्ने नागी मल्ल हुन्। उनकी मौला महारानीबाट महाभारत महाकाव्यमा वर्णित पाण्डुपुत्र भीम र हिडिम्बा दानवीबाट घटालको दिव्यदर्शनपछि अठौती मल्लको जन्म भएको मानिन्छ। वर्तमान विज्ञानले नमान्ला, त्यो अर्कै कुरा हो।

खपऱ्याको स्वरूप उपर्युक्त पृष्ठभूमिबाट जन्मेको अठौती मल्ल शारीरिक रूपमा अजङ्गको शरीर, ठुला दाह्रा भएको, लट्टाधारी कपाल भएको र बलिष्ठ शरीरको थियो। मल्लयुद्धको पनि उनी सिद्धहस्त पहलमान थिए। विध्वंशकारी, हावाहुरी लगाउने, बाढी पहिरो ल्याउने, वैदिक आर्यहरूले अभक्ष्य भनी त्यागेको गाईगोरुको फिला बोकी तिनका आस्थाका केन्द्रहरूमाथि आक्रमण गरी नरसंहार गरेको वर्णन पाइन्छ। उसलाई राज्यसत्ताका आधार स्तम्भहरू तहसनहस गर्ने उद्धात्त शक्ति प्राप्त पात्रका रूपमा चित्रण गरिएको छ। त्यसमा धर्ती नै हल्लाउन सक्ने क्षमता विशेष भनेर विभिन्न पुस्तक, किंवदन्ती एवम् जनमानसमा व्याप्त रहेको छ।

यस किसिमको विशिष्ट क्षमता र भौतिक स्वरूप देखेर राजा नागी मल्लले आफै पनि असुरक्षित महसुस गरी मधेस क्षेत्रको राज्य व्यवस्था सञ्चालनका लागि पठाएको हुनुपर्छ। त्यति खेर यस पहाडी भूभागमा आर्य समुदायले आफ्नो विभेदकारी धर्म संस्कृति र राज्यसत्ता निकै बढाइसकेको र नागी मल्लको शक्ति क्षय भइसकेको वा मृत्यु भइसकेको हुनुपर्छ। उक्त सन्देश थाहा पाएपछि सीमापारिमा भारतीय मुस्लिमहरूले खेदो गरेको शैलीमा त्यसै मधेस क्षेत्रबाट गाईगोरुको सिनोलाई हतियार बनाई संवेदनशील जिहाद छेडेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बहुनामधारी खपऱ्यालाई सुदूरपश्चिम र कर्णालीका विभिन्न ठाउँहरूमा विभिन्न नामबाट सम्बोधन गरिएको पाइन्छ। बैतडी, डँडेलधुरा र डोटी क्षेत्रमा खपऱ्या, खोपऱ्या, खपरे, खापर, खपऱ्या दानव, खपऱ्या राक्षस, खपऱ्या धूत, सत्सङ्ल्या, अठौती मल्ल, मेघ्नी मल्ल, कलिया आदि नामबाट यस क्षेत्रमा चिनिन्छ। यसका साथै बझाङ, बाजुरा, अछाम, कालीकोट, हुम्ला, जुम्ला आदि जिल्लाहरूमा खपऱ्यालाई खापर, खापर, खापर मस्टो, खापर मस्टा, खपडे मस्टा, खापडदेव, दुदिर खापर, लडे खपर, दाडे खापर आदि विभिन्न नामबाट, पूजनीय, आदरणीय रहेको छ।

१.१ देवताविरोधी खपऱ्या

महाभारत, मनुस्मृति, मार्कण्डेय पुराण आदि विभिन्न धार्मिक एवम् ऐतिहासिक पुस्तकहरूमा खस समुदायलाई वैदिक आर्यहरूले व्रात्य, दानव, राक्षस, शूद्र, डोम, आदि नामबाट अपमानित गरेका थिए। तिनीहरूको राज्य हरण गर्नुका साथै तिनले पालन गर्दै आएका धर्म, संस्कृतिमाथि वर्णवादी शासन व्यवस्था स्थापित गर्न पनि सफल भए। त्यसैका विरुद्ध अठौती मल्लले विभेदकारी समुदाय, तिनका आस्थाका केन्द्रहरू र तिनका समर्थक आर्य वा अनार्यमाथि गाईको सिनोसमेत हतियारका रूपमा प्रयोग गरी आक्रमण गर्न पुगे। विभेदको उत्पीडनले पीडित अठौतीले कुनै किसिमको युद्ध नीतिको पालना नगरी अन्धाधुन्ध आक्रमण गरेको हुन सक्ने देखिन्छ।

१.२ विभिन्न क्षेत्रमा खपऱ्याको आक्रमण

गौरापर्व एवम् अन्य जात्राहरूमा गाइने र खेलिने खेलहरूमा अठौती मल्लले वर्तमान कञ्चनपुर जिल्ला, जसलाई माल पनि भन्ने गरिन्छ, त्यहाँबाट भीषण रूपमा आक्रमण आरम्भ गरी पूर्णागिरिलगायतका देवस्थलहरू तहसनहस गरेको र कारिन्दाहरूको टाउको फोरी गिदी नै निकाली हत्या गरेको वर्णन पाइन्छ। तत्पश्चात् मेधनी मल्ल कुमाउँ मण्डलको नैनीतालकी नन्दादेवीदेखि सोर पिथौरागढका देवस्थल र आस्थावान् तथा शासकहरूमाथि आक्रमण गरी कब्जामा लिएका थिए। उनले तम्बाखु भर्न लगाई हुक्का चिलिम थाम्न लगाएका थिए। कालिकालाई त सात डोरीले बाँध्न लगाएको गीति वर्णन रहेको छ।

यसपछि खपऱ्याको नजर बैतडी क्षेत्रतिर पर्न जान्छ र महाकाली नदीको झुलाघाटतिर प्रवेश गर्छन्। झुलाघाट पारि जान तत्कालीन समयमा स्थायी व्यवस्था नभएपछि स्थानीय मिजुर काँणी भाटहरूलाई आदेश दिएर बाबियोको डोरी बाट्न लगाउँछन्। डोरीको सहायताले अस्थायी पुल निर्माण गरी आफ्नो दलबलसहित बैतडी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रवेश गर्दछन् । बैतडी सदरमुकामस्थित रैण्यासैनी अर्थात् त्रिपुरा सुन्दरीलाई आत्मसमर्पणका लागि सन्देश पठाउँछन् ।

तर तिनले स्वीकार नगरी दिदी निङ्गलासैनी भगवतीको शरणमा पुग्छिन् । निङ्गलासैनीको नेतृत्वमा एउटा बृहत् भेला झौलेकमा आयोजना गरिन्छ । खपऱ्याले भीषण रूपमा गर्ने आक्रमणको वर्णन जब भेलामा गरिन थाल्यो, त्यही समयमा धेरैजसो देवताहरूको होसहवास पहिला नै जान थाल्यो । तिनीहरूको डरको मूल कारण गाईको फिलो नै बोकेर खपऱ्याले आक्रमण गर्ने हुँदा आफूहरू अपवित्र हुने थियो ।

उक्त कुरा भेलामा राख्दा नेतृत्वकर्ता देवताहरूले उतिखेर आफूहरू कसरी जोगिने भन्ने पहिलो समस्या रहेको थियो । जुन जुन देवताहरू त्यससँगको प्रत्यक्ष भिडन्तमा छोइएलान् तिनीसँग युद्धपछि विभेद नगर्ने सहमत हुन्छन् । यथावत ढङ्गले व्यवहार चलाइराख्ने बचनबद्धता सार्वजनिक रूपमा सबैले गर्दछन् । झौलेकमा भेला चलिरहेकै अवस्थामा ठुलो गर्जनतर्जनका साथ खपऱ्या देवताहरूमाथि आक्रमण गर्न पुग्छ । बहुसङ्ख्यक देवगण पक्षको भागाभाग हुन्छ । केही समयपछि बनारसी एवम् सैपालहरू त्यहीँ लड्छन् । तर पूर्वतयारी नभएको र अरू पनि भागेर ऐँच्याकाँडाको अग्लो डाँडातिर उक्लेका हुँदा लडाकु देवताहरू पनि उतै लाग्छन् । देवता पक्षकालाई लखेट्दै खपऱ्या पनि ऐँच्याकाँडा नै पुग्छ । त्यपछि ऐँच्याकाँडा रणभूमिमा परिणत हुन्छ । कमजोर मनस्थिति भएका देवताका प्रतिनिधि धामी र अन्य कारबारी पुजारीहरूको पनि भागाभाग हुन थाल्यो । कोही लुक्न थाले । असीमकेदारले बिरालोले जस्तो दाउ मात्र हेरिबस्यो ।

ग्वाल्लेक केदारले त पहिला नै यस हिंसा, हत्यामा नलाग्ने निर्णय गरिसकेको थियो । देवताहरूको त्यस्तो बिचल्ली देखेर बहादुर देवताहरू बनारसी, सैपाल, लाटो र कालसैनीहरूले सिनोले छोइँदा अपवित्र भइन्छ भन्ने कुराको वास्ता नगरी आफूहरूले पनि खपऱ्याका त्यस्ता गाई, सुँगुरका फिलाहरू र अन्य अस्थिपञ्जरहरूबाट बीभत्स रूपमा खपऱ्यासँग लड्न थाले । धेरै समयसम्म मल्लयुद्ध पनि चल्यो । उक्त द्वन्द्व वर्षाको समयमा भएकाले र ऐँच्याकाँडाको पानीको आहालमा लड्दा लड्दा विशाल खाडल बन्न गयो । लडाकु देवताहरूले जिउज्यान लगाएर संयुक्त रूपमा खपऱ्यामाथि आक्रमण गरेपछि ऊ कमजोर हुँदै गयो ।

केही समयका लागि मुर्छित भएको खपऱ्यालाई त्यही हिलोमा च्यापी लडाकु देवताहरू पनि आआफ्नो बाटो लागे । बेहोस जस्तै भएको खपऱ्या एकछिनपछि होसमा आयो । उसलाई सहयोगीहरूले हिलो तालबाट निकाली त्यहाँबाट ओरालोतिर लगे । उसको हिलाम्य भएको शरीर देखेर कुकुरहरूले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पनि लखेट्न थाले। खपऱ्या बाटोमा जाँदै गर्दा नागिन सुर्नया नदी नजिक पुग्छ। त्यहाँ ऊ नदीमा हाम फालेर पौडी खेलेर बैतडीनिकट डँडेलधुराको डागेश्वरमाथि आक्रमण गर्न पुग्छ।

त्यस मन्दिरलाई अपवित्र नै पारिदिन्छ। भागेश्वरलाई आक्रमण गर्न जाँदा ऊ भागेर बाँच्न सफल भयो। अन्य देवताहरूलाई भने तहसनहस पारी सुर्नया नदीवारिको क्षेत्रलाई आफ्नो कब्जामा लिइछोड्छ। गीति वर्णन (यस पुस्तकमा उल्लेख छ) का आधारमा पनि रोकटा, बोकटा, असुर, कोटिगाउँ, देको विष्याडडो, नेउली राजुल, रुपाल आदि क्षेत्रलाई खपऱ्याको रोत अर्थात् शासन क्षेत्र बनाई बसेको देखिन्छ।

उब्जाउशीलताको दृष्टिकोणबाट पनि राडिण अति उब्जाउ हुने क्षेत्र हो। यहाँ अठौतीले केही वर्ष राज्य गरी बसेको देखिन्छ। मेलौलीको वडा नं. ९ को मूल गाउँलाई नै असुर नामकरण गरिएको छ। यस क्षेत्रका मानिसहरूले आज पनि भागेश्वरको जात्रामा खुलेर जान पाउँदैनन्। तिनको भेटी पैसा, भाकल पनि स्वीकार गरिँदैन। किनकि खपऱ्यालाई दानव र राक्षस भनिएकाले सिङ्गो क्षेत्र अपवित्र मानिन्छ। उसको राज्यमा हिन्दु धर्मका जातीय विभेद नगर्ने संस्कृति रहेको हुन सक्छ। यस जातिको राज्यलाई नै दोष जातिको राज्य मानिएको थियो। खपऱ्याको यस राज्यलाई समाप्त पार्न गैँसेर जसलाई गङ्गेश्वर पनि भनिन्छ। उनले नै नेतृत्व लिएको देखिन्छ। त्यसका दाजुहरू कुनै भागेश्वर जस्ता भागे डाँगेश्वर, खिर्केश्वरहरू जस्ताले आत्मसमर्पण गरेको देखिन्छ। गैँसेरले मैलौलीको संरक्षण लिएर शक्ति सञ्चय गरी खपऱ्याको विरुद्ध सुर्नया र डोटेली नदीको दोभान दोगडामा भीषण युद्ध गरेको पाइन्छ। यस युद्धमा अठौती मल्ल पराजित भई महाकाली पारि हल्दुघाट तरेको विषय गीति वर्णनमा पाइन्छ। अनि खपऱ्याको त रोत गङ्गेश्वरको रोत अर्थात् राज्य बन्न जान्छ।

१.३ खपऱ्या पुनः शक्ति सञ्चयमा

महाकाली पारि कालीकुमाउँको अपवित्रता क्षेत्रमा पुनः शक्ति सञ्चयमा लागेर फेरि डँडेलधुराको अर्को प्रसिद्ध देवता गन्यापधुरा जसलाई गणेशका रूपमा मानिन्छ, उसमाथि आक्रमण गर्न पुग्छ। जहाँ जानका लागि महाकालीदेखि गद्दी सडक (घोरेटो बाटो) काटेर दलबलका साथ रानीलाई लिएर जोराइल क्षेत्रमा कब्जा गर्न पुग्छ। यहाँ पनि देवताहरूले जोराइलमा भेला बोलाएर खपऱ्याको प्रतिरोध गर्ने बाचाबन्धन गर्छन्। तर, त्यहाँ पनि लडाकु देवताहरूसँग विजयपछि विभेद नै गर्छन्। यस क्षेत्रमा खपऱ्याले गन्यापमाथि गाईको अस्थिपञ्जरले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हानेर (जसलाई खपऱ्याको गोलो भनिन्छ) पहाड नै च्यातिदिन्छ भने गन्यापको जिब्रोसमेत थुतेको बुझिन्छ ।

१.४ खपऱ्याको अन्तिम लडाइँ

नाइलमा भएको युद्ध यस क्षेत्रको निर्णायक युद्ध भएको देखिन्छ। खपऱ्याले त्यस क्षेत्रलाई फेरि आफ्नो आधार क्षेत्र बनाएको देखिन्छ। डोटी र डँडेलधुरा क्षेत्रका देवताहरूमध्ये समैजी, लाटो, शम्भुनाथगण, गन्याप, कलिया, मणिलेक, पासो, घण्टेश्वर, पिल्को, काफली आदि देवताहरूले एउटा संयुक्त मोर्चा नै खडा गरेर अठौतीका विरुद्ध युद्धको घोषणा गरे। यहाँ भएको युद्धमा खपऱ्या समैजीको खुट्टो नै भाँचिदिन्छ। तर शम्भुनाथले बाण हानेर खपऱ्याको एक दाँत नै भाँच्न पुग्छ। उतातिर मणिलेकले खपऱ्यासँग लड्न आउँदा त्यसको ढाड नै भाँचिदिन्छ खपऱ्याले ।

देवताहरूको स्थिति कमजोर देखेपछि निर्णायक युद्ध लाटो देवताले लड्न पुग्छन्। लाटाले पनि खपऱ्याकै हतियार गाईको फिला नै बोकेर त्यसमाथि तालमै आक्रमण गर्दछन्। त्यसका साथै बाइस कटारको पनि प्रहार गरी मरणासन्न अवस्थामा परास्त गर्छन्। सबै देवता पक्षको विजय हुन्छ। यसपछि देवता पक्षसँगको निरन्तरको द्वन्द्वले अठौती थकित भई शान्ति प्राप्तिका लागि खप्तडतिर लागेको देखिन्छ। ठाउँ-ठाउँको युद्धमा खपऱ्या मारिएको वर्णन गरिए तापनि त्यसपछिका घटना वर्णनले त्यस्तो देखिँदैन ।

यहाँ पनि लाटो देवताले नाइल तालमा नै कटारा हानेर मारेको भन्ने गीति वर्णनहरू भए पनि खप्तड क्षेत्रमा त्यसको व्यापकताबाट त्यो सत्य पुष्टि हुँदैन। यस द्वन्द्वको अन्त्यमा अठौतीकी रानीको पनि उल्लेख गरिएको सन्दर्भ आउँछ। तिनलाई पिन्को अर्थात् पिनाकेश्वरको संरक्षणमा छोडिन्छ। पिन्कोलाई खपऱ्याको भाइ पनि मानिने हुँदा दाजुभाउजूलाई खप्तडसम्म पुऱ्याउन सघाएको देखिन्छ। किनकि देवरूप धारण गरेपछि होला, मुसीरानीको डोला जात्रा खप्तड दहमा मनाउने (दशहरा) जात्रामा भव्यताका साथ ल्याइन्छ ।

१.५ खप्तड क्षेत्रमा खपऱ्याका गतिविधि

खप्तड क्षेत्रमा पनि खपऱ्या शान्तिपूर्वक नबसेका दुईओटा घटना वर्णित गरिएको पाइन्छ। बाजुरा जिल्लाको साबिकको गुदुखाती गाउँ विकास समितिको गुदुस्थित ब्रह्म देवताको ढोल खपऱ्याले चोरिदिएछन्। ब्रह्मले थाहा पाएपछि खपऱ्याको पिछा गर्दा भाग्न थालेछ। माथिबाट हेरिरहेका धवलपुरा देवताले खपऱ्यालाई छेडेदहभित्र लुक्न भनेपछि त्यहीं लुकेर ब्रह्मदेवबाट जोगिएका थिए। यस क्षेत्रमा जातीय विभेद गर्ने देवता ब्रह्म भएको हुँदा त्यसमा आक्रमण गरेको देखिन्छ। उता धवलापुरा देवता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कथित दलित समुदायका भएकाले विभेदविरोधी खपऱ्यालाई सघाएको देखिन्छ ।

यस क्षेत्रमा स्थापित भएपछिको अर्को दोष खपऱ्यालाई बलात्कारको आरोप लागेको थियो । भनिन्छ मस्टो देवताकी बहिनी भगवतीलाई खापरले बलात्कार गरेको थियो । यो घटना पनि बाजुराको नै मानिन्छ । यस्ता केही अपवित्र कार्यले गर्दा विरोधी पक्षले यसलाई तल्लो नजरले हेर्ने गर्दछन् । तर बलशाली भएका कारण बाध्यात्मक रूपमा खपऱ्या सर्वमान्य बनेको छ ।

१.६ देवताका रूपमा पूजनीय खपऱ्या

प्रायजसो व्यक्तिहरू आफ्ना केही असल गुणहरूका कारण श्रद्धाको पात्र बन्दै मृत्युपछि पनि पूजनीय बन्न जान्छन् । बहुसङ्ख्यक वैदिक एवम् पौराणिक देवताहरू पनि त्यस्तै रहेको पाइन्छ । यसमा ब्रह्मा, विष्णु र महेश्वरलाई लिन सकिन्छ । महामानव बुद्धलाई पनि यही रूपमा लिन सकिन्छ । बैतडी जिल्लामा चन्दहरूकै पुर्खा उदयदेव, रानादेव मृत्युपछि पूजनीय बनेको पाइन्छ । अन्यायमा परी मृत्यु हुन गएकाहरू प्रतिशोधात्मक रूपमा पैशाचिक शक्तिद्वारा विरोधीलाई झुकाउने र सधैंका लागि पूजनीय बन्न जान्छन् ।

चन्दहरूकै खलक मेखज्यूले बाध्यतामा पारी गोप जोशीलाई सपरिवार आत्महत्या गर्न लगाएकोमा अहिले उनीहरूले नै देवताका रूपमा पूजनीय बनाएका छन् । त्यस्तै कपज्यूले जातीय अहम्कै कारण मारेका लछी राजपूत देवता बनेर स्वयम् कपज्यूका र आफ्नै कुल दयालहरूका देवता बन्न पुगे । यस्तो अवस्था खपऱ्याको हकमा पनि लागु भई देवताका रूपमा पूजनीय बनेको देखिन्छ । फेरि विजितले पराजितलाई राक्षस, दानव भन्नु कुनै अनौठो हुँदैन । तर तिनका शाखा सन्तानहरूका लागि आफ्ना पितापुर्खा श्रद्धेय नै हुन्छन् । नाता सम्बन्धसँग पनि जोडिँदै जाँदा टाढा टाढासम्म पनि देवता बनेर प्रचार फैलिन जान्छ । रावण, दुर्योधन, हिरण्यकशिपु, कर्ण आदिका पूजक भारत, उत्तराखण्डदेखि दक्षिण भारत र पछिल्लो कालमा नेपालमा समेत हुन थालेका छन् । केही ठाउँका ब्रह्मपूजकले अस्वीकार गर्न चाहे पनि खपऱ्यालाई बाध्यात्मक रूपमै भए पनि वा आर्थिक प्रलोभनमा पुजारी भएर पुजिदिने गर्दछन् ।

१.७ शिवका रूपमा खापर

मुक्त मानवका रूपमा रहनुभएका खप्तड बाबा, लेखक जितसिंह भण्डारीलगायत अध्ययेताहरूका अनुसार-

१) खप्तड क्षेत्रमा खापर (सार्की) दह नामको एक ठुलो ताल रहेको छ । यसमा भगवान् शिवको खापर नाम भएको रूप रहेको विश्वास

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरिन्छ । यसै दहको नामबाट खप्तड नामकरण भएको विश्वास गरिन्छ ।

२) खापड जगन्नाथको उपासना खापरे मस्टोको पूजाअर्चना नै सर्वस्व वन्दनाको शिवत्व हो । खप्तडी संस्कृतिको उद्‌गम स्रोत सिञ्जाली र कर्माञ्चली हो ।

१.८ देवताका रूपमा सार्कीलाई प्राप्त

खप्तडको वनमा एकजना सार्कीले निगालो काट्ने क्रममा निगालाको बोटबाट रगत बग्न थालेछ । अच्चमको घटनाले सार्की भयभीत हुँदा त्यत्तिकैमा आकाशवाणी भएछ- "रगत रोक !" चामलको फाँको (खाजा) खाइरहेको सार्कीलाई अरू केही नसुझ्री मिठो किसिमले चपाइरहेको फाँको निकाली त्यसमा थिच्दा रगत बग्न रोकिएछ । त्यसपछि रैथाने सार्कीमा खापर देवताका रूपमा झाँक (काम्न) आउन थालेको पाइन्छ । खापर देवताबाट नै फेरि पनि वाणी भएछ- "म तिम्रो हातबाट नै पूजा खाने छु र जुन विधिले मेरो रगत रोक्यौ, त्यही विधि, प्रक्रियाले मुखमा चामल चपाई मेरो पूजा लगाउनू, तिमी मेरो प्यारो भइसक्यौ ।"

यो प्राचीन कालको देवता उत्पत्तिदेखि आजसम्म निरन्तर परम्पराका रूपमा चलिरहेको छ । खप्तड क्षेत्रका रैथाने सार्की जातिले बनाएको मूल मन्दिरको पूजाविधि खापर (सार्की) दहमा अद्यापि कायम छ । महाशक्तिशाली खपऱ्याले देवरूप धारण गरेपछि पनि विभिन्न अवस्थामा दैवी शक्ति प्रकट गर्न थाले । त्यसले गर्दा यहाँका शासकहरू खसबाहुन प्रभावित हुन थाले । विभेदकारी हिन्दु समुदायले फेरि आफ्नो छुट्टै मन्दिर पनि बनाए । तर त्यहाँ सङ्कलित पूजा सामग्री (पोखलो) छुट्याएर सार्की पूजारीलाई पहिला नै अनिवार्य दिनुपर्दछ । त्यसलाई पनि आफ्नो पोखलोमा मिसाई मूलगातमा सार्की धामीले पुज्ने गर्दछन् ।

१.९ राजाबाट शक्ति परीक्षण

बाजुराको स्वामी कार्तिक गाउँपालिकामा केही पुस्ताअघिका नाम चलेका राजा नरीबमले खापर देवताको अपमानजनक एवम् आतङ्कित हुने किसिमले शक्ति परीक्षण गर्न खोजेछन् । जब खापरले आफ्नो दैवी शक्ति प्रर्दशन गर्न पुगे, नरीबमले भयभीत हुँदै, माफी माग्दै भन्न थालेछन्- "घाँडै मुनि घाँडो दिउँला, राख बाबु खापर ।" कालीकोटमा पनि खापरबारे उक्त भनाइ व्यापक र प्रचलित रहेको पाइन्छ । यहाँ खापरको धामी साँच्चिकै अवतरित हुँदा बक्ने गर्दछन्- "म खापर देवता हुँ ।" "नौ राँडका जगल्टा उदेल्या, बाह्र भाइका लठ्ठा उपड्या हौं ।" यसको अर्थ हो यहाँस्थित नौ बहिनी दुर्गा र बाह्र भाइ मस्टाहरूमा पनि यसको दबदबा कायम छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खापरलाई यस क्षेत्रमा दबिएको आवाजमा राक्षसी देवता पनि भन्ने गरिन्छ ।

१.१० खपऱ्याको मानवतावाद

प्राचीन समयमा आर्यहरूले मदिरा र गाईगोरु खाने गरे पनि वैदिक कालपछि आफूलाई शाकाहारीमा रूपान्तरण गरेको पाइन्छ । उनीहरूको दृष्टिमा अभक्ष्य मानिएको वस्तु खानेहरूसँगको विभेद जो अठौतीको राज्य व्यवस्थामा थिएन । आर्यहरूले विभेद कायम गर्न खोज्दा तिनी रुष्ट भई, त्यही गोमांसलाई हतियार बनाई सबैलाई विभेदविरोधी र समानतामूलक समाज बनाउने प्रयास गरेको देखिन्छ । अर्थात् के खाने, के नखाने, को ठुलो, को सानो, को चोखो, को फोहोरी जस्ता विषयलाई खपऱ्याले महत्त्व दिएको पाइँदैन । यसर्थ खपऱ्याको शासन व्यवस्था समतामूलक भएको देखिन्छ ।

१.११ खपऱ्याको सकारात्मक पक्ष

पैदल मार्गको निर्माण: भौतिक रूपमा पराजित भएका कारण त्यसको आलोचनात्मक कुरा मात्र वर्णित गरिन्छ । तर खपऱ्याले यस क्षेत्रमा केही जनपक्षीय काम पनि गरेको पाइन्छ । महाकाली नदीबाट डँडेलधुराको महाभारत लेकको गन्यापधुरा हुँदै कर्णालीसम्मको गद्दी सडक नामकरण गरिएको घोरेटो बाटो खनाएको देखिन्छ । त्यसै गरी बैतडीको असुरकोटी गाउँ क्षेत्र र डँडेलधुराको पिल्कोट क्षेत्र जसलाई सुर्नया नदीले विभाजित गरेको छ । त्यसको एक वर्ष एकातिर, अर्को वर्ष अर्कोतिर अनिवार्य रूपमा बाटाहरू काट्नुपर्ने चलन अठौती मल्लले कायम गरेका थिए ।

खपऱ्याको अर्को सकारात्मक नीति व्यवस्था भनेको जातीय विभेद तिनको राज्य व्यवस्थामा रहेको पाइँदैन । त्यसको प्रत्यक्ष प्रमाण के देखिन्छ भने तिनले आफ्ना सेनापतिको जिम्मेवारी कलिया नामको विश्वकर्मालाई दिएका थिए । ऊ बलिष्ठ, साहसी, पहलमान र शूरवीर थियो । यस तथ्यबाट खपऱ्या समानताको पक्षधर र विभेदविरोधी भएको प्रमाणित हुन्छ । यसै कारणले बैतडीमा जगन्नाथ देवताले तिनलाई सघाउनुभएको र ग्वाल्लेक केदार देवता तिनका विरुद्धको युद्धमा सहभागी नभएको देखिन्छ ।

१.१२ खपऱ्या विभेद नगर्ने शासक

पराजयसँगै खपऱ्यासँग लड्न लगाएका बलिया देवताहरूलाई समेत आफ्नो बचनबद्धता तोडी अछुतका रूपमा परिणत गरिदिए आर्यहरूले । जसको परिणाम समाजमा अझै पनि मान्छे-मान्छे बिचमा विभेद कायम रहेको छ । खापरले देवताको रूप प्राप्त गरेपछि पनि सार्कीमा प्रकट हुनु र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बडो प्रेमपूर्वक त्यसले चपाएको चामललाई आफ्नो नैवेद्यका रूपमा ग्रहण गरेको पाइन्छ। शिवले जस्तै देव-दानवको विभेद नगरी न्याय प्रदानमा आफू सधैं तत्पर रहेको पाइन्छ। यहाँसम्म कि लोक कल्याणका लागि शिवले विषसमेत पिउनुभयो। त्यस्तै किसिमका केही व्यवहार र सद्गुण खापरले देखाएको पाइन्छ। यसै कारण खापरलाई शिवका रूपमा स्वीकार गरिएको हुनुपर्छ।

उपसंहार

लोकसाहित्यअन्तर्गत गो:रा (पहिला विश्वकर्माको प्रमुख चाड) का गीतहरूमा खपऱ्याबारे व्यापक रूपमा गाइने र खेल खेल्ने गरिन्छ। गीतलाई परम्परागत रूपमा गाइए तापनि गाथालाई पुस्तकका रूपमा लेखिएको कतै भेटिँदैन। अधिकांश लेखक, इतिहासकार वा अध्येताहरूले आफ्नो आस्थाको विरोधी खपऱ्या भएकाले पनि नलेखेका हुन सक्छन्। गाईको सिनोलाई हतियार बनाई अरूका विरुद्ध लडेको पात्रलाई गाथाको नायक बनाउन चाहेको जस्तो पनि लाग्छ। रामसँग रावण बन्न पनि पाएनन् अठौती मल्लले। केही इतिहासकारहरूले त अठौतीलाई मल्ल वंशावलीबाट नै हटाएका छन्।

त्यसका सकारात्मक कुराहरूलाई शाखा सन्तानहरूले गौरवका साथ आत्मसात गर्न सकेका छैनन्। खस साम्राज्यका शूरापुरा संस्थापकहरूसित आफू जोडिँदा अपमानित हुने डरले थर नै परिवर्तन गरेको पाइन्छ। अठौती मल्ल जस्ता ऐतिहासिक पात्र इतिहासको पानाबाटै गायब पारिएको छ। पुरातन, यथास्थिति, वर्णवादी व्यवस्थाका पक्षमा खपऱ्यासँग जिउज्यानको बाजी लगाएर प्रत्यक्ष लडेका बनारसी, सैपाल, लाटोकटारीमल, निलपाल, बालीचन, आदिलाई आपतकालमा विभेद नगरिने देवताहरूले बचनबद्धता गरे तापनि विजयपछि तिनलाई अछुतकै व्यवहार गर्न पुग्छन्।

केही त आर्य शासकवर्गकै देवता थिए। पछि हिन्दु धर्मले दबाएर तल्ला जाति बनाइएकाहरूको जिम्मा लगाए। आवश्यकता पर्ने बेला ठुला भनिएकाहरू तिनै तल्लामा दरिएका देवताका धामीहरूका शरण पर्न पनि बाध्य हुन्छन्। आजसम्म पनि उनीहरूको दोहोरो व्यवहार कायम रहेको छ। तर खापरले जीवित रहँदा र मृत्युपछि पनि देव रूप धारण गरी कुमाउदेखि कर्णालीसम्म असमानता, अपमान, घृणा, विभेद र अन्यायका विरुद्ध लड्यो र अझै पनि लडिरहेको छ।

खप्तडलाई आफ्नो कार्य क्षेत्र, धर्म क्षेत्र बनाई बस्दा त्यस धर्तीको स्वर्गलाई पर्यटन क्षेत्र भनी लाखौंलाख स्वदेशी तथा विदेशी पर्यटकहरू प्रत्येक वर्ष आइरहेको पाइन्छ। धर्मभीरुहरू खापर त सार्कीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देवता पो रहेछ भनेर झस्के पनि फेरि केही छिनमै खापर त शिवको रूप पो रहेछन् भनेर चित्त माझी सङ्कीर्णवादबाट फर्कने गर्दछन्। गङ्गादशहरामा त्रिवेणीमा लाग्ने मेलाको समय खापर दहमा स्नान गर्दा आफूले गरेका सम्पूर्ण पापहरूबाट मुक्ति प्राप्त हुन्छ भन्ने जनविश्वास रहेको छ। खपरे अझै पनि विभेदकारीहरूलाई विभेद, अधर्म र अमानवीय कार्य नगर, यो पाप हो भन्छ। कमसेकम यहाँ आएर त त्याग भनेर कथित सबै ठुला र सानाहरूलाई आफ्नो दहमा स्नान गर्न लगाएर समानता र एकताको भाव निरन्तर सम्प्रेषण गरिरहेको छ।

अध्ययनको पृष्ठभूमि

सुदूरपश्चिम प्रदेशको बहुसङ्ख्यक भूभागमा लामो समयदेखि धार्मिक, सांस्कृतिक र मानव जीवनका अन्य विभिन्न मोडहरूमा सकारात्मक वा नकारात्मक रूपमा सम्झिने विभिन्न नामहरूका साथै खपऱ्या वा खापर पनि एउटा नाम हो। बाढी, पहिरो र प्राकृतिक विपत्तिहरूमा अहिले पनि खापर लाग्यो भन्ने गरिन्छ। कुनै मानिस शक्तिशाली र आतङ्ककारी गतिविधि गर्ने किसिमको छ भने "यो खपऱ्या दानव जस्तो छ" भन्ने उपमा दिइन्छ। खपऱ्याबाट प्रभावित क्षेत्रहरूमा भाद्र-आश्विनमा लाग्ने गौरा पर्व, जाँत (विशेष गरी देहीमाडौँको निङ्गलासैनीमा लाग्ने जात्रा) मा ठाडो खेलहरू खेल्ने क्रममा खपऱ्या र देवताहरूबिच भएको सङ्घर्षका गीतहरू गाउने गरिन्छ।

अरू बहुसङ्ख्यक ठाडो खेलका गीतहरू पौराणिक कालका धार्मिक पात्रहरूका भए तापनि यसको गाथा स्थानीय देवताहरूसँग जोडिएको हुँदा आफ्नै देवताहरूको शक्ति बखान गर्न र सुन्न पाउँदा मान्छे रमाउने गर्दछन्। यसै कारणले होला यहाँका नाम चलेका डेउडा गायक अन्तराम बिष्टले खपऱ्या र देवताहरूबिचको द्वन्द्वलाई रोमाञ्चकारी ढङ्गबाट भडा (भारत) गायनका रूपमा चर्चित 'डेउडा भणा' ले एक दशक अघि निकै चर्चा कमाएका थिए। युवा पुस्तालाई पनि यसबारे जान्ने उत्सुकता थपिएको थियो।

कोही काशी, बनारस अध्ययन वा तीर्थ गर्न जाने गुरु पुरोहितहरूले ल्याउने, पढ्ने र सुनाउने गर्थे। भारतीय हिन्दी साहित्य, वाङ्मय र संस्कृतिका पुस्तक हुने हुँदा विद्यार्थीहरूले उतैको इतिहास र साहित्य पढ्नुपर्ने अवस्था एक कालखण्डसम्म कायम रह्यो।

पूर्णप्रकाश नेपाल 'यात्री', सत्यमोहन जोशी, डोरबहादुर बिष्ट, तारानाथ शर्मा, धर्मराज थापा, बालकृष्ण पोखरेल आदिले त्यस बेलाको खस साम्राज्य क्षेत्रमा स्वयम् भ्रमण गरेर त्यहाँका विशाल धर्म, संस्कृति, कला,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इतिहास आदिलाई आफ्नै आँखाले हेर्ने, खोतल्ने काम गरेका थिए। केही विद्वान्हरूले अरूका माध्यमबाट नै भए पनि यस क्षेत्रका सम्पदाहरूलाई राष्ट्रिय स्तरमा उजागर गर्ने काम गरे। केही स्थानीय व्यक्तिहरू, जस्तै– योगी नरहरिनाथ, पहलमानसिंह स्वाँर, डा. देवीप्रसाद ओझा, प्रा.डा. जयराज पन्त, जितसिंह भण्डारीदेखि आजको मितिमा यहाँका सयकडौँ कलाकार, साहित्यकार एवम् इतिहासकारहरूले आफ्नो क्षमतालाई प्रयोग गरी यस प्रदेशका अथाह सम्पदालाई राष्ट्रिय, अन्तर्राष्ट्रियकरण गरिरहनुभएको छ।

यस परिप्रेक्ष्यमा झिनो रूपमा नै भए पनि साहित्य, कला, संस्कृति र समाजका विषयमा दशकौँदेखि कलम चलाउँदै आएको यस लेखकको सानै भए पनि यो अध्ययन एउटा उपहार होस् भन्ने अपेक्षा राखेको छ। अर्कोतिर लेखकको आँखा र मन मस्तिष्कमा खपऱ्याका प्रसङ्गहरू विभिन्न अवसरमा आइरहनुपछाडिको कारण पनि गौरा पर्वमा खपऱ्यासँग सम्बन्धित गीतहरूको अन्ततिर गाइने अनुच्छेदले सोच्न बाध्य बनायो। जस्तो "खपऱ्याकी छाउभैं नान चल्या" अर्थात् खपऱ्यासँग लड्दा जुन देवताहरू अपवित्र भए, ती नुहाउन तीर्थ गए भन्ने प्रसङ्ग यसमा आउँछ। अर्कोतिर नुहाएर आउँदा पनि ठुला देवताहरूले सर्तअनुसार विभेद नगर्ने भनेका भए पनि प्रत्यक्ष लडेका बहादुर देवताहरूलाई खपऱ्याको आतङ्कबाट मुक्त भएपछि अछुत भयौ भनिन्छ।

अध्ययन क्षेत्रको भौगोलिक परिचय

नेपालको संविधान २०७२ ले नेपाललाई सातओटा प्रदेशहरूमा विभाजन गरेको छ। यस विभाजनअनुसार विगतको सुदूर पश्चिमाञ्चललाई अहिले सुदूरपश्चिम प्रदेशका रूपमा रूपान्तरित गरिएको छ। यस प्रदेशअन्तर्गत पहिलेकै नौओटा जिल्लाहरू– दार्चुला, बैतडी, डँडेलधुरा, कञ्चनपुर, कैलाली, डोटी, बझाङ, बाजुरा र अछाम पर्दछन्। यस प्रदेशको भू-खण्डलाई पूर्व-पश्चिममा कर्णाली नदीले सीमाको काम गरेको छ भने पश्चिमलाई भारत-नेपाल सिमानामा पर्ने महाकाली नदीले विभाजित गरेको छ। उत्तरमा अपि नाम्पा र सैपाल हिमशृङ्खलाहरूले तिब्बतबाट विभाजन गरेका छन्। दक्षिणतिरको भूभागलाई भारतसँगको प्रारम्भिक दशगजाको सीमारेखाले यस प्रदेशलाई विभाजित गरेको छ।

पौराणिक विभाजनका आधारमा यस प्रदेशको ठुलो भाग मानस खण्डभित्र पर्दछ। खपऱ्या र देवताहरूबिच भएको सङ्घर्षका उत्कर्षपूर्ण गीतिकथाहरू बैतडीको तल्लो, मल्लो स्वराड र यससँग जोडिएका डँडेलधुराका देवल दिव्यपुर, भागेश्वर, रुपाललगायतका विभिन्न क्षेत्रहरू विशेष

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अध्ययनका केन्द्रबिन्दुमा रहेका छन् तापनि खपऱ्याको प्रभाव डोटी, डँडेलधुरा, बझाङ, बाजुरा, अछामसम्म मात्र नभई कर्णालीसम्म रहेको पाइन्छ ।

यस क्षेत्रमा धर्तीको स्वर्ग भनिने 'खप्तड'लाई पौराणिक नाम "खेचराद्री" दिइएको पाइन्छ । यससँग जोडिएका जिल्लाहरूमा अवस्थित खापरदेवको उपस्थितिले कतै यिनकै नामबाट खप्तड परेको त हैन ? भन्ने तर्क यहाँका स्व.प्रा.डा.जयराज पन्त, प्राज्ञ यज्ञराज 'यात्री' (अवस्थी) लगायतले गर्नुभएको छ । आवश्यकताअनुरूप माल-मधेसदेखि भारत-उत्तराखण्डको कुमाउँलाई समेत यस अध्ययनले छुने छ ।

हाल बैतडीमा पर्ने पाटन नगरपालिका, दशरथचन्द नगरपालिका र मेलौली नगरपालिकाभित्र पर्ने, देहीमाडौं, झौलेक, बनारसी देवस्थललगायत सैनदेव क्षेत्र, ऐँच्याकाँडा, असुर कोटिगाउँदेखि हल्दु विनायक क्षेत्र यसमा रहने छन् । स्वराड क्षेत्रमा भएको खपरेसँगको द्वन्द्व बढीभन्दा बढी सुर्नया नदीको वारिपारि र त्यसको निकटतवर्ती क्षेत्रहरूमा देखिन्छ । बैतडी प्रवेश र पलायन महाकाली नदीबाट भएका गीतहरूमा वर्णित प्रसङ्गबाट आएको हुँदा सङ्क्षिप्त अध्ययन पनि रहने छ । आफूले प्रत्यक्ष भ्रमण गर्न नसके पनि अध्ययनका क्रममा विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट, फोन सम्पर्कद्वारा गन्याप जोराइलको नायल, बझाङ, बाजुरा, अछाम, र कर्णालीको कालीकोट र हुम्लासम्मको प्राप्त जानकारीलाई छुट्टै खण्डका रूपमा प्रस्तुत गरिएको छ ।

अध्ययनको उद्देश्य

जुनसुकै अध्ययन र अनुसन्धानका आफ्नै किमिसका मौलिक उद्देश्यहरू हुने गर्दछन् । विषयवस्तुका आधारमा त्यसको क्षेत्र सानो-ठुलो भए तापनि अध्ययन गरी प्राप्त गर्न चाहेको प्रतिफलका लागि अनुसन्धानका निर्धारित तीनओटा उद्देश्यहरूको सहारा लिनुपर्ने हुँदा यस विषयका लागि पनि सैद्धान्तिक उद्देश्यहरू, तथ्यगत उद्देश्यहरू र प्रयोगात्मक उद्देश्यहरू राखिएका छन् । हरेक व्यक्ति, परिवार, समुदाय र जातिले आआफ्ना स्वभाव, चालचलन, आचारविचार, आस्था र जीवन जिउने पद्धति फरक-फरक किसिमले बोकेको हुन्छ । सायद यो विविधता पनि प्रकृतिको आवश्यकता हो कि ?

यस कुराको चिन्तनमनन नगर्दा, एकअर्काको अस्तित्व स्वीकार नगर्दा, व्यक्ति-व्यक्तिबिच, परिवार-परिवारबिच, समुदाय-समुदायबिच र जाति-जातिबिच द्वन्द्व सिर्जना भई समाज नै विषाक्त हुन जान्छ । यो संसार नरकतुल्य बन्न जान्छ । तसर्थ एकअर्काको अस्तित्व स्विकार्ने हो भने यसै धर्तीलाई स्वर्गतुल्य बनाउन सकिन्छ । यसको प्राप्तिका लागि खपऱ्या कुन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जाति समुदायको शासक हो ? र, प्रतिद्वन्द्वी देवताहरू कुन जाति समुदायका आस्थाका केन्द्र हुन् ? तिनको अध्ययन गर्ने र त्यसका साथै देवता पक्षको विजयपश्चात्को विभेदले फेरि कस्तो परिणाम सिर्जना गऱ्यो ?

आजका मितिसम्म पनि सीमित समाजको मात्र नभई सिङ्गो राष्ट्रलाई नै विषाक्त बनाउनमा यसको के भूमिका छ ? भन्ने प्रश्नको निरुपण नै यस अध्ययनको एउटा मूल उद्देश्य हो। अर्को उद्देश्य-खपऱ्या वा अठौती मल्ल वा तिनका मूल पुर्खा नागी मल्ल आर्य समुदायका देवीदेवताहरूको शक्ति परीक्षण गरेर मात्र किन स्वीकार गर्दथे ? त्यसपूर्व तिनको आस्था कसमाथि थियो ? त्यसको निरन्तरता पछिका केही मल्ल शासकहरूले किन दिन सकेनन् त ?

कलियासँग तिनको के सम्बन्ध रह्यो होला ? केही समुदायबाट खपऱ्या र कलिया किन पूजनीय छन्। यस्ता प्रश्नबारे थप जानकारी बाहिर आउने छ। यस अध्ययनमा तपसिलका विषयहरूमा पनि प्रकाश पार्ने प्रयास गरिएको छ।

(क) बलिया र निर्णायक देवीदेवताहरू अछुत/दलितको भागमा परेकाले गैरदलित समुदायलाई पीडाबोध हुँदै आएको अवस्थाबाट मुक्त हुने उपायको खोजी कसरी गर्ने ? यसबारे पनि प्रकाश पार्ने प्रयास गरिने छ।

(ख) मानव विकासको प्रथम चरण वा हिन्दु धर्म मतको सत्य युगमा वा वैदिक कालमा जातीय विभेद थिएन भन्ने कुराहरूको शास्त्रीय व्याख्या गरी मानव जाति कुनै छुत र कुनै अछुत पैदा हुँदैनन् भन्ने तथ्यलाई केलाइने छ। शक्ति र सामर्थ्यले त्यो भौतिक हो वा बौद्धिक-त्यसले मान्छेलाई तलमाथि पारेको हुन्छ। प्रायजसो आर्यहरूले दक्षिण एसियामा प्रवेश गरेपछि यहाँका अनार्यहरूलाई दास, दश्यू, डोम आदिको उपमा दिएर शूद्रमा झारेको र त्यसलाई सुमति भार्गव अर्थात् मनुले निहित स्वार्थका कारण जातभात, सानो ठुलोको खाडल बनाएर मनुस्मृतिमार्फत आजको वैज्ञानिक युगमा समेत पशुभन्दा पनि निम्न स्तरको जीवन भोग्नुपरेको अवस्थालाई यो अध्ययनमा चिरफार गरिएको छ।

(ग) बैतडी दशरथचन्द नगरपालिकाको झौलेक जहाँ देवताहरूको बृहत् छलफल भएको थियो, त्यस ठाउँको र दुर्गास्थानको ऐँच्याकाँडा जहाँ खपऱ्या र देवताहरूबिच द्वन्द्व भएको थियो, उक्त स्थलको विस्तृत अध्ययन अनुसन्धानका साथै बनारसीको विस्तृत अध्ययन पनि यसमा भएको छ।

(घ) गौरामा यससम्बन्धी गाइने ठाउँपिच्छेका केही भिन्नता बोकेका गीतहरूको विश्लेषणात्मक अध्ययन भएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(ङ) खपऱ्यासँग वा भनौं अठौती मल्लसँग सम्बन्धित पुस्तकहरूको अध्ययन विश्लेषण गरिएको छ ।

(च) कलिया र खापर देवस्थल पुज्ने समुदायसँग अन्तर्वार्ता लिई यथार्थ पत्ता लगाउने प्रयत्न गरिएको छ ।

(छ) न्यायपूर्ण र समतामूलक समाज नै सबैका लागि हितकर हुन्छ भन्ने निष्कर्षमा पुगिएको छ ।

(ज) लामो समयदेखि हिन्दु देवीदेवताप्रति आत्मीय रूपले श्रद्धा र विश्वास गर्दा पनि तथाकथित शूद्र वर्ण अपमानित र अपहेलित तिनै आस्था केन्द्रबाट हुने गरेपछि धर्मप्रतिको अनास्था र धर्म परिवर्तन हुने कुरालाई जिम्मेवार हिन्दुहरूले सोच्नुपर्ने अवस्थाको सिर्जना भएको तथ्य खोतल्ने प्रयास यसले गरेको छ ।

(झ) धर्म, संस्कृति र परम्पराका नाममा हुने विभिन्न किसिमका विभेदहरूको अन्त्यका लागि नयाँ संविधान र ऐन कानुनमा कुनै ठाउँ बाँकी नरहेको व्यवस्थालाई कार्यान्वयन गर्ने गराउने राज्यको दायित्वलाई सहजीकरण गर्नमा यसबाट मद्दत मिल्ने छ ।

(ञ) डोटी राज्यमा अठौती साउँद पनि एक पात्रका रूपमा देखा परेका छन् । शिल्पी भित्रको सार्की जातिले पनि विभिन्न ठाउँमा राज्य गरेको र सूर्य/चन्दग्रहणमा प्रतीकात्मक रूपमा यी समुदायको हस्तक्षेपकारी भूमिकाको बारेमा समेत खोजबिन गर्ने प्रयत्न यसमा गरिएको छ ।

(ट) बझाङ, बाजुरा, अछाम, कालीकोट र हुम्ला जिल्लाका केही क्षेत्रमा समेत खापर देवताको अस्तित्व र योसँगको विभेदलाई विश्लेषण गर्ने कोसिस गरिएको छ ।

समस्या-कथन

सिङ्गो बैतडी जिल्लालाई पुरानो विभाजनअनुसार हेर्ने हो भने गोकुलेश्वर र पुर्चौडी क्षेत्रलाई खपऱ्याले प्रभावित पारेको देखिँदैन । सिगास (च्वांगड) क्षेत्र, उपल्लो स्वराड, पाटन क्षेत्र, बैतडी सदरमुकाम क्षेत्र पाँच सय डाँडा र तल्ली स्वराड खपऱ्या र देवताहरूबिच भएको द्वन्द्वबाट प्रभावित क्षेत्र हो । घटनाक्रमले त्यसैसित जोडिएको डँडेलधुराको देवल दिव्यपुर भागेश्वरदेखि गन्याप र डोटीको जोराइल क्षेत्र पनि सोझै प्रभावित क्षेत्रभित्र परेको देखिन्छ ।

बैतडी (पुरानो) डोटी भित्रै गनिने डँडेलधुराका भागेश्वर, डांगेश्वर, गयाँहरि, उग्रतारा, गन्याप, समैजी, लाटो, बेताल, पिल्को आदि देवताहरू पनि यसै क्षेत्रका प्रसिद्ध देवताहरू खपऱ्यासँगको द्वन्द्वमा प्रत्यक्ष/अप्रत्यक्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रूपमा सहभागी भएको देखिन्छ। पहिलो कुरा त स्थानीय व्यक्तिहरू नै खपऱ्याबारे प्रस्ट हुन सकेका छैनन्। यो शब्द नै अनौठो महसुस गर्दछन्। क्षेत्रविशेषका बुढापाकाहरूले केही बुझे पनि युवाहरूका लागि भने गौरा पर्वको समयमा खेलिने ठाडो खेलमा वर्णन हुने देवीदेवताका गाथाभित्रको गीतको रहस्य र मर्म बुझ्न कठिन हुन्छ।

जिज्ञासु भए गीत हाल्ने (गिदारा) वा ज्येष्ठ नागरिकहरूसँग खपऱ्याबारे थप जानकारी लिने गर्छन्। जानकारी दिने व्यक्ति पनि आफ्ना पूर्वजहरूबाट प्राप्त भएको र केही आफू स्वयम्ले पनि लख काटेर तिनका जिज्ञासा शान्त पार्ने प्रयास गर्छन्। विशेष गरी यसबारे वास्ता नगर्ने युवाहरू घटनास्थलका बारेमा पनि 'उहिलेका कुरा खुइले' भनेर हिँड्ने वा लहडबाजीमा गीत गाइदिने गर्दछन्। केही नयाँ पुस्ताका युवाहरू गीतमा वर्णित संवेदनशील प्रसङ्ग सुनेर खपऱ्या भनेको को थियो ? देवताहरूसँग किन लड्नुपऱ्यो ? को को देवता लडे ? कहाँ कहाँ द्वन्द्व भयो ? भन्ने जिज्ञासा राख्दै जान्छन् र देवतासँग खपऱ्याको द्वन्द्वलीला एक पुस्ताबाट दोस्रो पुस्तामा सर्दै आएको छ तर त्यसबारे गौरामा खेलिने खेलका गीतहरूबाहेक लिपिबद्ध लेख वा पुस्तक अहिलेसम्म भेटिएका छैनन्। नगण्य रूपमा खपऱ्याका बारेमा अध्ययनका क्रममा उल्लेख भएका कुराहरू भेटिँदै छन्।

यस द्वन्द्वबारे जानकारहरूमा एकमत छैन। व्यक्तिपिच्छे फरक मत छ। खपऱ्याको उद्गम स्थलबारे पनि भ्रम छ। निश्चित ठाउँ यही हो भनेर किटानी छैन। कुमाउँ मण्डलमा यसले देवताहरूको नाश गरेको भन्ने गीतहरूमा वर्णन भए पनि त्यस क्षेत्रमा सांस्कृतिक पुस्तकमा केही उल्लेख भएको कुरा प्राप्त हुन सकेको छैन। त्यसका लागि फेरि छुट्टै अध्ययनको आवश्यकता महसुस भइरहेको छ। नेपालको अक्सर एकपक्षीय इतिहास लेखनको परिणामले पनि यसो भएको हुन सक्छ। त्यसै किसिमले झुलाघाट तारणको वर्णन र देवी त्रिपुरा भागेर दिदी निङ्गलासैनीकहाँ आएको प्रसङ्ग गीतमा रहेको पाइन्छ। तर, स्वराड क्षेत्रमा जति व्यापकता सदरमुकामतिर भेटिँदैन। निङ्गलासैनी भगवतीको आलकेर (विशेष देवताको विशेष क्षेत्र) तिर बनारसी देवताबाट प्रभावित क्षेत्रमा असमी केदारको आलकेरमा देवता र खपऱ्याबिच द्वन्द्व भएको थियो। त्यसै गरी मेलौली भगवती र गैँसेर (गङ्गाहरी) देवताले बैतडीको विशालपुर र डँडेलधुराको देवल दिव्यपुर क्षेत्र तथा रुपाल क्षेत्र, गन्याप क्षेत्र, डोटीको नाइल जोराइल क्षेत्र खपऱ्याबाट प्रत्यक्ष प्रभावित भएका छन् भने बझाङ, बाजुरा, अछामदेखि कर्णालीका केही भागसम्म पनि खपऱ्याले प्रभावित पारेको तथ्य फेला परिरहेको छ।

माल क्षेत्र अर्थात् तराई/मधेस र भित्री मधेससँग पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसको सम्बन्ध रहेको गीतहरूमा वर्णित घटनाक्रमले देखाउँछ। अर्कोतिर यस अध्ययनको मूल पात्र खपऱ्या जसलाई अठौती मल्ल, मेधनी मल्ल वा कलियाको नामबाट सम्बोधन गरिएको छ। यी पात्रहरू एकै हुन् वा फरक फरक हुन्, खोजका लागि जटिल विषय छ। ठुला देवीदेवताहरू आफू प्रत्यक्ष नलडी अरू सहायक शक्तिहरूलाई मात्र किन लड्न लगाए ? अभक्ष्य मानिएको पदार्थ अर्थात् गाईको साँप्रो, सुँगुरको साँप्रोले खपऱ्यासँग प्रहार किन गर्नुपऱ्यो होला ? लड्ने देवताहरूमाथि विचारणीय प्रश्न छ। पहिला प्रत्यक्ष लड्ने देवताहरूसँग विभेद नगर्ने सर्त राखेको र पछि तीर्थस्नान गरेर पनि नचोखिएका आखिर अठौती मल्ल को थिए ? तिनीसित प्रत्यक्ष लड्दा विभेद किन गरियो ? गूढ प्रश्नलाई खोतल्ने प्रयास गरिएको छ।

आर्यहरू आउनुभन्दा पूर्वका अनार्य शासकहरूमध्येका खपरे त होइनन् ? खपऱ्याको सम्बन्ध कतै खान जातिको मुसलमानसित त थिएन कि भन्ने शङ्का-उपशङ्का उठ्ने गर्छ। यसमा पनि दृष्टि पुऱ्याउनुपर्ने देखिन्छ। डोटीको डुम्राकोट अर्थात् उदुम्बरपुरमा राजा अभय मल्ल आउनुपूर्वको हो वा पछिको हो मननीय छ। त्यस्तै नामका अन्य कोट पनि विभिन्न ठाउँमा थुप्रै रहेको पाइन्छ। यी कोटहरू प्रत्यक्ष रूपमा अनादिकालीन मूलवासी सीमान्तकृत शिल्पी/दलित समुदायसँग जोडिएको पाइन्छ। यसरी हेर्दा खस राज्य विस्तार हुनुअघि नै यी जातिको शासन र राज्य रहेको यो बलियो प्रमाण हो। विभिन्न ऐतिहासिक दस्तावेजहरू, जानकारहरूका भनाइ र भौगोलिक तथ्य प्रमाणहरूले समेत दलित समुदाय सुदूरपश्चिम र कर्णाली क्षेत्रका मूलवासीहरूमध्येको एउटा ठुलो समुदाय भएको पुष्टि हुन्छ।

देहीमाडौँको निङ्गलासैनी पाटन, कफाडी, तिताबै आदिका जात्राहरूमा दलित समुदायले देवतालगायत ठुला धामी, पण्डा, मुखिया, अर्थात् देवताका कारिन्दा (मडाल) हरूलाई बाजा ठोकी गाली गर्दा पनि सहिराख्नु पछाडिको रहस्य के हो ? सबैका लागि प्रश्नवाचक चिन्ह खडा भएको छ। हिन्दु धर्मअनुसार र ठुला देवताहरूले गरेको सर्तअनुसार बिटुलिएकाहरूले तीर्थस्नान गरेपछि पनि तिनीहरूलाई अछुत बनाइएको प्रसङ्ग गीतहरूमा पुस्ता-दरपुस्ता गाइरहेको पाइन्छ। दलित समुदायलाई सार्वजनिक रूपमा गाली गरिरहनु आजको मितिसम्ममा आवश्यक छ वा छैन ? यो पनि विचारणीय छ।

खपऱ्या र देवताहरूबिच भएको द्वन्द्वमा खपऱ्या एक्लै लडे वा सेनासहित लडे ? लड्ने क्रममा धामी मात्र लडे कि अन्य जनताको सहयोग पनि लिएर लडे ? यो पनि खोजको विषय छ। त्यसै गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दैवी शक्ति वा तान्त्रिक शक्ति अर्थात् अलौकिक शक्तिबाट होला कि भौतिक अर्थात् लौकिक शक्तिको प्रयोग गरियो ? गम्भीर चासोको विषय बनेको छ ।

यस द्वन्द्वमा खपऱ्या मारियो वा भगाइयो ? फरक ठाउँमा फरक धारणा रहेको पाइन्छ । युद्धपछि ठुला र साना देवताहरूको हैसियतमा कस्तो रूपान्तरण भयो ? समाजमा कस्तो प्रभाव पऱ्यो ? संस्कृतिमा कस्तो असर पऱ्यो ? धार्मिक परिचालन कस्तो बन्न पुग्यो ? राजनीतिले कस्तो खाले मोड लियो ? आर्थिक क्षेत्रमा पनि के-कस्ता असरहरू पर्न गए ? आदि-इत्यादिका समग्र पक्ष केलाउनुपर्ने छ ।

अध्ययन विधि

यस अनुसन्धान खपऱ्या र देवताहरूबिच भएको द्वन्द्व र त्यसबाट सिर्जना भएको भेदभावबारे खोजबिन गर्न, सत्य-तथ्य पत्ता लगाउन र आजको परिप्रेक्ष्यमा त्यसका सकारात्मक र नकारात्मक पक्षबारे नयाँ दृष्टिकोण स्थापित गर्न निम्नलिखित विधिहरू अवलम्बन गरिएको छ ।

सूचना सङ्कलन

कुनै पनि विषयबारे अनुसन्धान गर्न विभिन्न किमिसका स्रोत साधनहरूको प्रयोग गर्नुपर्ने हुन्छ । त्यसका लागि खोजबिन गर्न निकै मेहनत लाग्ने गर्दछ । सन्दर्भ-सामग्री बिनाको अध्ययन अधुरो अपुरो हुनुका साथै आफैलाई पनि कता-कता खल्लो महसुस भइरहन सक्छ । तसर्थ, यस अध्ययनमा प्राथमिक स्रोत र द्वितीय स्रोतबाट तथ्यहरू सङ्कलन गरिएको छ। स्थानीय तहका द्वन्द्वप्रभावित क्षेत्रमा छरिएका लोक साहित्य, लोककथन, धार्मिक, सांस्कृतिक, भौतिक सामाजिक र राजनीतिक क्षेत्रमा आफै प्रत्यक्ष सहभागी भई क्षेत्रीय र केन्द्रीय स्तरमा प्राप्त स्रोत साधनको प्रयोग गर्ने प्रयास गरिएको छ ।

(क) पुस्तक

यस अनुसन्धानसँग सम्बन्धित पुस्तक केही आफूसँग नै पहिलादेखि नै रहिआएका धार्मिक पुस्तकहरूदेखि वर्तमान संविधानसम्मका यस विषयका विभिन्न पाटाहरूसँग सम्बन्धित पुस्तकहरू, पुरातत्त्व विभागको पुस्तकालय, मदन पुरस्कार गुठी पुस्तकालय, पाटन ढोका, कैलाली जनपुस्तकालय, नेपाल प्रज्ञा-प्रतिष्ठानको पुस्तकालय आदिको समेत सहयोग लिइएको छ। खस साम्राज्यसँग सम्बन्धित केही पुस्तकहरूको पनि सहारा लिइएको छ। साहित्यका विभिन्न विधाका पुस्तकको पनि प्रयोग गरिएको छ। स्थानीय स्तरमा प्रकाशित र राष्ट्रिय स्तरका पत्रपत्रिका, मुखपत्रहरू, बुलेटिनहरू, यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अध्ययनसँग सरोकार राख्ने खोज अनुसन्धानका सामग्रीहरूबाट पनि जानकारी लिइएको छ ।

(ख) जनश्रुति

खपऱ्या र देवताहरूबिच भएको द्वन्द्वको प्रभाव यस क्षेत्रका विभिन्न जाति, समुदायका व्यक्तिहरूमा जनश्रुतिका रूपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको छ। यसलाई पनि प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ। प्रायजसो बैतडी, डँडेलधुरा र डोटीका प्रभावित क्षेत्रमा धार्मिक एवम् सांस्कृतिक चाडपर्वहरूमा खपऱ्याको उत्पत्ति काल, द्वन्द्व काल, अन्त कालदेखि यसको परिणामसम्मको गाथा ठाडो खेलका गीतहरू, धामीहरूका वाणी, युद्धमा खपऱ्यालाई दमन गरेको अभिनय आदिको माध्यमबाट सम्प्रेषित संस्कृत, भडा, किंवदन्तीहरू, जागर, फागको अन्तर्सम्बन्ध र समाजमा विद्यमान सकारात्मक र नकारात्मक प्रभावको पनि विश्लेषण रिएको छ ।

(ग) अध्ययन क्षेत्रको अवलोकन भ्रमण

अध्ययन विधिअन्तर्गतको धरातलीय यथार्थ प्राप्तिका लागि स्थानविशेषको आफै अवलोकन गर्नु पनि अति फलदायी हुने गर्दछ। आत्मविश्वासपूर्ण ढङ्गले विवेचना गर्न आँखाले देखेपछि मात्र सम्भव हुँदो रहेछ। कानको भरमा गरिएको विश्लेषणले आफैलाई कता कता अधुरो महसुस हुने गर्दछ। तसर्थ खपऱ्या र देवताहरूबिच भएको द्वन्द्व स्थल दशरथचन्द नगरपालिका, बैतडीको ऐँच्याकाँडा र झौलेक तथा पाटन नगरपालिकाको बनारसी क्षेत्रको भ्रमण गर्न पुगियो। द्वन्द्वमा पनि मल्लयुद्ध गर्दा पर्न गएका भनिने खाडलहरूको अवलोकन गरियो। बनारसीबाट देवस्थल, सैनदेवस्थल, सिद्धनाथ, ठाकुर मन्दिर, कालसैनी, आदिको अवलोकन गरियो। बनारसीबाट देवस्थल, सैनदेवस्थल, सिद्धनाथ, ठाकुर मन्दिर, कालसैनी, आदिको अवलोकन गरियो। जहाँ जात्राको समय तिनीसँग गरिएका विभेदको प्रतिक्रियास्वरूपका सजीव दृश्यको अवलोकन अझै पनि जात्रामा धामी काम्दाको बखत मेलामा अवलोकन गर्न सकिन्छ। डँडेलधुराको रुपालमा लाग्ने जोग्यानको जात्रामा दानवसँग लड्दाका दृश्य सम्झनाका रूपमा हातहतियारसहित गरिने अभिनय पनि मननीय छन्। यो अर्को अनुसन्धानको विषय बन्न सक्छ। कतै यो पनि खपऱ्यासँग नै सम्बन्धित हो कि ? खपऱ्यालाई बैतडीको ग्वाल्लेक, गोकुलेश्वर, आमचोरा, उज्ज्वलगाउँ, कुलाऊँ आदि ठाउँहरूका वड समुदायले र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कलिया दशरथचन्द नगरपालिकाको जर्गमा जर्गाल लोहारहरूले रुद्रेश्वरका वडहरू पुज्दै आएका छन्। त्यस्तै पाटन लोर्खाको काल्सैनी र सिद्धको पूजा एकै मन्दिरभित्र दलित एवम् गैरदलित समुदायले गर्दै आएका छन्।

(घ) अन्तर्वार्ता

बनारसी देवताका धामी पाटन नगरपालिका कुँणिका धिरे लोहार र खिपालीका भुले लोहारसँग त्यही पन्तेउडाका शिक्षक शिवदत्त पन्त, मोतीनगर धनगढी (पूर्व डोटी) घर भएका यज्ञराज 'यात्री', संस्कृतिविद् सत्यमोहन जोशी, डा. जगमान गुरुङ, सहप्राध्यापक.डा.लक्ष्मीराज पण्डित, कर्णसिंह बिष्ट, लोकमणि भट्ट, डँडेलधुराका सिद्धराज जोशी, पाटन बैतडीका परमानन्द पन्त, पं. कृष्णानन्द जोशी, पदम कुमाल, गुरुखोलापालिका नारद भट्ट "ऋषि", मेलौलीका जयराज जोशी, कर्ण दयाल, तारी दयाल, लछ्रीसिंह नायक, गङ्गासिंह नायकलगायतका विभिन्न व्यक्तित्वहरूसँग अन्तर्वार्ता लिएर यस अध्ययन अनुसन्धानका विभिन्न पाटा र पक्षबारे जानकारी र सूचना लिने प्रयास गरिएको छ।

(ङ) प्रश्नावली

खपऱ्या र देवताहरूबिचको द्वन्द्व र सिर्जित विभेदका बारेमा मनमा उत्पन्न हुने प्रश्न र जिज्ञासा अहिले अध्ययनको थालनी गरेपछिका मात्र नभई जीवन जगत्को बारेमा अलि ध्यान दिने भएदेखिका हुन्। यसलाई अहिले एक व्यवस्थित अध्ययनका लागि अघि बढाइएको मात्र हो। खपऱ्या र राजा अठौती मल्लको अन्तर्सम्बन्ध के थियो ? तिनी देवताविरोधी हुनुको रहस्य के थियो ? देवताहरूकै अस्तित्व रक्षाका लागि हर किसिमको जोखिम मोलेर खपऱ्यालाई परास्त गरेपछि तिनीहरूसँग अछुतको व्यवहार गरी परित्याग गर्नु कत्तिको धार्मिक र न्यायसङ्गत थियो ? भन्ने प्रश्न र आजको परिप्रेक्ष्यमा समेत ती विभेद अभ्यासमा कायमै रहनु कत्तिको जायज वा नाजायज छ ? भन्नेबारे लिखित एवम् मौखिक प्रश्नावलीहरू बनाएर सङ्कलित नमुनाहरूको विश्लेषण गरिएको छ।

(च) अठौती मल्लबारे गीति एल्बम एवम् भिडियो

डेउडा गायक अन्तराम बिष्टको एल्बमदेखि गौराका खपऱ्यासम्बन्धी गाइने गीतका भिडियो आदि सङ्कलन गरी अध्ययन गरियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अध्ययनको ढाँचा

यस अनुसन्धानको विधि विश्लेषणात्मक, व्यावहारिक र गुणात्मक मुख्य रूपमा रहने छ। अनुसन्धानका विषयले दैनिक जीवनका हरेक क्षेत्रमा प्रभाव पार्दै आएको वातावरणलाई समयसापेक्ष परिवर्तनको आवश्यकतालाई मध्यनजर गरी उपर्युक्त विधिलाई प्रयोगमा ल्याइएको छ। अध्ययनका क्रममा खपऱ्यासँग सम्बन्धित सङ्कलित तथ्य र सूचनाहरूलाई सूक्ष्म विश्लेषण गरी मूल्याङ्कन गरिएको कुरा व्यवहारमा परिणत गर्न सकिने निष्कर्षमा पुगिएको छ।

अध्ययनको सीमा

खपऱ्याबाट प्रभावित क्षेत्र सिङ्गो सुदूरपश्चिम प्रदेश र भारतको उत्तराखण्ड भए तापनि विस्तृत व्याख्या र विश्लेषण बैतडीको तल्ली, मल्ली स्वराड र डँडेलधुराको देवल दिव्यपुर, भागेश्वर, अजयमेरु, रुपाल, गन्याप, नाइल, डोटीको जोराइल, बझाङ, बाजुरा, अछाम र कर्णाली प्रदेशको कालीकोट, हुम्ला, जुम्ला आदि क्षेत्र रहने छन्।

खस, आर्य, आदिवासी, शूद्र, उत्पीडित, शिल्पी विशेष र मल्ल शासकहरूको धार्मिक, सांस्कृतिक, सामाजिक, राजनीतिक आदि विषयबारे अध्ययन गरिएको छ। यसका लागि क्षेत्र अध्ययनका साथै गौरा पर्व र अन्य जात्राहरूमा गाइने र अभिनय गरिने गीति नृत्यहरूको अध्ययनको व्याख्या विश्लेषण गरिएको छ।

यस शोधमा खपऱ्याका सहयोगी शक्तिहरू र द्वन्द्वमा सहभागी भएका देवीदेवताहरू सहभागी हुन नचाहेकाहरूको बारेमा सङ्क्षिप्त उल्लेख गरिएको छ। खपऱ्या र स्थानीय देवताहरूबिचको लडाइँले आर्यखस समुदायका पूर्वजहरूले ल्याएको जातीय भेदभाव र छुवाछुतलाई यस घटनाले देखिने गरी र संस्थागत गर्ने अथक प्रयास एकातिर देखिएको छ। अर्कोतिर, उपयोगिताको नीतिको प्रयोग गरिने देखिन्छ। विभेदित देवताका प्रतिनिधि धामीहरूको र जनसमुदायको आक्रोश सार्वजनिक रूपमा परिलक्षित हुनुको पछाडि अन्याय र दमनको प्रतिरोध कुनै न कुनै रूपमा बेर सबेर प्रकट भइरहेको देखिन्छ।

यो अध्ययनले यही कुरालाई देखाएको छ। अर्कोतिर वर्तमान समयमा समाजको जनचेतना विज्ञान, प्रविधि, राजनीतिक मूल्य-मान्यता र विधि-विधानले निरन्तर रूपले बढाइरहेको छ। त्यसले परिचालनमा रहेका विभेदहरूलाई हटाउन सक्ने छ भन्नेमा पुगेको देखिन्छ।

खपऱ्या र देवताहरूबिच भएको द्वन्द्वले 'धर्म' जसलाई आम मान्छेले प्राणी जगत्को मात्र हितकारी, न्यायकारी र रक्षक भनेर धारण गरेको छ, त्यस मान्यतालाई दुबिधायुक्त बनाइदिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

के देवता पनि अन्याय गर्दा रहेछन् त ? के सबै प्राणीको त्यो नै सिर्जनहार हो भने परिस्थितिजन्य कमी कमजोरी जसलाई बाचाअनुसार क्षम्य पनि गर्न सकिन्थ्यो। त्यो किन हुन सकेन त ? कतै यो धामी धर्म मानवनिर्मित त हुन पुगिरहेको छैन ? धर्मप्रति आस्थावान् व्यक्ति नै धरमरमा परेको अवस्थामा देखिन गएको छ। मान्छे सङ्कीर्ण भए पनि देवता त नहुनुपर्ने होइन र ? अध्ययनमा धर्मका नाममा गरिएको विभेदले शङ्कामाथि शङ्का उत्पन्न भइरहेको भेटिन्छ। सांस्कृतिक रूपमा विद्यमान जात गौराहरूमा यस द्वन्द्वबाट सिर्जना भएका विभेद स्पष्ट रूपमा देखा पर्छन्। धामीहरूको बसाइ व्यवस्थापन होस् वा वाणीबचनका कुरा नै किन नहोउन् वा बाजा ठोकेर गाली गर्ने संस्कृति होस्। प्रत्यक्ष देखिने र सांस्कृतिक रूपमा स्वीकार गर्दै आएको व्यावहारिक रूप अध्ययनबाट देखियो। सामाजिक जीवनलाई यसले विषाक्त बनायो। बाध्यतावश चोखा हौँ भन्नेले नै धामीबाट प्राप्त हुने न्यायपूर्ण वाणी स्वीकार गर्ने र समस्या समाधानका लागि पहल गर्ने गरिन्छ।

तर, सामाजिक रूपमा तल्लो जातिको भनी हेलाँ गर्ने विभेदका सिकार बनेका देवताका धामीहरूले चोखा भनिने जातिका हिन्दु संस्कार-चन्दन लगाउने, रुद्राक्ष धारण गर्ने, मन्त्रजप गर्ने, तुलसी मठ बनाउने, विभिन्न तीर्थाटन गर्ने, शङ्ख फुक्ने जस्ता व्यवहार गर्नेलाई उपहासको पात्र बनाउने मात्र होइन, केही ठाउँहरूमा त आक्रमणको सिकारसमेत बनाएका छन्। कोदो र दलितलाई एकै श्रेणीमा राख्ने उखानबाट स्वात्तै रसातल पुऱ्याउने व्यक्ति समाजमा अझै विद्यमान छन्। प्रगतिशील युवाको सङ्ख्या बढ्दो क्रममा भए तापनि रूपान्तरणका लागि दुवै समाजभित्र निकै तर्क वितर्कको अवस्था छ। मान्छेका दायरा अब अन्तर्राष्ट्रिय हुन पुगेकाले पनि परिवर्तन हरेक व्यक्तिको दैलोमा मात्र नभई घरभित्र प्रवेश गरिसकेको छ।

तथ्याङ्कको विश्वसनीयता र वैधता

खपऱ्या र देवताहरूबिच हुन गएको सङ्घर्ष बैतडी र डँडेलधुराका विभिन्न भागहरूमा छताछुल्ल भएको हेर्न सकिन्छ यदि अध्ययनको गहिरो आँखाले हेर्न खोज्यो भने। प्राथमिक तथ्याङ्कहरू आफै स्थलगत सर्वेक्षणमा गएर आफूले तयार पारेका प्रश्नावलीको माध्यमबाट सङ्कलन गरिएकाले आफूलाई विश्वस्त पारेको छ। द्वितीय स्रोतका तथ्याङ्कहरू पनि भरपर्दा र विश्वसनीय स्रोतबाट मात्र लिइएका छन्। प्रमाणबिनाका द्वितीय स्रोतका तथ्याङ्कहरू धेरै कम मात्रामा सङ्कलन गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसका साथै शोधकार्यका लागि गरिएको अवलोकन विधि स्थानीय बासिन्दाको हैसियतले हुने अनुभवले पनि तथ्याङ्कहरू भरपर्दा र विश्वसनीय भएका छन् भन्ने आशा गरिएको छ। यस विषयवस्तुसँग सम्बन्धित प्रमुख जानकारहरूसँगको अन्तर्वार्ता र लोक साहित्यबाट प्राप्त काव्यमय वर्णनहरूले पनि उपलब्ध भएका तथ्याङ्कहरूको विश्वसनीयता र वैधतालाई पुष्टि गरेको छ। स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क र लोककाव्यमा वर्णित कथाहरूको तारतम्य एकअर्कासँग मिल्ने हुँदा पनि सङ्कलित तथ्याङ्कहरूको विश्वसनीयता बढेर गएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेदः दुई

२.१ कृति परिचय

खपऱ्या र देवताहरूबिच भएको द्वन्द्वबारे जति मात्रामा जनश्रुति र गौरा पर्वका गीतहरूमा वर्णित छ, त्यतिको वर्णन पुस्तक वा शोधपत्रहरूमा लिखित रूपमा पाउन सकिएको छैन। विविध धार्मिक ऐतिहासिक, सांस्कृतिक र सामाजिक क्षेत्रबारे लेखिने पुस्तकहरूमा प्रसङ्गवश खपऱ्याले देवताहरूसँग लडेको कुरा उल्लेख भने गरिएको पाइन्छ। तर खपऱ्या नै विषयवस्तु बनाएर पुस्तकका रूपमा वा बृहत् लेखका रूपमा प्राप्त हुन सकेको छैन। बरु, धार्मिक जाँत (जात्रा) हरूमा खेलिने ठाडो खेल (ढोलक र मजुरासहित) मा गाउँदै र नाच्दै गर्दाका गीतिकथाहरू अब विभिन्न क्षेत्रमा साहित्यिक र संस्कृति अनुरागी व्यक्तिहरूले छापेर प्रकाशित गर्न थालेका छन्।

यहाँको लोकसाहित्यमा यसको मूल पात्र खपऱ्यालाई पटक-पटक अठौती मल्ल नै भनेर सम्बोधन गरिने भएकाले काव्यरूपी इतिहासको सहारा लिएर स्व. जितसिंह भण्डारीद्वारा लिखित "डोटी क्षेत्रको प्राचीन इतिहास, धार्मिक स्थल र वंशावली" नामको पुस्तकमा केही उल्लेख गरिएको छ। उहाँले डोटीको अजयमेरु कोटको इतिहास प्रसिद्ध राजा नागी मल्लका छोरा अठौती मल्ल नै खपऱ्या हो भनेर किटानी गर्नुभएको छ। त्यसलाई पनि मध्यनजर गरी मल्लकालीन इतिहास अध्ययन गर्नु आवश्यक देखिन्छ। सुदूर पश्चिम प्रदेशका विभिन्न धार्मिक, ऐतिहासिक र सांस्कृतिक क्षेत्रबाट प्राप्त हुने लिखित, अलिखित सामग्रीहरूको सङ्कलन र अध्ययन गरिँदै आएको छ। यसका साथै छिमेकी राष्ट्र भारतको उत्तराखण्डका ऐतिहासिक, सांस्कृतिक र धार्मिक विविधता जसले महाकाली वारिलाई प्रत्यक्ष-परोक्ष रूपमा प्रभावित गर्ने गर्दछ, खपऱ्याको सम्बन्ध पनि प्रत्यक्ष रूपमा काली कुमाउँ, सोर, पिथौरागढ हुँदै सीमा नाका झुलाघाट र हल्दु विनायकसँग जोडिएको छ। तसर्थ त्यहाँबाट उपलब्ध हुने सन्दर्भ-सामग्रीको प्रयोग गरिएको छ। महकाली-सेतीको भ्रमण नै गरेर त्यहाँको कला संस्कृति र इतिहास लेख्ने राष्ट्रिय स्तरका प्रतिष्ठित इतिहासकारहरू एवम् लेखकहरूका पुस्तकहरूको आश्रय लिइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्थानीय तहका बुद्धिजीवी, संस्कृतिविद्, अठौती मल्लसँग सम्बन्धित खलकका व्यक्तिहरू, द्वन्द्वस्थलका ज्येष्ठ नागरिकहरू, द्वन्द्वमा सहभागी देवताका धामी एवम् अन्य मडाल (प्रमुखहरू) सँगको अन्तर्वार्ता र प्राप्त जानकारीहरूको सहयोगबाट एउटा धारणा बनाएर विश्लेषण गरिएको छ। अध्ययनको सिलसिलामा विभिन्न ठाउँहरूको भ्रमण गरी ऐतिहासिक ठाउँ र तिनीहरूसँग सम्बन्धित तस्बिरहरू खिचिएका छन्। केही अन्य माध्यमहरूबाट प्राप्त भएका सूचनाहरूको पनि विस्तृत रूपमा व्याख्या-विश्लेषण गरिएको छ।

२.२ प्राप्त लोकसाहित्यको समीक्षा तथा पुनरावलोकन

लेखक जितसिंह भण्डारीले महेन्द्रनगर कञ्चनपुरबाट वि.सं. २०६४ सालमा प्रकाशित आफ्नो पुस्तक "डोटी क्षेत्रको इतिहास, धार्मिकस्थल र वंशावली" मा खुलेर नै अठौती मल्ल राजालाई 'खपऱ्या' हो भनी किटानीसाथ लेखेको हुँदा त्यसलाई मूल स्रोतका रूपमा लिएको छु। उहाँ स्वयम् पनि यसै सुदूरपश्चिम प्रदेशअन्तर्गत बैतडी जिल्लाका प्रसिद्ध भगवतीहरूमध्येकी निङ्गलासैनी भगवती मन्दिर रहेको गाउँ देहीमाडौँका बासिन्दा भएको र यस्तो विषयमा छुट्टै ग्रन्थ नलेखे तापनि खपऱ्याको जन्मबारेको प्रसङ्ग उठाएको हुँदा यसलाई आधार सामग्रीका रूपमा लिइएको छ।

भण्डारी लेख्छन्–"तिनी अठौती मल्लले बोटिया रजौटाहरूको तहसनहस गरी नरसंहार गरेका थिए। र, धर्ती नै हल्लाउन सक्थ्यो भन्ने समेत बहुचर्चित छ।" तिनी प्रथम नागी मल्लकी मौला महारानी घटाल बाबाको वरदानपछि जन्मेका हुन् भनेका छन्। घटालको उत्पत्ति महाभारत महाकाव्यमा वर्णित पाण्डव पुत्र भीमको छोरा घटोत्कच जो कि हिडम्बा दानवीबाट जन्मेको पैशाचिक रूप घटाल हो र घटालको धामी कम्पन लिँदा "म पाण्डव पुत्र हुँ" भन्ने गर्दछन् भन्ने उक्त पुस्तकको पृ.नं. २०२ र २४६ मा वर्णित छ। शौनक गोत्र केदार जातिका खसहरूका सन्तानहरू डोटेली शासकहरू हुन्। कुलिन्दाहरू भारतीय उपमहादेशमा प्रवेश गरेपछि पहिला बौद्ध र पछि आर्य हिन्दु ब्राह्मण समाजमा प्रवेश गरेका हुन्। यसबाट नै राजनीतिक रूपमा खस क्षत्री भए पनि सामाजिक रूपमा आफूलाई ब्राह्मणका रूपमा स्थापित गर्ने काम गरे। यस्तै खसहरूमध्ये केही भोटे खस पनि भएको कुरा डङ्ग्रिनुमा गरिने हिडम्बा पूजाले देखाएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



घटाल बाबा, डँडेलधुरा

यो कुरा कुल्लुवासीमा रहेको आख्यानमा छ र उनीहरू हिडम्बा र कुल्लु क्षेत्रका भएको र भीमसेनसँग विवाह गरी दुई पुत्र – भोट र मखर जन्माएका थिए । भोटले सुडुङ्ग्रीकी भोटेनीसँग विवाह गरी गाईको मासु खाएपछि ऊ धर्मच्युत भएको मानिन्छ तापनि ऊ मगर भए पनि खस जातिकै मानिएको छ । मानसरोवरभन्दा तल रहेको राकसतालको नाम तिब्बती भाषामा लाङ्गाताल लेखिएको हुँदा राकसहरू मगर मूलका हुन् भन्ने कुराको अनुमान गर्न सकिन्छ । कुल्लुमा मगर, तण्डि काशी तथा कुलिन्दादिको समेत उपस्थिति थियो । यो कुलिन्दा जातिको एक शाखाले आफ्नो प्रभाव भारहुतसम्म विस्तार गरेको भए पनि गुप्त साम्राज्यको विस्तारले गर्दा कुलिन्दाको एक शाखा आल्मोडा र जालन्धरतर्फ पलायन भएको थियो । यी जालन्धरतर्फ लागेकाहरू नै कुल्लुका खसहरू हुन् । जालन्धरमा गएकाहरू नै ईश्वरका पूर्वजहरू हुन् । यही शक्तिले नै खारी प्रदेशमाथि प्रभुत्व जमाएको हो ।

खसहरूको खारी साम्राज्यको विघटन आन्तरिक झगडाले भएको थियो । यो खारी साम्राज्य कुलिन्दवंशी खस वंशका संस्थापक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चापवंशीहरूको समय इ.पूं. ९३० तिर खारी साम्राज्य लद्दाख, कुल्लु, लाहौर, स्पिति, काँगडादेखि जावेश्वरभूमि तिब्बतसम्म फैलिएको थियो। त्यस बेला जावेश्वर तिब्बतअन्तर्गत थिएन। यो साम्राज्य खस राजा अशोक चल्लसम्म कायम रहेपछि पछि पतन भयो। खस साम्राज्यका संस्थापक नागराज जावेश्वरभूमिबाट नै खस साम्राज्य सुरु गरेका र उनीपछि क्राचल्ल र अशोकचल्लको समयमा यो खारी राज्य पतन भई खस साम्राज्यका रूपमा विकसित हुन पुगेको थियो। शिवाकोटी प्रा. डा. गोपाल, सन् पृ. ८६, ८७, १११।

लाखामण्डल जमुनाको किनारमा रहेको प्राचीन मगर राज्य हो। यो स्थानमा नै महाभारतको लाक्षागृह वा लाहाको घर बनेको भन्ने परम्परावादीहरूको धारणा छ। जालन्धरीहरू र लाखमण्डलीको सम्बन्ध रहेको पाइन्छ। लाखमण्डलमा जयदासको वंशले शासन गर्दथ्यो। यी जयदासका वंशज छागलका उपासक थिए र राजधानी करतारपुर थियो। यसको वंशले आफूलाई गेहेश भन्न थालेको थियो। जालन्धरमाथि गुप्तहरूको आक्रमण भएपछि उनीहरू त्यहाँका खसहरू सिन्ध तथा जावेश्वरतर्फ लागेका थिए। यिनै जयदासको वंशले सिन्धमा छछ वंशज र जावेश्वरमा याचे वंश प्रारम्भ गरेका थिए। छछवंशी ब्राह्मणले अधिकार स्थापित गर्नुभन्दा पहिले बौद्ध धर्मावलम्बी शूद्र कुलका वंशजको राज थियो। यो कुलको अन्तिम राजा साहसी राजाको मृत्युपछि उनकी विधवा रानी र उनको राज्य छछ नाम गरेको ब्राह्मणले अधीनमा पारेको थियो। यिनलाई पनि मल्लपुरीका भैरी मल्लले काली कुमाउँतिर लखेटेका थिए। त्यसैले दानवभूतलका राजा जयदास सन्तति रजौटाका रूपमा सीमित हुनुपर्‍यो (उही पृ. १०४, १०६)।

अठौती मल्लका बुबा अजयमेरुकोटलाई आफ्नो राजधानी बनाई पश्चिम काश्मीरको श्रीनगरदेखि खारी प्रदेश, मधेसका केही हिस्सा र दुल्लु-दैलेखमा आफ्नो राज्य फैलाएका नागी मल्ल राजाले तत्कालीन समयका देवीदेवताहरूलाई शक्ति परीक्षण गरेर मात्र स्वीकार गरेको र शक्तिहीन देवताहरूका मठ मन्दिर, लुटपाट र धामी पण्डाहरूलाई प्राणदण्डसमेत दिएको विभिन्न किंवदन्ती साथै इतिहास र गीतहरूमा वर्णन गरिएबाट अठौती मल्लले आफ्नो राज्य विस्तार र स्थायित्व कायम गर्न धार्मिक मठ मन्दिर, जो आर्य धर्मावलम्बीहरूका आस्थाका केन्द्र थिए, तिनमा आक्रमण गरेको देखिन्छ। कर्णाली क्षेत्रमा वैदिक कालपूर्व आएका र यहीँ बसोबास गरिरहेका आदिवासीहरूलाई वैदिक धर्मावलम्बी आर्यहरूले तिनीहरूलाई अपमानजनक उपमाबाट सम्बोधन गरेको र युद्धमा हराएका वा षड्यन्त्रमूलक ढङ्गबाट जितेर दास

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बनाइएकाहरूसँग विभेद गरेका उदाहरण विभिन्न धार्मिक ग्रन्थहरूदेखि, साहित्यिक र ऐतिहासिक पुस्तकहरूमा वर्णन गरिएको पाइन्छ ।

यस तथ्यलाई डा. केशवमान शाक्यले थप पुष्टि गर्नुभएको छ। "बुद्ध धर्म र खस जाति" विषयको कार्यपत्रमा उहाँले खस/आर्य आउनुभन्दा निकै अघि शूद्र, शिल्पी जाति कर्णाली प्रदेश र सुदूरपश्चिम क्षेत्रमा अविकसित अनादिकालीन मूलवासीको शासन र राजकाज रहेको कुरा बताउनुभएको छ। तथ्य प्रमाणका रूपमा आज पनि यी जाति/समुदायको नाममा विभिन्न गाउँबस्ती र कोटहरूको नामकरण हुनुले इतिहासको तथ्य जीवितै रहेको देख्न सकिन्छ। आर्यहरूले धर्मको नाममा प्रयोग गर्दै आएका संस्कार, संस्कृति, आचार-व्यवहारलाई अनार्यहरूले सहज ढङ्गबाट स्वीकार गर्न नसक्दा हुन गएका द्वन्द्वहरूको शृङ्खलाको एउटा कडी खपऱ्या र देवताहरूबिचको द्वन्द्वलाई लिन सकिन्छ।

यता अठौती मल्लको सम्बन्ध भने आफूलाई खस नभन्ने मल्ल शासकहरूसँग रहेको देखिन्छ। मल्लहरूको इतिहास खस/आर्यहरूसित जोडिएको हुँदा विभिन्न विद्वान्हरूबाट लेखिएका पुस्तक हेर्ने क्रममा 'मेचीदेखि महाकाली' भाग ४ को (पृ. १०३०) मा भनिएको छ – पूर्व-मध्यकालमा यो क्षेत्र खसिया मल्लहरूको अधीनस्थ क्षेत्र थियो। खसिया मल्लहरूले इसाको करिब दसौँ शताब्दीदेखि चौधौँ शताब्दीको अन्त्यसम्म एक बृहत् राज्यमा शासन गरेका थिए। बैतडी जिल्ला पनि यिनै शासकहरूका अधीनमा रहेको थियो।

इसाको १४ औं शताब्दीमा खसिया मल्ल शासनको पतन र बाइसी राज्यको अभ्युदयमा यहाँको इतिहास डोटीको इतिहास हो। अभय मल्लको ताम्रपत्रअनुसार उदुम्बरपुर अर्थात् डुम्राकोट डोटीमा अधिराज्य भएर बस्ने (अभय मल्ल) भनी उल्लेख छ। यिनको समय शक सम्वत् १२९८ (इ.सं. १३८६) यसैमा लेखिएको छ। यस कोटको नाम उदुम्बरपुर वा पुरी अर्थात् डुम्राकोट रहनुको मूल कारण के त ? त्यसभन्दा पहिला त्यहाँ कुन-कुन जातीय समुदायको बसोबास रहेको थियो ? यस तथ्यलाई डा. केशवमान शाक्यले प्रस्ट प्रमाणका रूपमा दिएको विषयलाई माथि नै उल्लेख गरिसकिएको छ। "कुमाउँ का इतिहास" का लेखक बद्रीदत्त पाण्डेले आफ्नो पुस्तकको पृ. १५९ मा लेखेका छन्- "दस्यु, किराँत, नाग, खस, शक, हूण, यवन, आदि जातिया यहाँ पूर्व कालसे रहती आयी है।" यसै पुस्तकको पृ. ५०९ मा *"वेद हमारे पुराने ग्रन्थ है। बहुमान्य है। उनमें जो देव व दानव या देवासुर सङ्ग्राम है, वह आर्य व अनार्यका सङ्ग्राम माना गया है। देवताओं को आर्य या श्रेष्ठ पुरुष कहा गया है। ये लोग*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पढे लिखे, ईश्वर भक्त दानी, परोपकारी, सज्जन तथा गौरवर्ण के कहे गये हैं। दुसरे शब्द जो दैंत्य दानव व दस्यु संज्ञावाचक है, उसके मानी असक्षम जङ्गली, धर्म व आचारहीन पुरुषो के है। जिन लोगों ने आर्य धर्मको न माना वे इस नाम से पुकारे गयें होंगे। (पृ. ५१०) मा बद्रीदत्त पाण्डेले कुमाउँलाई केन्द्रित गरेर भने पनि यस मानसखण्डभरि तत्कालीन अवस्था एउटै थियो र उनी थप लेख्छन्–

यहाँके मूल निवासी दस्यु माने जाते रहे हैं, जिनको प्राचीन जात्याभिमानी लेखकों नै डोम, चांडाल, अन्त्यज, अस्पृश्य, शूद्र, श्वपच आदि नामों से सम्बोधित किया है। ... यहाँसम्म लेखेको छ-"सारे भारत के मूल निवासी डोम यानी शूद्र वर्ण के लोग माने जाते हैं। कुमाउँ के भी सबसे पहले बासिन्दे यही थे।" कुमाउँ भन्नु नै तत्कालीन समयको मानसखण्ड हो। 'नेपालका जनजातिहरू' नामबाट पैरवी प्रकाशनले प्रकाशित गरेको मधुसूदन पाण्डेको पुस्तकको (पृ. १४२) मा भनिएको छ– आर्यजातिहरूको नेपाल आगमनपूर्व नै नेपालमा जनजातिहरू बसोबास गरिरहेको कुरो इतिहासले बताउँछ। यिनी प्रायः मङ्गोल र अस्ट्रेली मूलका थिए।

पश्चिमतर्फबाट खसहरू र दक्षिणतर्फबाट ब्राह्मण क्षत्रिय जातिहरूको आगमन भएपछि यी खस ब्राह्मण र क्षत्रियहरूसँगको लामो सम्पर्कका कारणबाट नेपालका जनजातिहरूको रहनसहनमा पनि विविध परिवर्तन हुँदै गए। जनजातिहरू पनि यिनैका सम्पर्कबाट राज्यसत्ताअन्तर्गत आउन थाले। राज्यसत्ताअन्तर्गत आएपछि यिनीहरू पनि आर्यहरूको अधीन हुन थाले। उक्त पुस्तकको पृष्ठ १४३ मा भनेका छन्– 'बालकृष्ण पोखेरलले खसहरूले कर्णाली प्रदेश विजय गरेको १२ औं शताब्दीमा हो' भनी लेखेका छन्।

'सङ्क्षिप्त नेपाली शब्द सागर'मा वसन्तकुमार शर्मा 'नेपाल'ले 'खश' शब्दलाई यसरी अर्थ्याएका छन्। दक्षिण एसिया महाप्रदेश वा प्राचीन भारतवर्षको एक प्रसिद्ध भू-भाग, हिमालयको कछाड-कछाडको क्षेत्रको प्रसिद्ध एक प्राचीन देश गढवाल, खश देशको एक वीर जाति वा सुरुमा क्षत्रिय र पछि कर्म तथा संस्कारहीन हुँदै शूद्र बन्न पुगेको प्राचीन जनजाति, खस सातौं शताब्दीदेखि नेपालको विस्तृत पश्चिम पहाडी क्षेत्रमा शासन गर्दै आएको वीर र सभ्य प्रसिद्ध एक जाति, खसानको खलक, नेपाली भाषाभाषी समग्र जातिको समूह, खस। संस्कृत तथा इतिहासविद् आत्माराम ओझा गुगुल्डि मासिक पत्रिकाको वर्ष १५, अङ्क ४, पूर्णाङ्क १७२, पुष, २०६८ को आफ्नो लेख 'महाकाली वारि'मा यस क्षेत्रका पुराना बासिन्दाहरू को-को थिए ? भन्ने विषयमा प्रकाश पार्दै भन्नुहुन्छ। यै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महाकाली वारिको भूखण्डको सिलसिलेवार इतिहास प्राप्त नभयाले जो भयाको तथ्य रे किम्बदन्तीअनुसार यै ठौरका प्राचीन निवासी खस जाति हुन्, पुराना खसौनलाई प्रैतिर मतवाली जातीनमाइँ गणना गरियाको रे कसैलाई कुकुडे बोरा, धौरिखि क्यै दार्चुला व्यास क्षेत्रका निवासीलाई सौका भुणिया क्यै व्यक्ति, जो यैतिर आयाका व्यक्तिसित हेलमेल गरिबरे बस्स नसकन्या भया उनलाई बनरौत अथवा राउटे नौंले सम्बोधित भया रे इनरो वासस्थान वनजङ्गल हुन गयो। ए.बी. कप्लानले 'प्रिस्ट एन्ड कोब्लर्स' नामक ग्रन्थमा खसहरूको राज्यलाई ११ औं देखि १४ औं शताब्दी मानेका छन्।

डोरबहादुर बिष्टद्वारा लिखित र साझा प्रकाशन, काठमाडौंबाट छैटौं संस्करण २०५२ को (पृ. १७) मा उहाँ लेख्नुहुन्छ– *"यी खस जातिका पुर्खा हजारौं वर्षदेखि नेपालको कर्णाली प्रदेश र महाकालीपारि भारतको कुमाउँ, गढवाल आदि प्रदेशमा बसी आएका थिए।"* पश्चिम एसिया तर्फबाट आई भारतको पञ्जाब र त्यसपछि गङ्गाजीको फाँटमा पुगेर वैदिक र पौराणिक हिन्दु धर्म तथा संस्कृतिको विकास गर्ने आर्यजातिमध्येकै थिए यी खस पुर्खाहरू पनि। (उही पृ. १८) यी पहाडी खसहरू भेडा, बाखा, गाई पालेर पहाडको दुःखमेलो जीवनयापन गर्दै गङ्गाजीको फाँटमा बस्ने सुसंस्कृत हिन्दुहरूबाट धेरै कालसम्म अपहेलित भएर रहेका थिए। बिष्टले हजारौं वर्ष भनेर दाबा गरे पनि कर्णालीमा खसहरू शिल्पी समुदायभन्दा निकै पछि आएका हुन्। खसहरूको यस क्षेत्रमा प्रवेशले दलितहरू आफ्नो राजकाज, भूमि र शासनबाटै विस्थापित भएका थिए।

दोस्रो महायुद्धपछिको भारत र २००७ सालपछिको नेपालले जातीय विभेदलाई मान्यता दिन छोडेपछि मात्र यसको चर्चा कम हुन थालेको छ। नत्र मनुस्मृति जस्तो धार्मिक र सामाजिक कानुनले शूद्र बराबर भनेर ठानी आएको पहाडी खसहरूलाई मधेसका कट्टर हिन्दुहरूले आफू बराबर कहिल्यै पनि ठानेका थिएनन्। बिष्ट अगाडि लेख्नुहुन्छ– बाह्रौं शताब्दीमा मुहम्मद घोरीको हमलापछि बसोबास, धार्मिक परम्परा तथा जीवनशैली नै भताभुङ्ग भएकाले मधेस छोडी भागेर पहाड पसेका कथित माथिल्ला जातका केही हिन्दुहरूको सम्पर्कमा आएपछि मात्र कर्णाली प्रदेशका खसहरूमा हिन्दु धर्म तथा जातभातको चलन पसेको थियो।

योभन्दा अघि खसहरूको पूर्ववैदिक धार्मिक परम्परा भएको र त्यसपछि तिब्बतको लामा-धर्मको सम्पर्कमा मात्र आएका थिए। उहाँ अगाडि लेख्नुहुन्छ–आज पनि कर्णाली प्रदेशमा लामा धर्म र हिन्दु धर्मका साथ पुरानो धामी धर्म मान्ने चलन प्रशस्त मात्रामा रहेको पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसैमा थप लेख्नुहुन्छ *"...दक्षिणबाट पसेका पुरोहितवादको प्रभाव जम्न थालेपछि मात्र खस मध्येका राजा, राजाका दाजुभाइ र माथिल्ला तहका भारदारहरूलाई ठकुरी र मध्यम तहका भारदारहरूलाई क्षत्री बनाउन सुरु गरिएको हो"* भन्ने देखा पर्छ ।

यो घटना महाकालीवारिको नेपाली भूभागमा मात्र भएको होइन। उस्तै भौगोलिक परिस्थिति भएको भारतको कुमाउँमा पनि करिब-करिब उही बेला उसै गरी उस्तै किसिमको धार्मिक र सामाजिक प्रभाव पर्न आएको थियो । 'हामी खस' शीर्षकअन्तर्गत (पृ. ६५) मा डोरबहादुर बिष्ट लेख्नुहुन्छ–*"हामीजस्ता सर्वसाधारण मानिस मात्रै कहाँ हो र ?थुप्रै हाम्रा खस दाजुभाइहरूले आफू सफल सम्पन्न र ठुला मानिस भएका बेला ठकुरी क्षत्री बनेर बाँकी हामीजस्ता गरिब आश्रित मानिसहरूलाई आफन्तै भए पनि खसेका मतवाली भन्दै तल्ला जातमा खसालेर राख्न खसपावै भन्ने अपमानजनक शब्द प्रयोग गर्दै आएका थिए। त्यसै कारण हामीहरूलाई पनि आफू खस हौं भनेर स्वीकार गर्न धेरै लाज लाग्ने गर्थ्यो। कसैले हामीलाई खस भनेमा रिसाउने र चित्त दुःखाउने गर्दै आएका थियौं ।"* उहाँ अगाडि लेख्नुहुन्छ–केही बाहुनहरूले दक्षिणा र दान लिनका लागि हाम्रा पुर्खाहरूलाई फकाएर उनीहरूलाई मतवाली क्षत्री भन्न सिकाएछन् ।

"सबै जातको फूलबारी" को पहिलो संस्करण २०३० मा साझा प्रकाशनले प्रकाशित गरे तापनि "हामी बाहुन क्षेत्री" शीर्षकमा खसहरूको वास्तविकता नआएको र जबरजस्ती हुलिएको र पुस्तकमा अपूर्णताका साथै जातीय मानचित्रबाट एउटा ठुलो सङ्ख्या भएको सिङ्गो समूहलाई बिल्लीबाठ पारेर छोडेको अपराध गरेको महसुस गर्दै जुम्लाको चौधबिस दरामा भएका खस बस्तीमा पुगेर 'कर्णाली इन्स्टिच्युट' स्थापना गरी अनुसन्धान गरेपछि २०५२ मा 'हामी खस' शीर्षकको थप सामग्री समावेश गरेको कुरा क्षमायाचनासहित स्विकारेको छ। लेखकीयमा उक्त शीर्षकको (पृ. ६६) मा लेख्नुहुन्छ- बाहुनले चाहिँ हामीजस्ता मतवालीका घरमा कर्मकाण्ड गर्न पऱ्यो भने आफू अपवित्र भइन्छ भनेर हाम्रा घरमा विवाह, ब्रतबन्ध, सुत्केरी, न्वारान, पास्नी, मुर्दा, काजकिरिया पर्दा कुनै बेला पनि पुरेतको काम गर्न आउने गरेका छैनन् । घरमा परेको सामाजिक, धार्मिक, सांस्कृतिक कामजति सबै हाम्रै धामीबाट गराउने र मस्ट, बाँटल, ह्याँगरे, गुरा, थार्प, कालशिला, दारे, बाबिरो, रुम, बुढ्, म्हावै, खापर, मरुद्धा, लामा आदि कहिलेकाहीँ बाहु मस्ट भनिने अवैदिक देवता मान्ने हामी खसलाई बाहुनले मान्ने देवताको नामसम्म थाहा छैन ।

उनी भन्छन्-खसहरूमध्ये कतिपय हिन्दुकरण भई विलय भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अवस्था छ। यसरी हेर्दा खस जाति मूल रूपमा गैरहिन्दु जाति भनिए पनि आजसम्मको विभेदको ब्यारोमिटरको नापलाई हेर्ने हो भने शङ्का गर्ने ठाउँ प्रशस्तै रहेको देखिन्छ। कोही कोही ज्यादै ठुलो ख्याति प्राप्त गरी शीर्षस्थ ओहदामा पुगिसकेका खसहरू पहिलेका खस जति सबै ठकुरी क्षत्री र खसका धामी जति सबै बाहुन बनिसकेको भनेर ठान्नुभएको थियो होला। तर, यथार्थ चाहिँ त्यस्तो छैन। उहाँ अगाडि भन्नुहुन्छ – खसका माथिल्ला तहका ठुलाठालु जतिलाई जनै लगाइदिने काम अहिले नै पूरा भइसक्यो भन्ने ठानेर होला (बिष्ट, पृ. ६७)।

उही 'हामी खस' शीर्षकअन्तर्गत (पृ. ६९) मा भनिएको छ – बितेको शताब्दीभरि नेपालमा एकतन्त्रीय शासन चलाउने राणाहरू पनि शासन हातमा नआउन्जेल कुँवर भनिने गरेका र यसभन्दा अघिल्लो शताब्दीमा लमजुङको राज्य आफ्नो हातमा आएका बेला खड्काबाट कुँवर बनेका पौरखी खसका सन्तान थिए। अनि यिनै खड्काहरू जनै पहिरेर क्षत्री बन्नुअघिसम्म मतवाली खस नै रहेको हुनुपर्छ भन्ने अड्कल काट्न सजिलो पार्ने गाउँका-गाउँ मतवाली खड्काहरू आज पनि कर्णाली प्रदेशमा छँदै छन्। यस्तो कुरा थाहा पाएर पनि आश्चर्य मान्नु पर्दैन किनभने मध्ययुगीन सामन्ती मूल्य मान्यताको बाहुल्य भएको बेला विश्वभरिका जुनसुकै समाजले पनि यस्तै प्रकारको प्रक्रिया पछ्याएका उदाहरणहरू धेरै नै भेटिन्छन्।

प्रा.डा. सूर्यमणि अधिकारीको पुस्तक खस साम्राज्यको इतिहास पुस्तकको पृ. १३९ मा लेखिएको छ- सातौं शताब्दीमा स्रोङ्चन गम्पोको प्रतापी नेतृत्वमा तिब्बतको एकीकरण भयो। त्यस बेलादेखि तिब्बतका जनताले बौद्ध धर्म अपनाए। पछि नेपालभरका बौद्ध विद्वान्हरू बोलाइए। राजा लाङ्ग वर्मा बौद्ध धर्मका कट्टर विरोधी भएकाले एक बौद्ध भिक्षुद्वारा उनको हत्या गरियो। त्यसपछि तिब्बतमा ठुलो गोलमाल र अन्योल उत्पन्न भयो। यस्तै अराजकताको स्थितिमा केही खस योद्धाहरू कुमाउँतिरबाट दक्षिण-पश्चिम तिब्बत पुगे। खस सरदार राजा नै बन्न सफल भए। जो सिन्जामा राजधानी सार्ने नागराजका पूर्वज थिए।

तिब्बती बौद्धधर्मीहरूको साथसङ्गतले गर्दा खसहरू बौद्ध धर्ममा दीक्षित भए। नामको तिब्बतीकरण भयो। त्यसै गरी, सोही पुस्तक (पृ. १३६) मा लेखिएको छ– "कुमाउँको तत्कालीन धार्मिक अवस्थाबारे युवानचाङ्ग (सन् ६३४ तिर भारत आएका चिनियाँ यात्री) का यात्रावर्णनमा (कुमाउँको ब्रह्मपुर) का बासिन्दाहरूमा बौद्ध र सनातन हिन्दु दुवै थरी धर्म मान्ने छन्। त्यहाँ भएका पाँचओटा बौद्धमा भएका केही भिक्षु रहेका छन्। हिन्दु सनातनी देवताका केही दर्जन मन्दिर पनि छन्। सनातन धर्म मान्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विभिन्न सम्प्रदायका अनुयायी बिनाभेदभाव एकैसाथ रहन्छन् ।" E.t. Atkinson.kumaon Hills.

नवौं शताब्दीमा शङ्कराचार्यले उत्तराखण्डको यात्रा गरे । उनको अभियानले गर्दा नेपाल उपत्यका, गण्डकी तथा कर्णाली प्रदेशमा हिन्दु सनातन ब्राह्मण धर्मको दह्रो चालसँग पुनरुत्थान हुन गयो तर कुमाउँ, गढवाल क्षेत्रमा बौद्ध धर्मको प्रभाव लगभग निर्मूलै भयो। शङ्काराचार्य आउँदा कुमाउँमा कत्युरी वंशको शासन थियो । त्यो युग प्रतापी राजाहरूको उत्कर्षको युग थियो । ललितसुर (८३५ इ.) । भूदेव-(८७५ इ.), इच्छटदेव (९३० इ.), पद्मठदेव (९४५ इ.) यिनीहरूले हिन्दु सनातन धर्म पुनरुत्थान अभियानमा शङ्कराचार्यलाई ठुलो सहयोग पुऱ्याए (उही पृ. १३७) । शङ्कराचार्य आगमनअघि बदरीनाथ र केदारनाथमा बौद्धमार्गी पुजारी थिए । उनले ती पुजारीलाई हटाई आफैसँग आएका दक्षिण भारतीय ब्राह्मणहरूलाई बदरीनाथका नारायण र केदारनाथका शिवका पुजारी बनाए । अद्यापि यो परम्परा त्यहाँ अहिले पनि कायमै छ (E.t. Atkinson.op.cit.no.2 p. 466) .

बसन्तबहादुर बागचन्दको "विमार्जन जातिवाद र परिवर्तन" पुस्तक ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि., काठमाडौँबाट प्रकाशित छ । त्यसको (पृ. २८) मा उद्धृत– नचात्मा ब्राह्मणश्चात्र क्षत्रियो वैश्य एव च । न शूद्रो न च वै म्लेच्छो भेदिता गुणकर्मभि ॥ (शुक्र नीति १ दामोदर गौतमद्वारा लिखित- वेदादिशास्त्र समाज र कलियुग (पृ. ९) । यहाँ जाति र जन्मका आधारमा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र म्लेच्छ छुट्टिएका होइनन् । तिनीहरू गुण र कर्मका आधारमा छुट्टिएका हुन् । उहाँ अगाडि फेरि लेख्नुहुन्छ–भारद्वाज ऋषिलाई भृगु ऋषिले भन्नुभयो–*"हे मुनि ! सृष्टिको सुरुमा वर्णमा कुनै अन्तर थिएन ।"*

ब्रह्माजीबाट उत्पन्न (सृष्टि) हुनुको कारण सारा जगत् ब्राह्मण नै थिए । पछि विभिन्न कारण त्यसमा वर्णभेद भएको हो । कुनै चार जात विशेष होइन (उही, दमोदर गौतमको पुस्तकको पृ. ११२ । विमार्जनको (पृ. २७) मा भगवत् गीता (पृ. १३८) बाट उद्धृत गरिएको छ–*"वैश्य, शूद्र र स्त्री जातिको पापपूर्ण जन्म छ ।"* यसबाट के बुझिँदै गएको छ भने ऋग्वेदमा लिखित एउटा श्लोक, जसमा विराट् पुरुषका शरीरका चार अङ्गलाई वर्णको संज्ञा दिइयो । त्यसैलाई मलजल गर्ने मनुदेखि लिएर निरन्तर अगाडि बढ्ने क्रममा शम्बूक, एकलव्यदेखि, बनारसी पात्रसम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुगेको लिखित/अलिखित इतिहास र व्यवहार जतासुकै भेटिँदै छन् ।

डा. विपिन अधिकारी भन्छन्– खसहरूको वैदिक नाम कस्कर हो भनी मानिन्छ । वेदभन्दा पछि लेखिएका संस्कृत साहित्यमा 'कस्कर र 'खस' दुवै शब्द प्रयोग भएकाले यी शब्दहरू पर्यायवाची हुन् कि भन्नेतर्फ सोच्न सकिन्छ। मध्य एसियाको 'ककेसस' वा 'ककस' भन्ने पर्वतीय क्षेत्र खस जातिको उद्‌गम स्थल मानिन्छ। (पृ.४ र पृ. १०) का अनुसार– खस जाति बितेको दुई हजार वर्षको अधिकांश कालखण्डमा जनजातिका रूपमा रहेका थिए। उनीहरूमा कुनै प्रकारको जातिगत कट्टरता भएको इतिहास देखिँदैन। नेपाल प्रवेशपछि समय क्रम र प्रभावअनुसार खसहरू बौद्ध तथा हिन्दु धर्म व्यवस्थामा प्रवेश गरेको देखिन्छ (पृ. ११) । तर पन्ध्रौँ शताब्दीको अन्त्यसम्म खस शासकहरूले हिन्दु धर्मलाई प्रमुख धर्मका रूपमा अपनाइसकेको देखिन्छ। वर्तमान समयमा खसहरूले मूल रूपमा हिन्दु धर्म अपनाए तापनि खस संस्कृतिमा बुद्धप्रति अपार श्रद्धा रहेको छ। नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित "नेपालका जातीय संस्कार भाग ३" को (पृ. ४६) मा शोधकर्ता तिलबहादुर सुनार र डिबी नेपाली (सोलु) लेख्छन्– *ऋग्वेदमा उल्लेख भएका अनार्यहरू आर्यका विरोधी थिए। पछि आर्यहरूबाट विजित भएपछि दस्यु वा दासमा परिणत भएकाहरूलाई नै शूद्र भनियो। तैत्तिरीय संहिताको एक ठाउँमा प्रार्थनाद्वारा हाम्रा ब्राह्मण, हाम्रा वैश्य, र हाम्रा शूद्रमा प्रकाश भरेर मलाई पनि प्रकाश देऊ भन्ने वाक्यको प्रयोग गरिएको हुँदा प्राचीन समयमै शूद्र पनि समाजको एक अभिन्न अङ्ग भएको स्वतः सिद्ध हुन आउँछ। यद्यपि, विभाजनको शृङ्खला अझै चर्किंदै गएर ऋतु र देवता पनि बाँडफाँड गरे, जसमा-अग्नि, बृहस्पति ब्राहमण, इन्द्र, वरुण र यम क्षत्रिय, वसु, रुद्र र मरुत वैश्यको भागमा थिए भने पूषा शूद्रको भागमा। वसन्त ऋतु ब्राह्मण, ग्रीष्म ऋतु क्षत्रिय, वर्षा ऋतु वैश्य र हेमन्त ऋतु शूद्रको भागमा थियो। कामका आधारमा पनि ऋग्वेद र अथर्व वेदमा कामी (कर्मार) र सार्की (चर्मन) शब्दको प्रयोग गरिएको छ। सो समयमा म्लेच्छ अर्थात् अहिन्दु जातिमा दमाईं, कामी, सार्की, केही माझी र धोबीलाई राखिएको थियो।*

यसरी द्रविड, अनार्य, असूर्य-वर्ण, अस्पृश्य, म्लेच्छ (दस्यु) दास, शूद्र, हरिजन, सूचीकृत जाति, उत्पीडित हुँदै शिल्पी/दलित नामले परिचित छन्।

बेलाको बोली, बखतको इतिहासमा 'प्रभास' चटौतबाट लेखिएको पुस्तकमा नागी मल्लको प्रशंसामा लेखिएको छ – पाल वंशबाटै प्रारम्भ भएको यस

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वंशका आदिपाल, कानुपाल, जयतुपाल, अजयपाल, सिंहपाल, कञ्चनपाल, नागी मल्ल जीवित मल्ल (गोलक पुत्र), निरय मल्ल आदिमा नागीमल्ल प्रतापी राजा थिए। उनले मायावी शक्ति आर्जन गरेका थिए। कुशल शासक थिए र बाहुबलका धनी थिए। उनी भगवान् भागेश्वरका अनन्य भक्त थिए।

खपऱ्या र स्थानीय देवताहरूसँग भएको द्वन्द्वबारे जनमानसमा विशेष गरेर गौरा पर्वमा खेलिने ठाडो खेलमा गाइने गीतहरू प्रशस्त छन्। जो एक पुस्ताबाट अर्को पुस्तामा कण्ठस्थ गरेर सार्ने काम हुँदै आएका छन्। अब तिनलाई पुस्तकहरूमा छाप्ने काम पनि भइरहेका छन्। यसअन्तर्गत मेलौली नगरपालिका- १ का गणेश दयालले आफ्नो पुस्तक "अतीतका घटनाक्रम र वंशावली" (पृ. १५७) मा "गया हरि देवताले बहादुरी गरी खपरे दैत्य मारेको बारे गीत" भनी चाली, धुमारी, रोताली आदि शैलीमा द्वन्द्वबारे तलको गीतमा वर्णन गर्नुभएको छ–

कुमाउँको खपऱ्या डोटी पुगि गैछ
गयाँ हरि देवताका हिय खडि गैछ
गयाँ हरि देवताकी झनकली घाँट
डोटीका देवताकी गरि हालि नाठ

सात बैनी दुर्गाका भागेश्वर भाइ
भागेश्वर डाकेश्वर दुई साँख भाइ।
डकारमाडौँ खपऱ्या लागि आई।

देवी दुरगा माता मेरो बोल लिँऊ
खपऱ्या मार्छु पैक्यालो लगाइ दिउँ।
लैजा गयाँहरि बेताल साथ
बेताल देवता क्याउको छ पाईक
बेताल देवता पननिया पाईक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उदैदेउ पाटन

यसरी नै गयाँहरि देवता शिवनाथसँग कालुसैनी देवता माग्नुहुन्छ। उदै देऊले बेरौटो दिनुहुन्छ। गङ्गाहरि आफ्नो दलबल बनाएर खपऱ्यासँग लड्न तत्पर हुन्छ। युद्ध वर्णन, चाली छन्दमा यसरी गरिएको छ–

गौंडा वसना गौंडीका बाघ, तरबार जेजलो टेडी
तयार होइरहे गयाँहरि देवता, खपऱ्याको दल पुगे नेडो।

सर्क लागलो रिखे बादल पखान बर्षन्ता निर
गयाँहरि देवता जुजनलग्या खपऱ्या वर्षालो तिर।

खपऱ्या दैत्यका भनान् भोकर, गयाँहरि देवताकि छ्यात
गयाँहरि देवताको हाड्यो बिसालो लाग्यो खपऱ्याका गात।

छत्तीस बाजा बजन लग्या उप्पर बाजाकि धाई
खपऱ्या दैत्यको कर दल पऱ्यो रकतकि नन्नि बगाई।

खपऱ्यालाई परास्त गरेपछि देवताहरू स्नान गर्न जाँदा धुमारीको तर्जमा यसरी वर्णन गरिएको छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ए खपऱ्याकि छाऊ भै नाःन चल्या ।
कै घाट कै बटा नाःन चल्या ॥
गयाँ गङ्गोत्री नाः न चल्या
हरिद्वार तीर्थ नाःन चल्या
भागिरथी जमनाजी नाःन चल्या ।
तेत्तीसकोटी देवता नाःन चल्या
पञ्चेश्वरघाट नाःन चल्या
खपऱ्याकी छाऊ भै नाःन चल्या ।

खपऱ्याको दमन गरेबापत गयाँहरि देवताले के पायो भन्ने कुरालाई रोतालीमार्फत यसरी वर्णन गरिएको छ–

धन्य गयाँहरि माइँका जया ।
गादो पडाउनिका बार गाउँ पया ॥
रोकटो बोकोटो मिल्यो खपऱ्याका रोत
असुर कोटिगाउँ मिल्यो खपऱ्याका रोत ।

त्यसै अनुसार देको बिष्ठयाउँडो, न्याउली राजुलका आलकेरहरू गङ्गाहरि अर्थात् गैंसेर देउताले प्राप्त गर्नुभयो ।

खपऱ्यालाई द्वन्द्वमा कस्तो अवस्था गरी भगायो भन्ने कुरा तलको वर्णनले प्रस्ट गर्दछ–

भऱ्या खपऱ्याको बाउँ आँखो कानो
भऱ्या खपऱ्याको बाउँ गोडो डुणो ।
छन्न्या बेतालले छम्काईछ जाल
भऱ्या खपऱ्याकी कालीगङ्गा फाल ।

जौं गडा ज्वाँतो छ धान गडा साऊँ,
तेरि तिर गयाँहरि कबैन आऊँ ।

यस गीति वर्णनले खपऱ्यालाई मारेको होइन कि अपाङ्ग बनाई भाग्न बाध्य पारेको भन्ने बताउँछ ।

गणेश दयालको यसै अतीतका घटनाक्रम र वंशावलीको (पृ. १६२, १६३ र १६४) मा अजमेरुकोटका राजा नागी मल्ल र भागेश्वर देवताबिच भएको शक्ति परीक्षणको गीति वर्णनले के देखाएको छ भने नागी मल्ल शक्ति परीक्षण नगरी देउतालाई त्यत्तिकै मान्दो रहेनछ र शक्तिशाली प्रमाणित भए पछि समर्पित भई देवतालाई कन्यासम्म चढाउँदो रहेछ ।

को-को ठूला छन् भन्ने क्रममा-
देवतामाइको कोहो बडो ?
देवतामाइको भागेश्वर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ठाकुर माइको कोहो बडो ?
ठाकुरमाइको हो नाके मल्ल ।

अयमेरुकोट

नागी मल्ललाई भागेश्वर ठुलो भएको सहज स्वीकार भएन र भागेश्वरसँग भन्नुहुन्छ-

तैं ठुलो देव छै त भागेश्वर ।
रुडी भाडी होइरैछ भागेश्वर ।
हैला पानि कन वर्षाउनै भागेश्वर ।
हैला भागेश्वर देवताका भागेश्वर
हैला हिय खडि गइछ भागेश्वर ।
हैलां घरै कम्माई हाल्यो भागेश्वर
ढाणो रे बईसाटो आयो भागेश्वर
अजैमेरु कोटका भागेश्वर
पात्थर उडाइ हाल्यो भागेश्वर
कोट काँडो उठाइ हाल्यो भागेश्वर

दैवी शक्तिबाट डराएर नागी मल्ल भन्छन्-

राख परानि गुसाइँज्यू हो भागेश्वर
तैइँ ठुलो देवता होइ भागेश्वर
मै नानु ठाकुर नाकेमल ।
रूपा बन्चराले हो भागेश्वर
साल त छाउलो हो भागेश्वर
जोली कन्या रौला चेली भागेश्वर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तोइ देउ चढाउँलो हो भागेश्वर ।
तैंई ठूलो देवता छै भागेश्वर
मैं नानु ठाकुर हौं नाके मल्ल ।

मेलौनी नगरपालिका-६, हतरङ्गा बैतडीका लेखनदास पूर्व गाउँ पञ्चायत सचिव सत्तरी वर्ष उमेरका लोकमणि भट्ट भन्नुहुन्छ- गौरामा गाइने ठाडो खेलका गीतहरू पूर्वजहरूका सम्पत्ति हुन् । एक पुस्ताबाट अर्को पुस्तामा कण्ठस्थ हुँदै उहाँले पनि यस सम्पत्तिलाई सुरक्षित राख्नुभएको छ । उहाँबाट प्राप्त खपऱ्यासम्बन्धी गीतका प्रसङ्ग यसरी गीतमा बताउनुहुन्छ ।

माल थली जोतिहाल्यो बल्ल
कहाँ रे उब्जी गयो अठौती मल्ल ।
मालथली उब्जिगयो अठौती मल्ल
अठौती मल्लको कलिया भाइ ।
बडा-बडा देवता त माललै त थिया
आँखा खँडी, गिद्द गाडी खपऱ्याले लिया ।
रनकली बागपुछ झनकली घाँट
मालैका देवताकी गरीहाली नाँठ ।

तत्पश्चात् कलिया ध्यूत कालीकुमाउँ आउँछ, त्यहाँ पनि देवताहरूको दमन गर्छ । मेलौली नगरपालिका- ६, तोल्याकी सीता दयाल भन्नुहुन्छ- खपऱ्या नैनीताल पनि पुग्छ र नन्दादेवी भागेर तालमा लुक्छिन् अनि पछि सोर पुग्छ । लोकमणि भट्ट अगाडि भन्छन्-

सोरका देवताकी पाडिहाल्यो नाँठ
सोरका देवतालाई चिलम भराइछ ।

त्यहाँबाट खपऱ्या गौडिहाट पुग्छ । र, बैतडी नजर पर्छ । महाकाली तार्न मिजरकाँडी भट्टलाई भन्छ–

भाट मिजरकाँडी मेरो बोललेन
तै तेरी जुलाघाट तारी हम देन ।

झुलाघाटमा महाकाली नदी तर्न साधन के छ भनी सोद्धा भट्ट भन्नुहुन्छ–

बाबियाकी लडा जेउडी फलियाकी सार
फलिया की सार उत्तरी आयो वार ।

प्रथमतः बाटोमा पर्ने भगवती त्रिपुरालाई सन्देश पठाउनुहुन्छ–

दुर्गा रैण्यासैनी मेरो बोल लेन
तै तेरी आलमाई हम आउन देन ।

रैण्यासैनीले दूत पठाएर निङ्गलासैनीको सहयोग माग्नुभयो–

निङलासैनीको मिलोमतो भयो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सातबैनी दुर्गालाई कागज पठायो ।

सबै देवताहरूको भेला भएको बारे यसरी भनिएको छ–

खेड्यामेड्या कट्कको काँ होला थाउ
खेड्यामेड्या कट्कको झौलेक ठाउँ ।

ग्वाल्लेकसँग अनुरोध गर्दा उनले वास्ता गरेनन् । अरूहरूले सङ्घर्ष गर्नुभयो–

अठौती मल्लको पाडि हाल्यो खेदो
अठौती मल्लको पाडि हाल्यो नाश
कलियाका फौजकी पडि भजा भाज
कलियाको फौज तऱ्यो हल्दु घाट ।

अनि पछि देवताहरू स्नान गर्न गएको प्रसङ्ग यता पनि आउने गर्छ । यसै किसिमले ठाउँपिच्छेका केही फरक शैली र नाम भएका गीतहरू गाइने गरिन्छन् । खास द्वन्द्व भएको ठाउँ ऐँच्याकाँडा हो । त्यसकै आलकेरमा बस्ने चन्द्रीराम वड आफ्नो गीतमा भन्छन्–

असिमी देवता जुझ्न लाग्या झुन झुन्या पानी
लटा राज देवता जुझ्न लाग्या नौ मन गुर्ज खेलाइ
समैची देवता जुझ्न लाग्या ताल मछोली की ठाँन ।

यिनका गीतहरूमा युद्धका कलाहरूको सजीव वर्णन गरिएको छ । खपऱ्याको प्रभाव बैतडीमा मात्र नभई डँडेलधुराका विभिन्न क्षेत्रमा भएका कुरा किंवदन्तीका रूपमा घटनास्थलहरूमा र गौराका गीतहरूमा प्रचुर रूपमा पाइन्छन् । बाजुराको छेडेदहको बारेमा लालबहादुर ओलीले सुदूर पश्चिमाञ्चल सरोकार मञ्च काठमाडौंबाट २०६६ भाद्रमा प्रकाशित गर्नुभएको 'सुदूर पश्चिमाञ्चल' नामक मुख पत्रमा आफ्नो एउटा लेख– 'बाजुराको पर्यटकीय विकासको एक आधारः छेडेदह' प्रकाशित गर्नुभएको छ। यस दहको वर्णनका क्रममा ओली धार्मिक महत्त्वबारे प्रकाश पार्दै लेख्नुहुन्छ– छेडेदहको पूर्वी छेउमा स्थानीय खापर देवताको मन्दिर छ। यस मन्दिरको पूजाआजा आँटीचौर गाउँ विकास समिति वडा नं. १ का रावत र कठायतले गर्दछन् । खापर देवताको उद्‌गमस्थल नजिकको खप्तड हो भन्ने भनाइ छ। खप्तडबाट आएका खापर देवताको बसाइ गुदुखाती गाउँ विकास समितिको हालको गुदुखातीको वडा नम्बर ४ गुदस्थित ब्रह्मदेवताको ढोल चोर्छन् । ब्रह्म देवताले पिछा गर्दै धपाएर ल्याउँदा छेडेदहको उत्तरतिरको अग्लो डाँडामा रहेको धवलपुरा देवताले देखेछन् । धवलपुराले खापरलाई बाँच्नका लागि छेडेदहभित्र लुक्न भनेछन् । खापर देवता यसै दहभित्र पसेर बचेको र यहाँ खापरको मन्दिर स्थापना भएको भनाइ छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एक भनाइअनुसार खापर देवताले मस्टा देवताकी बहिनी भगवतीलाई बलात्कार गरेछन्। यसको रिसमा मस्टा देवताले खापरलाई पिट्दा खापरको दाँत भाँचिदिएका थिए रे। यस कारण साँच्चिकै खापर देवता प्रकट भएका काँप्ने धामीको दाँत थोते भएको देखिन्छ भन्ने विश्वास छ (उही पृ. ११० र १११)। मेलौली नगरपालिका ५ खलिगाडका पूर्व शिक्षक संस्कृत अध्येता जयराज जोशीद्वारा लिखित "तल्लो स्वराडको एक झलक" (खलिगाडका जोशीहरूको वंशावली) पुस्तकको (पृ. २८) मा मेलौली भगवतीको जात्रा वर्णनका क्रममा लेखिएको छ– "स्यालढुङ्गामा भगवतीको सवारी पुगेपछि त्यहाँबाट मन्दिरतिर फर्किन्छ। फर्कने बेलामा भगवतीका धामीले भागेश्वर देवतालाई लक्ष्य गरी बुढी औंला ठड्याउँदछन्। यो औंला ठड्याउनु भनेको तिमी त्यस शिखरमा खपरे दैत्यदेखि डराएर गयौ। मैले त दैत्यवध गरी यस रमणीय चउरमा बसेकी छु भन्छिन् भनेर यहाँका बुढा अर्तीवाल मानिसहरूको भनाइ रहेको छ।" लेखक जोशीले भागेश्वरलाई औंठा देखाउने कुरा जुन लेख्नुभएको छ, त्यस्तै गरी केही व्यक्ति ग्वाल्लेक केदारलाई पनि देखाउनुहुन्छ भन्ने कुरा पनि छ। २०७४ कार्तिक १७-१८ गते शोभायात्रामा आफूले प्रत्यक्ष उक्त अवसर हेर्ने कोसिस गर्दा सम्भव भएन। बरु केही वर्षपूर्व ग्वाल्लेकतिर हात जोडेको देखेको थिएँ। कहावत पक्कै पनि हो, प्रारम्भिक दिनहरूमा जितको उन्मादमा गरिएको होला। अहिले पनि उक्त ठाउँहरूमा पुग्दा कम्पन तीव्र गतिमा रहेको खण्डमा औंठा देखाउँछन् पनि होला।

यस युद्धमा पटक पटक दोहोरिएको नाम खपऱ्या, अठौती मल्लपछिको हो- कलिया। गीतहरूमा त्यसलाई खपऱ्या र अठौती मल्लको समरूप अभिव्यक्ति दिइएको छ। चिन्तामणि भट्टका गीतहरूमा ठाउँ ठाउँमा भनिएको छ–

कलिया धूत चल खेल कियो
कलियाकी फौज आइ पिठी आडो देन।

गणेश दयालको गीतमा खपऱ्या मात्र भनिएको छ भने चिन्तामणि भट्टकोमा दुवैको समान रूपमा पात्रको प्रयोग गरिएको छ–

कलिया की फौज तरी हल्दुकीघाट
कलिया धूतको मेटी हाल्यो नाउँ।

चिन्तामणि भट्टलाई फरकबारे सोध्दा भन्नुहुन्छ– अठौती मल्लको नाम नै कलिया हो। वयोवृद्ध बैतडीका समाजसेवी नेता पृथ्वीराज अवस्थी भन्नुहुन्छ– "खपऱ्या-ल्वार हो, ल्वार" अर्थात्, रैथाने शिल्पी जातिको हो। त्यस कारण नै अछुत मानिएको हो। कलियालाई देवताका रूपमा बैतडीको जर्गाल लोहारहरू कुलदेवताका रूपमा पूजा आजा गर्ने गर्दछन्। केही अन्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विश्वकर्मा जातिले पनि अन्य ठाउँहरूमा पूजा गर्ने गर्दछन्। त्यस्तै खपऱ्याको पूजाआजा साबिकको आमचौर गाउँ विकास समितिको लडा (हाल उज्ज्वल गाउँ)को बड, कुलाऊँको कलौटीका वडहरू खपऱ्यालाई कुलदेवता मान्ने गर्नुहुन्थ्यो।

तर, अहिले लामो समयदेखि विविध कारणले पुजिएको छैन। जब कि एकै नस्लका दशरथचन्द नगरपालिकाको ग्वाल्लेक लोडासौं र गोकुलेश्वरको बागोठका वडहरू पनि खपऱ्या देवताको पूजाआजा गर्दै आइरहेका छन्। कलिया देवताको वर्णन पाण्डव गाथाको कठपुराणहरू (कण्ठपुराण) मध्येको 'जागर' मा पनि गीति रूपमा उल्लेख भएको पाइन्छ। टिमुऱ्या दानव अथवा हिडम्बाको दाजु हिडम्बले भीमबाहेकका पाण्डवहरूलाई वनवासको समय इन्द्रासन (इन्द्रको राज्य) बाट कलिया बोलाई आरन थापी लुवागेडी जाल (फलामे जाल) बनाउन लगाई सालको ताल गई जबरन जालीभित्र हाली आफ्नो कुलदेवता झालीमालीमा बलि दिन ल्याएको पाइन्छ। उक्त कुरा हिडम्बासँग बसेका भीमले थाहा पाएपछि यस्ता बलशाली दानवबाट कसरी छुटाउने भन्ने उपाय हिडम्बासँग सोध्दा भेष बदलेर पूजास्थल जाने र टिमुरे (हिडम्बासुर) सँग लड्ने भन्ने कुरा बताउँछिन्। भीमले त्यसलाई मारेपछि आमासहितका पाण्डवहरूलाई जालबाट निकाल्न सिप नभएपछि पुन: कलियालाई इन्द्रासनबाट बोलाउने र लुवागेडी जाल काट्न लगाई आफ्ना दाजुभाइ, आमा र श्रीमतीको बन्दमुकाल (बन्धनबाट मुक्त) गर्नुभयो। कलियालाई सुन सम्पत्ति दिएर पठाएको प्रसङ्ग देखिन्छ।

कलिया मन्दिर, जर्ग, बैतडी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस पहाडी भूभागमा आर्यखसहरूले प्रवेश गर्ने बेला अनार्यहरूको राज्य लिन र आफ्नो धर्म संस्कृति कायम गर्न ठुलो द्वन्द्व र बलिदान गर्नुपरेको कुरा यस तथ्यले बताउँछ। त्यतिखेर कलिया जस्ता कला, सिप, प्रविधि, ज्ञान, विज्ञान भएको व्यक्ति वा भनौं समुदायको प्रयोग, दुवै थरीले गरेका धातुजन्य सामग्री निर्माणको आवश्यकता दुवैलाई पर्ने हुँदा आफ्नो राज्यभित्र आफूले यिनीमाथि एकाधिकार गर्ने अवस्था पनि यदाकदा सिर्जना हुन्छ। उक्त कुरा बैतडी मैलौली नगरपालिका-५ का जागर (जाग्राम) वर्णनकर्ता हजारी पोखरेल बताउनुहुन्छ। आर्यखस समुदायले सुदूरपश्चिम र कर्णालीका अनादिकालीन मूलवासी सिङ्गो शूद्र, उत्पीडित, शिल्पी/दलित समुदायलाई दास, दस्यु र अछूत बनाएको हुँदा कलिया पनि यस युद्धमा खपऱ्याको पक्षमा सशक्त सहयोगी पात्रका रूपमा देखा परेका छन्। वैदिकपूर्वका खस वा आदिवासीहरूमा जातीय भेद नभएकाले पनि अठौती मल्लको सहयोद्धा हुन सक्छन् कलिया।

कलियाको प्रसङ्ग किराँती (राई) को प्रादुर्भावका कथासँग पनि पं. तारानाथ शर्मा सुवेदीको "शिखरनाथ थर गोत्र प्रवरावली" पुस्तकमा वर्णन गरिएको छ। निनियामाले रुवापा (शुक्र ग्रह) लाई पति बनाउन जिगियो पक्षीको हात दैदस्तुर दिएर कलिया पठायो। शुक्रको स्थान परिवर्तन भई त्यहाँ बृहस्पति बसे। तिनलाई नै लिएर आए, म गँडाहलाई तिनी स्वीकार गर्दिनन् भन्दाभन्दै पनि। त्यस्तै भयो पनि। बृहस्पतिले कूटनीतिक कार्यबाट तिनलाई गर्भवती तुल्याएर तिनबाट भुसुना बाँदरलगायत सातौँ सन्तति किराँतीको जन्म भयो भन्ने कुराबाट कलियाको सम्बन्ध यस भूखण्डमा सबैतिर रहेछ भन्ने कुरा बुझ्न असहज छैन।

फेरि, यस प्रसङ्गबाट के पनि जोडिन पुगेको छ भने विश्वकर्मा देवता सूर्यका ससुरा अर्थात् सन्ध्याका बाबु हुनु र सौर्य परिवारका सदस्य शुक्र पनि भएकाले कलियुगका विश्वकर्माका शाखा सन्तानहरूलाई कलिया भनिएको हुनुपर्छ किनभने कामको प्रकृति ती अनादिकालका विश्वकर्माले गर्ने नै वर्तमानसम्म गरिँदै आइएको छ। कोली दानबहादुर विश्वकर्माबाट *"शिल्पी समुदायलाई दलित पहिचानबाट मुक्त र शिल्पी पहिचान स्थापित गराउनेसम्बन्धी कार्यक्रम २०७१"* जनप्रकाशन काठमाडौं महानगरपालिका-३५, बाट प्रकाशित जनचाहना राष्ट्रिय डाइजेस्ट वर्ष ७, पूर्णाङ्क ८, वैशाख असोज २०७२ मा प्रकाशित (पृ. ३) मा लेख्नुभएको छ।

"त्यस्तै पश्चिम नेपाल र कर्णाली प्रदेशमा खस साम्राज्यको उदय हुनु (१२ औं) भन्दा अगाडि सार्की, स्वर्णकार, दमाहकार, वादी,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आग्रीलगायतको शिल्पी समुदायले राजा बनेर राज्य शासन गरेको भेटिन्छ, जसको तथ्य प्रमाण बझाङको सुनीकोट, जुम्लाको सुवर्णनगर (सुनार गाउँ) सल्यानको दामाकोट, प्यूठानको वादीकोट, सुर्खेतको आग्रीग्रामलगायतका ऐतिहासिक स्थलहरूले स्पष्ट पार्दछन् ।"

यसैको अगाडि लेख्नुभएको प्रसङ्गमा पनि विश्वकर्माले किटानीका साथ लेख्नुभएको छ–"मानव सभ्यताको उद्‌गम थलो सिन्धु मैदानमा घोर जातिवादी आर्यहरू आएर शिल्पी समुदायद्वारा निर्मित हडप्पा मोहन जोदाडो, चुन्हु दाडो, लोथललगायतका शिल्पी समुदायका राज्य ग्रामहरू कब्जा र शिल्पी समुदायमाथि आक्रमण गर्न पुगे । त्यस अवस्थामा घोर ब्राह्मणवादी आर्यहरूद्वारा पराजित हुन पुगेका शिल्पी समुदायलाई दमन गर्न, घोर जातिवादी वर्णाश्रम व्यवस्था लादेर शिल्पी समुदायलाई दास, असुर, दैत्य, दानव, शूद्र, चण्डाल, नीच, अछुत नामकरण गरेर अछुत जातिका रूपमा परिचित गराउँदै आएको तथ्य सन्दर्भ ऋग्वेद, मनुस्मृति, विष्णुस्मृति, नारदस्मृति, अत्रीसंहिता, कथकसंहिता, (मैत्रीमानीसंहिता) गौतमसूत्र, रामायण, गीता, भागवत्, महाभारतजस्ता आर्य ब्राह्मणवादी ग्रन्थहरूमा उल्लेख गरेर लागु गर्ने काम गरे । आर्यहरूले लिच्छविकालीन अवस्थादेखि नेपालका आम शिल्पी समुदायसमेतलाई शूद्र, अछुत घोषित गरेको तथ्य सर्वत्र पाइन्छ । नेवार समुदाय र कर्णाली क्षेत्रका खससमेतलाई शूद्र अछुत घोषित गरेको तथ्य प्रमाण इन्सेकद्वारा प्रकाशित 'नेपालमा जातीय छुवाछुत' नामक ग्रन्थको पृष्ठ ४० मा उल्लेख गरेको पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेदः तीन

३. खपऱ्या अनुश्रुतिको उत्पत्ति र विस्तार

३.१ साहित्यमा खपऱ्या

अहिलेसम्मको अध्ययनबाट खपऱ्यालाई ठाउँपिच्छे, समुदायपिच्छे र त्यसले पारेको प्रभावपिच्छेको दृष्टिकोण फरक-फरक रहेको देखिन्छ। उत्पत्तिबारे पनि आआफ्नो किसिमको मत पाइएको छ।

(क) जितसिंह भण्डारीद्वारा लिखित/सम्पादित 'डोटी क्षेत्रको प्राचीन इतिहास धार्मिक स्थल र वंशावली'को (पृ. ३६५) मा संस्कृतविद् प्रा.डा.जयराज पन्तद्वारा लिखित 'खप्तड' लेखमा भनिएको छ। "धेरैजसो जानकारहरू 'स्कन्दपुराण'को मानसखण्डमा वर्णित खेचराद्रि पर्वतको अपभ्रंश रूप खप्तड हो भन्दछन्। तापनि यसको वास्तविकता भने भिन्न छ।

कुनै बेला काफली, गन्याप, घण्टेश्वर, भागेश्वर, जगन्नाथ केदार जस्ता स्थानीय दैवी शक्ति मानिनेहरूसँग लडेर आफ्नो प्रभाव डोटी क्षेत्रभरि फैलाउन खोज्ने खापडे मस्टालाई गणेशका अवतार मानिने गन्याप देवताले हराएर खप्तडमा गई सीमित भएर बस्न बाध्य तुल्याएको र सो मस्टा खप्तडको एक दहमा लुकेर बसेको घटनाका कारण नै 'खप्तड' नाम रहेको हो। खापडे मस्टाले लुकेर बसेको दह वा तलाउलाई आज पनि 'खापडदह' भनिन्छ। साथै सो तलाउका नजिकैको माडौँलाई खापडदेउको माडौँ भनिन्छ।"

(ख) 'सेती अञ्चल दिग्दर्शन'को (पृ. १२) अनुसार–खापड जगन्नाथको उपासना खप्परे मस्टोको पूजा नै अर्चनाको सर्वस्व वन्दनाको शिवत्व हो। यसमा थप के पनि भनियो भने– खप्तडी संस्कृतिको उद्गम स्रोत– सिञ्जाली र कुर्माञ्चली हो।

(ग) सहिद दशरथचन्द स्मृति प्रतिष्ठान बैतडीबाट प्रकाशित सुशील स्मारिका, २०७० मा दिव्येश्वरी जोशीको "डोटेली चाडपर्व र लोकगीत" शीर्षकको (पृ. ५६) अनुसार– खप्तडमा खापर दह नामको एक ठुलो ताल छ। यसमा भगवान् शिवको खापर नाम भएको रूप रहेको विश्वास गरिन्छ। यसै देवताबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खप्तडी सभ्यताको विकास भएको छ। खप्तडको सभ्यता महाकालीदेखि मेचीसम्म फैलिएको छ।

(घ) जितसिंह भण्डारीको डोटी क्षेत्रको प्राचीन इतिहास, धार्मिकस्थल र वंशावली पुस्तकको पृष्ठ सङ्ख्या २०६ अनुसार नागी मल्लपछि अठौती मल्लको ठुलो चर्चा रहि आएको छ,। अठौतीलाई खपरे (दानव) को संज्ञा दिएको देखिन्छ। उनको तत्कालीन दरबार अजयमेरुकोट र दिपायलकोट रहेको थियो।

(ङ) मेलौली नगरपालिका-५, हतरङ्गाका ठाडोखेलका डेउडिया ज्येष्ठ नागरिक लेखनदास लोकमणि भट्ट खपऱ्यासम्बन्धी गीतमा प्रारम्भमा नै खपऱ्याको जन्म थलोको बारेमा भन्नुहुन्छ–

मालकी थली जोतिहल्या वल्ल
कहाँ रे उब्जि गयो अठौती मल्ल ?
माल थली उब्जि गयो अठौती मल्ल।

सुदूरपश्चिम प्रदेशका पहाडवासी, तराई/मधेसतिरको समतल भूभागलाई “माल” भन्ने गर्दछन्। अठौती मल्लको नाम कलिया पनि हो। त्यो मालको थलो (सम्म भूमि) मा जन्मेको हो भन्दछन्।

(च) दशरथचन्द नगरपालिका लोडासौं ग्वाल्लेक खापरका धामी ६१ वर्षीय हरुवा वड र पऱ्या वड भन्नुहुन्छ– खापरे पञ्चेश्वर गाउँपालिकाको आम्चौराको उज्ज्वल गाउँबाट आएको हो। पऱ्या वड थप भन्नुहुन्छ–खापर देवता नै खपऱ्या दानव हो। यसरी खपऱ्या देवता वा दानव जे भए पनि आआफ्नो समुदायले आआफ्नै किसिमको तर्क गर्ने गरेको पाइन्छ। तर सबै घटनाक्रमलाई केलाउने हो भने खपऱ्यालाई वर्णवादीहरूले अछुत घोषणा गरेको पाइन्छ।

(छ) इतिहासका अध्येता एवम् राजनीतिकर्मी राजेन्द्रसिंह रावल सुदूरपश्चिम प्रदेशको सामाजिक, राजनीतिक एवम् मध्यकालीन संस्कृतिका बारेमा निकै चासो तथा दख्खल राख्नुहुन्छ। उहाँको भनाइअनुसार अठौती मल्ल वास्तवमा मल्ल वंशका होइनन्। तिनी अठौती साउद हुन् जसको वास्तविक नाम लिरोणा साउद वा निडर साउद भन्ने गरिन्थ्यो। तिनी राजा नाग मल्लको संन्यासपछि रिक्त भएको शासकको ठाउँमा पदपूर्तिका लागि साहसी भएको हुँदा मन्त्री परिषद्ले (Head of the Council of Ministers) अर्थात् मन्त्री परिषद्को अध्यक्षमा नियुक्त गरिएका व्यक्ति हुन्। न कि नागी मल्लका छोरा हुन्। ती त मलस्या साउद हुन्। तिनको जन्म त्यही माल मलासमा भएको हुनुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यिनैलाई अठौती मल्ल भनियो। खापरदेव कत्यौरी शासक पनि थिए। यससम्बन्धी गाइने गीतमा त फेरि उहाँ पनि त्यहीँ "मलास जन्मिगया अठौती मल्ल" नै भन्नुहुन्छ।

रावल गीतका रूपमा भन्नुहुन्छ–

मालकी थली मनि जोति हल्या बल्ल
कहाँ रे उब्जी गया अठौती मल्ल
मलास जन्मि गया अठौती मल्ल।

(ज) मैलौली नगरपालिका-८, कोटिगाउँका राजसिंह ठगुन्नाको भनाइअनुसार– माल (मधेस)को भरणो, डोटीको पिल्को, कुमाउँको गजार, पुर्चौडीको निमन र सबभन्दा कान्छो खपऱ्या यी ५ भाइहरू हुन्। चारओटा चार ठाउँमा स्थायी रूपले बसे। कान्छो खपऱ्याले भन्यो– म तिमी जम्मैलाई सदायर (सताएर अथवा पेलेर) खाने छु। यसो भनेको हुँदा त्यो चलायमान भएर सबै ठाउँमा उपस्थित भएको देखिन्छ। यिनीहरू उत्तराखण्डबाट आएका हुन्।

(झ) पं. कृष्णदत्त जोशी, पाटन बैतडी ठाकुरका पुजारीका अनुसार कुमाउँको चम्पावत क्षेत्रको दुबानगरीबाट खपऱ्या आएको हो।

(ज) गणेश दयाल (पृ. १५७) का अनुसार पनि खपऱ्याको उत्पत्ति स्थल कुमाउँ हो। उनी गीतमा भन्छन्-

कुमाउँको खपऱ्या डोटी पुगि गैछ
गयाँहरि देवताकी हिय खडि गैछ।

३.२ माल र कुमाउँमा आक्रमण

खपऱ्याले आफूसँग कलियालगायतका योद्धाहरू र सेनासाथ लिएर देवताहरूमाथि आक्रमण गर्ने अभियानको थालनी पनि मालबाटै गरेको देखिन्छ। यसबारे लोकमणि भट्ट गीतमार्फत भन्नुहुन्छ–

बडा बडा देवता त माल लै थिया
अँखा खडि गिद्द गाडी खपऱ्याले लिया।
रनकली बागपुछ झनकली घाँट
मालौका देवता की गरी हाली नाठ।

अर्थात् ठुलाठुला देवताहरू त माल तराई/मधेसमा पनि थिए। तर, खपऱ्याले कसैको टाउको फोरेर गिदी निकाल्यो भने कसैको आँखा झिक्यो। यसरी त्यहाँका देवताहरूको नाँठ अर्थात् नाशमास गऱ्यो।

यता खपऱ्याको नाम फेरेर अगाडि भट्ट भन्नुहुन्छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ताँहोइ कलिया धूत चलखेल कियो
ताँको बेलीबासो काली कुमाउँ लियो ।

अर्थात्, त्यहाँबाट कलियाले कुच गऱ्यो र काली कुमाउँ बास गऱ्यो । यसै क्रममा अगाडि भन्छन्– *"अठौती मल्लको कलिया भाइ ।"* कुनै ठाउँको गीतमा मूल पात्रका रूपमा कलियालाई नै उल्लेख गरिएको छ । तर, यहाँ भट्टले अठौतीको भाइ भनेका छन् ।

काली कुमाउँ आइबरे लुडि भुडि लाइन्छ
कुमाउँका देवताकी पाडि भजाभाज
कुमाउँका देवताकी पाडि हाल्यो नाठ ।

अर्थात् हालको चम्पावत क्षेत्रमा देवताहरूको खोजबिन गरी केही नष्ट पारिए । केहीलाई भगाइयो । त्यसै अनुरूप सोरसैन आजको पिथौरागढ क्षेत्रमा आतङ्क गर्दै गौरीहाट पुग्छ । र, त्यहाँबाट त्यसको नजर बैतडीमाथि पर्छ । गीतमा भन्नुहुन्छ–

खाली (आहाल) पड्या भैंसाकी फुसरी (फुस्रो) पीठ
पडिगैछ्र खपऱ्याकी बैतडी डीठ ।

राजेन्द्र रावल भन्नुहुन्छ–"अठौती काली कुमाउँ प्रवेश गर्छ । दानपुर लुट्छ अनि अल्मोडास्थित नन्दादेवीको भण्डार पनि लुट्छ अनि पछि– "कुमाउँ कालिका पाडिहाल्यो नेल ।" रावलको भनाइअनुसार महाकालीपारि झुलाघाटमाथि मिजुरकाँणा बस्ने जगन्नाथ भट्टले "बबिया की लडि जेउडि फलियाकी सार" प्रयोग गरी वारि तार्नमा सघायो । लोकमणि भट्टलगायतका धेरै गिदरा (खेलमा गीत हाल्ने) हरू यसमा एक मत छन् कि मिजुरकाँणाका भट्टहरूको सहयोगमा बाबियाको डोरीमा तखता बाँधेर महाकालीवारि तारेको थियो । गीति भाषामा लोकमणि यसरी वर्णन गर्नुहुन्छ–

भाट मिजरीकाँडी मेरो बोल लेन
तै तेरी जुलाघाट तारी हम देन ।
बबिया लडा जेउडि फलिया की सार
फलियाकी सार उतरी आयो वार ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



महाकाली नदी झुलाघाट

बैतडी दुर्गास्थान हाल दशरथचन्द नगरपालिका– ७ का वडाध्यक्ष चक्रप्रसाद शर्मा भन्नुहुन्छ– झुलाघाटमा महाकाली तर्दा पहिला तर्ने घाट साह्रै साँगुरो भएकाले गोरु जोत्ने जुवा राखेर पनि तर्ने गरिन्थ्यो रे भन्ने आधारमा तरेकाले खपऱ्या मानवरूपी हुनुपर्छ। यिनी कुमाउँबाट स्वराडतिर राजा बन्न आएका हुन् भन्नुहुन्छ। खपऱ्याले आतङ्क मच्चाउँदै बैतडी प्रवेश गरेको कुरा सुनी स्वराडका जनता हायलकायल हुँदै अभिव्यक्त गरेको कुरा उहाँ गीतमा भन्नुहुन्छ– कुमाउँ हैं खपऱ्या आयो, कसो गद्दाउँ भायौ ।

शिक्षक डम्बरदत्त पाण्डेय जो दशरथचन्द नगरपालिका ४, जर्गका बासिन्दा हुनुहुन्छ, उहाँ गौरामा गीत पनि हाल्ने गर्नुहुन्छ। उहाँका अनुसार–"खपऱ्या कुमाउँ गढवालबाट नै आएको हुनुपर्छ।"

पाटन नगरपालिका सिलंगाका समाजसेवी लालु वि.क. भन्नुहुन्छ– "खपरदेव (खापरदेव) राजा हुन्। तिनका सेनापति अठौती मल्ल र सहायक कलिया हुन्। र, कुमाउँबाट आएका हुन्।"

बैतडी पाटन नगरपालिका कल्तडीका रामदत्त भट्टलगायतका केही व्यक्तिहरू खपऱ्या मलास पैदा भएको पक्षमा देखिनुहुन्छ।

पाटन नगरपालिका खिपालीका सामाजिक नेता विश्राम लोहार भन्नुहुन्छ– "खपऱ्या ब्रह्मदेव हुँदै कुमाउँ, गढवालका देवताहरू खत्म गर्दै स्वराड आएको हो।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाटन ठाकुर मन्दिरका मूल पुजारी ७२ वर्षीय पं. कृष्णदत्त जोशी भन्नुहुन्छ– "खपऱ्या कुमाउँको चम्पावत क्षेत्रको दुबानगरीबाट आएको हो ।"

अजयमेरु-३, भद्रपुरका गायक नरेन्द्र मल्ल पनि खपऱ्या कुमाउँ-गढवालबाट आएको कुरालाई समर्थन गर्नुहुन्छ ।

३.३ खपऱ्याको बैतडी प्रवेश

बैतडीको सङ्क्षिप्त परिचय

बैतडी जिल्लाको सदरमुकाम क्षेत्रलाई खास बैतडी पनि भन्ने गरिन्छ । वि.सं. २०४९ सालमा यसलाई दशरथचन्द नगरपालिकाका रूपमा रूपान्तरित गरियो । हाल यसले विगतमा पाँच सय डाँडा भनिने ग्वाल्लेक क्षेत्रलाई पनि समेटेको छ । जब कि खपऱ्यासँग ठुलो द्वन्द्व भएको क्षेत्र ऐँच्याकाँडा पनि दशरथचन्द नगरपालिकामा समावेश भएको छ । पुरानो विभाजन एवम् खपऱ्याले पारेको प्रभावका आधारमा फरक किसिमले यसलाई अलग शीर्षक दिनुपरेको हो ।



त्रिपुरा मन्दिर

कुमाउँ मण्डलका धार्मिक मठ-मन्दिरहरूको सम्पत्ति लुट्ने, भौतिक संरचना तहसनहस पार्ने र प्रतिकार गर्नेहरूलाई मार्ने, भगाउनेजस्ता क्रियाकलाप गर्दै महाकाली नदी भुलाघाट पार गरेर बैतडी प्रवेश गरेको वर्णन विभिन्न गीतकारहरूले आआफ्नो शैलीमा प्रस्तुत गरेको पाइयो । तत्पश्चात् यस क्षेत्रमा प्रतिष्ठित देवी त्रिपुरा सुन्दरीलाई आफ्नो सामना गर्न चुनौती दियो । जसको तत्कालीन समयको प्रचलित नाम रैण्यासैनी हो । तल्लो स्वराडको रोडीबाट एक रैण्या अर्थात् बिस नाली (४० माना) जौको बेसाह मौनी जातिको व्यक्तिले ल्याउँदा प्रतिमाका रूपमा विद्यमान रहेकी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भगवती तत्कालीन पुजारा गाउँमा आएकी थिइन् भन्ने किंवदन्ती रहिआएको छ । आज पनि यी देवीलाई शक्तिशाली मानिँदै आएको छ ।

३.४ खपऱ्याको बैतडी प्रवेश र देवताहरूमाथि गरेको हस्तक्षेप

गिदरा लोकमणि भट्ट खपऱ्याले बैतडी प्रवेश गर्दाको प्रसङ्ग गत्यात्मक रूपमा यसरी अभिव्यक्त गर्नुहुन्छ–

खोच्यालेक पुरबटी रुकुरुक्या तारो
घोड्या गौंणा तलबटी कटकैको धारो ।
ताँहै कलियाधूत चलभल कियो
ताँको बेलीबासो रानीबुँङा लियो ।
रानी बुँङा आइबरे सोधपुछ लाइछ–
दुर्गा रैण्यासैनी मेरो बोल लेन
तै तेरी आलमाइ हम आउन देन ।
हिरधारी लेकको गमकलो हिउँ
ऐ मेरी आलमाइ छुनै नदिउँ ।
हिरधरी लेकका गर्जलो बाग
येइमेरी आलमाइ तेरी के छ लाग ।
रैण्यासैनी दुरुगाले जातक (दूत) पठायो
बैनी निङलासैनी मेरोबोल लेन
कलियाको फौंज आयो पिठी आडो देन ।

महाकालीपारिका मिजुरकाँणाका भट्टले वारि तारेपछि गीतकारले वर्णन गरेअनुसार कलियाको कटक अर्थात् सेना घोड्या गौंडा हुँदै माथि बैतडीतिर बढ्छ । त्यहाँ आफ्नो गतिविधि बढाएर रानीबुङा बास गर्छ । त्यो ठाउँमा आएर सोधपुछ गर्छ । अनि दुर्गा रैण्यासैनीलाई आफ्नो अधीनस्थ क्षेत्रमा आफूलाई प्रवेश गर्न दिन दूत पठाउनुहुन्छ । सुदूरपश्चिमतिर एउटा प्रचलन अझै पनि के छ भने केही ठुला महामारी, हैजा वा प्रकोप आउन लाग्दा वा कसैले आफ्नो शक्तिद्वारा कमजोरको जग्गा जमिन कब्जा गर्न खोज्दा वा ठुलो राजनीतिक सङ्घर्ष गर्नुपर्दा वा सुकन्या प्राप्तिका लागि किन जान नपरोस्, देवीदेवतालाई सोध्ने चलन रहेको छ ।

यसै प्रसङ्गमा रैण्यासैनीका धामीलाई सोधनी हुँदा रैण्यासैनीले कडा विरोध गर्दै– आफ्नो क्षेत्रमा आउने कुरा त परै जाओस् छुन पनि दिने छैन । मेरो यस क्षेत्रमा तिम्रो के अधिकार छ र ? भनेर प्रत्युत्तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

फर्काउनुहुन्छ । अनि रैण्यासैनीले आफ्नो दूत निङ्गलासैनी भगवतीलाई पठाएर भन्यो– कलियाको फौज मेरानजिक आइसक्यो मलाई तपाईंको साथ सहयोग चाहियो ।

बैतडी प्रवेश गरेपछिको गतिविधिबारे खपऱ्याले स्थानीय देवताहरूमा आफ्नो दबदबा कसरी आरम्भ गरेको रहेछ ? भन्ने कुरा राजेन्द्र रावलले यी गीतका अंशबाट प्रस्ट पार्नुभएको छ–

मसानीको धामीलाई चिलम भराइछ
दानु (दानेश्वर) का धामीलाई चिलम टेकाइछ ।

अर्थात् महाकालीको बगरनजिक अवस्थित देवता मसानीका धामीबाट तम्बाखु खान चिलम भर्न लगाइयो । अठौती मल्लले त्यसै क्षेत्रका नामुद देवता दानेश्वरका धामीलाई चिलम टेकिराख्न अर्थात् समातिराख्न लगाएछ । यस प्रवेशलाई पाली बैतडीका ज्येष्ठ व्यक्तित्व नारद ऋषि (भट्ट) गीतकै माध्यमबाट भन्नुहुन्छ–

जुलघाट आयो, मसानी धेक्यो घोपट्याकी ताल
भायलु कलिया मेरो बोल लेन
बैतडी देवता दोवी हम देन ।
तल दोब्यो नङकथरो माथि रैण्यसैनी
देवी दुरगा सातै हुन् बैनी ।
रैण्यासैनी माइको साँङडी बथान
साँङ्डी बथान माथि पुजिगयो थान ।
झाडा गाउँ देवता विचली गया, धामी समाइ ल्यान ।
झाडा गाउँ देवताको नाम छ ईश्वर

गीतको बोलअनुसार झुलाघाटको महाकाली नदीमा अवस्थित घोपट्याकी तालमा मसानी देवतामा नजर पऱ्यो अनि कलियालाई भन्यो– भाइ, अब बैतडीका देवताहरूको खोजतलास गर । कलियाले तलको सत्पालीस्थित नकथरो (नागार्जुन) लाई दृष्टि लायो । माथि रैण्यासैनीलाई लक्षित गऱ्यो । सात बैनी दुर्गाहरूमध्ये एउटी रैण्यासैनी पनि हुन् । रैण्यासैनी भगवतीको सुरक्षा दस्ता जो कि झुलाघाटको माथि साँङडीमा थियो त्यो अब माथि माथि सर्दै आफ्नो स्थान अर्थात् पुजारी गाउँतिर पुगिहाल्यो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नागार्जुन मन्दिर, सत्पाली

३.५ आपत्कालीन देवभेला

आपत्कालीन देवभेला बैतडी सदरमुकामको झाडा गाउँमा बस्यो । तर निर्णायक द्वन्द्व गर्ने आँट कसैमा देखिएन । देवताहरूको भागाभाग भएपछि फेला परेका धामीहरूलाई नै समाती ल्याऊ भन्ने आदेश अठौती मल्लको गीतअनुसार देखा पर्दछ । गीतकार नारद भन्नुहुन्छ– झाडा गाउँका देवताको नाम ईश्वर हो । ईश्वर गङ्गादेखि अबोलिङ्ग देवस्थलसम्मको क्षेत्र भनेको जगन्नाथ देवताको प्रभावित क्षेत्र अर्थात् आलकेर हो । शिक्षक डम्बरदत्त पाण्डेय पनि भन्नुहुन्छ– कैलपाललगायतका यस क्षेत्रका सम्पूर्ण देवता, सेलपाखामा जम्मा हुन्छन् । स्थानीयको भनाइअनुसार यहाँका देवताहरू ढुङ्गामा रूपान्तरित भएका थिए । विद्रोही शक्तिका घोडा पनि ढुङ्गामा परिणत भएका नमुना कुवानजिक देख्न सकिन्छ । कोही यससँग अन्य मिथक पनि जोड्ने गर्दछन् ।

३.६ जगन्नाथ देवताको फरक भूमिका

बैतडी जिल्लाको सदरमुकामस्थित गढीको टुप्पोमा बाँजका रुखहरूको माझमा एउटा सानो मन्दिरलाई जगन्नाथको मन्दिर भनेर यस क्षेत्रका मान्छे ठुलो श्रद्धाभाव राख्दछन् । यस क्षेत्रका पुराना रैथानेमध्येको भूल (सार्की) जातिका पूर्वजले चाल्नोको काठ खोज्न जसलाई तुसारो भनिन्छ, ईश्वरी गाडतिर जाँदा पिठ्युँमा घाउ भएको सर्प देखेछ । सर्पको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आदेशानुसार जडीबुटी हाली दिएपछि आफ्नो देवत्व बताएको भन्ने एउटा किंवदन्ती रहेको छ। अर्कोतिर हालको ईश्वरी गङ्गाधामको प्राकृतिक शिवलिङ्गको माथि रहेको तुसारोको रुख काट्न जाँदा हँसिया खसेर लिङ्गमा पर्दा रगत आउन थाल्यो। सार्कीले आत्तिएर घर गई नौनी ल्याएर घाउमा राख्दा रगत रोकिएको थियो। आफू शिवरूप जगन्नाथ भएको वाणी मिलेको कथा भन्ने गरिन्छ।

पछि अन्य देवताहरूको हेपाहा प्रवृत्तिले गर्दा आफू हालको गढीको टाकुरोमा भूमिगत गुफाद्वारा माथि आएको जनश्रुति प्रचलित रहेको पाइन्छ। उक्त जगन्नाथ मन्दिरलाई पछि खसआर्यले भूलको हातबाट खोसेर कब्जा गरिसकेका छन्। जातीय विभेदकै कारणले भूल जातिले अहिले जिल्ला अदालतमाथिको टाकुरामा जगन्नाथको छुट्टै मन्दिर बनाई कामेर पुज्ने गर्दछन्। खपऱ्याको प्रतिकारका लागि देवताहरूको सल्लाह हुँदा त्यसमा जगन्नाथको सहमति नरहेको र आफू गुफाभित्र लुकेको आरोप जगन्नाथलाई लाग्ने गरेको छ।

त्यसैले पनि जगन्नाथको टीका प्रसाद लगाएर त्रिपुरा मन्दिरमा नजाने प्रथा कायम छ। स्मरणीय के छ भने खपऱ्यालाई आर्य पक्षबाट विभेद गरिएका कारण जगन्नाथले खपऱ्याको पक्ष लिएको प्रस्टै बुझ्न सकिन्छ। जगन्नाथलाई जगत्कै देवता मानिए तापनि सार्की जातिका कुलदेवता भएकै कारण आर्यखस समुदायको हेर्ने नजर निम्नस्तरीय भएको पीडाले नै त होला अछुत आतङ्ककारी भनी खपऱ्याविरुद्धको गठबन्धनप्रति जगन्नाथको समर्थन नरहेको कारण प्रस्टै बुझ्न सकिन्छ।



जगन्नाथ मन्दिर, बैतडी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्व प्रमुख जिल्ला अधिकारी भानदेव बडु भन्नुहुन्छ– ईश्वर देवताले खपऱ्यालाई स्वराड आउने बाटो र अन्य छेदभेद (गोप्य सूचना) दिएको हुनाले पनि हुन सक्छ ठाडो खेलमा भन्ने गरिन्छ–"अठौती मल्लका गजिका सुतन। ईश्वरको धामी खालो गोरुका गुदन" अर्थात् जगन्नाथको धामीले गोरुको फिला खाओस् भनेर अपमानजनक ढङ्गले गाली गरिन्छ। दुर्गास्थानकै चक्रप्रसाद शर्मा पनि भन्नुहुन्छ– "खपऱ्यालाई जगन्नाथले गोप्य सूचना दिने काम गरेको हो। तसर्थ, बाहिरका आलकेरवालाहरू जगन्नाथलाई मान सम्मान, श्रद्धाभाव र विशेष आदर सत्कार गर्ने समेत गर्दैनन्।"

३.७ नागार्जुनसँगको सङ्घर्ष

यस सदरमुकाम क्षेत्रको बबेतमा नागार्जुन देवताको उपस्थिति छ। उक्त देवता वास्तु शास्त्रका प्रसिद्ध शिल्पी वड जातिले पाएको मानिन्छ तर त्यहाँ पनि विभेदकारी, वर्णवादी नितिदे गैरदलित समुदायको आधिपत्यमा पुगेको छ। उक्त देउताको मन्दिर स्थल पहिला केदारीमाथि सपराली जाने बाटोमा थियो रे। ती देउताको शक्ति परीक्षणका लागि आक्रमण गर्दा खपऱ्याले सकेनछ। खोलाहरूको छेउमा आऊ म तिमीलाई बगाइदिन्छु भन्दा नागार्जुन बाढीपहिरो अर्थात् खापर लगाउँदा पनि बगाउन नसकेको किंवदन्ती त्यस क्षेत्रमा कायम छ।

३.८ सिमुकेदार, पासोआमा, नागार्जुन र खपऱ्या

सिमुकेदार शोभा जात्रा, दशरथचन्दनगरपालिका, बैतडी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

झौलेकमा भएको द्वन्द्वपूर्व वा पश्चात् कहिले भएको होला भन्ने प्रस्ट छैन् । तर, हालको दशरथचन्द नगरपालिका घोषणा गर्नुपूर्व ग्वाल्लेक एवम् नागार्जुन गाउँ विकास समितिहरूलाई पनि खपऱ्याले प्रभावित पारेको जनश्रुति अझै पनि विद्यमान छ । उक्त ठाउँ मूल रूपले सिमकेदारको भूमि (डल्ली) मानिन्छ । ग्वाल्लेक केदारमा जात्रा लाग्ने जमानामा एकजना महिला पनि गएकी रहिछन् । तिनलाई जुकाले टोक्दा लुगामा रगत देखिएछ तर पण्डा पुजारीहरूले मासिक धर्मको बेला मन्दिर स्थल आएको आरोप लगाइदिएछन् । यसरी आफूमाथि अन्याय भएको भनेर श्राप दिएर उनले रुखमा पासो लगाएर आत्महत्या गर्नुपरेको थियो ।

त्यस बेलादेखि त्यहाँ मेला लाग्न बन्द पनि भयो भनिन्छ । तिनका श्रापले त्यस क्षेत्रमा पर्ने नागार्जुन र ग्वाल्लेकको सीमामा पर्ने सिमु भन्ने ठाउँमा केदार र पासो आमा भनेर तिनको पूजास्थलसमेत बनाइयो । अहिले पनि त्यहाँ ठुलो जात्रा लाग्ने गर्छ । यसैको दक्षिणतिरको डाँडामा शिल्पी समुदायका वड जातिले पुज्दै आएको देवता खपऱ्याको पूजास्थल पनि रहेको छ जसले देवताविरोधी यत्तिको सङ्घर्ष गऱ्यो । बर्तोलीमा नागार्जुनको ठुलो जात्रा लाग्ने मन्दिर, रोडी भगवतीको थपना, नानीगाडमा मेखमज्यू चन्दहरूले पूजन गर्ने गोपजोशीका मुख्य देवस्थल कायम छन् । यहाँ दयालहरूका घन्या सिद्ध र राजपुको पूजा स्थल र कोलीहरूको जोगी देवता पनि पुजिन्छ ।

३.९ मान्छेको अपहरण

मान्छेको अपहरण गरी यस क्षेत्रमा खपऱ्याले आक्रमण गर्दा नागार्जुनले मसानघाटमा ठुलो प्रतिकार गरेको देखिन्छ । ग्वाल्लेकका जोशीहरूको जमिन बर्तोलीसम्म रहेको छ । तत्कालीन समयमा एकजना जोशी आफ्नो कलाकिम भन्ने ठाउँमा चिनो खेती पाक्ने बेला वन्यजन्तु र चराहरूबाट हुने नोक्सानीबाट जोगाउन बारीको किनारमा खाट लगाएर सुतेको अवस्थामा खपऱ्याले खाटसहित करिब दुई किलोमिटर तल महाकाली नदीमा अवस्थित मसानघाटमा पुऱ्याइदिएछ । नदीमा फाल्ने क्रममा जोशीको निद्रा खुलेछ । पछि आफूलाई मसानघाटमा खपऱ्यासँग देखेर आतङ्कित भई आफ्नो कुलदेवता नागर्जुनसँग हारगुहार गर्दा नागार्जुन पुगेछ र खपऱ्यालाई भनेछ– जसरी यसलाई तिमीले तल लिएर आयौ, त्यसै किसिमले तिनको ठाउँमा पुऱ्याऊ । अन्यथा, ठिक हुने छैन भनी त्रास देखाउँदा खपऱ्याले भन्यो– तिमी यस महाकालीको बगरमा भयौ, यदि त्यो माथिको भिरमा भए म तिमीलाई जे पनि गर्थें । पछि नकथरा अर्थात् नागार्जुनले त्यसको चुनौती स्वीकार गरी माथि भिरतिर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गए । पहिला बट्टाको गाउँनजिक सहज ठाउँमा नै नागार्जुनको सामान्य पूजास्थल थियो । हालको नागार्जुन मन्दिर त्यसभन्दा निकै माथि डरलाग्दो चट्टाने भिरमा गएर लड्दा लाटो देवताले र बेताले नकथरालाई साथ दियो र ठुलो द्वन्द्व हुन गयो । नागार्जुनलाई यहाँ प्राकृतिक रूपले पहिलादेखि ठाडो भौन (गुफा) देखिएकाले धोका दिई त्यहाँ फालेको पनि हुन सक्छ ।

द्वन्द्वका क्रममा खपऱ्यालाई दमन गर्न ठाउँठाउँमा त्यही दिन गुफाहरू बनाई नागार्जुनले नै ठुलो ठाडो भौन (सुरुङ) मा खसालेको भन्ने जनश्रुति रहेको पाइन्छ । उक्त सुरुङ सोझै महकाली नदीसम्म नै रहेको छ भन्ने भनाइ स्थानीयहरूको छ। सुरुङबाट तल खसेपछि खपऱ्याले हार स्वीकार गरेको भनिन्छ । कतिपयले ऊ मारियो पनि भन्ने गरेका छन् । नागार्जुन बर्तोलीका देवीराम कोलीले पूर्वजहरूबाट सुने अनुसार "जोशीलाई नदीमा फालेपछि नकथराले बाबियाको त्यान्द्रो समात्न लगाई बगरतिर ल्याएर बचाएको थियो ।"

३.१० खपऱ्या सबैका पूजनीय !



खापर मन्दिर, सिमु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देव-दानव सबैप्रति समभाव राख्ने शिव अर्थात् सिमकेदार तथा नागार्जुनका बिचमा सहमति भएर खपऱ्यालाई माथि आउन दिइयो। लौ तिमी जस्तो बलिष्ठ वीर हामीलाई पनि चाहिन्छ। तिमीले केही अति गरेको हुँदा हाम्रो नजिकै तर सुक्खा डाँडामा बास गर्नू भनेर "खापरो डाँडो" नै नाम रहन गएको सिमुको डाँडामा खापर खाल भनिने ठाउँमा बस्ने अनुमति दिनुभयो। पछि शिल्पकार वड जातिहरूले ५-६ पुस्तादेखि कुलदेवताका रूपमा पुज्दै आएका छन्। हाल खपऱ्याका धामी हरुवा वड हुनुहुन्छ। नवरात्रीको समयमा अन्य देवताहरूसरह बोकाको बलिसमेत दिएर तिनको पूजा गरिन्छ।

खपऱ्याका धामी हरुवा वडले आफूहरू आमचौराको उज्ज्वल गाउँ (हाल पञ्चेश्वर गाउँपालिकाअन्तर्गत पर्ने) का वड परिवारकै सदस्य भएको र आफू पनि तिनै देवता मान्ने भए पनि धेरै वर्षदेखि उज्ज्वल गाउँमा थिति नभएको कुरा बताउनुहुन्छ। ग्वाल्लेक नागार्जुन उच्च माध्यमिक विद्यालय, बैतडीका शिक्षक चन्द्रदेव जोशी भन्नुहुन्छ– केदार त गुफा बस्ने देवता हुन्। उनलाई यस्तो मारकाटसँग वास्ता नहुने हुँदा यस भूमिको संरक्षणको जिम्मा नङथरोलाई नै दिएको हो। खपऱ्याले हार स्विकारेपछि सम्झौता भएको हुनुपर्छ। शक्तिशालीलाई जसले पनि स्विकारेको हुन्छ भनी उपर्युक्त घटनाक्रम र परिणामबारे पुर्खाहरूबाट सुनेको कुरा बर्तोलीका जोगी देवताका धामी धनीकोली पनि बताउनुहुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेदः चार

४.१ निङ्गलासैनी भगवतीको उत्पत्ति र महिमा

बैतडी जिल्लाको मध्य क्षेत्रमा खपऱ्यासँग भएको ठुलो द्वन्द्वको नेतृत्व निङ्गलासैनी भगवतीले गरेको तर्क सर्वमान्य छ। सबै भेकबाट यसलाई स्विकारिएको छ। यो कुरा विभिन्न ठाउँका गीतहरूबाट पनि प्रमाणित हुन्छ। सामान्य धार्मिक पुस्तकहरूमा नौ बहिनी दुर्गा भने तापनि यहाँ बैतडीमा सात बहिनी भन्ने गरिन्छ। त्यसमा पनि जेठी निङ्गलासैनीलाई मान्ने गरिएको छ। अन्यमा रैण्यासैनी, मेलौली, डिलासैनी, बोदलासैनी, पोटलासैनी, कफलासैनीलाई मानिएको छ।



निङ्गलासैनी मन्दिर, देहीमाडौं

डोटी क्षेत्रको प्राचीन इतिहासका लेखक जितसिंह भण्डारी (पृ. १४९) लेख्छन्–"भागेश्वर भाइ (देउता) र नौ बैनी भगवती" भनी ढोलङ्गे ठाडाखेलमा निङ्गलासैनीलाई भागेश्वर देवताकी सबैभन्दा जेठी बैनी हुन् भनेर गीत गाउने चलन रहेको छ।

निङ्गलासैनीको शिला निगालाको झ्याङमुनि लावड (विश्वकर्मा जाति) ले आफ्नो र बोहराको गाई गोठाला जाँदा पाएका थिए। बोहरा क्षत्रीका गाई चराउने क्रममा उक्त ठाउँमा दुहिने हुँदा बोहराकी श्रीमतीले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चेवा बसी थाहा पाइन् । त्यहाँ देखिएको शिलामा रिसले चुर भई हँसियाले हान्दा रगत बग्न थाल्यो । सँगै रहेको गोठालो लाबडले आफूले प्रयोग गरेको बोराको थाङ्नो अर्थात् बोद्लोले छोपिदिएछन् । जुन केही छिनपछि नै ऊनीको पस्मिना (पोटलो) मा रूपान्तरित भएछ । जितसिंह भण्डारी जो निङ्गलासैनीका अँठेली (पुजास्थलतिरका) मुखिया खलकमध्येका हुनुहुन्छ, उहाँ *प्राचीन इतिहास* (पृ. १४८) मा लेख्नुहुन्छ– *"शिला छोपेपछि आकाशवाणीबाट म फुटलिङ्ग भगवती हुँ, मेरो पूजाआजा चलाऊ" भन्ने शब्द ध्वनि उत्पन्न भएछ । पुनः भनेछन्– "बोहरा जातकी स्वास्नीमान्छेले मेरो नजिक नआउनू र मेरो जात्रा हेर्न पाउने छैनन् ।" यसरी, शाश्वत रूपमा दर्शन दिएको देखिन्छ । जसरी शाहवंशका राजालाई "अबउप्रान्त मेरो दर्शन गर्न नआउनू, आएमा तिम्रो नाश हुने छ ।" भनी किराँतेश्वर बुढानीलकण्ठले सपनामा दर्शन दिएको किंवदन्तीअनुसार सत्तामा रहँदा शाह वंशका कोही पनि राजाहरू बुढानीलकण्ठको दर्शन गर्न नगएको घटना निकै चर्चामा रहेको छ ।* निङ्गलासैनीले बैतडीको सदरमुकाम क्षेत्रलगायत पाँच सय डाँडा र मल्लो स्वराड क्षेत्रलाई समेटेको छ ।

अर्थात् तिनै क्षेत्रका सबै जाति समुदायले ठुलो श्रद्धासाथ पूजाआजा गर्ने गर्छन् । अहिले यो मन्दिरस्थल दशरथचन्द नगरपालिकाको वडा नं. २ मा रहेको छ । पुरानो दशरथचन्द राजमार्ग अहिले पुष्पलाल मध्यपहाडी लोकमार्गभित्र पर्ने सडक मन्दिरस्थलको बिचबाट गएको छ । यसको दायाँबायाँ बजार निकै विस्तारित भएको अवस्था छ । लगभग चारैतिर सडक सञ्जाल फैलिएको छ । स्वराडी र बैतडाको जाँत (जात्रा) आउने बेलाको ठुलो महत्त्व हुन्छ । त्यो बेला एक्कासि कुहिरो लाग्ने हुन्छ । यसलाई दैवी शक्ति मानिन्छ । चैत्र दशमी, भाद्र चतुर्दशी, आश्विन शुक्ल दशमी, पौषको औँसी तथा पूर्णिमाको दिन मेला लाग्ने गर्छ । सुदूरपश्चिमका शक्तिपीठहरूमा काटिने राँगाहरूमध्ये सबभन्दा बढी यही मन्दिरमा काटिन्छन् ।

४.२ निङ्गलासैनीको भूमिका

सर्वप्रथम रैण्यासैनीले खपऱ्याको त्रासपूर्ण सन्देश र त्यस क्षेत्रका देवताहरूको असङ्गठित शक्ति एवम् व्यक्तिगत संरक्षण दिन थालिएको थियो । यस्तो अवस्थामा खपऱ्यालाई जगन्नाथले गुप्त मन्त्रणा दिन थालेपछि र त्यसको अगाडि दानेश्वर र मसानीले दासत्व स्वीकार गरिसकेपछि निङ्गलासैनीलाई पिठी आडो अर्थात् सहयोग गर्न दूत पठाउनुभयो । तर, त्यतिन्जेल बैतडीभित्र खपऱ्याले आफ्नो प्रभाव जमाउन थाल्दा केही सिप नलागी रैण्यासैनी आफै भागी निङ्गलासैनीकहाँ देहीमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आएकी थिइन् । उक्त अवस्था देखेर निङ्गलासैनी पनि निकै चिन्तित भइसकेकी थिइन् । तल्लो स्वराड र माथ्लो स्वराडका शक्तिशाली देवताहरूसँग पत्र लेखी दूतहरू पठाई झौलेकमा उहाँले एउटा बृहत् भेला बोलाउनुभयो । विभिन्न ठाउँका गीतहरूमा विभिन्न शैलीले यस प्रसङ्गको वर्णन गरिएको पाइन्छ । लोकमणि भट्ट आफ्नो गीतमा भन्नुहुन्छ–

निङ्गलासैनीको मिलोमतो भयो
सातबैनी दुरगालाई कागत पठायो ।
सोल सिपाइललाई कागत पठायो
बाह्रसय दानवलाई कागत पठयो ।

सात बहिनी दुर्गाको मिलोमतो भयो
सोल सिपायलको मिलोमतो भयो
बाह्रसय दानवको मिलोमतो भयो ।

झौलेक, दशरथचन्द नगरपालिका, बैतडी ।

निङ्गलासैनीले सम्पूर्ण दुर्गाबहिनीहरूलाई, सोह्रओटा शिवालयहरूलाई र बाह्र सय दानवहरूलाई चिठ्ठी वितरण गरी बोलाउनुभएको थियो । यहाँ खपऱ्यालाई दानव भनेपछि फेरि त्यससित नै लड्न बाह्र सय दानवहरू कसरी गए होलान् भन्ने प्रश्न चिन्ह खडा हुन्छ । यसबारे मनन गर्दा के देखिन्छ भने वर्णवादी व्यवस्था आफूहरूका लागि त्यत्तिको घातक होला भनेर ठम्याउन नसकुन्जेल दानव भनिएका अवैदिक समुदायको ठुलो भागलाई साम, दाम, दण्ड, भेदको नीतिद्वारा आफूतिर

CC-0. Nepal Sanskrit Academy, Kathmandu
मिलाइसकेको हुँदा तिनीहरू पनि खपऱ्याविरुद्ध उठेको देखिन्छ। विभीषणले पनि रामलाई साथ दिएका थिए। तसर्थ पनि देव-दानवले मिलेमतो गर्नुभयो। खपऱ्यासँग लड्ने योजना बनाउनुभयो। त्यसरी सबै ठाउँबाट खेदिएका अर्थात् बोलाइएकाहरूको एउटा ठुलो कटक अर्थात् सैन्य दल बन्न गयो। तिनीहरूलाई देहीमाडौँ र पालीको तल रहेको सम्म स्थल भौलेकमा जमघट गरियो। यसलाई गीतमा यसरी व्यक्त गरिएको छ–

खेड्यामेड्या कटकको काँ होला थाउ
खेड्यामेड्या कटकको भौलेक थाउ।
भौलेक आइबरे गठन भयो।

४.३ ग्वाल्लेक केदारको बेवास्ता

अठौती मल्लसँग लड्न शिवका विभिन्न अंशहरू जसलाई शिवायल वा सिपायल भनिएको छ, जानुभयो। जस्तै कैलपाल, कनल्या, असिमी आदिहरूको भेकअनुसार युद्धमा सहभागी भएको देखिन्छ। तर, शिवको मूल स्वरूप मानिने ग्वाल्लेक केदारसँग युद्धमा साथ सहयोगका लागि आग्रह गर्दा उनले लोकमणि भट्टको गीतले भने झैँ उनको जबाफ आउँछ– मलाई रगतको डर लाग्छ र घाउ देखेर घिन लाग्छ। फेरि तिम्रो त्यस कटकको पनि मलाई केही वास्ता छैन। यसो भन्दै गुफाभित्र जानुभयो।

४.४ विभिन्न देवीदेवताको हतियार

लोकमणि भट्टको गीतअनुसार–

दुर्गा मेलौली साडी समायी
निङ्गलासैनीले बरषी समायी
रैण्यासैनी माइले ढाल समायी
मठैराज देवताले गुर्ज समायो।

मेलौलीका गणेश दयालको सङ्कलित गीतअनुसार–

कालु सैनी देवता क्याउको छ पाइक ?
कालु सैनी देवता कटरिया पाइक।
बेरोटो देवता क्याउको छ पाइक ?
बेरोटो देवता हतरिया पाइक।
भनेर वर्णन गरेका छन्।

४.५ खपऱ्याकी आमा र श्रीमतीको सपना सन्देश

बैतडी जिल्ला प्रवेश गरी स्वराड क्षेत्रमा प्रवेश गर्नुपूर्व कलियाकी आमालाई एउटा सपना भएको प्रसङ्ग पनि प्रस्तुत गर्ने गरिन्छ। हुनुपर्ने त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

के थियो भने त्यसको वर्णन घरबाट निस्किनुपूर्व प्रस्तुत गरिनुपर्थ्यो । तर, सम्भवतः त्यो सपना उनलाई पछि भएको र आफ्नो दूतमार्फत खबर त्यहाँ पठाइएको पनि हुन सक्छ ।

धुम्मारीका रूपमा व्यक्त गरिने सपनालाई गिदरा लोकमणि भट्ट यसरी प्रस्तुत गर्नुहुन्छ–

जन चलै कलिया स्वराड गड
बडा बडा देव छन् स्वराड गड
सात बहिनी दुर्गा स्वराड गड
सोल सिपाइल स्वराड गड
बाह्र सय दानव स्वराड गड
जन चलै कलिया स्वराड गड

सन्देशमा आमा भन्नुहुन्छ– कलिया (कसैको गीतमा अठौती पनि भनिएको) तिमी स्वराड गढमा नजानू, त्यहाँ सात बहिनी दुर्गालगायतका ठुल्ठुला देवताहरू छन् । सोह्र शिवाइल (शिवका रूपहरू) र बाह्र सय दानव पनि त्यही ठाउँमा विद्यमान छन् । यसबाट के प्रस्ट हुन्छ भने खसबाहुनहरूका देवताहरू स्थापित गरिनुपूर्वदेखि नै अनार्य शूद्रहरूका देवताको बाहुल्यता (बाह्र सय दानव भनिएको छ) रहेको देखिन्छ । बिस्तारै तिनलाई आर्य समुदायले आफ्नो पक्षमा पारी खपऱ्याविरुद्ध लड्न तयार पारेको देखिन्छ । यी कुरा तिनकी आमालाई पहिला नै जानकारी रहेछ । फेरि, आफूलाई कुलक्षिणयुक्त सपना भएको सन्देशको सम्प्रेषण गीतमा यसरी गरिएको छ-

मुण्डाकी गीर खेलना धेक्या
गिद्धकी पूजा लगौना धेक्या
कानका मुजुरा बजौना धेक्या
ढटराकी ढोल्डा बजौना धेक्या
भँटाका धनुष बनौना धेक्या
नल्याकी बाँसुली बजौना धेक्या
रक्त की नन्नी बगना धेक्या
जन चलै कलिया स्वराड गढ
गिद्द करौना मैले धेक्या
स्याल करौना मेले धेक्या ।
जन चलै कलिया स्वराड गढ ।

गीतको भाव र सन्देश उनले सपनामा टाउकाको गिर खेलेको, गिदीको पूजा लगाएको, कानहरूका मजुरा बनाई बजाएको, दाँतहरूको हार लगाएको, सिङ्गो छातीको अस्थिपञ्जरको ढोलक बजाएको, करङहरूका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

धनुष बनाउन लागेको, नलीहाडको बाँसुरी बजाएको, रगतको नदी नै बगेको देखेको भन्ने रहेको छ । साथै गिद्ध र स्यालहरू पनि कराइरहेका थिए। अतः अठौती तिमी यस्ता अपशकुन भइरहेका अवस्थामा पनि स्वराडतिर लड्न नजाऊ, भन्नुहुन्छ।

केही गीतकारहरूले भन्ने गरेका छन्– तिनलाई बाटोमा खान सजिलो होला भनेर उनकी श्रीमतीले लड्डु बनाउन खोज्दा फुटिहाल्छन्। राम्रो किसिमले कुटेका चामल पनि सेता भएनन्। लुगा धुँदा गुडमैला अर्थात् राम्ररी सफा हुँदैनन्। तसर्थ, श्रीमान्लाई यस्ता अशुभै-अशुभ भएको अवस्थामा लडाइँको मैदानमा जानु उपयुक्त छैन भनेर भनेको प्रसङ्ग पनि यसै सिलसिलामा आउने गरेको पाइन्छ। यस प्रसङ्गलाई यो रूपमा प्रस्तुत गर्ने गरिन्छ–

जनचल स्वामी मेरा स्वराड गड
बाटिबुटि लाडु चिउरा माँझ फुटि ग्यान
कुटिकाटि चामलका निरमैला भ्यान
धोइ धाइकि लुकुडि निरमैलि भइछ
जनचल स्वामी मेरा स्वराड गड ।

समष्टिमा हेर्दा हिन्दु धर्मका मूल्य मान्यताका विरुद्ध खपर्‍याले छेडेको जेहादबाट सबै आर्यगण र तिनीसँग गाँसिन पुगेका अनार्यहरू मिलीजुली एउटा गठबन्धन बनाउन सफल हुन्छन्। त्यसको नेतृत्व निङ्गलासैनी भगवतीका प्रतिनिधि पात्रहरूले बैतडी स्वराडको मध्य क्षेत्र झौलेकमा गर्दछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेदः पाँच

५. देवीदेवताहरूका युद्ध समूहहरू

५.१ योद्धा देवताहरूसँग सम्झौता

एउटा किंवदन्तीअनुसार के प्रस्ट भइरहेको छ भने देवताहरूमध्ये पनि केही वीर र साहसी देवताहरू जो खपऱ्यासँग वैध-अवैध किसिमले पनि लडेर परास्त गर्ने छन्, तिनीहरूसँग युद्धपश्चात् विभेद गरिने छैन। अर्थात्, खपऱ्यासँग प्रत्यक्ष मल्लयुद्ध गरेर होस् वा अभक्ष्य पदार्थको प्रयोग गरेर लड्नुपरे पनि लडेर परास्त गरुन्। विजयपछि एकै थालमा खाना खाने र एकै खला (स्थल) मा खेल्ने छौं भन्ने सर्त गरियो। अर्थात् खानपानको मामिलामा र एकसाथ उठबसको व्यवहारमा कुनै किसिमको विभेद गर्ने छैनौं भन्ने नेतृत्वकर्ता देवीदेवताहरू चाहे ती निङ्गलासैनीलगायतकी देवी होउन् वा रौलाकेदार, सिगास, भागेश्वर र गन्याप नै किन नहुन्, ती सबैले सर्त गरेका किम्बदन्तीहरू छन्।

सबैले बोलकबोल गरेको देखिन्छ। यसबाट कुन कुरा स्पष्ट भइरहेको छ कि तत्कालीन ती देवताहरूले खानपानको मामिलामा आफ्नो जीवनचर्यामा जुन किसिमको पद्धति अथवा संस्कारको अवलम्बन गर्दै आइरहेका थिए, त्यसभन्दा भिन्न शैलीको आचरण र संस्कृति बोकेको हुनुका साथै देवताहरूमाथि गर्ने आक्रमणको शैली, पवित्रता र अपवित्रतासँग जोडिएको हुँदा पहिला नै किटानी गरेर साहसी देवताहरूले प्रस्ट पार्न खोजेको देखिन्छ। निर्णायक देवीदेवताहरूले पनि आपत्‌बाट मुक्त हुन उनका प्रत्येक सर्तलाई स्वीकार गरेको देखिन्छ। तत्पश्चात् मात्र खपऱ्याको सैन्य शक्तिसँग लड्न विभिन्न खाले क्षमता र रणकौशल भएका देवीदेवताहरू तत्पर भएका छन्।

५.२ झौलेकमा भएको द्वन्द्व

अठौती मल्लसँगको ठुलो सङ्घर्ष ऐँच्याकाँडामा भए तापनि त्यसभन्दा पूर्व प्रत्यक्ष मल्लयुद्ध छड्देवताको मन्दिर स्थलमा भएको थियो। जहाँ हाल द्वितीयाको मेला पनि लाग्ने गर्दछ। झौलेकमा युद्ध भएको हो भन्ने पक्षमा बोल्ने र प्रमाण प्रस्तुत गर्नेको भने कमी छैन। गगनसिंह भण्डारी गीतको एक टुक्रामा भन्छन्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खेड्यामेड्या कटक-झौलेक जुझ ।

यसबाट पनि झौलेकमा क्षणिक समयका लागि भए पनि द्वन्द्व त भएकै रहेछ भनेर बुझ्न सकिन्छ । यस क्षेत्रमा सिद्ध र टोकट्या जातिका मान्छे पनि बस्ने हुँदा यहाँ खपऱ्याले गरेका आतङ्कमध्येको एउटा प्रसङ्गको वर्णन गणेश दयालको गीति सङ्कलन पुस्तक पृ. १४७ मा भनिएको छ–

काटीकुटी बाकरीको गाडि हाल्यो गिद्ध
तल खायो टोकट्या पुर खायो सिद्ध ।

उक्त ठाउँमा भएको मल्लयुद्धले गर्दा दुईओटा खाडलहरू बनेको अझै पनि प्रत्यक्ष देख्न सकिन्छ । अहिले पनि उक्त खाडल त्यही युद्धको परिणाम भएको भन्ने गरिन्छ । पहिला ती खाडल ठुला थिए । अहिले ती खाडल संरक्षणको अभावमा पुरिँदै गएको अवस्थामा छन् । एउटा ठुलो आकारको खाडल छ, जसको व्यास लगभग ६-७ मिटर छ । अर्को अलि सानो खाडल छ, जसको व्यास करिब ४-५ मिटर जति रहेको देख्न सकिन्छ । यहाँ खपऱ्यासँग प्रत्यक्ष लड्नेमा सैँपाल देवतालाई मानिन्छ । जसलाई हाल कपर्तका वड र पालीका लोहार समुदायले कुलदेवताका रूपमा पूजाआजा गर्ने गर्दछन् ।

सुदूरपश्चिमतिर सैँपाललाई पनि एउटा शक्तिशाली देवताका रूपमा मान्ने गर्दछन् । यी देवता पनि पहिला गैरदलित समुदायमा ठकुरी जातिले मान्ने गर्दथे । अन्य समुदायले पनि यिनलाई श्रद्धा र सम्मान गर्छन् । वड र लोहार समुदायमा देवता काम्ने भए तापनि कसैले खपऱ्यालाई उक्त ठुलो खाडलमा दमन गऱ्यो, पुऱ्यो भने तापनि त्यो सत्य ठहरिँदैन । यसैसँग धिरवाई सुनिका स्व. गिदरा दासी जोशी भन्नुहुन्थ्यो–

ग्वाल्लेक थरौट ठोक्या दमाउँ
अठौती मल्ल भाग्यो कुमाउँ ।

उक्त ठाउँको द्वन्द्व त्यत्तिको उल्लेखनीय नभए पनि देवताहरू त्यतिखेर तयारीका क्रममा नै रहेको प्रतीत हुन्छ । झौलेक धिरवाई सुनिका दानी लोहारले यस भेला र द्वन्द्वबारे राम्रो जानकारी गराउनुहुन्छ ।

५.३ पाटनको युद्धमा महाबलशाली बनारसीको भूमिका

क. भौगोलिक परिचय

हालको मध्यपहाडी लोकमार्गअन्तर्गतका १० ओटा नयाँ सहरहरूमध्येको एउटा अन्तिम बिन्दुको विकासोन्मुख सहर हो पाटन । बैतडी जिल्लाको सदरमुकाम क्षेत्रपछिको पाटन दोस्रो सहर हो । विकास निर्माण र राजनीतिक हिसाबमा पनि यसलाई कान्छो ठान्ने गरिन्छ । तर नेतृत्व,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चेतना, भौगोलिक बनोट र सेवा सुविधाको दृष्टिमा पाटन तीव्र गतिमा अगाडि बढिरहेको छ। दशरथचन्द नगरपालिकापछि घोषित भएको नगरपालिका पाटन हो। स्थानीय तहको नयाँ संरचनाअनुसार यसको भूगोल निकै बढिसकेको छ। यसको मध्य भागबाट लोकमार्ग गएको हुँदा यातायातमा निकै सुविधा छ।

खोड्पेबाट बझाङ जाने पक्की सडक र पाटन पञ्चेश्वर सडकबाट दक्षिणी भागले निकै सुविधा पाइरहेको छ। वडा-वडाहरूमा सडक सञ्जाल फैलिरहेको छ। हवाई अड्डा पुनः नव निर्माण भइरहेको छ। क्याम्पस र दश जोड दुईका साथै प्राविधिक शिक्षाका लागि आफ्नै भवन निर्माण भई कक्षा सञ्चालन भइसकेका छन्। सांस्कृतिक क्षेत्रमा मठ मन्दिरहरूको नवनिर्माण धमाधम भइरहेको छ। पाटनलाई दायाँबायाँ पारी बग्ने सुर्नया नदीले पाटनलगायतका समथर भूभागहरूलाई अन्नका भण्डार बनाएकै छन्।

सुर्नया नदीको जलप्रवाहबाट बिजुली निकाल्ने काम उहिलेदेखि नै आरम्भ भइसकेको हो र अझ पनि ठाउँठाउँमा चलिरहेको छ। ऐतिहासिक सम्पदामध्येको सङौडकोट पनि पाटनको मुटुमा छ। अरू चन्द शासकहरू डोटी अथवा कुमाउँ राज्यका करद भए पनि खेम चन्दले स्वतन्त्र राजा बन्ने इच्छा गरेका नै हुन्। तर आफ्नै अतिवादी क्रियाकलापले गर्दा आफ्नो र भाइबन्धुहरूको पतन गराएको ऐतिहासिक किल्ला सङौडकोट पर्यटकहरूका लागि आकर्षणको केन्द्र बन्दै छ। पञ्चायत कालमा बनारसीको मन्दिर स्थानबाट सुरुङमार्गबाट नहर ल्याएर विद्युत उत्पादन र सिचाईंको सुविधायुक्त नहरमार्गले पनि लामो समयदेखि सबैको ध्यान तान्ने काम गरेको छ।

बैतडी जिल्लाको विमानस्थल पनि यसैको केन्द्रमा रहेको छ। तर, मध्य ऐतिहासिक कालमा खपऱ्या भनिने अठौती मल्लसँग ठुलो सङ्घर्ष गरी देवताहरूको संरक्षण गर्ने महाबलशाली देवता बनारसी पनि यसै क्षेत्रमा ख्यातिप्राप्त भई स्थापित भएको देखिन्छ।

ख. धार्मिक सम्पदाहरू

पाटन नगरपालिका धार्मिक एवम् सांस्कृतिक रूपमा पनि भरिपूर्ण छ। यहाँका सबै देवताहरूमा सर्वशक्तिमान र निर्णायक मानिने बनारसीको मन्दिरस्थल पाटनको केन्द्रबाट लगभग ४ किलोमिटर उत्तरपूर्वमा पर्दछ। उदयदेव महाराजको ठाकुर मन्दिर भव्यताका साथ पाटनको केन्द्रमा उभिएर सबैको ध्यान केन्द्रित गरिरहेको छ। पाटन नगरपालिकाका अन्य देवस्थलहरूमा सिलङ्गाको महारुद्र, बारागर, पाटनकै भीमराज, बेताल,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

डाँडाबाग, कैलपाल, सिमडो, सिद्धराज, तिपतऱ्या, मसानी, काल्सैनी, कृष्ण मन्दिर, अनिरुद्ध, लाटो, निलपाल र सहस्रलिङ्ग आदिका साथै स्वर्णिम पिपलको शिवालय क्षेत्र पनि सुन्दर मनोरम धार्मिक स्थलका रूपमा रहेको छ। समुदाय स्तरका थुप्रै देवस्थलहरूले भरिभराउ छन्। कल्तडीको नामुद धार्मिक क्षेत्र ब्रह्मकेदार पनि यसै नगरपालिकाभित्र रहेको छ।

ग. बनारसीको उद्भव

पाटन नगरपालिकाको वडा नं. ३ स्थित बैना र गुजर गाडको फेददतिर सुर्नया नदी र गुजर गाडको दोभानतिर अवस्थित बगरमा वैश वृक्षहरूको झ्याङमुनि बनारसीको पूजास्थल छ। जनश्रुतिअनुसार मानी चन्दहरूको पूजास्थलपारिको नेती सेरामा जेबड्याका लाबडले गोरु जोतिरहेका अवस्थामा एक्कासि गोरु रोकिन गए। एउटा सर्प हलो हुँदै जुवामा गई बस्दा हली डराएर बयानी लोहारकहाँ गएछन्। बयानी त्यहाँ जाँदा सर्प देखिएन तर हलो अड्केको ठाउँको माटो पन्छाई हेर्दा एउटा शिलाबाट रगत बगेको देखा पऱ्यो। सबै गाउँलेहरूलाई उक्त घटनाबारे जानकारी गराइयो। बयानी लोहारलाई भएको सपनाअनुसार बैंसको रुखमुनि शिला राख्ने आदेश प्राप्त भएपछि सारिएको कुरा बथ्थीका बयानी नरीराम लौहार बताउनुहुन्छ। त्यसै गरी कलतडीका रामदत्त भट्ट भन्नुहुन्छ– बनारसी देवता मानी चन्दका पूर्वजहरूले पाएका हुन्। स्थानीय करुणाकर पन्त भन्नुहुन्छ– मानी चन्दको गाई दुहिने शिला लाबड (विश्वकर्मा) ले पाएको हो। खिपालीका विश्राम लोहार बनारसीबारे भन्नुहुन्छ– मानी चन्दकी आमाले पाएकी हुन्। केही दिन जेबड्याको लाबडलाई दियो, त्यसले पुज्यो। बनारसीको विशेषताबारे विश्राम लोहार यसरी बताउँछन्– आगोको ज्वालाभित्र प्रवेश गर्ने, आगो खाने, बालुवा खाने, गुर्ज चट्टानभित्र पसाउने र तताएको गल दुहुनेजस्ता शक्ति अवस्थाअनुसार प्रदर्शन गर्ने देवता हो बनारसी। टुँडीगैर पाटनका बहादुर बिष्ट पनि बनारसी मानीचन्दको हो भन्नुहुन्छ।

पाटन नगरपालिका- ६ का वीरबहादुर चन्द भन्नुहुन्छ– बनारसी चन्दहरूको हो। *स्मरण रहोस्, जगन्नाथ, नागार्जुन, राताशिल, निङ्गलासैनीदेखि थुप्रै शक्तिशाली देवताहरू सुदूरपश्चिम र कर्णालीका अनादिकालीन रैथाने मूलवासी शिल्पी जाति आजको भाषामा दलितले पाए पनि खसबाहुनहरूले कुनै न कुनै बहानामा गैरदलितका सामन्त र वर्णवादी शासकवर्गले कब्जा गर्ने वा त्यागने परम्पराअन्तर्गत बनारसीको पनि त्यही अवस्था देखिन्छ। जो खपऱ्यासँग लड्नुपूर्व आगोसँग खेल्ने जाति प्रमाणित रूपमा आजसम्म विश्वकर्माबाहेक अरू को छ ? कलिया पनि त्यही हो।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बनारसी मन्दिर, पाटन, बैतडी ।

अरूको अड्कल र कल्पनाले त उही अरू देवता कब्जा गरेकै नियति दोहोरिन पनि सक्छ। खपऱ्यालाई परास्त गरी यहाँका देवीदेवता र संस्कृतिको संरक्षण गरेपछि विभेद भए पनि शक्तिसम्पन्न भई प्रत्येक वर्ष माघ शुक्ल दशमीमा ठुलो जात्रा लाग्ने गर्दछ। धामी बयानी लोहारको हुने गर्दछ। बनारसीको वास्तविक नाम मसानी हो। बनारसी यस ठाउँको मसानघाटको नाम हो। बनारसीलाई केदार र सिगासले बाइसताल भनेर पनि सम्वोधन गर्दछन्।

५.४ बृहत् भेलाद्वारा खपऱ्याको प्रतिकार गर्ने निर्णय

अठौती मल्लले निङ्गलासैनी क्षेत्रमा प्रवेश गर्नुअघि नै रैण्यासैनीको आग्रहअनुसार र आफ्नो संरक्षण हेतु पनि निङ्गलासैनीले व्यापक रूपमा आफ्ना दूतहरूमार्फत कागज अर्थात् चिठ्ठी पठाई खपऱ्याको प्रतिकारका लागि साथ सहयोग गर्न सन्देश दिएपछि उपल्लो स्वराडका सानाठुला देवताको भेला सैनदेव भन्ने ठाउँमा बोलाइयो। जुन ठाउँ बनारसी स्थानबाट आधा किलोमिटर तल सुर्नया नदीको पारि सल्लाघारीको समथर जमिनमा अवस्थित छ। यस भेलामा पाटन क्षेत्रका मात्र नभई रौलाकेदारको आलिकेरका र सिगास देवताको च्वाँगड क्षेत्रका देवीदेवताहरूको पनि संलग्नता भएपछि त बृहत् भेला भएको अनुमान स्वतः लगाउन सकिन्छ।

द्वन्द्वपछि रौलाकेदार र सिगाससँग बनारसीको संवाद र सङ्घर्ष हुन जान्छ। त्यसबाट प्रस्ट हुन्छ कि यिनीहरूको महत्त्वपूर्ण भूमिका पनि यस सङ्घर्षमा आफ्नो र आफ्ना क्षेत्रको सुरक्षाका लागि रहेको थियो। यस भेलामा पनि फेरि झौलेकमा भएको छलफल जस्तो को-को कसरी-कसरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लड्ने ? लडाकुहरूसँग युद्धको परिणामपछि कस्तो व्यवहार गर्ने ? भन्ने बोलकबोल हुन जान्छ। यसै प्रसङ्गबारेको एउटा गीतिबोल बनारसीका धामी खिपाली बस्ने झुले लोहार भन्नुहुन्छ–

"खपऱ्या दैंत सिंउ चडि आयो, कैसे गरुँ मेरा भाइ"

यस्तो विपत्ति टाउकामा आएपछि त सबै देवताहरू काम्न थाले। पाटन नगरपालिकाका स्थानीय बौद्धिक व्यक्तित्व एवम् राष्ट्रसेवक कर्मचारी कर्णबहादुर बिष्टको मतानुसार विकराल ढङ्गले देवताहरूमाथि आक्रमण गर्दै आएको खपऱ्याको समाचारले देवताहरूले आआफ्नो क्षेत्र छोडी भाग्ने अवस्था सिर्जना भएको थियो। यसपछि आपसी विचार विमर्श र छलफल गर्दा गाईको साँप्रो लिएर प्रहार गर्दा मात्र खपऱ्या मार्न सकिन्छ। त्यसको बिँडो कसले उठाउने भन्ने प्रश्न खडा भयो। मेलौली नगरपालिका-५ खलिगाड सुनिका हरिसिंह पुजारा प्रस्ट रूपमा भन्नुहुन्छ– खपऱ्याले देवताहरूलाई गाईको मासु खुवाउन खोज्दा देवताहरू थर्कमान भएका हुन्।

त्यसै अवस्थामा बनारसी देवता सशक्त ढङ्गले आफ्नो नौ मन (प्रायः जसो गुर्जधारी देवताका बारेमा नौ मन नै भन्ने गरिन्छ) को गुर्जु उचालेर काम्दै आक्रोशित भई भन्नुहुन्छ– त्यस खपऱ्यालाई अरू को मार्ला र ? म मार्छु। तर, भोलिको दिन मलाई हेलाँहोचो गर्न पाइने छैन भनेपछि रौलाकेदार, सिमडो, सिगासलगायतले वाचा गर्दै भने- "एकै थाल खाउँला र एकै थली नाचौँला, तिमी खपऱ्यालाई मार। दुनियाँको सिख भोग तिमी नै खाउला (सबै प्रकारको भेटी), न्याय निसाफ तिमी नै गरौला र तिम्रो ठुलो चल (प्रसिद्धि) होला, लौ मार" भनेपछि बनारसीले स्वीकार गरेको कुरा गीतमा यसरी व्यक्त गरिएको छ–

खपऱ्या मारी निर्दल पाइलो
सारा सृष्टिकी खाउँलो भोगाइ।

यस किसिमले विभिन्न देवताहरू भनौँ उक्त देवताका धामीहरूले आफू कुन कुन गाउँमा कसरी र कुन किसिमको रणनीतिले लड्ने भन्ने कुराको प्रस्तुति गरी खपऱ्याको प्रतिकारका लागि तत्पर हुन्छन्। बनारसीलाई अगेवानी (अगुवा) बनाइयो।

५.५ पाटनको लडाइँ अन्योलमा

पाटन क्षेत्रमा लडाइँ भयो कि भएन भन्नेबारे फरक फरक मतहरू देखा परेका छन्। निर्णायक द्वन्द्व ऐँच्याकाँडामा भएकोमा बहुसङ्ख्यक सहमत छन्। केही व्यक्तिहरू यसबारे आफ्नो मत यसरी राख्नुहुन्छ– पाटन उदयदेउ मन्दिर तथा कैलपालका मूल पुजारी पं.कृष्णदत्त जोशीको मतानुसार खपऱ्यालाई बनारसीले सुर्नया नदीको तालमा च्यापेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हो तर निर्णायक लडाइँ ऐँच्याकाँडामा भएको हो। पाटन नगरपालिका (कल्तडीवासी) का नारददत्त भट्ट र किचारका दशरथ भण्डारी भन्नुहुन्छ– सलम्याबुँगा छलफल भयो र ओल्ली बराइलको खोचेमा लडाइँ भयो। पाटन नगरपालिका खिपालीका पूर्व शिक्षक शिवदत्त पन्तका कथनानुसार– सम्देवमा (सैनदेव) देवता बसी खपऱ्या लखेट्दै ऐँच्याकाँडा पुऱ्याई हरायो। बनारसी बलियो छ भनी, ऊसँग बाचा बचन दिई लड्न लगायो। धामीहरू काम्दै लड्दै गरेको हुनुपर्छ। धामी झुले लोहार अगाडि भन्नुहुन्छ–

धुइरन्ना लाटो मसानीका लोडा
छल पड्या खपऱ्याका घोडा

खपऱ्याको आक्रमणले महाकाली पार गरेर बैतडी प्रवेश गरेको खबरले पाटन क्षेत्रवासी आतङ्कित भई सैन देवको देवभेलाबाट बनारसी जस्ता महाबली वैध अवैध जस्तो युद्ध गर्न तत्पर हुन र तिनलाई सघाउन कालसैनी, लाटो आदिले पनि बचनबद्धता गरेपछि देवता पक्षले पनि द्वन्द्वपछि उहाँहरूसँग कुनै किसिमको विभेद नगर्ने र ठुलो मानसम्मान दिने कबुल गर्छन्। यस सम्झौतामा महत्त्वपूर्ण भूमिका रौलाकेदार, सिगास आदिको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेदः छ

६. खपऱ्यासँगको पहिलो मूल द्वन्द्व

खपऱ्या एवम् देवताहरूबिच भएको द्वन्द्व र त्यसबाट सिर्जना भएको विभेदबारेको अध्ययन क्षेत्रको व्यापकताले हालको सुदूरपश्चिम प्रदेश र कर्णालीका विभिन्न जिल्लाहरूका साथै भारत उत्तराखण्डको कुमाउँ मण्डललाई कुनै न कुनै रूपमा प्रभावित पारेको देखिन्छ। यहाँ आफ्नो विशेष कार्यक्षेत्र तपसिलबमोजिम बनाएर अध्ययन अनुसन्धान गरिएको छ। बैतडी जिल्लाको पहिलो ठुलो द्वन्द्व ऐँच्याकाँडामा नै भएको देखिन्छ।

६.१ ऐँच्याकाँडा द्वन्द्वको केन्द्र

बैतडी जिल्लाको दशरथचन्द नगरपालिकाको वडा नं. ७ अन्तर्गत पर्ने ऐँच्याकाँडा खपऱ्यासँग हुन गएका द्वन्द्वहरूमध्येको चर्चित र प्रमुख ऐतिहासिक ठाउँ हो। यो ऐतिहासिक ठाउँ पुरानो दुर्गास्थान गाउँ विकास समितिको सुर्काल गाउँकै बासिन्दाहरूको दोस्रो बस्ती पनि हो। लगभग एक हजार नौ सय मिटरको उचाइमा रहेको ऐँच्याकाँडाको पूर्वतिर सुर्कालगाउँ, पश्चिम लाछुमऱ्या, उत्तरमा बैतडी जिल्लाकै जैविक विविधतापूर्ण ग्वाल्लेक वनक्षेत्र रहेको छ। दक्षिणी भागमा शिवनोला र दुर्गास्थानको केदारेश्वर उच्च माध्यमिक विद्यालय क्षेत्र रहेको छ। प्राकृतिक रूपमा अति सुन्दर उच्च स्थल, धेरै टाढा टाढाबाटै पनि देख्न सकिने यहाँका बाँझका रुखहरूको विशेष बनोटले आकर्षित गर्दछ।

खपऱ्यासँग भएको द्वन्द्वस्थलको पश्चिमी र उत्तरी क्षेत्र केही साना मानव बस्ती भए पनि यसको दक्षिणपश्चिमको भिरालो खरबारीको मध्य भागमा अवस्थित समथर भूभागको बिचमा रहेको लगभग एक सय मिटर व्यास भएको पैंतिस मिटरजति गहिरो सोली आकारको खाडल रहेको छ। सहस्रलिङ्गको पूजास्थल बाँझका रुखहरूको झुन्डले अलि टाढाबाट हेर्दा एउटै रुखको आभास दिने सुन्दर संरचनाले आकर्षण थपिदिन्छ। साथै, दक्षिणपश्चिमका थुम्काहरूले पनि आफ्नै किसिमको शोभा दिएका छन्। जसमा ठुलो नेतृत्व गर्ने देवताहरूले द्वन्द्वको समय बसेर खपऱ्या एवम् देवताहरूको मल्लयुद्ध हेरेको भन्ने किंवदन्तीहरू रहेको पाइन्छ। हाल वृत्ताकार रूपमा बनाएको गौराको खलोले पनि यस इतिहासप्रसिद्ध स्थलको शोभा बढाएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ऐँच्याकाँडा क्षेत्रवरपर हाल बसोबास गर्ने जाति समुदायमध्येको मुख्य जाति बडु बाहुनमध्येका उपाध्याय र जैसीहरूको बाहुल्यता रहेको छ। त्यस आलिकेरको दोस्रो मुख्य जाति लोहार (विश्वकर्मा) हो। अन्यमा चन्दहरू, बोहरा, दमाईं (हुड्के), भण्डारी, पाण्डेय, पाठक, ओझा, शर्मा बाहुन रहेका छन्।

६.२ देवस्थलहरू

यी समुदायहरूले पुज्ने मुख्य देवताहरूमा असमीकेदार, कैलपाल, लाटो, सहस्रलिङ्ग आदि हुन्। आश्विन र चैत्र मासमा नवरात्रिको समय यी देवताहरूको विशेष पूजाआजा गरिन्छ। चैत्र १२ गते प्रत्येक वर्ष सुर्कालको सुरम्य स्थलमा भन्तलाकी जाँत (जात्रा) हुने गर्छ।

असमीकेदारको मूल पूजास्थल खपऱ्यासँगको द्वन्द्वस्थल ऐँच्याकाँडा भए पनि हालको मन्दिर ऐँच्याकाँडाको पूर्व र सुर्काल गाउँको पश्चिम दुईओटा साना खोलाहरूको दोभानमा अवस्थित छ। उक्त मन्दिर परिसरको नामबाट गठित असीमकेदार धार्मिक सेवा समितिद्वारा निरन्तर नवनिर्माण गरिएको छ।

पुजरागाउँको मूलबाटोको छेउमा कैलपाल र लाटो देवताका मन्दिरहरू रहेका छन्। जसमा कैलपालको मन्दिर आधुनिक ढङ्गबाट नवनिर्माण गरिएको छ। जसलाई गैरदलित समुदायले पूजा गर्छन् भने लोहार समुदायले आराध्य देवताका रूपमा पुज्ने महत्त्वपूर्ण लडाकु लाटोको मन्दिर उही माडौँ शैलीको पुरानै अवस्थामा कायम छ। ऐँच्याकाँडाको पश्चिम-दक्षिण भागतिर लगभग तीन किलोमिटर तल रहेको मेलौली नगरपालिका वडा नं. २ को कपर्त गाउँका माझमा सैपाल देवताको पूजास्थल छ। जसलाई अहिले त्यहाँका मूल बासिन्दा वड जातिले कूलदेवताका रूपमा पुज्ने गर्दछन्। बागचन्द ठकुरीहरूले पनि उत्तिकै श्रद्धाका साथ त्यसमा सहभागिता जनाउँछन्।

धान गोड्दा सैँपाल देवता चन्दका महिलाले प्राप्त गरेको तर देवताको वाणीअनुसार वड समुदायको नै पूजा खाने भनेपछि वड जाति (विश्वकर्मा) को धामी नै काम्ने गर्दछ। त्यसको ठिक मुनिको रौत गाउँमा भूमिराजको मन्दिर स्थल छ। त्यसका मुख्य मडाल (कारीबारी) भट्ट जाति छन्। त्यस गाउँको मुनि लगभग दुई किलोमिटर दुरीमा सुर्नया नदीको तटमा समैजी देवताको पूजास्थल रहेको छ। यो रुखहरूको ठुलो झ्याङमुनि अवस्थित छ। खपऱ्यासँगको लडाइँमा यी देवताहरूको आआफ्नो किसिमको भूमिका रहेको पाइन्छ।

ऐँच्याकाँडाको उत्तरतिर अवस्थित ग्वाल्लेक केदारको मूल श्रद्धास्थल धुरा केदार, लगभग ६ किलोमिटर दुरीमा अवस्थित छ। यसको उचाइ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

समुद्र सतहबाट लगभग दुई हजार आठ सय मिटरको अनुमान गरिएको छ। यस द्वन्द्वमा केदारको भूमिका तटस्थ रहेको देखिन्छ। ऐँच्याकाँडा क्षेत्रमा मस्टाको उपस्थिति पनि रहेको थियो। तर सम्भवतः यो द्वन्द्वपूर्व नै त्यसलाई गाउँबाट असीम (देवता) ले विस्थापित गरेको भन्ने किंवदन्ती रहेको छ। तिनीपछि मेलौली भगवतीले आफ्नो बलशाली वीरका रूपमा साथ राखेको कुरा यस क्षेत्रका जानकारहरू बताउँछन्। भग्नावशेषका रूपमा रहेको यसको मन्दिर अहिले पनि प्रत्यक्ष देख्न सकिन्छ। हाल यस क्षेत्रमा कच्ची सडक नै भए पनि लगभग सबै देवस्थलहरूलाई सडकले जोडिसकेको अवस्था छ। पाटन पञ्चेश्वर जाने सडकसँग कपर्त हुँदै दुर्गास्थान जोडिएकाले तल्ली स्वराड र पाटन स्वराडका धार्मिकस्थल खपऱ्यासँगको प्रमुख युद्धस्थल जोडिएको छ। ऐँच्याकाँडाको ऐतिहासिक स्थलमा मध्यपहाडी लोकमार्ग (दशरथचन्द राजमार्ग) को देहीमाडौँ (निङ्गलासैनी) भगवतीको मन्दिर स्थलबाट सडक पुगिसकेको छ।

उक्त सडक मेलौली नगरपालिका वडा नं. ३ को ढणौंन गाउँ, जो कि ग्वाल्लेक केदारको काखमा बसेको प्रतीत हुन्छ, त्यहाँबाट मेलौली नगरपालिकाकै वडा नं. ५ अन्तर्गत पर्ने पश्चिमको समतुल्य उचाइ रहेको ग्वाल्लेकसँगै जोडिएको सुन्दर भन्ज्याङ पेल्या हुँदै एक शाखा मेलौली भगवतीको धार्मिक स्थल जोड्न लामालेक जाने मार्ग रहेको छ। पेल्याबाट पनि अर्को शाखा ५ नं. वडाको तोली वनको धारैधार सडक तिताबै पुगेको छ। अर्को भित्री जङ्गलबाट पञ्चेश्वरको जेवलकट्या जोडिएको छ। यसबाट सुविधा देखिए पनि ग्वाल्लेकको जैविक विविधता र सौन्दर्यमा ठुलो ह्रास आएको छ। जब कि पेल्याबाट नै सीमाको विशाल खरबारीयुक्त पहराको ठिक मुनि रहेका मानव बस्ती सुनी, काफलकाँडा, गर्जल ताल, तिताबै हुँदै नेटाको खनेटास्थित देहीमाडौँ-पञ्चेश्वर सडकलाई जोडी यस क्षेत्रको देवस्थल, तिताबै ठाकुर मन्दिर, गाडदेव, गडवालिङ्ग, देवताल, जो महाकाली नदीमा अवस्थित छन्, अर्को सडकबाट जोडिँदै छन्।

उक्त सडक नेटाको खनेटामा जोडिएपछि ग्वाल्लेकजस्तो बैतडी जिल्लाकै विशाल जैविक विविधतापूर्ण वनले आफ्नो चारैतिर चक्रपथ पाउने छ। सुदूरपश्चिम प्रदेशको दोस्रो खप्तडका रूपमा विद्यमान ग्वाल्लेक पर्यटकको गन्तव्य स्थल बन्ने छ। खपऱ्यासँग द्वन्द्व भएका धार्मिक स्थलहरू पनि एकअर्कासँग जोडिने छन्। उक्त क्षेत्र अध्ययनकर्ताहरूका लागि समेत प्रमुख गन्तव्य स्थल बन्ने विश्वास गर्न सकिन्छ। ऐँच्याकाँडा असीम केदार स्थल पुग्न पाटन पञ्चेश्वर सडक खण्डको ज्ञाननौलाबाट कपर्त हुँदै पाटन क्षेत्र र मेलौली क्षेत्रका धार्मिक पर्यटकहरूलाई सुगम हुन गएको छ। ग्वाल्लेक जङ्गलका पुरांना पदमार्गहरू वनलाई कम क्षति हुने गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ढलानमा रूपान्तरित गर्दा सुन्दर सडक सञ्जालबाट भ्रमणका लागि सहज बनेको छ। देहीमाडौँ, पाली र स्याडी क्षेत्रका साथै देवताहरूको बृहत् एकता भेला गरिएको झौलेक, असीमकेदार र ऐँच्याकाँडा जोड्ने सडक देहीमाडौँबाट झौलेक स्याडीखोला हुँदै सुर्काल गाउँबाट प्रवेश गरी आवागमन सहज गरेको छ, ऐँच्याकाँडाका लागि।



समरस्थल, ऐँच्याकाँडा, दशरथचन्द नगरपालिका, बैतडी।

६.३ खपऱ्यासँग युद्धको तयारी

ऐँच्याकाँडा जुन ग्वाल्लेक केदारकै क्षेत्रभित्र पर्दछ, त्यससँग निङ्गलासैनीले तत्कालीन युद्धमा सहभागिताका लागि आग्रह गर्दा उहाँले स्वीकार गर्नुभएन। उनी गुप्त रूपमा बसे। दुर्गा बहिनीहरूको गठबन्धनअनुसार तल्लो स्वराड क्षेत्रबाट मेलौलीको नेतृत्वमा त्यहाँका सुरा देवताहरू त्यहीँ पुग्नुभयो। सिङ्गो स्वराड बैतडीको बृहत् भेला गरी आआफ्नै हातहतियार, कला, क्षमता देखिने गरी ऐँच्याकाँडामा खपऱ्या र उसको सेनासँग लड्न तत्पर हुन पुग्छ। त्यहाँ केही लड्ने सुरले आएका हुन्छन् भने केही बाध्यात्मक अवस्थामा पनि आफ्नो उपस्थिति देखाउन पुगेका हुन्छन्।

अठौती मल्लको विध्वंशकारी हावाहुरी लगाउने, बाढी पहिरो ल्याउने, अभक्ष्य वस्तुले प्रहार गर्ने, ठुल्ठुला दाह्रा भएको लट्टाधारी, बलिष्ठ शरीर भएको, मल्लयुद्धको पनि सिद्धहस्त पहलमान भएको भन्ने जस्ता सन्त्रासपूर्ण खबरबाट कमजोर मनस्थिति भएका देवीदेवताका धामी र तिनका पक्षधर आमजनता त त्यसै पनि सन्त्रस्त अवस्थामा रहेको हुनुपर्छ। किनभने द्वन्द्व आरम्भ भएपछि त कोही कान्लामुनि, कोही

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पासामुनि, कोही कतै लुकीलुकी र भागाभागमा पनि परेका थिए भन्ने किंवदन्तीहरू रहेका छन् ।

पुरानो असीमकेदार पूजास्थल, ऐँच्याकाँडा, बैतडी ।

भानदेव बडु आफ्नो प्रकाशित 'लोक देवताहरूको लडाइँ: लोक साहित्यको आँखीझ्यालबाट' (ब्लगबाट प्राप्त) मा लेख्नुहुन्छ– "परधर्मीले प्रवेश पाएपछि स्वराडमा युद्धको तयारी हुन्छ । सहस्रलिङ्ग देवताले सबैलाई दूत पठाएर कुमाउँबाट खप्र्या आएको खबर गर्छन् । भागेश्वर, सिमनाथ, रौलाकेदार, दोगडा, बनारसी, भूमिराज, समैची आदि देवताले मछाइन, हल्दु, दोगडा तिपडा र समैचीका सबै मसानवासी देवतासमेतको सेना लिई आउने बचन दिन्छन् । यो संयुक्त कटक निङ्गलासैनीमा जम्मा हुन्छन् । सहस्रलिङ्ग (असीमकेदार) देवतालाई माजी (मध्यस्थ, मुख्य नायक) नियुक्त गरिन्छ । यिनको सङ्कलित गिद (गीत) अनुसार–

खेण्यामेण्या कटकको को होलो माजि
खेण्यामेण्या कटकको ससालिङ माजि ।

६.४ काव्यमयी युद्धवर्णन

विभिन्न क्षेत्रमा विशेष गरेर गौरा पर्वमा र जाँतहरूमा ढोलक र मिजराको प्रयोग गरी खप्र्या र देवताहरूबिच भएको युद्धमैदानको सङ्घर्षबारे ठाडो खेलमा गाइने गीतहरूले तपसिलबमोजिम वर्णन गरेको पाइन्छ ।

भानदेव बडु लेख्नुहुन्छ–

निदानतः युद्ध सुरु हुन्छ । यहाँका देवताहरू यथाशक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आआफ्ना स्वभावअनुसार युद्धकला देखाउँदै लडाइँ गर्छन् । सहस्रलिङ्ग असीमकेदार बिरालोको जस्तो तरिकाले सतर्कतापूर्वक चुपचाप निगरानी गर्दै दाउ हेरेर प्रहार गर्दछन् । देवी दुर्गा कपाल फिँजाएर भीषण लडाइँ लड्छिन् । केदारले झमझम पानी बर्साएर, कैलपालले गर्दा खेलाएर, लाटो सैपाल देवताले अँगालोमा अँठ्याएर, भागेश्वरले तरबार, रौलाकेदारले तोपगोली (त्यस समयमा घुयैँत्रोको प्रयोग पनि गरिएको हुन सक्छ) भूमिराजले भाला लिएर युद्ध लडे । उदयदेवले बाजको जस्तो तरिकाले लडाइँ गरे । दुरै देवताको त हात नै टुट्यो ।

सिमनाथका द्वारपालले कानलिका मैदानमा छड्के मार हानेर पराक्रम देखाए । अन्ततः खपरेसहित बचेका सैनिक र सबै सहयोगीहरू कुमाउँ खेदिए । ग्वाल्लेक थरौटमा दमाउँ बजाइए । लोकगाथामा युद्धवर्णन यसरी गरिएको छ–

"जुजन पैठ सहस्रालिंग देवता बिरालिका भेष कठै विरालिका भेष
जुजन पैठ देवि दुरगा माथा फुका केश, कठै माथा फुका केश
जुजन पैठ केदार देवता झुमझुम्या पानि, कठै झुमझुम्या पानि
जुजन पैठ कैलपाल देवता गुर्जु पाणि छमछ्याट, कठै गुर्जुपणि छमछ्याट
जुजन पैठ लाटो देवता भिणि छ अँगाल, कठै भिणि छ अँगाल
जुजन पैठ सैपाल देवता भिणि छ अङाल, कठै भिणि छ अँगाल
जुजन पैठ भागेश्वर देवता तरवारको सहणाट, कठै तरवारको सहणाट"

सैपाल मन्दिर, पाली, दशरथचन्द नगरपालिका, बैतडी ।

यसै गरी आआफ्नो कला क्षमता प्रयोग गरी लडेको वर्णन गरिएको छ र अन्तमा अठौती मल्ल अथवा मेधनी मल्ललाई त्यसको सेनासहित पुनः कुमाउँतिर धपाएको वर्णन गीतमा यसरी गरिएको छ–

ग्वाल्लेक थरौट ठोक्या दमाउँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मान्यो मेधनी मल्ल खेद्यो कुमाउँ ।

मेलौलीका लोकमणि भट्टको गीतअनुसार युद्ध वर्णनः–

स्वराडका देवता रिस रिसया
दुर्गा मेलौलीले साँडी समायी
निङ्गलासैनीले बर्खी समायी
रैण्यासैनी माइले ढाल समायी
मठै राज देवताले गुर्ज समायो ।

अर्थात् आआफ्ना हातहतियार समाएर खपऱ्याको प्रतिकार गरेका थिए ।

यस युद्धको वर्णन डम्बरदत्त पाण्डेय यसरी गर्नुहुन्छ–

चार देव चार कुना बस्या
कालीसैनी नेल पैरोन्ना
नागार्जुन जाल हणन्ना
लटाराज कटारो गोदन्ना
कैलपाल तलवार हणन्ना
सपै लागि खपऱ्या दानौं मारी लोटाइछ
खपऱ्या दानौ मारी लोटाइछ
त्रिविणी धोइहाल्यो खाँणो

६.५ गीतहरूको समीक्षा

यसमा पाण्डेयले पाटनस्थित कालसैनीलाई सम्झेका छन् । खपऱ्या मार्न सुँगुरको फिलो लिएर प्रहार गरेको वर्णन यस क्षेत्रमा गाइने गीत र यसको युद्ध रणनीति र विभेदबारेका प्रसङ्गमा भन्ने गरिन्छ । कालसैनीका दाजु सिद्ध देवतालाई मानिन्छ र दुवैको मन्दिर एउटै बनाएर बिचमा पर्खालद्वारा विभाजन गरी सिद्धलाई श्रीखण्डद्वारा शुद्ध पूजा गरिन्छ । कालसैनीका लागि सुँगुरको पाठो खोजेर पनि बलि दिने चलन छ । कसैकसैको भनाइअनुसार त कालसैनीले सुँगुरको फिलो मुखमा हालेर नै लड्न गएका थिए । यस गीतमा नागार्जुनको रणशैलीबारे पनि उल्लेख गरिएको छ जब कि बडुकोमा त्यस्तो देखिन्न ।

खपऱ्यालाई मारेपछि योद्धाहरूले आआफ्ना हतियार (खाँडो) त्रिवेणीमा लगेर धोएको थप उल्लेख गरिएको छ, डम्बरदत्त पाण्डेयको गीतमा । यस क्षेत्रभरिमा खेलिने गीतिमय खेलहरूमा आआफ्ना देवताहरूलाई प्राथमिकता दिएको देखिन्छ । सुर्काल (ऐँच्याकाँडा) क्षेत्रको गीति माध्यमबाट गरिएको युद्धवर्णनमा पनि बनारसी र कालसैनीको कतै युद्धवर्णनमा उल्लेख भएको देखिँदैन । भागेश्वर देवताले तरबार लिएर स्वाट-स्वाट गरेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खपऱ्याको सेनालाई काट्यो भन्ने वर्णन गरिएको भए पनि आफ्नो डँडेलधुरा क्षेत्रमा लडाइँ हुँदा गैंसेरलाई साथ सहयोग नदिएको बरु अपमान गरेको किंवदन्ती रहेको छ। अठौतीले चुनौती दिँदा भागेको कुरा परिच्छेद ८ मा उल्लेख छ।

बडुको आफ्नै क्षेत्र ऐँच्याकाँडाबाट भगाइएका मस्टाको उल्लेख बडुको लेखमा छैन तर मेलौलीका लोकमणि भट्टको गीतमा भने देखिन्छ। भट्टको आफ्नै कुलदेवता र मेलौलीको बलिष्ठ सहयोगी शक्ति पनि हो मस्टा। तसर्थ, भट्टकै भनाइअनुसार पनि केही गीतहरू जोडजाड गरेर पनि बनाइएको हुन सक्छ। केही अनुमान र कल्पना गरेर पनि बनेका हुन सक्छन्। तर सम्बन्धित क्षेत्रका देवताहरूको उपस्थिति र तिनका वाणी, बचन, धामीहरू काम्दा अझै पनि देखिने सुनिनेका आधारमा विश्वास कायम भइरहेकै छ।

ग्रामीण देवताहरूको यस सङ्घर्षपछि खपऱ्या मारियो वा खेदियो भन्नेबारे पनि ठाउँपिच्छे फरक अभिमत रहेको पाइन्छ। यस युद्धवर्णनको अन्तिम पदबाट खपऱ्या मारिएको प्रमाणित हुन्छ। यस बहुनामधारी खपऱ्यालाई यसमा मेधनी मल्ल भनिएको छ। यसलाई लेखक बडुले पनि लेखको प्रारम्भमा भन्नुभएको छ। यी पदहरूमा यहाँका देवसेनाबाट मेधनी मल्ल मारिएको उल्लेख छ। निजको दैत्य सेना कुमाउँतिर खेदिएको भन्ने कुराबाट भ्रम सिर्जना गरिएको छ। यो अलि हाँस्यास्पद पनि देखिन्छ। मारिएपछि खेद्ने कुरा हुनै सक्दैन। अथवा मेदनी (मेधनी) मल्ल फरक पात्र हुनुपर्छ। युद्ध विजयपछि ग्वाल्लेक पर्वतको थरौट भन्ने स्थानमा विजयको दुन्दुभि (दमाहा, नगारा) बजाइएको वर्णन पनि गरिएको छ।

६.६ खाडल पर्नुको कारण

ऐँच्याकाँडाको यस समस्थलका बिचमा विद्यमान दुईओटा खाडलहरूको बारेमा यस लेखकले पनि भनेको छ। खपरेसँग युद्ध गर्न केदारले घुँडा धस्दा परेका सानाठुला दुईओटा खाडल अझै देख्न सकिन्छन्। तर उक्त तर्क त्यति विश्वासयोग्य छैन। किनकि त्यति बेलाका धामीहरू डाइनोसरजस्ता विशाल भीमकाय शरीरधारी त पक्कै पनि थिएनन् होला। सामान्य मानिस नै हुनुपर्छ। गीतमा भनिए झैँ सहस्रलिङ्ग बिरालोको भेषमा लडेको वर्णनले बाँची-बाँची लड्न खोज्नेले घुँडा कसरी धसे होलान् र ? जहाँसम्म लाग्छ, केही धार्मिक पौराणिक गाथाहरूमा वर्णन गरिएका मल्लयुद्धलाई सम्झँदा यी शासकहरूका नाम पछाडि पनि मल्ल राखिएको साथै केही ठाउँमा खपऱ्याको युद्धशैली हतियारविहीन ढङ्गले लड्दा मल्लयुद्ध गरेको प्रतीत हुन्छ। झौलेकका खाडल र यहाँका खाडल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

केदारले घुँडा धसेर मात्र भन्नुभन्दा प्रत्यक्ष अँगालो हालेर लडेका अन्य देवता थिए। यसैमा पनि वर्णित लाटो र सैपालको द्वन्द्व पक्कै पनि मल्लसँग निकै दिन चलेको हुन सक्छ र यी खाडल बनेको हुनुपर्छ। निकै पहिलादेखि नै यस लेकाली क्षेत्रमा गाई, भैँसी र बस्तुभाउ चराउने चरिचरन क्षेत्र रहेको र पानी खुवाउने आहाल पनि रहेको हुन सक्छ। त्यसै आहालमा खपऱ्यासँग युद्ध हुँदा लामो समय च्यापाच्याप हुँदा पनि खाडल बनेको हुनुपर्छ।

थप तथ्य प्रमाणका लागि पुरातात्त्विक सम्पदा घोषणा गरी भौगर्भिक अध्ययन अनुसन्धान हुन सकेमा सत्यतथ्य बाहिर आउन सक्छ। यसै गीति वर्णनमा भने झैँ केदारले झुमझुम्या पानीको प्रयोग गरेबाट पनि के बुझिन्छ भने यो युद्ध वर्षा कालमा भएको हुनुपर्छ। हिलोमा नै लड्दा-लड्दा खाडल झन् फराकिलो भएको अनुमान लगाउन कठिन छैन। बनारसी देवताले खपऱ्यासँग लड्दा तालमा डुबाएर च्यापेको र त्यहीँ दाँतले काटेर लोही पिएको वर्णन गायक अन्तराम बिस्टको क्यासेटबाट पनि सहजै सुन्न सकिन्छ।

अर्को एक जनश्रुतिका अनुसार खपऱ्यासँग प्रत्यक्ष लडेका देवताहरूले यसै तालमा खपऱ्यालाई हिलोमा दफन गरेको र पछि तिनी मृग र कुकुरका रूपमा उत्पन्न भई सुर्नया नदीको बगरमा नागनी भन्ने ठाउँमा निक्लेको किंवदन्ती रहेको छ। पाटन बैतडीका ८७ वर्षीय प्रमानन्द पन्तले पनि यो किंवदन्तीलाई समर्थन गर्नुभएको छ। एउटा भनाइअनुसार रौलाकेदार सिगास र सिमोडोहरूले विजयपछि बनारसीसित विभेद गरे। विभेदकारीहरूलाई यसले मारोस् भनी खपऱ्यालाई हिलेतालबाट कपाल समाती बाहिर निकालेको भन्ने कुरा पनि यस क्षेत्रका जानकारहरू बताउँछन्।

सम्भवतः खपरे अर्ध मूर्च्छित रूपमा हिलोबाट बाहिर निक्लेपछि लड्दैपड्दै ओरालो भाग्ने क्रममा रातिको समयमा कुकुर पछि लागेको र नागनी पुगेको पनि हुन सक्छ। बिहानको समय स्थानीयहरूमाझ देखा परेको पनि हुन सक्छ। छिमेकी गाउँ ढणौनको चन्दको कुकुर थियो भन्ने कुरा प्रमानन्द पन्तले नै बताउनुभएको छ। उक्त ठाउँ नागनीमा नणदेवताको पूजास्थल रहेको छ। मेलौली भगवती मन्दिरका मुखिया लछीसिंह नायक भन्नुहुन्छ– उक्त मृग र कुकुर ताल पसी हराएको ठाउँमा नणका रूपमा पूजनीय बने।

तालहरूसँग खपऱ्याको बढी सम्बन्ध रहेको देखिन्छ। अतः खपऱ्या कुशल पौडीबाज र गोताखोर भएकाले हिलो पखाली लुकेर भाग्न धेरै तलसम्म पौडिँदै डागेश्वरको इलाकामा प्रवेश गरेको हुनुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६.७ असीमकेदारको पूजास्थल परिवर्तन

लडाइँका क्रममा खपऱ्या कमजोर भएपछि अगवानीकर्ता र त्यसै स्थलमा पूजित असीमकेदारसँग भन्छ -"यदि तिमी तल खोलानिर भइदिएको भए तिमीलाई बाढी पहिरो लगाई बगाएर मारिदिन्थेँ। तिमी त माथि समथर भागमा भएकाले बाँचेका हौ" भन्दा दुधसहितको करुवा नपोखिने गरी हालको मन्दिर स्थलमा पुगेको रे ! असीम त्यहाँ जाँदा ठुलो वर्षा गराएर त्रास देखाउँदा पनि केही गर्न नसकेको स्थानीय बासिन्दा अझै पनि भन्ने गर्दछन्। हाल त्यसै ठाउँमा मन्दिर बनाइएको पनि छ। पुरानो ठाउँमा अनिवार्य पूजा गरिँदैन। बरु अहिले गौरा बनाउने गरिएको छ।

पुरानो देवस्थलमा भयङ्कर द्वन्द्व भई सबै पुराना संरचनाहरू नष्ट भएर धार्मिक रूपमा अपवित्र भएकाले पूजास्थल तल सारिएको हुनुपर्छ। असिम केदारलाई पानी दिने देवताका रूपमा मान्ने गरिन्छ। असिम केदारलाई असीमी, ससालिङ्ग वा सहस्रलिङ्ग नामबाट पनि चिनिन्छ र सम्बोधन पनि गरिन्छ। निङ्गलासैनीको अह्वानमा बोलाइएका प्रमुख र सहायक शक्तिहरू ऐँच्याकाँडामा भेला हुन्छन्। खपऱ्यासँग द्वन्द्व आरम्भ हुनुअघि नै ठुला भनिने देवताहरू आफू अपवित्र हुनबाट बच्न कोही टाढा, कोही अग्ला स्थानमा र कोही लुकेर बस्न पुगे। साहसी देवताका धामीहरू प्रत्यक्ष रूपमा खपऱ्याका हातका गौफिला फालेर अँगालो भिरेर लडे भने अन्तिम अवस्थामा आफूले पनि गाईगोरु र सुँगुरको सिनो लिएर परास्त गर्न पुगे। देव पक्षका बहादुर देवताहरूले खपऱ्यालाई मरणासन्न पारी हिलाम्य तालमा डुबाउँछन् र देवगण आआफ्नो बाटो लाग्छन्। खपऱ्या चेतमा आएपछि तालबाट हिलाम्य अवस्थामै ओरालो लागेर नागिन पुग्छ। खपऱ्यालाई एउटा कुकुरले पिछा गर्छ र मान्छेहरूले देखेपछि खपऱ्या र कुकुर सुर्नया पौडिँदै गायब हुन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेदः सात

७. विजयपछिको विवाद

लेखमा खपऱ्यासँग एकजुट भएर युद्ध गरेका सहयोद्धाहरूबिच कसरी युद्धपछि एकआपसमै विश्वासको सङ्कट उत्पन्न भयो ? कसरी उनीहरूबिचमै विभेदको सिर्जना भयो भन्ने कुरा यहाँ विचारणीय छ। विभेद सिर्जना हुनुका पछाडि केही घटना, परिवेश, कारणहरूका साथै युद्धका सहभागीहरूको सङ्कीर्ण सोचका बारेमा निम्न घटनाहरूमा विश्लेषण गरिएको छ।

७.१ शुद्धीकरणका लागि तीर्थाटन

आफ्नो लेखमा भानदेव बडुले अठौतीलाई 'परधर्मीले प्रवेश पाएपछि स्वराडमा युद्धको तयारी हुन्छ' भनेर लेखेका छन्। युद्ध हुनुभन्दा पूर्व नै प्रत्यक्ष लड्नेहरूसँग विभेद नगर्ने सर्त राखिएकोबाट पनि खपऱ्याले धार्मिक, सांस्कृतिक केन्द्रहरूमा आक्रमण गर्नुका पछाडि ती फरक धर्म, वंश परम्परा, रीतिथिति र संस्कृतिको अवलम्बनकर्ता ठहरिन्छ। तिनीसँग लसपस भएका आधारमा शुद्धीकरणका लागि भारतका विभिन्न तीर्थहरूमा नुहाउन गएको कुरा गीतहरूमा यसरी भनिएको छ–

खपऱ्याकी छाउ भै नान चल्या
ससालिङ केदार नान चल्या
हरज्यु कि पैणि नान चल्या
राज पर्याग नान चल्या
बदरी केदार नान चल्या
शिर गङोतरि नान चल्या
कैलपाल देवता नान चल्या
पङ्चकोटि देवता नान चल्या
लाटो देवता पर सऱ्या
सैपाल देवता पर सऱ्या।

भानदेव बडु आफ्नो लेखमा यसबारे थप स्पष्ट पार्दै लेख्नुहुन्छ– "अछुत खापरेलाई छोएको दोष निवारणार्थ सबै देवता तीर्थाटनमा जाने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निधो गर्दछन् । लाटो र सैपाल देवता भने प्रत्यक्ष अँगालो हालेका कारण अछुतमै दरिएर पर सर्दछन् ।" यहाँ पर सर्दछन् भन्नुभन्दा पनि पर सारिन्छन् भन्नु उपयुक्त देखिन्छ किनभने तिनले त नुहाइधुवाइ एकै केराको पातमा गरेका थिए । बिचमा पानी बगाई विभेदको सुरुवात कथित ठुला भनिएका देवताहरूका धामीबाटै गरियो । लोकमणि भट्टले गाउने गीतमा यस विषयलाई यसरी प्रस्तुत गर्नुभएको छ :

बडा बडा देवता नान चल्या
कलियाकी छाउ भै नान चल्या
कौन तीर्थ नान चल्या
तीर्थ हरिद्वार नान चल्या
लटाकटारी मल्ल पर सऱ्या
सैपाल निर्पाल पर सऱ्या
मसानी देवता पर सऱ्या

यहाँ गिदरा भट्टले अन्य क्षेत्रका निर्पाल र मसानी (बनारसी) लाई पनि समावेश गरेका छन् । तर, ती पनि पर सरे अर्थात् गए भनेका छन् । गणेश दयालले 'अतीतका घटनाक्रम र वंशावली'को पृष्ठ १५९ मा पनि तीर्थाटनको विषयलाई उल्लेख गर्नुभएको छ ।

ए खपऱ्याकि छाऊ भै नाःन चल्या ।
कै घाट कैबटा नाःन चल्या ॥
गयाँ गंगोत्री नाःन चल्या
हरिद्वार तीर्थ नाःन चल्या
भागिरथी जमनाजी नाःन चल्या
तेत्तीसकोटी देवता नाःन चल्या
पञ्चेश्वर घाट नाःन चल्या
खपऱ्याकि छाऊ भै नाःन चल्या ।

७.२ केराको पातको डन्डीमा पानी बगाइयो

खपऱ्या र देवताहरूबिचको द्वन्द्वयुक्त लोकगाथाअनुसार गीतमा भने झैँ सर्तअनुसार सम्पूर्ण युद्धमा सहभागी देवताहरू तीर्थमै नुहाइधुवाइ गर्दछन् । एउटै थालीमा खाने पूर्वसर्तअनुसार एउटा केराको ठुलो पात ल्याएर त्यसमा भात पस्किइन्छ । पातको एकातिर प्रत्यक्ष नलडेका देवगण बस्छन् भने धुर्त्याइँपूर्ण अवस्था सिर्जना गरेर अर्कोपट्टि प्रत्यक्ष लडेका देवताहरूलाई बस्न लगाइन्छ । बाठा र चोखा भनिने देवताहरूले लोटाबाट पानी केराको गण्डीको नालीमा बगाई (कसैले त जौतिलयुक्त पानी पनि भन्ने गरेको) खान आरम्भ गर्छन् । बिटुलिएका भनिएका देवताहरूले उक्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu
प्रक्रियामा ध्यान नदिएको अथवा खानुपूर्व बलि छोड्ने प्रावधान नै ठानेर सहज रूपमा लिएको हुनुपर्छ। तर खाना खाइसकेपछि लडाकु देवताहरूले अब त एक भइसक्यौँ भनी सामान्य व्यवहार गर्न खोजेछन्। चोखाहरूले भनेछन्– हैन, हाम्रो धर्म संस्कृतिअनुसार गाईलाई हामी पवित्र आमा मान्छौँ तर तिमीहरूले गाईको साँप्रो नै मुखमा हालेर लडेका र त्यस राक्षसको रगतसम्म खाइसकेकाले कुनै किसिमले पनि शुद्ध हुन सक्दैनौ। तिमीहरू हामीसँग लसपस नगर अलि टाढा नै बस भन्ने जस्ता कटु वाणी, बचन र व्यवहार देखेपछि उनीहरूले भनेछन्– हैन हामीले एकै थालीमा खाना खाइसकेपछि अब केको विभेद गर्नुपऱ्यो त ?

घटनाक्रमलाई बुझ्दा चोखाहरूले भनको हुनुपर्छ– कहाँको एकै थाली हो र ? तिमी नदीपारि थियौ हामी नदीवारि थियौँ। बिचमा नदी बगिरहेको थियो। तिमीलाई हामी आफूसरह स्वीकार गर्न सक्दैनौँ। आफ्नो व्यवस्था आफै गर भन्ने तिरस्कार र अपमानयुक्त वाणी सुनेपछि योद्धाहरू आक्रोशित हुन पुग्छन्।

७.३ विभेदित देवताहरूको प्रतिक्रिया

इमानदारीपूर्वक आफ्नो धर्म संस्कृतिको रक्षा गर्न त्यत्तिको बलशाली खपऱ्यालाई परास्त गर्न वैध तरिकाले सम्भव नभएपछि अन्ततः उसले प्रयोग गर्ने अस्त्र नै प्रयोग गरियो। सम्भवतः विभिन्न प्रसङ्गमा गाईको साँप्रो भनिएको उसकै हातबाट खोसेर उसैमाथि लाटो, बनारसी, सैपाल, कालसैनी जस्ता वीर योद्धाहरूले प्रहार गरेको हुनुपर्छ। अरूहरू त्यस्ता अभक्ष्य पदार्थबाट आफू अपवित्र भइन्छ भनेर भाग्ने वा टाढैबाट ढुङ्गामुढा, लठ्ठी, भाला, बर्छी, तरबार आदिको प्रयोग गरी कमजोर मनस्थितिले लडे। त्यसरी सम्भव नभएपछि अन्तिम चरणमा उनीहरूकै सरसल्लाह र सर्तमुताबिक खपऱ्या र त्यसका सेना सहयोगीमाथि गाईगोरु, सुँगुर आदिको सिनो लिएर आक्रमण गरी देवताहरूको अस्तित्व रक्षा गरिएको पाइन्छ।

उनैसँग गरिएको धूर्ततापूर्ण व्यवहार मात्र होइन, अपमान, अवहेलना र तिरस्कारबाट आक्रोशित र दुःखित हुन पुगे। यसको प्रतिक्रियास्वरूप बनारसीले रौलाकेदार, सिगास र सिमडोसित गरेको सङ्घर्ष उल्लेखनीय र स्मरणीय छ।

७.४ रौलाकेदारसँग प्रतिकार गरी सिंहासनको प्राप्ति

पाटन क्षेत्रका सर्वेसर्वा शिखरवासी रौलाले पनि सर्तअनुसारको व्यवहार लडाकुहरूसँग गरेनन्। बनारसीले खपऱ्याका लागि प्रयोग गरी परास्त गरेको किंवदन्तीअनुसार भनिएको नौ मनको गुर्ज अथवा भारी भर्कम गदा लिएर अब खपऱ्या जस्तै तिमीलाई पनि मार्छु भनी उचालेर प्रहार

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्न खोज्दा केदार भाग्न थाले। केदार अथवा धामी भाग्दाभाग्दै आफ्नो मन्दिरको भण्डारभित्र लुक्न गए। बनारसीले त्यहीँ गई प्रहार गर्न तयार भएपछि रौलाकेदारले निरीह भै हात जोडी बिन्ती भावमा माफी मागे। गल्ती हुने कुरा अब सार्वजनिक भइसक्यो। तिम्रो शक्ति र तिमीले गरेको कामबाट हामी सबै अनुगृहीत छौँ। म आफ्नो हातबाट हुन गएको कमी कमजोरी र गल्तीबापत मैले प्रयोग गर्दै आएको यो सिंहासन तिमीलाई समर्पण गर्दछु। यसमा बसेर पूजा खानू भनेर बिन्ती भावमा सिंहासन बनारसीलाई पेस गरे। थप बचनबद्धतासहित भन्नुभयो– "यस स्वराड क्षेत्रको जुन शिख भोग अर्थात् पूजापाठको सामग्री म पाउँथे, त्यो तिमी पाउला, तिमी खाउला, न्याय निसाफ तिमी गरौला, तिम्रो ठुलो मान, सम्मान र इज्जत प्रतिष्ठा हुने छ। मलाई माफ गरिदेऊ" भनेपछि दण्डित गरेको चिनोका रूपमा सिंहासन लिएर बनारसी फर्के।

बनारसीका दोस्रा धामी झुले लोहार र कर्णबहादुर बिस्टबाट प्राप्त जानकारीअनुसार– रौलाकेदारले गरेको अन्यायलाई सम्झेर अझै पनि मसानी अर्थात् बनारसीको जात्राको दिन शोभायात्रा अर्थात् चलो धुरा जाने बेला धामीले काम्दै केदारको धामी देखे– थु-थु गरेर थुक्ने र खुट्टाको तलुवा देखाउने प्रचलन अझै पनि कायम रहेको छ, जुन साहसी काम गरी पुरस्कृत हुनुका ठाउँमा अपमानित गरेको प्रतिफलको परिणाम हो। सार्वजनिक रूपमा अझै पनि बेइज्जत गरिराखेको प्रस्ट रूपमा देखिँदै आएको छ।

७.५ सिगास केदारको पोटलो खोस्यो

दोस्रो ठुलो देवताका रूपमा च्वाँगड क्षेत्रमा सम्मानित र प्रतिष्ठित सिगास केदार पनि द्वन्द्वपूर्व विभेद नगर्ने सर्त राख्नेमा सहभागीमाथि पनि बनारसीको दृष्टि पर्न जान्छ। अब तिम्रो मर्ने पालो आयो धोकेबाज भनेर पुनः गुर्ज लिएर तिनको पछि लाग्दा आफ्ना क्षेत्रतिर भागिरहेको अवस्थामा नै तिनले ओढेको पोटलो अर्थात् पस्मिनाको उड्दो छेउ बनारसीको हात परेछ। पोटलो तान्दा सिगास लटपटिएछ। कालरूपी मुद्रामा मसानीको ठाडो पारेको गुर्ज देखेर थरथर काँप्दै बिन्तीभावमा भनेछ– गल्तीका लागि क्षमापार्थी छु। मैले प्रयोग गर्ने यो सम्मानित पोटलो तिमी नै प्रयोग गर। यसका अधिकारी तिमी नै हौ। यस गढक्षेत्रभरिको शिखभोग आजदेखि स-सम्मान तिमी नै पाउने छौ। निर्णायक पनि तिमी नै हुने छौ, भनेपछि सिगासलाई बनारसीले क्षमा गर्दिनुभयो। त्यो बेलामा सिगासले हार स्वीकार गरेको चिन्हका रूपमा पोटलोलाई मानिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७.६ सिमडोलाई अपाङ्ग बनाइयो

दाजुभाइमध्ये पर्ने सिमडोले पनि बनारसीलाई शिखरवासीहरूको जस्तै गाईको साँप्रो मुखमा हाली खपऱ्याको रगत नै पिएको आरोप लगाउँछ। यही कारण उसलाई परित्याग गरेको हुँदा सिमडोप्रति पनि धोकेबाज भनी गुर्ज प्रहार गरी गोडो भाँचेको कुरा धेरै जानिफकारहरू बताउँछन्। बनारसीका वर्तमान धामी भुले लोहार भन्नुहुन्छ– सिमडोलाई गुर्ज हानेर कमर (ढाड) भाँचेको हो। अझै पनि सिमडोको धामी साँच्चिकै काम्न थाल्यो भने ढल्ने गर्दछ। बनारसीको जात्रा लाग्दा बनारसीको धामीले त्यहाँ उपस्थित सिमडोको धामीलाई काँधमा बोकी सुर्नया नदीको तालमा काम्दै प्रवेश गर्दा सिमडाको धामी काँधमै कमर भाँचिए जस्तै ढलेर शक्तिहीन हुन्छ। बनारसी त्यसलाई त्यहीँ तालमा फालेर आफू नुहाई मन्दिरमा आएर पूजा लगाउँछ। सिमडोका धामीलाई लिएर तिनका आफन्त मन्दिर स्थलमा आउँछन्।

पाटनका बयोवृद्ध परमानन्द पन्त भन्नुहुन्छ– बनारसीले रिसाएर हामीलाई ठग्ने धोकेबाज भनेर गाईको साँप्रोले नै हानेर सिमडोको कम्मर भाँचेको हो। नदीमा नुहाएर आएपछि सिमडोको धामीले बनारसीको र सिमडोको पूजा लगाउँछ। जब कि, माननीय धना पहरी भन्नुहुन्छ– बनारसीको लोहार धामीले नुहाएपछि आफ्नो साथै सिमडोको पनि कोरो पूजा (पानी नमिसाइएको) लगाउँछ।

मसानीका धामी भुले लोहार थप भन्नुहुन्छ–“त्यही प्रहारको समय बनारसीले भन्यो– आजदेखि तिमी आफ्नो आलभित्र मात्र पूजा खाउला। त्यो पनि, रातिको समय भनेपछि सिमडोले स्वीकार गऱ्यो। अर्थात् बनारसीले कज्याएर छोड्यो सिमडोलाई पनि।”

७.७ कालसैनी र सिद्धको एउटै मन्दिर बन्यो

कालसैनीलाई सिद्ध देवताका भाइ मानिन्छ। खपऱ्यालाई सामान्य लडाइँका साधनहरूको प्रयोग गरी मार्न वा भगाउन असम्भव भएपछि, गाईका अङ्गप्रत्यङ्गबाट प्रहार गर्नुका साथै कालसैनी देवताले खपऱ्याको पक्षबाट प्रयोग हुने देव पक्षले अशुद्ध मान्ने गरेको दोस्रो साधन सुँगुरको फिलो मुखमा हाल्यो। त्यसैबाट खपऱ्यामाथि प्रहार गरी अन्धाधुन्ध सङ्घर्ष भयो। त्यसबापत अन्य वरिष्ठ हौँ भन्ने देवताहरूले यिनीसँग पनि अछुतको व्यवहार गरेपछि दाजु सिद्धले पनि विभेद गर्न पुगे। कालसैनी पनि शक्तिशाली देवताहरूमध्येकै एउटा हुन्। युद्धपछि यिनी पनि दलित समुदायअन्तर्गतका सार्की जातिको जिम्मा लाग्न पुगे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



कालसैनी मन्दिर, लोरखा, पाटन ।

सिद्ध देवताको पूजाआजा पन्त बाहुनले गर्ने गर्छन् । सिद्धको धामी हुँदैन । सिद्धका तर्फबाट पनि काम्ने र बोल्ने कालसैनीको धामी भूल (सार्की) नै हुन्छ । अर्थात्, यी दुवै देवताको धामी एउटै हुन्छ । मन्दिर पनि एउटै छ । तर बिचमा पर्खालले विभाजन गरिएको हुन्छ । प्रारम्भिक कालमा बिचमा एउटा शिला (स्लेट) लगाएर अगाडि-पछाडि पूजा लाग्ने गर्थ्यो भन्ने जानकारहरू बताउँछन् । सिद्धलाई श्रीखण्डले पूजा गर्दछन् भने कालसैनीलाई संयुक्त लगानीमा सुँगुरको पाठो जहाँबाट भए पनि खोजेर भूल (सार्की) समुदायले पूजा गरी प्रसादका रूपमा ग्रहण गर्ने गर्दछन् । कालसैनीलाई सुँगुर काट्दा रगत उछिट्टिएर अशुद्ध पार्ने र मौन बस्ने दण्ड हुन्थ्यो भने हाल मन्दिरका बिचमा पर्खाल लगाएर ढोका पनि अलग गरिएको छ । उक्त कुरा धामी परिवारका जयराम भूल बताउनुहुन्छ । भनिन्छ, जतिखेर चोखा हौं भन्ने देवताहरूले यिनीहरूसँग अछुतको व्यवहार गरे त्यतिखेर खपऱ्यासँग आक्रमण गरेजस्तै मुखमा सुँगुरको फिलो च्यापी यिनीहरूलाई छुवाउन खोज्दा यिनको भागाभाग मच्चियो ।

७.८ विभेदित देवताहरूका कारण चोखा देवताहरूको पलायन

भानदेव बडुको सङ्कलित लेखमा उनले द्वन्द्वपछि शुद्धीकरणका लागि देवता तीर्थ जान लागेको प्रसङ्गमा भनेका छन्– अछुत खापरेलाई छोएको दोष निवारणार्थ सबै देवता तीर्थाटनमा जाने निधो गर्दछन् । लाटो र सैपाल (लेखकको क्षेत्रका यी दुइटा परे) देवता भने प्रत्यक्ष अँगालो हालेका कारण अछुतमै दरिएर पर सर्दछन् । लोकमानस भने देवताहरूलाई यहीँ बसिदिन आग्रहका साथ यसरी बिन्ती गर्न थाल्छन्–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

"तम गुसाइ केदार कान चलाई भै, मनेषु हमि कै का
रागस पुरिको राज्य होलो भाइ, मनेषु हमि कै का
तम गुसाइ ससालिंग कान चलाई भै, मनेषु हमि कै का
तम गुसाइँ कैलापाल कान चलाई भै, मनेषु हमि कै का
रागस पुरिको राज्य होलो भाइ, मनेषु हमि कै का।"

अर्थात्, तपाईं हाम्रा मालिक केदार, सहस्रलिङ्ग र कैलपाल कहाँ जान थाल्नुभयो ? अब हामी मानिस कसका रहन्छौं त ? यस्तो अवस्थामा हामीलाई छोडेर गएमा हाम्रो के हालत होला ? अब त यहाँ हाम्रोमा राक्षसकै राज्य हुने भयो त ? उक्त भनाइहरू खपऱ्या आउनुपूर्वको त्रासले देवताहरूले भाग्न खोजेका हुन् वा विभेदित देवताहरूले खपऱ्यालाई पुनः जागा गराई हामी चोखा हौं, हामीसित नआऊ भन्नेहरूमाथि आक्रमण गर्न लगाउने धम्कीका साथै आफूलाई नै पनि विभेद गरेको आक्रोशमा मार्न जाँदा परेको भागभाग हो ? भाग्नुपर्ने अवस्था त यी दुइटै हुन् जब कि लेखकको गीतिमय व्याख्याअनुसार तीर्थ जाने कुरा भनेको त केही दिनमै स्नान गरेर फर्कने हुन्छ। त्यसका लागि आलाप-विलाप गरिरहनु नपर्ने हो।

दोस्रो कुरा, सो सीमित समयमा नै रागस अर्थात् राक्षसहरूको राज्य हुने कुरो पनि हुँदैन। जित त देवताहरूको नै भएको थियो। अतः उपर्युक्त गीति वर्णन विभेद गरिएपछिका देवताहरू आक्रोशपूर्ण प्रतिक्रिया र तिनी पनि विभेद भइसकेपछि खपऱ्याको शैलीपूर्ण राज्य व्यवस्था कायम गर्ने पो हुन् कि भन्ने डरले आफ्ना प्रिय देवताहरूलाई अलपत्र छोडी कतै नजाऊ भनी हारगुहार गरेको प्रतीत हुन्छ किनभने यस घटनामा विभेद गरिएका देवता लाटो र सैपालको नाम लिइएको छैन।

७.९ अन्य विभेदित देवताहरूको अवस्था

खपऱ्यासँग ज्यान फालेर लड्ने देवताहरूमध्येको लाटो, सैपाल, निर्पालहरू पनि हुन्। यस स्वराड क्षेत्रमा जो विभेदका सिकार भए, सुदूरपश्चिम प्रदेश र कुमाउँ मण्डल जसलाई मानस खण्ड पनि भनिन्छ। लाटो देवता सर्वव्यापक छ। सबै धार्मिक क्षेत्रमा यसको उपस्थिति रहने हुँदा यसलाई "सयदेवराको लाटो" पनि भन्ने चलन छ। यसलाई सबै थरीले आआफ्नो ठाउँमा पुज्ने गर्दछन्। अर्थात् दलित- गैरदलित समुदायमा यसलाई त्यत्तिकै श्रद्धा, सम्मान र विश्वासका साथ मान्ने गरिन्छ। तर, खपऱ्यासँगको द्वन्द्वपछि लाटाले प्रत्यक्ष लडेका ठाउँमा जसलाई पहिले गैरदलित समुदायले पुज्ने गर्थे, त्यो छोडियो, पछि दलितको जिम्मा लाग्यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो अवस्था स्वराड क्षेत्रमा व्यापक छ। लाटो भनेपछि दलितको देवता भनिन्छ, जब कि बैतडी सदरमुकाम क्षेत्रमा दुवै थरीमा समान छ। पल्ला चौंडली, आइत, अलामा भट्ट, लोहार र कोली आआफ्नो मन्दिर बनाई पुज्दछन्। यसबाट के प्रस्ट हुन्छ भने सम्बन्धित देवताका धामीहरू नै लडेका हुन्। साथ, सहयोग र समर्थन अरू जनसाधरणबाट प्राप्त भएको मात्रै हो। दार्चुलामा एउटा गाउँ विकास समितिको नाम नै लटैनाथ थियो। यहाँ लटा देवताको शक्तिका रूपमा पहिरो तलबाट माथि गएको किंवदन्ती अझै कायम छ। उक्त ठाउँमा दलित समुदायसँग विभेद हुन्छ। गैरदलितका देवता भन्दा पनि हुन्छ।

सारांशमा स्वराडदेखि डँडेलधुरा क्षेत्रलाई खपऱ्याले प्रभावित पाऱ्यो। लाटो दलित समुदायसँग सम्बन्धित देखिन्छ तर ठुल्ठुला शक्तिपीठहरूमा यिनीलाई पनि बाहिर शिला राखेर पूजा गरिन्छ र शक्तिशाली देवताका रूपमा मानिन्छ। यसलाई लटाकटारीमल पनि भनिन्छ। कटारमल कुमाउँ मण्डलका एउटा शासक पनि थिए। डँडेलधुराको पश्य गर्खाका १४ औं शताब्दीका पूजाभाट, फुलाभाट र कुजाभाट जो शालिग्रामका पूजक र वेदाभ्यासी थिए, तिनीमध्येका शालिग्राम पूजक फुलाभाट सिमलगडा भन्ने ठाउँमा सिमको लाटा देवताको अवतार भएको भनाइ छ। यसको प्रशंसायुक्त गीतमा यसरी वर्णन गरिएको छ।

पश्य कि रखेबाली, सिमको लाटो
कोटका खाउलाको गुड गुडमा बाटो

जितसिंह भण्डारीको 'डोटी क्षेत्रको प्राचीन इतिहास'को (पृ. ३८४) अनुसार डोटीमा १२/१३ औं शताब्दीतिर भारतको कन्नौजबाट आएका बलायर राजपुतहरूका पूर्वजहरूसँगै कन्नौज बाण गाउँको राजपाट भन्ने ठाउँमा जहाँ अझै पनि रूपकुण्ड र लाटो देवताको माडौं छ त्यहाँबाट आएको हो भन्ने कुरा स्वयम् यसको धामी आफूलाई 'कन्नौजे लाटो' भन्दछ भन्ने कुराको पनि किंवदन्ती पाइन्छ। दशरथचन्द नगरपालिका वडा नं. १ का गगनसिंह भाट भन्नुहुन्छ– सैंपाल पनि एक शक्तिशाली देवता हो। सुरपाल र सैंपाललाई सस्याका (सहस्रलिङ्ग अथवा असीमीकेदारका) बाघ हुन्। सैंपालले गोरुको साँप्रो हानेर खपऱ्यामाथि आक्रमण गरेको हुँदा पछि अछुत मानियो। अझै पनि असिम सँगसँगै काम्दा "तैंले मलाई ठगिस् तेरो भुँडी फोडौंला" भनेर त्रास देखाउँछ अनि कामेर औंठा देखाउँछ।

देवता भनेका न्यायकर्ता हुन्छन्, कमजोरका संरक्षक हुन्छन्। साँचो धारणा बोल्छन् भन्ने धारणा बोकाएका आमजनतालाई यस द्वन्द्वपछि ठुलाठुला देवताहरूबाट हुन गएको विश्वासघात र लगाएको गुणको उल्टो प्रतिफलबाट देवताहरूप्रतिको निष्ठा र विश्वासमा ठुलो ह्रास उत्पन्न गरायो। धर्मलाई मानिसले आफ्नो स्वार्थसिद्धिका लागि कसरी अपव्याख्या गर्छन् भन्ने कुराको उदाहरण हो यो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेदः आठ

८. गैँसेरको नेतृत्वमा खपऱ्यासँगको युद्ध

८.१ खपऱ्याको आधार क्षेत्र

ऐँच्याकाँडाको द्वन्द्वबाट पनि खपऱ्यालाई ज्यान (शरीर) ले नै माऱ्यो भन्ने देखिँदैन । त्यसपछि अन्य क्षेत्रमा त्यससँग भएका सङ्घर्षका कथा पनि व्याप्त छन् । यसअन्तर्गत बैतडीकै तल्लो स्वराड, जो अहिलेको नयाँ स्थानीय संरचनामा विभाजन हुन गएका मेलौली नगरपालिका शिवनाथ र पञ्चेश्वर गाउँपालिकाअन्तर्गत पर्दछन् । साथै डँडेलधुरा जिल्लाअन्तर्गत पर्ने भागेश्वर र अजयमेरु गाउँपालिकाका केही गाउँहरू जो सुर्नया नदीको सिमदोगडाको वारिपारि रहेका छन् । युद्धबाट प्रभावित यस क्षेत्रलाई त खपरेले आफ्नो राज्य नै स्थापित गरेको र यहाँका गौरालगायतका पर्वहरूमा गाइने गीत एवम् जनश्रुतिमा वर्णन गर्ने गरिन्छ । यो गीतले पनि थप प्रस्ट पार्दछ ।



गैँसेर दोगडा मन्दिर, अजयमेरु, डँडेलधुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रोकटो, बोकटो खपऱ्याको रोत
नेउली राजुल खपऱ्याको रोत
असुर कोटिगाउँ खपऱ्याको रोत
शैनी रुपाल खपऱ्याको रोत
बाह्र हजार स्वराड खपऱ्याको रोत
देको भूलयाउडो खपऱ्याको रोत
गोन्नी किरोड खपऱ्याको रोत

यो हेर्दा अठौती मल्ल नै खपऱ्या हो भने उनको राज्यको राजधानी अजयमेरुकोट हालको अजयमेरु गाउँपालिका डँडेलधुरा जिल्लाअन्तर्गत पर्दछ। बैतडी जिल्लाको तल्लो स्वराड क्षेत्र र डँडेलधुरा जिल्लाका विभिन्न गाउँका जुन नामहरू गीतमा वर्णन गरिएका छन्। ती ठाउँहरू अजयमेरुकोटबाट शासित क्षेत्र परेको हुँदा खपऱ्याको "रोत" भन्ने शब्दको प्रयोग भएको देखिन्छ। असुरको कोटिगाउँ, देको भूलयौडो, रोक्रटा, सोल्पाल, मकैला– यी ठाउँहरू तल्लो स्वराड क्षेत्रमा पर्दछन्, जुन ठाउँलाई खपऱ्याको रोत भनिएको छ। वास्तवमा सिङ्गो तल्ली स्वराड पटक-पटक डँडेलधुरा जिल्लाअन्तर्गत पर्दै आएको छ। यो तल्ली स्वराड स्वाभाविक रूपले अठौती मल्लबाट तत्कालीन समयमा (१४/१५ औँ शताब्दीतिर) शासित हुनु कुनै अनौठो लाग्नु पर्दैन। १७/१८ औँमध्ये एक पटक यस क्षेत्रलाई मात्र नभई मेलौली मन्दिर क्षेत्रलाई नै कब्जा गर्न धनी शाहीले असफल प्रयास गरेको जनमानसमा ताजै छ।

८.२ खपऱ्याको पहिलो प्रहार

खपऱ्याले सुर्नया नदीको नागनीबाट नदी वारिपारिका गाउँहरूलाई प्रभावित पार्दै अर्थात् आफ्नो कब्जा गर्दै सुर्नया र डोटेली गाडको दोभान सिमदोगडामा केन्द्र बनाई बसेको वर्णन गरिन्छ। न्याउली राजुल अर्थात् पिल्कोट गर्खा हुँदै गाईको साँप्रो लिएर खपऱ्या सर्वप्रथम भागेश्वरकहाँ जान्छ। खपऱ्याको उक्त क्रियाकलाप देखेर भागेश्वर भागे। केदारको पाछो गर्दा कान्लामुनि लुक्न पुग्यो। तसर्थ, त्यसलाई कनल्याकेदार नाम पऱ्यो पनि भनिन्छ। तत्पश्चात् डुड्या (डुडेश्वर वा पिण्डेश्वर पनि भनिन्छ) को तलासमा जाँदा त्यो भाग्न थाल्यो। भाग्दाभाग्दै खपऱ्याले खड्ग हान्यो र खुट्यो तोड्यो। खपऱ्याले त्यही क्षेत्रमा अवस्थित डाकेश्वर मन्दिरमाथि आक्रमण गरेको कुरा यस गीतको अंशले पनि प्रस्ट पारेको छ।

भागेश्वर डाकेश्वर दुई साँख भाइ
डकार माडौँ खपऱ्या लागि आइ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८.३ खपऱ्या प्रतिकार योजना

आतङ्क र आक्रमणको फिराद (सूचना) गङ्गेश्वरसँग पुग्दछ। गङ्गेश्वर दाजु भागेश्वरकहाँ पुग्छ। भागेश्वरलाई किन भाग्नुपऱ्यो भन्दा– त्यो त गाईको साँप्रो लिएर आएको हुँदा भाग्नुपरेको हो। भनी गङ्गेश्वरलाई भागेश्वरले बताउनुहुन्छ। त्यसो हो भने, तपाईं मलाई एउटा पैकेलो (पहलमान) लगाइदिनुहोस्, म लड्छु त्यस आतङ्ककारीसँग भनेर गङ्गेश्वरले भागेश्वरसँग साहसपूर्ण माग गर्दछ। जनश्रुतिअनुसार १. भागेश्वर, २. डागेश्वर, ३. खेड्याश्वर जसलाई खिर्केश्वर पनि भनिन्छ, ४. मङ्गलेश्वर, र ५. कान्छा गैंसेर (गयाँहरि वा गङ्गेश्वर) नाम भएका भाइहरू हुन्। गयाँहरि देवता शूरवीर देखा पर्छन्। त्यस सुर्नया नदी वारिपारिका नामुद देवीदेवताहरूसँग सहयोग मागेर खपऱ्याको प्रतिकारका लागि कम्मर कसेर लाग्छ।

८.४ सहयोगका लागि गीतिमय आग्रह

प्रायजसो मेलौली भगवतीको देहीस्थित गैंसेरको खलो (प्राङ्गण) मा गाइने गीतमा गणेश दयालले आफ्नो सङ्कलित पुस्तक, 'अतीतका घटनाक्रम र वंशावली' को (पृ. १५७) मा यसरी वर्णन गरिएको छ –

कुमाउँको खपऱ्या डोटी पुगि गै छ
गयाँहरि देवताकी हिय खडि गै छ।
गयाँहरि देवताकी झनकली घाँट
डोटिका देवताकी पाणि हाली नाँठ
खपऱ्या दैंतले डोटि लिन आँटी
कुमाउँका देवताकी भिवीरी फाँटी।

सात बैनी दुरगाका भागेश्वर भाइ
भागेश्वर डाकेश्वर दुई साँख भाइ।
डकार माणौं खपऱ्या लागि आई।

ताँहैं गयाँहरि चल भलकियो
देवीका मण्डल बेलिबासो लियो।
देवी दुरगा माता मेरो बोल लिऊ
खपऱ्या मार्छु पैक्यालो लगाई देऊ।

लैजा गयाँहरि बेताल साथ।
बेताल देवता क्याउको छ पाइक
बेताल देवता पननिया पाइक।

ताँहै गयाँहरि चलभल कियो
शिवनाथ मण्डल बेलि बासो लियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शिवनाथ शिवालिङ्ग मेरो बोल लिअ
खपऱ्या मार्छु पैक्यालो लगाई दिए
लैजा गयाँहरि कालुसैनी साथ
ताहैं गयाँहरि चलमल किथे ।
उदैदेऊ मण्डल बेली बासो लिये ।
उदैदेऊ महाराज मेरोबोल लिअ
खपऱ्या मार्छु पैक्याले लगाई दिए
लैजा गयाँहरि बेरोट साथ
बेरोटो देवता क्याउको छ पाईक
बेरोटा देवता हतरिया पाइक ।

गयाँहरिले खपऱ्या मार्न दुर्गा भगवतीसँग सहयोग माग्दा बेताल दिनुभयो । जो पानीभित्र पनि लड्ने क्षमता राख्छ । शिवनाथसँग माग्दा कटारो चलाउने पहलमान कालुसैनी दिनुहुन्छ । उदयदेउ ठाकुरसँग माग गर्दा बेरोटो साथ लगाउनुहुन्छ, जो कि हातले नै मुक्केबाजी गर्नका लागि पहलमान हुनुहुन्छ ।

द्वन्द्वग्रस्त क्षेत्र कोटिगाउँका गिदरा प्रह्लाद लोहार शिवनाथ देवतासँगको माग यसरी अभिव्यक्त गर्छन्–

निर्पाल मन्दिर, कोटिगाउँ, मेलौली, बैतडी ।

गयाँहरि चलिगया शिवनाथ सौंपी भेट
श्री शिवनाथ देउ, मेरो बोल लेउ
खपऱ्याकी जान्छु, पैक्यालो लगाइ देउ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लैजा गुसाईं गङ्गाहरि निर्पाल देव
निर्पाल देव केको छ पाइक
निर्पाल देवता हो गुरज खेलालो ।

यिनीहरूका साथै यस युद्धग्रस्त क्षेत्रको जबरजस्त योद्धा मौरदेव पनि युद्धका लागि तयार हुन्छ । उसलाई भागेश्वर देवताले सिफारिस गर्नुहुन्छ ।

लैजा गुँसाई गङ्गाहरि मौऱ्या देउता
मैऱ्यादेउता गुसाई गौंडिको बाघ ।

यस्तै योद्धाहरूको सङ्कलनमा लागेका गयाँहरिको क्रियाकलाप सुनेर खपऱ्याले आक्रोशित हुँदै रुपाल क्षेत्रमा पर्ने जाखबलडामा गाई काटेको खबर फैलिन्छ, जसलाई यसरी गीतमा अभिव्यक्त गरिएको छ–

जागबलडामाई काटी हाल्यो गाई
सोल्ह सिपाइल पाडिहाली हाई ।

अब सोझै सोह्र शिवायललगायतका देवी दुर्गाहरूलाई युद्धका लागि उक्साउने काम खपऱ्या पक्षबाट हुन्छ ।

यसै प्रसङ्गबाट के पनि अनुमान लगाउन सकिन्छ भने उसको आधार क्षेत्रमा गयाँहरिले नेतृत्व गरी विद्रोह गरेर वर्णवादी धर्मको प्रचारप्रसार गरिरहेको कुराले उक्त समय खपऱ्या रुपाल क्षेत्रको जागबलडातिर रहेकाले त्यही गाई काटेर स्थानीयलाई जबरजस्ती भक्षण गराउने आतङ्क फैलाएर म आफ्नो उद्देश्य प्राप्तिका लागि तत्पर छु है भन्ने सन्देश दिएको पनि हुन सक्छ ।

८.५ युद्धक्षेत्र सिमदोगडा

सुर्नया नदी र डोट्याली गाडबिचको सङ्गमस्थल मेलौलीको ८ नं. वडा कोटिगाउँपारि भागेश्वर गाउँपालिकाको वडा नं. ३ बोगटावारि 'सिमदोगडा' वर्तमान विभाजनअनुसार अजयमेरु गाउँपालिकाको वडा नं. ५ भण्डारी गाउँमा पर्दछ । गणेश दयालको सङ्कलनअनुसार गीति वर्णन यस्तो रहेको छ –

गौंडा बसन्ना गौंडीका बाघ तरवार जेजलो टेडी
तयार होइरयेइ गयाँहरि देवता खपऱ्याको दल पुग्यो नेडी ।
सर्कलागलो रिखेबादल पखान वर्षन्ना निर
गयाँहरि देवता जुजनलग्या खपऱ्या वर्षालो तिर ।
खपऱ्या दैत्यका भनान भोक्कर गयाँहरि देवतकी छात
गयाँहरि देवताको हाँण्यो बिसालो लाग्यो खपऱ्याका गात ।
छत्तीस बाजा बजन लग्या उप्पर बाजाका धाई
खपऱ्या दैत्यको कर दल पाऱ्यो रगतकि नन्नि बगाई ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कोटिगाउँ क्षेत्रमा गाइने गीतमा केही भिन्नता यसरी प्रकट हुन आएको छ (प्रह्लाद लोहारबाट प्राप्त गीतमा)-

पैलीको चोट हाण्यो, दाइन गोडो काट्यो
दोसरी चोट हाण्यो, बाउँ हात काट्यो
तेसरी चोट हाण्यो, बाउँ गोडो काट्यो
चौथी चोट हाण्यो दाइन हात काट्यो
अदमऱ्या खपऱ्याकी काली गङ्गा फाल
जौँगडा ज्वाँतो छ धान गडा साउँ
तेरी तिर गयाँहरि कभैन आऊँ ।

युद्धक्षेत्रकै गीतमा खपऱ्याका हातगोडाहरू क्रमिक रूपमा काटिन्छन् । त्यसले अर्धमृत अवस्थामा महाकालीमा हाम फालेर गयाँहरिको क्षेत्रमा कहिल्यै नआउने बाचा गर्दछ तर यस द्वन्द्वको समापन यसै दोभानमा भएको हो भने काली गङ्गा भन्न मिल्दैन किनभने महाकाली नदी यहाँबाट निकै टाढा रहेको छ । या त यिनीहरू लड्दालड्दै सुर्नया नदी र महाकाली नदीको दोसाँध गैरी बगडमा पुगेको हुनुपर्छ । त्यहाँ आत्मरक्षाका लागि हाम फाल्ने अवस्था सिर्जना हुन्छ । अथवा यसै गाउँका राज ठगुन्नाले भनेजस्तै खपऱ्यालाई हल्दु विनायकतिर लखेट्दै पहिरोमा फाल्यो, महाकालीमा पर्ने गरेर । अनि पुनः फर्कने पो हो कि भन्ने त्रासले महाकालीपारि खेती भन्ने ठाउँमा गङ्गेश्वरको थपना गरियो ।

विभिन्न जानकारहरूको भनाइअनुसार यिनीहरू लड्ने क्रममा सीमित ठाउँमा मात्र नलडी भागाभाग हुने क्रममा हल्दुघाट अर्थात् नेपालतिरको क्षेत्र विनायक र भारतको हल्दुबाट खपऱ्यापारि तरेको भन्ने किंवदन्ती रहेको छ । यसलाई लोकमणि भट्टको गीतले यसरी प्रस्ट पार्दछ–

अठौती मल्लको पाडि हाल्यो खेदो
अठौती मल्लको पाडिहाल्यो नाश ।
कलियाकी फौज की पडि भजा भाज
कलियाकी फौज तरि हल्दु घाट
कोइतऱ्या चाक चिन्ना कोइ फुकि बाउँ
कलिया धूतको मेटि हाल्यो नाउँ ।

पञ्चेश्वर गाउँपालिकाको मल्ला गाउँ मटिउलका पदमराज तिवारीका मतानुसार खपऱ्यालाई असुर कोटिगाउँबाट लखेटेपछि महकालीमा हाम फाल्न हल्दु पुग्यो ।

युद्ध समाप्तिपछि विभिन्न तीर्थ गई नुहाउने कुरा गीतका माध्यमबाट यहाँ पनि गाइन्छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गङ्गा गङ्गोत्तरी नान चल्या
क्याउ घर बात ना:न चल्या ?
खपऱ्या की छाउ भै नान चल्या ।

८.६ द्वन्द्वपछि देवताहरूसँग पृथक् विभेद

खपऱ्यासँग लड्नुपूर्व जसरी अरू क्षेत्रहरूमा विभेद नगर्ने सर्त राखियो, त्यसै गरी यहाँ पनि विभेद नगर्ने सर्त राखिएको थियो । तर यहाँ पनि सर्त पालना गरिएको देखिएन । जसको परिणाम लाटो र निरपाललाई विजयपछि नुहाइधुवाइ गर्दा पनि स्वीकार नगरी दलित समुदायको जिम्मा लगाइएको देखिन्छ । तर यहाँका गैंसेरलगायतका अन्य देवीदेवता जसलाई गैरदलित समुदाय पुज्दछन्, ती देवता र त्यसका आलिकेरका गैरदलित जनतासमेत त्यस आलकेरमा विभेदित हुन गएका छन् । जहाँका देवीदेवताहरू युद्धबाट भागी लुकेर बसेका थिए । तर यसको अर्थ दलित र गैरदलित समुदाय एउटै भए भन्ने होइन । आपसमा विभेद त हुने नै भयो तर बाहिरका गाउँहरूले यहाँ मल्ला जाति हो भन्नेहरूलाई पनि तल्लो नजरले हेर्ने गर्दछन् ।

८.७ द्वन्द्वको नेतृत्वमा गैंसेर

यस क्षेत्रमा भएको द्वन्द्वको नेतृत्व गैंसेर देवताले गरे । उनी आफै पनि प्रत्यक्ष लड्ने देवताका साथसाथ खपऱ्यासँग लडे । उनलाई आफूलगायत मौऱ्या, वीर बेतालहरू आफै मसानवासी देवता भएका हुनाले खपऱ्यासँग लड्न कुनै असहज भएन भनेर कोटिगाउँ निवासी हरिसिंह बिस्ट भन्नुहुन्छ । खपऱ्यासँग प्रत्यक्ष लड्ने देवतामा निर्पाल र लाटोलाई दलित समुदायको जिम्मा लगाइएको छ । तर, निर्पालका लागि गङ्गेश्वरको मन्दिरमा सङ्कलित पूजा सामग्रीबाट भाग लगाई दिइन्छ । लोहारहरूले त्यसमा थपथाप गरेर निर्पालको पूजाआजा गर्दछन् । त्यसलाई बलि दिइँदैन । त्यसको शुद्ध पूजा गरी नवग्रहको ढोका थुनी बाहिर कालिका थापेर बलि दिने चलन छ ।

स्थानीय शिक्षक कोटिगाउँ निवासी भरतराज जोशी भन्नुहुन्छ– धारी निरपाललाई पन्त पुजारीले पुज्नुहुन्छ । गैंसेरको कलिया लोहार पनि हो । धारी निरपालबारे पूर्व कोटिगाउँ, हाल भीमदत्त नगरपालिका सुकासाल बस्ने ६५ वर्षीय ठगीराम लोहार भन्नुहुन्छ– धारी (पिल्कोट) को निर्पालले खपऱ्यासँग लड्दा छोइएको हुँदा त्यसका हातको अरू नखाने भएकाले शिल्पी समुदायका कोलीहरूको इष्ट देवता बनेको छ । बाह्रदानौ सोह्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu
शिवालयको अगवानी वीर लाटो मानिन्छ। डाँसी (सारो ढुङ्गा) बुकाउने, कटारो तताएर चाट्ने, गुर्ज तताएर दुहुनेजस्तो शक्तिशाली देवता रुपाली टमटाहरू गादी बनाई पुज्ने गर्छन् तर शिल्पी समुदायको जिम्मा लगाएर विभेद गरेको देखिन्छ।

८.८ गङ्गेश्वरसँगको फरक शैलीको विभेद र जोलियाको हत्या

खपऱ्यालाई यस क्षेत्रबाट अपाङ्ग बनाई लखेटेपछि दाजु भागेश्वरले प्रशंसा नै गर्लान् भनेर गैंसेरले भेट गर्ने इच्छा भएको सन्देश पठाएर आफू पनि बिस्तार बिस्तार हिंड्नुभएछ। हिंड्ने क्रममा हालको वीरखम्म पुग्ने बेला भागेश्वरले पठाउनुभएका दुईजना जोलिया (सन्देशवाहक) पनि त्यहाँ पुगेछन्। अनि गङ्गेश्वरका व्यक्तिहरूबाट सोधपुछ भयो– तिमीहरू कता जाँदै छौ ? सन्देशवाहकको जबाफ आयो– हैन हामीलाई भागेश्वरले पठाएका हुन्। उनको भनाइ छ कि तिमी हामीकहाँ नआउनू। किनभने तिम्रो शरीरबाट मडाइन गन (मसानवासी भएकाले त्यहाँ सधैं मुर्दाहरू पोलिने हुँदा शरीर भिजेर आउने दुर्गन्ध) आउने हुँदा त्यो मलाई मन पर्दैन।

पहिला नै पाँचओटै दाजुभाइहरूले को कता बस्ने भन्ने क्षेत्र निर्धारण गरेर बसेका र तिनलाई मसानवासीका रूपमा त्यहाँ बसालिएको देखिन्छ। गैंसेर बलशाली क्षेत्राधिपति हुनुपछाडिको कारण उक्त क्षेत्रमा बग्ने दुईओटा नदी सुर्नया र डोटेली गाडहरूको वारिपारिको अति उब्जाउ भूमि राडिल भण्डार हो। यस समृद्ध क्षेत्रमा मानव बस्ती केन्द्रित हुने हुँदा गैंसेर स्वाभाविक रूपमा शक्तिशाली भएको हुनुपर्छ। अरू समयमा पनि भागेश्वरसँग भेटघाट भइरहने तर खपऱ्या मारी कब्जा गरेको क्षेत्र फुकुवा गर्दा र आफूहरू खपऱ्याको आतङ्कबाट मुक्त गरेको अवस्थामा आफूलाई पुरस्कृत गर्नुको सट्टा झन् अपमानित गर्नुको पछाडि खपऱ्यासँग प्रत्यक्ष भिडेको कुरालाई घुमाउरो पारामा मसानको गन्ध आउँछ भनी अपहेलना गर्ने भनेर आक्रोश रोक्न सकेनन् र कम्मरबाट तरबार झिकी ती दुवै जोलियाहरूका शिरछेदन गरिदिए। अनि अब भागेश्वरलाई कहिल्यै नभेट्ने र आफ्नै क्षेत्रमा जसलाई खपऱ्याले आफ्नो अधीन पारेको थियो, संरक्षण गरी युद्धमा साथ दिने देवताहरूसँग रमाउन आत्मनिर्णय गरी गैंसेर देवता फर्केर पुनः सिमदोगडा आएर बसे।

८.९ मसानघाटबाट माथि पनि पूजित

भनिन्छ, जतिखेर गङ्गेश्वरको चलो (शोभायात्रा) जाने गर्छ, त्यतिखेर आफ्नो हैसियत देखाउँदै भागेश्वरलाई औंठा देखाउँछ र फर्कंदा आखिर जेठो दाजु भनेर हात जोडी नमस्कार गर्छ। यो कुरा स्थानीय

CC-0. Nepal Sanskrit Academy, Kathmandu
करिया ७७ वर्षीय लक्ष्मणसिंह बिस्ट बताउनुहुन्छ। विभेदको एउटा फरक स्वरूपबारे शिक्षक भरतराज जोशी, लक्ष्मणसिंह बिस्ट, प्रल्हाद लोहारहरू भन्नुहुन्छ। गैंसेरसँग भागेश्वरले विभेद गरेपछि यस आलकेरका मान्छेहरूले वीरखम्ब परको क्षेत्रमा मनपरी जान नपाउने अर्थात् प्रतिबन्ध लागेको मानसिकता अद्यापि कायम छ। गङ्गेश्वरलाई अपवित्र मानेर नै हो भन्ने कुरा पुजारी परिवारका शिक्षक जोशी भन्नुहुन्छ।

लक्ष्मणसिंह बिस्ट थप्नुहुन्छ– हामी मित्रहरूकहाँ खलिगाड गयौं भने ग्वाल्लेकका खर्सुका (लेकाली भेगको बाँज जातिको वृक्ष) स्याउला र रुख काट्न पाउँदैनौं। कारण त्यही गङ्गेश्वर, मौर्‍या आदिका आलकेरका मान्छे पर्‍यौं। डागेश्वरका हरिप्रसाद पन्त विभेदबारे भन्नुहुन्छ– डागेश्वरको आलकेरका मान्छे भाकलपूर्ण ढङ्गले भागेश्वर जाँदैनन्। कारणवश गए पनि यिनी डागेश्वरका मान्छे हुन् भन्ने थाहा पाएपछि भेटी दिए पनि फिर्ता गरिन्छ। तिलक-प्रसाद लिन मिल्दैन। हरिप्रसाद डागेश्वरलाई भागेश्वरकी बहिनी मान्नुहुन्छ, जब कि वृद्ध नारायणदत्त पन्त शिवरूप मान्छन्। हरिप्रसाद पन्त दाजु भागेश्वर र बहिनी डागेश्वरीको आपसी विवादले विभेद अहिलेसम्म कायम रहेको बताउनुहुन्छ। बहुसङ्ख्यक शिवरूप नै मान्छन् डागेश्वरलाई।

गीतहरूअनुसार खपर्‍याले डागेश्वरलाई आक्रमण नै गरेर अपवित्र पारेका कारण भागेश्वरले विभेद गरेको देखिन्छ आफू भागेर चोखो कायम रहे पनि। हरिप्रसाद पन्त थप जानकारी के दिनुहुन्छ भने २०४२ सालतिर यस मन्दिरबाट हिराजडित सुनको मूर्ति चोरिएको थियो। उक्त हिरायुक्त आँखा भएको मूर्ति भगवतीको हुनुपर्छ। कुनै धनीमानी वा मल्ल शासकहरूले शिवकी श्रीमतीका रूपमा पार्वतीको हिराजडित मूर्ति राखेका थिए। आमजनतालाई हिरामा प्रकाश पर्दा चम्किन्छ भन्ने थाहा नभएकाले साँच्चिकै भगवतीको आँखाबाट ज्योति निस्कनु देवीको चामत्कारिक लीला भनेर व्यापक प्रचारप्रसार पनि गरियो। हिरामोतीका पारखी तस्करहरू मन्दिरका कारोबारीसँग मिलेर चोरेको कुरा तत्कालीन समयमा व्याप्त भएको थियो। त्यस कारणले पनि उक्त मन्दिर भगवतीको नै हो कि भन्ने केही व्यक्तिलाई लागेको हुन सक्छ। फेरि डोटी क्षेत्रको प्राचीन इतिहासको (पृ. २५५) मा लेखक भण्डारी पिल्कोट गर्खाको बारे भन्नुहुन्छन्- "यसै डाँडाको माथि डाकेश्वरी देवीको मन्दिर छ, जसलाई फुटलिङ्ग मानिएको छ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८.१० गैंसेरलाई मेलौलीको स्वीकार

मेलौलीको शोभा यात्रा, मेलौली नपा, बैतडी

माथि उल्लेख भएअनुसार गैंसेरका मूल धामी मेलौलीको शोभायात्रामा पुग्दा एकै चक्रडोलमा बिचमा भगवती दायाँ गङ्गेश्वरका धामी र बायाँ उदयदेवका धामीलाई राखेर शोभायात्रा निकालिन्छ। त्यहींबाट पछि नमस्कार गरे पनि पहिला ग्वाल्लेक केदार र भागेश्वरलाई औंठा देखाएर आफूहरूले एकतापूर्ण ठुलो विजयको सन्देश दिनुहुन्छ। फेरि मेलौली मन्दिर परिसरमा खपऱ्यासँग द्वन्द्व गरेका र अन्य शक्तिशाली देवताहरूको स्थापना गरी पूजा गरिन्छ। गैंसेरको छुट्टै मन्दिर र खलो पनि मेलौलीको देही गाउँमा अवस्थित छ। कोटिगाउँमा अर्को थप आकर्षणको विषय- मेलौली भगवतीको एउटा अंश त्यहाँका लोहार धामीमा काम्दछ।

त्यसको पूजा स्थलका लागि गङ्गेश्वरले एक औंठा जमिन भनेर सानो ठाउँ छुट्याइएको छ। पूजा त्यही गङ्गेश्वरका जोशी बाहुनले गर्ने गर्दछन्। फेरि थप अनौठो कुरा के पनि छ भने यी दुर्गाका धामीमा मेलौलीका साथै सिद्ध पनि काम्ने गर्छन्। धामीको बायाँ हात सक्रिय भई स्वभावअनुसारको गतिविधि र वाणी दियो भने सिद्ध कामेको भनिन्छ। यदि दायाँ हातको भूमिका तीव्र हुँदै भगवतीले बोल्ने बोलहरू बोल्न थाल्यो भने भगवती बोलेको मानिन्छ। हाल यसका धामी गङ्गा लोहार हुनुहुन्छ। यसको अन्तरसम्बन्धलाई गणेश दयालको सङ्कलनमा यसरी भनिएको छ–

दुर्गा देवी सृष्टिकी धनी
गैंसेर गौंडीको बाघ।

८.११ विजयपछिको प्राप्त उपलब्धि

एउटा किंवदन्तीअनुसार सुर्नया नदीपारि अवस्थित गङ्गेश्वरको मन्दिरमा राति लाग्ने पूजाआजाका लागि कोटिगाउँका पुजारी जाने र नदीले बाटो दिने गर्थ्यो रे तर तिनको मृत्युपछि तिनका बालक पुजारी त्यसैअनुरूप एक्लै गएछन्। आमाछोराको मायाले उसलाई थाहा नहुने गरी पछिपछि गएकी हुँदा उक्त दिन नदीले बाटो छोडेनछ। आमाले आफू पनि साथ आएको प्रकट गरिन्। उक्त घटना भएको विषयलाई लिएर राति आमाछोरा वारि नै चिन्तित अवस्थामा बस्दा आकाशवाणी भई गङ्गेश्वरले भने–"तिमी चिन्ता नगर तिमीलाई सुविधा हुने गरी तिम्रै क्षेत्रको टाकुरामा उत्पन्न हुने छु, त्यहीं पूजा खाने छु।" यति भनेपछि कोटिगाउँको पूर्वदक्षिण डाँडामा ठगुराठी र लोहारकी श्रीमतीले शिलाका रूपमा प्राप्त गरिछन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यही वर्तमान मन्दिर सुनैया नदीवारि टाकुरामा बन्न गएकाले शिखरवासी भागेश्वरलाई आफू पनि आफ्नो शक्तिले जहाँ पनि बस्न सक्ने देखाएको हुन सक्छ। झन् त्यसभन्दा माथि देहीको बिट्ठोउडामा पनि गैंसेरको पूजास्थल बनी भागेश्वरको बराबरी गरेको र दुर्गा मेलौलीसँग चलो (शोभायात्रामा) जाने क्षमता उत्पन्न गरेको छ। गङ्गेश्वरले स्थानीय देवीदेवताहरूको साथ सहयोग लिएर खपऱ्याको आतङ्कबाट यस क्षेत्रविशेषलाई स्वतन्त्रता प्रदान गऱ्यो। यसपछि थप प्राप्ति के भयो त ? भन्ने विषयबारे गणेश दयालको सङ्कलनले रतोली भनेर यसरी बोलेको छ–

गङ्गेश्वर मन्दिर, कोटिगाउँ, मेलौली, बैतडी

धन्य गयाँहरि माईका जया
गादो पडाउनिका बार गाउँ पया।
रोकटो बोकटो मिल्यो खपऱ्याका रोत
असुर कोटी गाउँ मिल्यो खपऱ्याका रोत
देको बिठ्ठयाउँणो मिल्यो खपऱ्याको रोत
नेउली राजुल मिल्यो खपऱ्याका रोत।

अजयमेरु गाउँपालिकाका वृद्ध नारायणदत्त पन्तको गीति वर्णनले यसो भन्छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सैनी रुपाल लैजा, खपऱ्याकी रोत
गोन्नी किरोड लैजा खपऱ्या की रोत
नेउली राजुल लैजा खपऱ्या की रोत
बार हजार स्वराड लैजा खपऱ्या की रोत

अर्थात्, जसलाई हिजोको दिन आफ्नो अधीन पारी खपऱ्याले यी गाउँहरूको शिख भोग (कर) खाइरहेको थियो। ती अब गङ्गेश्वरले उपभोग गरोस्, कम्मरमा पटुका बाँधी खपऱ्यासँग लडेबापत। ती आमा पनि सलाम की पात्र हुन्, जसले गयाँहरि जस्तो वीर योद्धा पैदा गरिन्।

उपसंहार

गैँसेरको महत्त्वबारे कोटिगाउँका शिक्षक मन्धिर लोहारबाट प्राप्त जानकारीअनुसार २०७३ चैत्र २१ देखि २७ सम्म सिमदोगडामा लगाएको यज्ञका भागवत्वाचक डा. खड्गराज चटौतले गङ्गेश्वरलाई एउटा ठुलो नेतृत्वदायी शक्ति हुन् भनी प्रशंसा गर्नुभएको थियो। यसको वास्तविक नाम गङ्गेश्वर नै हो पछि अपभ्रंश हुँदै गैँसेर भएको हो।

यज्ञ सम्पन्न भएपछि २०७४ सालमा यसकै नामबाट 'गङ्गेश्वर मन्दिर क्षेत्र विकास समिति' देवल २ को नामबाट गङ्गेश्वर दर्पण-२०७४ मा गङ्गेश्वरबारे पनि रचना प्रकाशित गरिएको थप कुरा समितिका कोषाध्यक्ष मंधिर लोहार बताउनुहुन्छ। यस आलकेरका दुईओटा गाउँको नाम विभिन्न गीतमा पटक-पटक आएको छ। ती हुन्– रोकटा र असुर। रोकटा जो अहिले सम्दुराठी (खलक) चन्दहरूको, लोहारहरूको, भट्टहरूको बसोबास भएको कोटरूपी सानो गाउँ रहेको छ। त्यहाँ पहिला रोडा जाति बाहुनको बसोबास थियो।

उक्त जातिलाई परास्त गरी सम्दुराठीले कब्जा गरेको किंवदन्ती रहेको छ। उनी बस्ने घरको खण्डहर अझै कायम छ। सिद्ध र रोडा जाति अहिले यो क्षेत्रमा छैनन्। यी जाति पनि आदिवासीकै रूपमा गनिन्छन्। हत्या गरिएकाहरू पैशाचिक देवताका रूपमा मानेर पुजिन्छन्। धेरै कुरामा यस क्षेत्रको आफ्नै किसिमको बिशेषता छ।

यसबाट के पनि देखियो भने सङ्घर्षशील, बलिदानी, आमजनसमुदायका लागि लड्ने, भिड्ने र समर्पित हुनेलाई न्यायप्रेमी ठुलो समुदायबाट सम्मान प्राप्त हुने र सो घोषित ठुलोबाट अपमानित हुनुपर्दो रहेछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेदः नौ

९. गन्यापमाथि खपऱ्याको आक्रमण

गन्याप पूजास्थल, डँडेलधुरा

खपऱ्याद्वारा देवताहरूमाथि भएको आक्रमणको सिलसिला मिलाउन त्यति सजिलो छैन तर मिलाउने प्रयास गर्ने क्रममा सिमदोगडावाट डँडेलधुराको भित्री भाग हुँदै जोरसाइल क्षेत्रमा प्रवेश गरेका गीति वर्णनलाई आधार बनाइएको छ। साथै अन्य तथ्यहरूको सङ्कलनबाट यस क्षेत्रमा पारिएका प्रभावहरूबारे समेत खोज गरिएको छ। डँडेलधुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जिल्लाको पूर्वी भाग डोटीसँग जोडिएको छ । त्यो गन्याप क्षेत्र हो । गन्याप पहिला असिग्राम गाउँ विकास समितिमा रहेको थियो । नयाँ संरचनाअनुसार गन्यापधुरा गाउँपालिकामा छ । यदि खपऱ्या साँच्चिकै नागी मल्लको छोरा अठौती मल्ल नै हो भने यस क्षेत्रका मठ मन्दिर र धर्म संस्कृतिमा आक्रमण हुनु स्वाभाविक हो ।

९.१ गन्याप र लाटोको सङ्क्षिप्त उत्पत्ति विवरण

जितसिंह भण्डारीले लेख्नुभएको डोटी क्षेत्रको प्राचीन इतिहासको (पृ. २२७) मा मु. कर्णबहादुर मालीको भनाइअनुसार आजभन्दा करिब ६ सय वर्षअगाडि १४ औं शताब्दीमा डँडेलधुरा जिल्लाको पूर्वी क्षेत्र पश्य गर्खामा पूजाभाट, फुलाभाट र कुजाभाट नामका ३ भाइ भाट ब्राह्मण परिवारको बसोबास थियो । उनीहरू पूजाआजा गर्ने शालिग्राम पुज्ने र वेद वेदाङ्गमा धेरै जान्ने बुझ्ने थिए । एक दिन कुजा भाटकी छोरीले रूपाघडुलीमा पानी भरेर ल्याउँदा एउटा सर्प आएछ । तिनले निर्भीकतासाथ घरमा राखी पूजाआजा आरम्भ गरिछन् । एकदिन संयोगवश पूजा गर्न अबेर भएछ । त्यो सर्प घडाबाट निक्लेर महाभारतको लेक शिखर भन्ने ठाउँमा गई पत्थरमा आफ्नो रूप धारण गरी प्रकट भएछ ।

जुन शिला प्राकृतिक गणेशकै आकारप्रकारको छ । जो गन्याप देवताको नामले डोटी र डँडेलधुरा जिल्लामा प्रख्यात छ । ती तीन भाट दाजुभाइमध्येका फुलाभाट गणेशपुर, मालीगाउँ र कुजाकोटका बिचमा पर्ने सिमलगढा भन्ने ठाउँमा सिमको लाटा देवताको अवतार भएको भनाइ छ । जेठा पूजा भाट पनि देवता नै भए र कुजाभाट सर्पका सँगै गई शिखरमा आसिन भै भाटभटेनी भनेर चिन्ने गरिन्छ भन्ने भनाइ छ । यस क्षेत्रमा यिनका विभिन्न गीतिकाव्य बनाएर गाइन्छ । गन्यापबारेको काव्यांशमा भनिएको छ–

शिखर उपर बाँजै की बोटी ।
तेरी सेवा आया प्रभु चौध सया डोटी ॥
क्याउईका भेष उपज्या गणेश ।
सरपैका भेष उबज्या गणेश ॥
लाटा देवता बारेको भनाइ–
पश्यकी रखेबाली, सिमको लाटो ।
कोटको खाउलाको गुडगुडमा बाटो ॥

यी शतपुरुष भाट बन्धुहरूसँगको घटनाक्रमले गन्याप र लाटो देवताको उद्भव भएर ख्याति प्राप्त हुँदै गएको पाइन्छ । यो कुरा थाहा पाएपछि पक्कै पनि खपऱ्याले यसलाई पतन गर्ने योजना बनाएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu
हुन सक्छ। खपऱ्याको रणनीति पनि यही देखिन्छ कि पहिला ठुला नाम चलेका देवताहरूमाथि आक्रमण गर्ने, ता कि तिनीहरूलाई पछारेपछि सानातिना त आफै परास्त हुन्छन् र दासत्व स्विकार्छन् भन्ने विश्वास गरेको हुनुपर्छ।

५.२ खपऱ्याको गुजर वा गद्दी सडक

साहुखर्कमा होटल व्यवसाय गरिरहनुभएका असिग्रामका ५७ वर्षीय हरिबहादुर देउवा खपऱ्याको बारेमा सोध्दा भन्नुहुन्छ– खपऱ्याले गन्यापमा आक्रमण गरेका सम्बन्धमा त सबैले बुझेका छन्। तर उसले बनाउन लगाएको सडकबारे कसैबाट पनि उल्लेख हुने गरेको छैन। उहाँ एक किसिमको गुनासो गर्नुहुन्छ। उहाँको कुराले अलि अचम्भित पनि बनायो। किनकि अहिलेसम्म त खपऱ्याका नकारात्मक कुरा मात्र आउने गरेका थिए। सडक नै निर्माण गरेरे हिँड्ने पक्कै पनि शासक वर्गको हुनुपर्छ भन्ने विश्वास बढ्यो। जनतालाई सेवा, सुविधा पनि दिन खोजेको रहेछ भनी जिज्ञासा बढ्न गयो। सडक कहाँ बनाएको छ ? भनेर सोध्दा उहाँले उत्साहित भएर भन्नुभयो– दिनको जस्तो भइदिएको भए तपाईंलाई म देखाइदिने थिएँ, यो रातिको समय पऱ्यो। किनभने उक्त सडक मेरो पसलबाट केही मिटर परबाट गएको छ। म आफै धनगढीबाट रात्रिबसमा बैतडी जाने क्रममा गुरुजीहरूको आराम गर्ने समयको सदुपयोग गरिरहेको थिएँ। त्यो रात करिब एक बजेतिरको कुरा हो। तसर्थ, फोटो खिच्ने इच्छा मारेर थप जानकारी माग्दा उहाँ भन्नुहुन्छ– खपऱ्याले देवताहरूबाट गुज्जर जसलाई गद्दी सडक पनि भन्ने गरिन्छ, काट्न लगाएको कुरा हामी आफ्ना पूर्वजहरूबाट सुन्दै आएका छौँ। उहाँ अगाडि भन्नुहुन्छ– भारतको गुज्जर जाति जो भैंसीपालक थिए ती जातिकै नामबाट वा अन्य कुन कारणले गर्दा गुज्जर सडक नामकरण रहन गयो ? थप अध्ययन गर्नुपर्ने देखिन्छ।

तर, कत्युर शासकहरूबारेको अध्ययनमा बद्रीदत्त पाण्डे कुमाउँको इतिहास पुस्तक (पृ. २२४, २२५)का अनुसार संवत् ११७९ मा कत्युरी राजा गुर्ज्जर देवले द्वाराहाटमा कालिका देवीको मूर्ति बनाएको कुरा उल्लेख गरिएको छ। पण्डित रामदत्त त्रिपाठीको मतअनुसार कत्युरी शासकहरूको समय सम्भवतः यी सूर्यवंशी भनिने कत्युरी शासकमध्येका शासक गुर्ज्जरदेवले आफ्नो शासन विस्तारका क्रममा गद्दी सडक बनाएको पनि हुन सक्छ र त्यसलाई महाकालीवारि अठौतीले विस्तार गरेको ठहरिन्छ।

फेरि, त्रिपाठीले अर्को कुरा पनि लेख्नुभएको छ– वि.सं. भन्दा एक सय ३० वर्षपूर्व कूर्माञ्चलमा जट्टवा जाट जातिले राज्य गर्दथे। यिनका सन्तानहरू अब बोहरा, बोरा र कोही कोहीले बिस्ट पनि भन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थालेका छन् । देउवाका मतानुसार उक्त सडकमा खपऱ्या श्रीमतीसहित हिँडेको थियो । गद्दी सडकलाई गीति रूपमा पनि व्यक्त गर्दै भन्नुहुन्छ–

"अगाडि लागलो मसानी दानव चौहत्तीं काटेलो बाटो"

यसबाट के कुरा स्पष्ट हुन्छ भने खपऱ्याले मसानी देवताको नेतृत्वमा चार हात चौडा बाटो अर्थात् आजको भाषामा गोरेटो बाटो खन्न लगाएको प्रस्ट हुन्छ । फेरि, यसलाई पुष्टि गर्ने काम अमरगढी नगरपालिका हरणीका वीरवहादुर साहु भन्नुहुन्छ– नाइलताल लुकेको खपऱ्यामाथि आक्रमण गर्ने सात देवता शम्भुनाथ भागेश्वरको धुरा हुँदै रथमा गएका थिए । यसपूर्व नै एकजना बोहोरा जातिको वीर पुरुषले खपऱ्या दैत्यलाई बाण हान्न जाँदा उसले त्यसै बोहोरालाई खाइदिएको थियो । शम्भुनाथले तिनकी श्रीमतीलाई रथमा झुन्ड्याएर लगेका थिए । यस कुराबाट के बुझिन्छ भने पतिहत्याको प्रतिशोध लिन उनले शम्भुनाथहरूको सहयोग लिएको र आफू पनि जबरजस्ती रथमा झुन्डिएर गएको साहूको कुराबाट बुझ्न सकिन्छ ।

यसबाट सहज रूपमा अनुमान गर्न सकिन्छ कि खपऱ्याले आफ्नो राज्यमा राजमार्ग पनि बनाएका रहेछन् । देउवा थप भन्नुहुन्छ– उक्त सडक काट्न भिरपाखा र देउराली भन्ज्याङहरू पनि ठाउँठाउँमा काटिएका छन् । कालीबाट (महाकाली) भागेश्वर हुँदै कर्णालीसम्म खपऱ्याको सडक छ । पिल्कोट र कोटिगाउँमा तेस्रो वर्ष एकातिर लछाडो हाल्दा अर्को गाउँले बाटो काट्ने र अर्को गाउँले लछाडो हाल्ने उत्सव गर्दा पहिलो गाउँले बाटो काट्ने क्रियाकलाप पनि खपऱ्याले त्यस क्षेत्रमा आफ्नो आधिपत्य रहेको वेलादेखिकै निरन्तरता हुन सक्छ ।

यसबारेमा थप अध्ययन अनुसन्धानको आवश्यकता देखिन्छ । यहाँका जनश्रुति र गीतहरू बढीभन्दा बढी खपऱ्याको आतङ्कबाट मात्र भरिपूर्ण छन् । उसले गरेका सकारात्मक कुराका बारेमा कतै उल्लेख गरिएको पाइँदैन । खपऱ्या नवशासकहरूका लागि हिंस्रक शासक मात्र नभई विकास निर्माणप्रेमी पनि रहेको देखिन्छ । यसबाट जनताको सुख सुविधाप्रति पनि ऊ चिन्तित रहेको पाइन्छ ।

९.३ गन्यापमाथि आक्रमण

हरिबहादुर देउवाको भनाइअनुसार हाल डोटी र डँडेलधुराका देवताहरूको एउटा बृहत् भेला लामिताल र जगतडीको मध्यमा बस्यो । खपऱ्याको प्रतिकार गर्ने योजना बनाइयो । डम्बरदत्त पाण्डेयको गीतमा भनिएको छ–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सोल सिवालयकी पञ्चनी भैछ
को भाइल अगेवानी होलो ।
गणेशजी सपुन भइ छ
खपऱ्या जोराइले देश
रगतकी ताल लुकि रैछ ।
गणेशजी अगेवानी भया ।

यसरी खपऱ्याको आतङ्कबाट त्रसित देवगणले पूर्ववर्णित क्षेत्रहरूमा गरिएका भेलाजस्तै यहाँ पनि गरिएको गीति प्रमाण पाइन्छ । उक्त भेलाको छलफलबाट गन्याप देवता जसलाई गणेश पनि भन्ने गरिन्छ, तिनको नेतृत्वमा खपऱ्याको प्रतिरोध गर्ने निर्णय पारित गरिन्छ । देवताहरूको भेलाको खबर प्राप्त गरेर पनि हुन सक्छ, त्यस क्षेत्रभरिका शक्तिशाली देवता मानिएका कारण प्रथम प्रहार गन्यापमाथि नै गर्ने योजना खपऱ्याको पनि देखिन्छ । खपऱ्या आएको आभास पाएर देवतासँग भनिन्छ–

साँचो भऐइ देवतडि
खपऱ्याको दल आयो नेडि ।

यस चैत गीतको पद्यांशबाट के पनि बुझिन्छ भने देवताका धामीहरूको एउटा भेला बसी यस आपत्‌बाट बँचाइदिन बिन्ती आराधना गरियो । गन्यापलगायतका धामीहरूले रक्षा गर्ने बचन दिएको हुँदा अब त खपऱ्या दानवनजिकै पुगिसकेको छ । तपाईंको वाणी खेर नजाओस् भनी पुनः स्मरण गराइन्छ तर बलशाली खपऱ्याले एउटा विशाल ढुङ्गाको त्यस सर्पको छाप भएको पर्वतशिलामा आक्रमण गर्न पुग्छ । उक्त प्रहारबाट शिलाको शिर भाग च्यातिए पनि पूर्ण रूपमा तलैसम्म क्षति नभई त्यहीँ चुल्हाका दुई ढुङ्गाजस्तै बनी त्यसमा खपऱ्याबाट प्रहार गरिएको ढुङ्गा अड्किएको छ, जसलाई अहिले पनि खपऱ्याको गोलो भनिन्छ ।

एउटा अर्को भनाइअनुसार खपऱ्याले त्यसमा गोरुको ढाँटरो अर्थात् सिङ्गो छातीको अस्थिपञ्जर प्रहार गर्न आउँदा लाटा देवताले संरक्षण गरेका थिए । यसरी गन्यापको रक्षा भएका कारण गन्याप र लाटाको बिच सुमधुर सम्बन्ध कायम रहेको मानिन्छ । गन्यापलाई शङ्करपुत्र गणेशको अवतार मानिन्छ । महाभारत पर्वत शृङ्खलामा बस्ने गन्याप देवताले शान्त एवम् एकान्त जीवन बिताएको खापडे मस्टालाई सह्य भएन । अझ सबैजसो जनताले गन्यापप्रति दर्साएको अगाध आस्था र पूजाभक्ति खापडेका लागि हुनसम्मको पीडादायी घटना हुन थाल्यो ।

यस्तै ईर्ष्या, डाहा र छटपटीका कारण खपऱ्याले गन्यापसँग निहुँ खोजी झगडा सुरु गऱ्यो । निजका उच्छृङ्खल गणले अनेक किसिमका उत्पात मच्चाई अशान्ति पैदा गर्न थाले । गन्यापका तर्फबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निकै सम्झाइबुझाइ गर्दा तिनीहरू झन् उग्र भई आफ्नो अभियान सफल भएको ठान्दथे । तिनीहरू माडौँ भत्काउने, गन्यापका उपासकहरूको घरमा आगो लगाउने, बस्तुभाउ मार्ने र महामारी सल्काई त्रासको वातावरण उत्पन्न गर्ने कार्यमा लाग्न थाले ।

हदैसम्मको संयम अपनाउँदा पनि खापरेको बदमासी कम नभएपछि बाध्य भएर गन्यापले गङ्गातटका देवता भूमिराज, पर्वत क्षेत्रका विभिन्न स्थानीय गण देवतालाई बोलाई प्रतिवाद गर्न आज्ञा दिए । विषमा चोबेका बाण प्रहार गरी गन्यापका पक्षबाट खापरेको दल सखाप पारियो । खापरे भागेर खप्तडमा गई बस्यो । गन्याप देवतासँग लडाइँ गर्दा भोग्नुपरेको पराजय र पश्चात्तापका कारण अहिले पनि खापडको धामी कामेपछि रुन्छ र आफूलाई धिक्कार्ने गर्दछ । खापडले गरेका यस अपराधका कारण मस्टा सम्प्रदायबाट त्यसलाई अलग्याइएको र अन्य मस्टाहरूले पनि गन्यापको समर्थन गरेको कथा खप्तड क्षेत्रमा सुनिन्छ (मिथककोश, पृ. ८०) ।

गन्यापधुरा-४ का नवराज भट्टका अनुसार मुन्ठा (मस्टा) देवताले खपऱ्यालाई भगाउनमा ठुलो भूमिका निर्वाह गरेको हो । लाटा गन्यापको पूजा ओझा बाहुनले गर्ने गर्छन् । गन्यापधुराकै कृष्णराज ओझा बताउनुहुन्छ– खपऱ्याले गन्यापलाई अशुद्ध पार्न गाईको साँप्रो लिएर आक्रमण गर्न खोजेको र मसानीले संरक्षण गरेको देखिन्छ । गन्याप नबोल्ने देवता हो ।

अजयमेरु गाउँपालिका-२ हाट निवासी प्रेम सार्की बताउनुहुन्छ– खपऱ्या दैत्य जोराइल र गन्यापधुरा क्षेत्रको नाइल तालतिर बस्ने गर्दथ्यो । यसले गन्यापको जिब्रो थुत्यो भन्ने किंवदन्ती रहेको छ । खपऱ्याले गन्यापमा हानेको गोलो अझै त्यहीँ छ । गन्यापमा अवस्थित लाटोको पूजा भूल जातिले पनि गर्ने गर्दछन् । उक्त स्थलमा काठका खम्बाहरूमाथि फल्याक बिछ्याएर टाँड अर्थात् मचान बनाइएको हुन्छ । त्यसमा सम्मानका साथ जयसेरा गाउँका भूल समुदायका सम्मानित व्यक्तिहरू जात्राका समय बस्ने गर्छन् । अन्य जातिहरू तल बस्ने गर्छन् । नवराज भट्टका अनुसार त्यस समुदायमा नातक वा सुतक भयो भने तिनको अनुमतिले मात्र अन्य समुदायका व्यक्ति त्यसमा बस्न पाउँछन् । उनको भनाइअनुसार मूल पूजास्थलबाट अलि पर बाटोले दुई भाग गरेको छ । त्यतातिर त्यो टाँड बनाउने गरिन्छ । यस व्यवस्थापनबाट सम्मानसहितको विभेद गरिएको झल्किन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गन्याप मन्दिर स्थलमा भूल (सार्की) हरू बस्ने टाँड, डँडेलधुरा

९.४ नाइलको ताल क्षेत्रमा खपऱ्याको कब्जा

जोसुकै व्यक्तिले पनि सुविधाजनक ठाउँ रोज्नु मानवीय गुण नै हो। शासकवर्गले स्वाभाविक रूपमा जनसङ्ख्याको घनत्व, सेवा सुविधाको उचित प्रबन्ध, सुरक्षाको सुनिश्चितता हुने ठाउँलाई प्राथमिकता दिने गर्दछन्। त्यसै गरी खपऱ्याको मामिलामा पनि त्यस्तै ठाउँलाई आफ्नो अधीन पार्ने कोसिस गरेको देखिन्छ। जोराइ क्षेत्रभित्र पर्ने उक्त स्थानलाई रुचाएर नै होला खपऱ्याले पनि आफ्नो नियन्त्रणमा पारी बसेको देखिन्छ। गीतहरूमा लुकेर बसेको भनेर त्यसको आलोचनात्मक अभिव्यक्ति दिए पनि ताल परिसर क्षेत्र सौन्दर्य र विकासका लागि सहज हुन्छ नै।

त्यही जमानामा सडकको कल्पना गर्नु पनि साधारण कुरा देखिँदैन। फेरि, आफ्नो ठाउँ सुरक्षित बनाउनका लागि बलिया शक्तिलाई कमजोर बनाउन गन्यापमाथि आक्रमण गरी जिब्रो थुतेर बोल्नै नसक्ने अवस्थामा पुऱ्याएका कारण खपऱ्या तालभित्र लुकेर बसेको कुरा त्यति विश्वासयोग्य छैन। फेरि, हरिबहादुर देउवाले भने झैँ रानी साथमा लिएर विरोधी शक्तिहरूबाट गद्दी सडक खनाई अठौती मल्लले यस क्षेत्रमा प्रवेश गरेको देखिन्छ। तर प्रायजसो इतिहास जित्नेको घोडा हुन्छ भने झैँ खपऱ्यालाई समूल नष्ट गर्न नसके पनि विरोधी शक्ति फले फुलेको हुँदा त्यो आलोच्य पात्रका रूपमा चिनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस क्षेत्रमा नाइललाई आफ्नो आधार क्षेत्र बनाई देवताहरूसँग मोर्चा लिएको ठुलो अखडा देखिन्छ। "खपऱ्या जोराइल देश, रगतकी ताल लुकि रैछ" भन्ने भनाइबाट जतासुकै पनि खपऱ्याको बढीभन्दा बढी सम्बन्ध तालहरूसँग देखिन्छ। बनारसीसँगको द्वन्द्वमा पनि तालभित्र नै खपऱ्याको रगत पिएको कुरा आउँछ। त्यो चाहे सुर्नया नदीको होस् वा ऐँच्याकाँडाको ताल होस्। नागनीमा पनि ताल पसेर गायब भएको कुरा उल्लेख छ।

त्यसै गरी सिमदोगडा पनि सुर्नया र डोटेलीको सङ्गमस्थलको ताल नै हो अनि पछिको नाइल तालको प्रसङ्ग र त्यसै प्रकार बाजुराको ब्रह्मदेवको ढोल चोरेपछि लखेटिँदा छेडे दहमा लुकेको भन्ने पनि छ। अन्तमा खप्तडको खापड दहमा खापडे मस्टाका रूपमा देवता भएर सदा सदाका लागि बसेको पाइन्छ। यसबाट सहजै अनुमान लगाउन सकिन्छ– खपऱ्याको जन्म माल मधेसमा भएको र गर्मी क्षेत्रको बासिन्दा भएका कारण बा[illegible]लदेखि नदी तलाउहरूमा सधैँ खेलिराख्ने बानीबेहोराले पानीसँग रा[illegible]बन्ध रहेको देखिन्छ। यस कारण कुशल गोताखोरहरू लामो समयसम्म पानीभित्र सास रोकेर माछा आदि समात्ने अभ्यास भएका जस्तै आफूलाई केही समय पानीभित्रै लुकाउने वा भित्रै पौडी खेलेर टाढासम्म जाने क्षमताका कारण ताल तलाउ प्रिय भएको हुन सक्छ। जोराइल देश रगतकी ताल भन्नुको तात्पर्य विरोधीहरूसँगको हिंसाले उत्पन्न भएको रगतका साथै गाईगोरु काटी देवताहरूमा प्रहार गरिरहने भएको हुँदा सधैँ रगतका आहाल बनाई बीभत्स अवस्थामा देखिने हुँदा पनि नाइलतिर बस्दा त्यसका उक्त क्रियाकलापबाट ताल नै रक्ताम्य भएको होला भन्ने आधारमा रगतको तालमा लुकेको हुन्छ भन्ने सन्देश प्रवाह गरिएको हुनुपर्छ।

९.५ मिथकको दानव नै खपऱ्या राजा हो कि ?

प्रज्ञा नेपाली मिथक कोशको (पृ. ९८) मा नाइल ताल बारेको मिथकअनुसार-कैलाली, कञ्चनपुर र डँडेलधुराको सिमानामा पर्ने ताल भएको गाउँमा एक राजा बस्दथे। दैनिक रूपमा तिनका सिपाही वनबाट सिकार गरेर राजाका लागि ल्याउने गर्दथे। एक दिन मृग फेला नपरेपछि मानिस मारी मासु ल्याएछन्। उक्त मासु राजालाई धेरै मिठो लागेछ। राजाले यो कुन जनावरको मासु हो भनी सोधेपछि सिपाहीहरू डराएर काम्न थालेछन्। डराउनु पर्दैन साँचो कुरा भन भनेर राजाले भनेपछि समस्याले गर्दा मान्छेको मासु ल्याएको कुरा बताएछन्।

राजाले आजदेखि मान्छेकै मासु ल्याउनू भन्ने आदेश दिएछन्। यो प्रक्रिया निकै चलि नै रह्यो। राजा मान्छे खाने दानव नै भइसकेको हुँदा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गाउँलेहरूको पालो नै लगाएर खाँदा गाउँ नै उजाड हुन थाल्यो । एउटा घरमा आमा र छोरा गरी दुईजना मात्र बाँकी रहेकाहरूको पालो आएको दिन पहिला म जान्छु, म जान्छु भन्दै रोइरहेका अवस्थामा एकजना पाहुना पुगेछन् । रुनुको कारण सोध्दा कारण वताएछन् । त्यसले आमाको लुगाका छेउमा धागो बाँधी तिमी जाऊ । त्यसका आधारमा म आई त्यसको अन्त्य गर्ने छु भनेछ ।

उक्त धागो त्यो गुफाभित्र गएको देखेर नै होला उक्त व्यक्तिले ढाडु नामक समैजीलगायत अरू देवता लिएर आएछ । ढाडु समैजीले अरूलाई बाहिर राखी हेरचाह गर्नू भनी आफू भित्र पसेछ । ६ दिन बितिसक्दा पनि केही पत्ता लागेन । सातौँ दिन त्यो गुफाबाट रगत बग्यो । बाहिरका सबै देवता डराए । कतै हाम्रै बलवान् ढाडु समैजीलाई त्यस दानव राजाले मारेको हुँदा रगत आउन थाल्यो भनी आत्तिए । तर, समैजीले त्यसलाई मारी बाहिर आउँदा उसका साथीहरू भागिसकेका थिए ।

त्यही रगतले त्यहाँ तालको उत्पत्ति भएको जनश्रुति रहेको छ । उक्त तालको पानीले सात रङ फेर्ने गरेको थियो तर वि.सं. २०६० सालतिर माओवादी योद्धाहरूले गाईको रगत तालमा हालिदिएका थिए । त्यस दिनदेखि ताल सुकेर दलदल हिलोमा मात्रै परिणत भएको छ । पानी रङ्गिन देखिनुको कारण तालवरिपरि विभिन्न प्राकृतिक रङ्गिन फलफूल, चट्टान, र बोटबिरुवाको प्रतिछायाँ पनि हुन सक्छ । माओवादी कालमा उक्त ठाउँमा केही दिन बढी बस्दा त्यसको प्राकृतिक वातावरणमा भौतिक फेरबदल आएको पनि हुन सक्छ । पहिला राक्षसी ताल भनेर मान्छे नजाने हुँदा सुरक्षित रहेको पनि हुन सक्छ । उक्त दानव राजालाई नै गीति वर्णनअनुसार खपऱ्या भनेको हो कि ?

९.६ नाइल तालमा भएको द्वन्द्व

हरिबहादुर देउवाले भने जस्तै लामीतालदेखि जगतडीको मध्ये सबै क्षेत्रका खपऱ्याविरोधी देवताहरूको भेला भयो । त्यसमा पनि झौलेक आदि ठाउँमा युद्ध रणनीति बनाउने क्रममा केही सूरा देवताहरूले हामी वैध अवैध जस्तो गर्नुपरे पनि युद्ध गर्छौं तर पछि विभेद गर्नुभएन भन्ने सर्त राखे जस्तै यता पनि राखिएको थियो । सो कुरा हरणीका वीरबहादुर साहु र अजयमेरुका प्रेम सार्की बताउँछन् । अजयमेरु क्षेत्रबाट नेतृत्व समैजीले गऱ्यो । लाटासँग बाचा गर्दै भन्यो– पहिला पूजा तिम्रो होला अनि पछि मेरो । आआफ्ना अगुवाले आफ्नो क्षेत्रअनुसार र संयुक्त क्षेत्रमा पनि विभेद नगरिने कुरा आएपछि आक्रमण सुरु हुन्छ ।

अठौती मल्लले कटाएको सडक हुँदै नाइल पुगेपछि समैजीको सेनाले आक्रमण गर्छ । दुवै पक्षमा ठुलो सङ्घर्ष हुन्छ । त्यसै क्रममा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खपऱ्याले समैजीको खुट्टो नै भाँचिदिन्छ। अन्य देवताहरूको भागभाग हुन्छ। पासो देवता बन्चराको बिँड हाल्ने पासोभित्र लुकेको हुँदा पासो देवता नाम परेको हो। खपऱ्याको डरले सानो दुलोमा गएर लुकेको हुँदा पछि तिनको अपहेलनास्वरूप उक्त दुलालाई बन्चरोको पासोसित तुलना गरिएको हुन सक्छ। वीरबहादुर साहु युद्धको वर्णन यसरी गर्नुहुन्छ– नाइल ताल पुगेपछि एक कुनामा लाटोले मोर्चा समाल्यो।

अरूमा शम्भुनाथगणहरूले आफूलाई सुसज्जित पारे। दैत्य हुंकार गर्दै बाहिर आयो। सतर्कतापूर्ण अवस्थामा बसेको शम्भूले बाण प्रहार गर्दा खपऱ्याको एउटा दाँत झर्न जान्छ।

उक्त आक्रमणबाट आक्रोशित हुँदै समैजीमाथि खपऱ्या झम्टिन पुग्छ। एक गोडो खाइदिएपछि समैजी पछारिन पुग्छ। सहयोगी शक्तिहरू उक्त बीभत्स अवस्था देखेर भयभीत भई भागाभाग गरेको देखेर अर्को कुनाबाट चनाखो भई आक्रमणका लागि तत्पर रहेको लाटो सूर्यको ज्योतिमा सवार भयो।

भन्नुको तात्पर्य एकैछिनमा झिल्को झैँ गरी कतै गएर मरेको गाईको साँप्रो मुखमा च्यापी ल्याएर खपऱ्यामाथि प्रहार गर्न पुग्छ। उक्त सिनो खपऱ्याका लागि खाद्यवस्तु भएको हुनाले खपऱ्या त्यसलाई खान व्यस्त हुन्छ। वीरबहादुर साहूको भनाइअनुसार त्यही समय छोपेर लाटोले बाइस कटरा प्रहार गरी खपऱ्यालाई टुक्राटुक्रा बनाए।

यसलाई प्रेम सार्की यसरी भन्नुहुन्छ– लाटाले आफ्ना दुवै काखमुनि भैंसीका साँप्रा च्यापेर ल्याई तालमा फाल्यो। खपऱ्याले साँप्रो खान थाल्यो। त्यसै समय लाटाले २२ कटराले हानेर माऱ्यो। यहाँ बाइसओटा कटारहरू हुन् वा एउटै कटारले बाइस चोट हानेको हो, मननीय विषय छ। विभिन्न ठाउँमा खपऱ्यासँगको लडाइँमा लाटो प्रत्यक्ष लडेका आधारमा र देवताहरूका लागि खान नहुने (बन्देज मानिएको) वस्तु गाईको सिनो समाती लड्दै आएको हुनाले यससँग छुवाछुत गरिएको कुरालाई मनन गर्दा प्रत्यक्ष लडेर बाइसओटा प्रहार गरेको ठहर हुन्छ।

लाटासँग विभेद नगरी पूजनीय बनाएको समुदाय तालभित्र भएको खपऱ्यालाई २२ ओटा कटारहरूले टाढैबाट प्रहार गरी मारेको भनेर पनि व्याख्या गर्न सक्लान्। त्यही ठाउँमा खपऱ्या मारि नै हाल्यो भन्ने कुरा विवादित छ। त्यसको अगाडिको कथाबाट घटनाक्रम बुझिँदै जाने छ। हरिबहादुर देउवा भन्नुहुन्छ– यस द्वन्द्वमा खपऱ्याले मणिलेकको त कन्न (मानव शरीरको पछाडिको भाग) नै तोड्यो अर्थात् ढाड नै भाँचेको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

९.७ खपऱ्यासँग भएकी महिला को हुन् ?

खपऱ्यालाई स्थानीय देवताहरू मिली परास्त गरेपछि तिनीसित एकजना महिला रहेको वर्णन लगभग सबै जानकारहरू बताउँछन् तर ती महिलाको सम्बन्ध खपऱ्यासँग के थियो भन्ने स्पष्ट हुन सकेको छैन। हरिबहादुर देउवा भन्नुहुन्छ–"सडक निर्माण गराएपछि आफ्नी रानीसहित उक्त बाटो खपऱ्या गएको हो।" गीतमा पनि भन्छन्–

खपऱ्या देवताकी अति सुन्दर रानी
पिल्को भरन लाग्यो पानी।

यस भनाइबाट खपऱ्याको साथमा उनकी रानी अर्थात् श्रीमती थिइन् भन्ने बुझिन्छ।

पूर्व विधायक नन्द सार्की 'चक्रदेव' भन्नुहुन्छ– "ती महिला खपऱ्याकी छोरी थिइन् र तिनीसँग पिल्कोको माया बसेको थियो।" यस कारण पिल्कोलाई सबैले सम्मानपूर्वक हेर्दैनन्। डोटीकै संस्कृति अध्येता तीर्थराज पाठक भन्नुहुन्छ– पिनाकेश्वर घण्टेश्वरको द्वारपाल हो। त्यसले ब्राह्मणकी श्रीमतीको बलात्कार गरी उसका श्रीमान्को समेत हत्या गरेको हुँदा त्यसलाई राम्रो दृष्टिले हेर्दिन।

हरणी अमरगढीका वीरबहादुरको भनाइअनुसार खपऱ्यालाई मारेपछि त्यसै तालबाट (ताल भनेको तालक्षेत्र भन्न खोजेको हुनुपर्छ) खपऱ्याकी बहिनी आइन्। तिनले बिन्ती भावमा समैजी र लाटासँग भनिन्– "हेर, मेरो दाजु त तिमीहरूले माऱ्यौ, अब म यहाँ के खाएर बाँच्ने हो ? मलाई पनि साथ लिएर जाओ।"

त्यसको करुणामय याचना सुनेर समैजी भावुक भएर साथै लैजाने बचन दिन्छन् तर त्यसै समय लाटो आक्रोशित रूपमा काम्दै भन्छ– जसलाई म घृणा गर्दछु, त्यसैलाई तिमी साथमा लैजाने हो ? मलाई मन्जुर छैन। लाटाको विरोधलाई देखेर समैजी मत्थर पार्न भन्नुहुन्छ– "हामी देवता हौं। नारी जातिमाथि दयाभाव राख्नु हाम्रो कर्तव्य पनि हो। फेरि, मैले बचन पनि दिइसकेको छु।" यति भनी साथै लैजान लाटालाई मन्जुर गराएर जोराइलको बाटो हिँड्न थाले। बाटोमा समैजीको मित पिल्कोसँग भेट भयो र तिनलाई तिनकै जिम्मा लगाएर लाटो र समैजी आफ्नो गन्तव्यस्थलतिर लागे।

फेरि, बझाङको पाटादेवल खापरमाडौंबाट खप्तडदह माडौं जाने डोलाजात्रामा मुसी रानीको डोला भनिने कुराबाट खपऱ्याकी रानीको नाम मुसी थियो भन्न सकिन्छ। खपऱ्यासँगकी महिला उनकै श्रीमती भएको कुरालाई त्यसले पुष्टि गर्दछ। यी चारओटा तर्कहरूलाई मनन गर्दा सङ्क्रमणकालीन अवस्थामा छोरी-बहिनीलाई साथमा लिइरहनुभन्दा सहज श्रीमतीलाई राख्न हुने हुँदा श्रीमती हुन सक्छिन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

युद्ध क्षेत्रमा प्रवेशका बेला लुगा धोएको र लड्डु बनाएको कुरा पनि उहाँकी श्रीमतीसँग जोडिएको छ। छोरी वा बहिनीको प्रसङ्ग कतै उठेको देखिँदैन। पिल्कोसँगै तिनको पूजा हुने गर्छ। तिनी पिल्कोको द्वारपाल बनिन् भनेर वीरबहादुर साहु भन्नुहुन्छ– कोटिगाउँका राज ठगुन्नाले भने अनुसार पिल्को र खपऱ्या भाइ हुन् भने ती महिला तिनकै वंशकी भएकीले संरक्षण दिएको स्वाभाविक देखिन्छ।

९.८ कतै सातसङल्या खपऱ्या त होइन ?

डोटी तिखातरका डम्बर विश्वकर्मा बताउनुहुन्छ– उहाँका गाउँका लोहार समुदायका कुलदेवता अर्थात् मठ्या सातसङल्या देवता हुन्। यिनलाई यहाँको एउटा बलिष्ठ देवताका रूपमा पुजिन्छ। यहाँ रहेका मोहन्याल देवता सबै जाति समुदायका साझा हुन्। यहाँका मुख्य बासिन्दा कठायत, बम, लोहार आदि हुन्। कठायत यिनको धामी काम्ने गर्दछ। मोहन्यालको भण्डार दलित र गैरदलित समुदायबिच राख्ने गरिन्छ। सातसङल्याका धामी र पुजारी लोहार नै हुन्छन्। सातसङल्याको सम्बन्ध खपऱ्यासँग जोडिनुपछाडिको कारण के देखिँदै छ भने सातसङल्या देवताहरूसँग लडेको वा देवताहरू मिली त्यसलाई सात साङ्लाले बाँधेको हुनुपर्छ।

त्यसले तिनलाई तोडेको हुँदा सातसङल्या भनेको खपऱ्या नै हुनुपर्छ। फेरि, खपऱ्या अन्य ठाउँहरूमा पनि शिल्पी समुदायबाट बढी पूजनीय छन्। यहाँ यसका धामीले कामेर *"म यहाँको मठ्या हुँ"* भन्छ भने त्यसले यस क्षेत्रलाई आफ्नो अधीन पारेको प्रस्ट देखिन्छ। जोत्दा बसिहाल्ने गोरु र लैनो गाइभैंसीले दुध नदिनेलाई "म दाउँ लगाउँछु। अर्थात्, (गल्या दोछड्या दाउँछु) पेलेर ठेलेर पनि काम लगाउँछु। बार बयला काट्छु, अर्थात् अशुभ दिन र हावा (पक्षघात) लाग्नबाट जोगाउँछु" भन्ने वाणी धामी काम्दा बक्ने गर्दछ।

सातसङल्यालाई बैतडी पाटनमा पहरी समुदायले पुज्ने गर्छन्, जसलाई पाटनका धार्मिक तथा सांस्कृतिक ज्येष्ठ नागरिक परमानन्द पन्त खपऱ्या नै हो भन्नुहुन्छ। जब कि, कुमाउँमा कालिकालाई सातसङल्याले त्यही खपऱ्याले बाँधेको कुरा माथि नै उल्लेख भइसकेको छ। केही ठाउँका बलिष्ठ देवताका धामी काम्दा बोल्ने गर्छन्– *"अला, नौ लड्या सातसङल्या कोबादलो भन्जै, मै बाद्लो। तला ताँत मै छिराउँलो।"* अर्थात्, यस किसिमका ठुला डोरी र सिक्रीहरू ल्याएर बाँध्न खोज्ने वा त्रास देखाउनेलाई अरू कसले रोक्न सक्छ र ? म बाँधौंला, म माटोमुनि च्यापौंला।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपसंहार

खपऱ्यासँग भएको द्वन्द्वले यस क्षेत्रमा पनि विभिन्न किसिमका विभेद सिर्जना भएको देखिन्छ। गन्यापको जिब्रो नै थुत्नु, समैजीको गोडो नै खाइदिनु, लाटाले त गाईको साँप्रो लिएर प्रत्यक्ष लड्नुले के देखाउँछ भने जनमानसमा व्याप्त यी देवताहरू जिउज्यान लगाएर देवताहरूको पूर्वसर्तअनुसार लड्छन्। पछि यी देवताहरूमध्ये केहीलाई शिल्पी समुदायको जिम्मा लगाइयो। केहीलाई भने गैरदलितले पुजे पनि तिनीहरूलाई ठुला र चोखा हौं भन्नेहरूले विभेद गरेकै छन्।

देवताहरूको यति ठुलो एकीकृत शक्ति लागेर पनि विभिन्न ठाउँमा भएका द्वन्द्वहरूमा खपऱ्यालाई हराएको देखिन्छ। उनीहरूले खपऱ्यालाई माऱ्यौं भने पनि मार्न सकेको देखिँदैन। कमजोर मनस्थितिले लड्दाको परिणाम पनि हो कि भन्ने लाग्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेदः दश

१०. खपऱ्या-खप्तड सम्बन्ध

१०.१ पृष्ठभूमि

विभिन्न प्रसङ्गमा यसबारे प्रा.डा. स्वर्गीय जयराज पन्तलगायतका विद्वत्वर्गबाट पनि आआफ्ना कृतिहरूमा खपऱ्याको सम्बन्ध खप्तडसँग जोडिएको उल्लेख छ। प्रज्ञा नेपाली मिथककोश (पृ. ८०) का अनुसार ठुलो मुख खोलेर विकृत स्वरूपमा हिँड्ने हुनाले यसलाई खापडे मस्टा भनिएको हो। यसको प्रमुख वासस्थान खप्तड मानिन्छ। खापड देवको तड अर्थात्, फराकिलो पाटन भन्ने अर्थमा खप्तड नाम यस देवताकै नामबाट रहन गएको हो। खापडे, बाँ, मुण्डा, लाङ्खुरे, खुन्दाल, साइन, कुमाल, क्युँडालो, बाँठेपाल, पुवाले, कुर्मी र मण्डलीसहितका बाह्र भाइको धनी देवताका रूपमा पनि यिनलाई लिइन्छ।

खप्तड दोभान क्षेत्र

खपऱ्याले प्रभावित पारेको क्षेत्र तत्कालीन डोटी-कुमाउँभरि नै रह्यो। अन्तमा गन्याप, समैजी र लाटाले हराएर खप्तडमा सीमित हुन बाध्य पाऱ्यो। खप्तडमा पनि एक दहमा लुकेर बसेको घटना नै 'खप्तड' नाम रहनाको कारण हो भनिएको छ। अतः खपऱ्याको अभ्युदयलाई सीमित

CC-0. Nepal Sanskrit Academy, Kathmandu

घेराभित्र राखेर हेर्ने अवस्था छैन। खप्तड प्राकृतिक सौन्दर्यले भरिपूर्ण र जैविक विविधताको भण्डारका रूपमा परिचित छ। यसको रसस्वादन कसले गर्न चाहँदैन र ? यो त भारतको काश्मीर हो, जसलाई धरतीको स्वर्ग भनिन्छ।

त्यहाँ जन्मेर पनि ५० वर्षसम्म हामीले स्वर्गकै एउटा टुक्रा मान्दै आएको यस खप्तडभूमिमा डा. शिवप्रसाद डोग्रा खप्तड बाबाको नामबाट प्रसिद्धि प्राप्त गरेर ज्ञानगुनका भण्डारहरू हाम्रा लागि छोडेर जानुभएको छ। खपऱ्या, खापड, अठौती मल्ल, कलिया, मेधनी मल्ल जे नामधारी मान्छे भए पनि आफ्नो समयदेखि अहिलेसम्म कसैका लागि दैत्य दानव र कसैका लागि देवताका रूपमा पूजनीय छ।

हामी हरेक पुराना कुराको अध्ययन अनुसन्धान गर्ने क्रममा सहज ढङ्गले प्राप्त हुने वेदलगायत पौराणिक ग्रन्थहरूको सहारा लिने गर्छौं। सबै कुरा त्यसकै थाप्लोमा हालेर निर्णय गर्ने बानीले कतै हामी पनि चुकिरहेका त छैनौं ? भन्ने कुराको आभास हुँदै छ। डा. पन्तले भनेजस्तै स्कन्द पुराणको मानस खण्डमा वर्णित 'खेचराद्रि पर्वत' को अपभ्रंश रूप खप्तडसम्म पुग्नु स्वाभाविक देखिन्छ तापनि यसको वास्तविकता भने भिन्न छ। प्रा.डा. जयराज पन्तले यसबारे प्रस्ट पारेको कुरा अध्ययनको तेस्रो खण्डमा खपऱ्याको उत्पत्ति क्षेत्रमा लेखिसकिएको छ। मैले यस विषयको केन्द्रबिन्दु बैतडीको स्वराड क्षेत्र नै बनाउन खोजेको हुँ तर अध्ययनका क्रममा लहरा तान्दा पहरा थर्किन्छ भने झैँ हालको राजनीतिक रूपमा विभाजित डँडेलधुरा, डोटी, बझाङ, बाजुरा जस्ता जिल्लाहरू पनि कम प्रभावित रहेनछन्। यिनको सबै ठाउँमा आफूले प्रत्यक्ष भ्रमण गरेर प्रारम्भिक तथ्यहरू लिन नसके पनि द्वितीय तथ्यहरूका आधारमा केही जानकारी प्राप्त गरेको छु। जसले गर्दा भविष्यमा अध्येताहरूका लागि केही सहज हुन सक्छ। यसैले खप्तड क्षेत्रमा पनि खपऱ्याको प्रभावबारे कलम चलाउने धृष्टता गरेको छु।

१०.२ खपऱ्या र खापडदेव

जितसिंह भण्डारीद्वारा लिखित तथा सङ्कलित डोटी क्षेत्रको प्राचीन इतिहास (पृ. ३६५) मा डा. जयराज पन्तद्वारा लिखित खप्तड लेखबारे मैले माथि उल्लेख गरे तापनि यस खण्डमा वर्णित क्षेत्र खप्तड नै रहेकाले उक्त ठोस तथ्य विद्वान् व्यक्तित्वबाट अभिव्यक्त भएकोलाई पुनः उद्धृत गरेको छु। जसले यस खण्डको अध्ययनमा पाठक वर्गलाई केही सहजता प्रदान गर्ने छ।

"कुनै बेला काफली, गन्याप, घण्टेश्वर, भागेश्वर, जगन्नाथ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

केदारजस्ता स्थानीय दैवीशक्ति मानिनेहरूसँग लडेर आफ्नो प्रभाव डोटी क्षेत्रभरि फैलाउन खोज्ने खापडे मस्टालाई गणेशका अवतार मानिने गन्याप देवताले हराएका थिए भने खप्तडमा गई सीमित स्थानमा बस्न बाध्य तुल्याएका थिए ।

सोही मस्टा खप्तडको एक दहमा लुकेर बसेको घटनाकै कारण 'खप्तड' नामकरण भएको हो । खापडे मस्टाले लुकेर बसेको दह वा तलाउलाई आज पनि 'खापड दह' भनिन्छ । साथै, सो तलाउका नजिकैको माडौँलाई खापण देउका माडौँ भनिन्छ । यही खापडे मस्टा बस्ने ठाउँ वा क्षेत्र भएकाले 'खपडको तड' अर्थात् खापडे देवताको फाँट वा खापडे देवता बस्ने फराकिलो मैदान भनिएको हो । बैतडी, डँडेलधुरा र डोटीको जोराइल क्षेत्रसम्म गौरामा गाइने गीत र जनश्रुतिमा खपऱ्या दानव वा दैत्य भनिएकोलाई खप्तड क्षेत्रमा पुग्दा भाषिक भिन्नता भई खापड हुन गएको हो ।

उक्त क्षेत्र मस्टाजस्ता लोकदेवताबाट बढी व्याप्त भएकाले त्यसको पनि कुनै ठाउँमा मस्टाकरण गरी खापड मस्टाका रूपमा स्थापित गरिएको हुनुपर्छ । खप्तडसँग जोडिएका दुईओटा जिल्लाहरू बाजुरा र बझाङमा उल्लेखनीय रूपमा सबै वर्गबाट पूजनीय छन् खापरदेव । डँडेलधुराका यज्ञराज अवस्थी भन्नुहुन्छ– खपऱ्याको टाउको बझाङ मानिन्छ । यसको ठुलो प्रभाव खप्तड क्षेत्रमा व्याप्त छ । बझाङ निवासी शिक्षक वेदप्रसाद जोशी भन्नुहुन्छ– "खपऱ्याप्रति जनविश्वास रहँदै आएको हुँदा सामाजिक र सांस्कृतिक प्रभाव परेको छ । गौरा देवी खपऱ्याकी बहिनी मानिनुहुन्छ । खपऱ्या बझाङको जुजिमा पुजिन्छ ।"

१०.३ बाजुरामा खापर

जितसिंह भण्डारीकै पुस्तकको (पृ. ३६८) मा वर्णित कुराबाट के बुझिन्छ भने मस्टा देवताका बाह्र भाइमध्येका एक मानिन्छन् । यिनलाई भगवान् शिवका र दैवी शक्तिका सैनिक वा गण मान्ने गरिएको छ । यिनमा दुधे र लडेले सात्विक पूजा र दाडे र खापडेले तामसी पूजा चाहन्छन् । यसमा उल्लेख भए झैँ खापडदहका नजिकैको खपडे मस्टाको माडौँकै छेउमा सार्कीहरूले पुज्ने मस्टा देवताको थान रहेको छ । जातीय विभेद अन्त्य गरेर सबै जातिका साझा देवताका रूपमा मान्य हुनु मस्टाको विशेषता हो । सार्कीको पूजा अर्चनालाई महत्त्व दिएर मूल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुजारी सार्कीलाई नै बनाउने खापडे मस्टा अतीतमा काफली, केदार र गन्यापसँग झगडा गरेका कारण जति लज्जित हुन्छन्, त्यत्ति नै सार्कीको पूजा उपासना पाउँदा आफूलाई गौरवशाली सम्झन्छन्। खप्तडका विभिन्न सांस्कृतिक महत्त्वमध्ये सार्कीमाडौँ पनि एक हो भनिएको छ।

त्यसै गरी 'डोटी क्षेत्रको प्राचीन इतिहास धार्मिक स्थल र वंशावली'मा सङ्कलित हरिदत्त पाण्डेयको लेख "खप्तडः एक अलौकिक सम्पदा" मा सार्की समुदायले प्राप्त गरेको खापर देवताबारे भनिएको छ– "सार्कीहरूको भनाइअनुसार खापरमाडौँ रहेको स्थानमा उनका कुनै एक पूर्वजले निगालो काट्दा निगालाको बोटबाट रगत बग्न थाल्यो। रगतलाई रोक्न ती सार्कीले चामलको फाँको चपाई घाउमा राखेको र त्यस फाँकोबाट रगत रोकिएको हुँदा त्यसै बेलादेखि सार्की जातिकै मानिसले चपाएको चामलको फाँकोबाट सार्कीले नै पूजा गर्ने चलन रही आएको छ। यस मन्दिरमा अनन्त चतुर्दशीको रात्रिमा मेला लाग्दछ।"

उक्त मन्दिर उद्गम स्थान र निकास नभएको करिब पचास मिटर चौडा र एक सय मिटर लम्बाइ भएको तालकिनारमा अवस्थित छ, जसलाई खापर दह भनिन्छ। यसबारे दीर्घसिंह बोगटी "हाम्रो संस्कृति तथा पर्यटन सभ्यताको एक झलक" को (पृ.२६/२७) मा थप लेख्नुहुन्छ– "खापर कुनै सिद्ध पुरुषका नामले गाउँले जनतामा परिचित छ। यसको अर्को शाखा बझाङ जिल्लाको छान्नाअन्तर्गत पुजारी गाउँमा छ। माडौँको समीप एक मन्दिर रहेको छ।"

१०.४ बाजुरामा देवताहरूको सङ्घर्ष

दोस्रो खण्डअन्तर्गत सन्दर्भ ग्रन्थको पुनरवलोकनमा बाजुराको छेडेदहबारे लालबहादुर ओली जो स्थानीय व्यक्ति पनि हुनुहुन्छ, उहाँ खपऱ्या र अन्य देवताहरूसँगको सङ्घर्षका बारेमा भन्नुहुन्छ– "गुदुखाती गाउँ विकास समितिको हालको (तत्कालीन २०६६ को लेख) गुदुखातीको वडा नं. ४ गुदुस्थित ब्रह्म देवताको ढोल खपऱ्याले चोरेछन्। ब्रह्मदेवताले पिछा गर्दै धपाएर ल्याउँदा छेडेदहको उत्तरतिरको अग्लो डाँडामा रहेका धवलपुरा देवताले देखेछन्। धवलपुराले खापरलाई बाँच्नका लागि छेडे दहभित्र लुक्न भनेछन्। त्यसपछि खापर देवता यसै दहभित्र पसेर बाँचेका थिए। यसरी यहाँ खापरको मन्दिर स्थापना भएको हो।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खापर मन्दिर प्रवेशद्वार, बाजुरा

लालबहादुर ओलीले अर्को प्रसङ्ग उठाउँदै लेख्नुभएको छ– खापर देवताले मस्टा देवताकी बहिनी भगवतीलाई बलात्कार गरेछन्। यसको रिसमा मस्टा देवताले खापरलाई पिट्दा खापरको दाँत भाँचिएको थियो रे। यस कारण साँच्चिकै खापर देवता प्रकट भएमा काँप्ने धामीको दाँत थोते भएको देखिन्छ भन्ने विश्वास छ। छेडेदहको पूर्वी छेउमा स्थानीय खापर देवताको मन्दिर छ। यस मन्दिरको पूजाआजा साबिकको आँटीचौर गाउँ विकास समिति वडा नं. १ का रावत र कठायत थरीले गर्दछन्। बाजुराको पुरानो सापट्टा गाउँ विकास समितिको ७ र ९ नं. वडाको बिचमा पनि खापर देवताको मन्दिर रहेको छ।

उक्त मन्दिरमा महतरा, बुढा र कठायतहरूको ठुलो भूमिका रहने गर्दछ। सो कुरा साबिक गोत्री गाउँ विकास समितिका नेता कालीबहादुर शाही बताउनुहुन्छ। वैशाख चतुर्दशीको दिन पूजा लाग्ने उक्त मन्दिरमा धामी ढोकाबाट होइन, झ्यालबाट बाहिर निस्कने गर्दछन्। बाजुराकै साबिकको सापट्टा गाउँ विकास समिति -३, हाल स्वामी कार्तिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खापर गाउँपालिका -१ का महेश धामी खापरबारे बताउनुहुन्छ– खापरदेवको मन्दिर स्वामी कार्तिक वडा नं. २ को अग्लो डाँडा (टापु) मा स्थापित छ।

खापरको धामी सबै जाति र समुदायमा आआफ्नो समुदायको रक्षार्थ काम्ने गर्दछ। यस देवताको पूजा वैशाख पूर्णिमाको दिन लाग्ने गर्दछ। पुजारी उपाध्याय बाहुन नै हुने गर्दछ। पूजा लाग्ने दिन सबै जाति, समुदाय पूजा सामग्री लिएर बाजागाजा, नेजा, ध्वजासहित मन्दिर स्थलमा जाने गर्दछन्। मन्दिरको ढोका बन्द हुन्छ। ठकुरी, बाहुन, क्षत्री, विश्वकर्मा आदिका धामी पतुर्ने (काम्ने) गर्दछन्। त्यहाँ बोकेको अक्षताले ढोकामा हान्दा जुन जातिको धामीबाट ढोका खोलिन्छ, त्यो वर्षको जात्रामा त्यसलाई मान्यता प्राप्त हुन्छ। त्यसको बोली बचनको कदर गरिन्छ अनि बाजागाजासहित जयजयकार गर्दै उक्त धामीकै घरमा खसीबोका काटी भोजको आयोजना गर्ने गरिन्छ। महेश धामी भन्नुहुन्छ– माओवादी द्वन्द्वपछि उक्त देवस्थलमा जातीय विभेद निकै घटेको छ।

१०.५ घटनाविशेष

महेश धामीबाट प्राप्त जानकारीअनुसार केही पुस्ताअघि सापट्टामा नरी बम नामका राजा थिए। तिनले खापर देवताको शक्ति परीक्षणका लागि खापरको धामी आफ्नो दरबारमा बोलाउन लगाएछन्। त्यो आउनुपूर्व नै कुकुरको दिसा मगाई तल राखी त्यसमा बिणो (स्याउला-पराल) राखी त्यसमाथि महिलाहरूले प्रयोग गर्ने भुत्राभाम्रा लुगा टाँगिदिएछन्। बिणोमा बस्न लगाई ढोकाभ्यालहरू थुनिदिएछन् अनि काम भन्दा धामी आतङ्कित भई कामेनछ। उक्त दिन माथि मन्दिरमा पूजा गर्ने तयारी पनि चलिरहेको रहेछ। धामीले आफू असमर्थ भई रुपाली देवता सम्भेछन्। तिनले आफ्नो वाहन (विशेष दूत) शक्तिशाली दूत जुक्केल (कुखुरा खाने) पठाएछ।

त्यसले भाँगाको गादोभित्र नदीका लोराहरू लिएर ढोकामा हानेर फोडेछ र धामी काम्दै बाहिर आएछ। घर आँगनमा काम्दै जता जता गयो, त्यता पहिरो जान थाल्यो। वातावरण आतङ्कित बन्न गयो। बम राजाले खापरको शक्ति देखेपछि भयभीत भई माफी माग्दै भनेछन्– *"घाँडैमुनि घाँडो दिउँला, राख बाबु खापर।"* घाँडोहरू तिमीलाई चढाएर पूजाआजा गरुँला। रक्षा गर खापर प्रभु भनेपछि पहिरोको आतङ्क बन्द भएछ। धामीको भनाइअनुसार त्यसपछि बाघ आएछ र धामी काम्दै त्यसमा सवार भई मन्दिर गएर जात्राको कार्य सम्पन्न भएछ। उक्त शक्ति परीक्षणपछि नरी बमले खापरको नाममा जग्गा गुठीको व्यवस्था समेत गरिदिए, पानीको मुहान पनि त्यसैको नामले कायम गरियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



खापर मन्दिर, बाजुरा

१०.६ अन्य देवताहरूसँगको सहसम्बन्ध

यहाँकी रुपाली देवीसँग खापरको सुमधुर सम्बन्ध रहेको छ। एकअर्कालेे बहिनी र भाइ भनी (बैना-भय्या) भनी सम्बोधन गरेको पाइन्छ। मस्टाले पनि भाइ भनी भन्ने गरेको धामीहरूको वाणीबाट बुझ्दा सहसम्बन्ध रहेको देखिन्छ।

१०.७ अन्य पूजनीय विधि र विभेद

यस क्षेत्रमा खापरप्रति जति श्रद्धाभक्ति देखिए पनि यसको मन्दिरमा काँस, पित्तलबाट बन्ने घन्टी नचढाईकन घन्टीजस्तै देखिने फलामबाट निर्मित गाई, भैंसी, गोरुलाई लगाउने घाँडोको प्रयोग हुन्छ। यसको कारण लालबहादुर ओलीले भने झैं ब्रह्म देवताको ढोल चोर्नु र मस्टाकी बहिनी भगवतीलाई बलात्कार गर्नु पनि हुन सक्छ। डोटी, डँडेलधुरा, बैतडीतिर गाईको साँप्रो लिएर गरेको सङ्घर्षको परिणामस्वरूप शक्तिलाई स्वीकार गरे पनि अलिक तुष देखाउने नियतले हो कि भन्ने शङ्का उठेको छ। जब कि मुगुको जल छायाँनाथबाट दुई दिन लगाई बाहुन र भण्डारीद्वारा ल्याएर पूजाआजा गरिन्छ।

अर्को विशेषता देवपितृ पूजनका लागि गाईको दुधलाई उच्च प्राथमिकता दिइन्छ। अन्य देवताहरूको हकमा जब कि महेश धामीको भनाइअनुसार खापरका लागि भैंसीको मात्र दुध चढ्ने गर्छ। जुकोटको खापरमाडौँमा भैंसीको नौनी, दुध र घिउको प्रयोग हुन्छ। बाजुराका राजनीतिक समालोचक दयालबहादुर शाही भन्नुहुन्छ– खपऱ्याको केर को

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गाईभैँसीको किलो र दाम्लोको प्रयोग अरू गाईबस्तुका लागि गरिँदैन। अरूको किलो दाम्लोमा त्यसलाई पनि बाँधिदैन। खापरप्रति यहाँ ठुलो विभेद नदेखिए पनि सूक्ष्म विभेद रहेको देखिन्छ। खापरका लागि खाप्रको र खब्यारो (बाजुरेलीले हियाएर भन्ने शब्द) पनि प्रयोग हुन्छ।

१०.८ बझाङमा खापर

डा. लक्ष्मीराज पण्डित बझाङमा खापरबारे सङ्क्षिप्त रूपमा जानकारी दिनुहुन्छ–"खापरको देवस्थल जुजि भण्याल गाउँभन्दा माथि रहेको छ।" यसका पुजारी जोशी हुनुहुन्छ। खप्तडी संस्कृतिसँग खापरको घनिष्ठ सम्बन्ध छ। सिंह ठकुरी पनि खापर देवता पुज्दछन्। खप्तड गाउँपालिका-६ छान्ना पायदेवलका समाजसेवी एवम् संस्कृतिका जिज्ञासु जगत्प्रसाद जोशी बताउनुहुन्छ–"हाम्रो क्षेत्रमा खापर जगन्नाथ शिवको रूप हो।" यो देवताको कारिन्दामा जोशी, खड्का, थापा, सिंह आदि हुन्छन्। निगालो काट्दा देवता सार्की जातिले नै पाएको इतिहास पाइन्छ। उक्त ठाउँमा साँझ सार्कीले कुर्ने गर्दछन्। मन्दिरभन्दा ५-६ मिटर पर रहेको छ सार्की समुदायको मन्दिर।

छेडा दहको खापर र यहाँको खापरमा निकै फरक छ। जगत्प्रसाद जोशी केही व्यक्तिहरूले खापरको गलत व्याख्या गरेको बताउनुहुन्छ। प्रज्ञा नेपाली मिथक कोश (पृ. ८१) अनुसार बझाङका महाराजी खड्काहरूले अछामी प्रबाल खप्तडीहरूसँग नेपाल सरकारको केन्द्रसम्म मुद्दा लडेका थिए। मुद्दा जिती महाराजी खड्काहरूले खापरको डोला पाउने निर्णय भएको थियो। वि.सं. १७७० तिर बिजु बयानी थापाहरूले खापरको डोली जात्रा गरी बाजागाजा र सजधजका साथ पाटादेवल खापरमाडौँमा भित्र्याए। त्यही बेलादेखि हरेक साल श्रावण पूर्णिमाको दिन खापरमाडौँबाट बाजागाजासहित सरोकारवाला सबै पक्षको सहभागितामा लावालस्करसहित डोलामा मुसी रानीको सवारी खप्तडदह खापरमाडौँ चलाइन्छ। मन्दिरभित्र गब्युर (गर्भगृह) मा गोप्य पूजा चल्छ। बाहिर मन्दिरमा हवन, मङ्गलगान र धामीको देवाली हुन्छ। खप्तडको खेल्ने पाटनमा मुसी रानीको सवारी चलाएको खुसीयालीमा मनोरञ्जनका निम्ति खेलमाल गरी रमाउँछन्।

खप्तड गाउँपालिका वडा नं. ६ छान्नाका हाल धनगढीमा बझाङ थापा होटल चलाई बसेका जयबहादुर थापाका अनुसार धन्ना पाटा देवलको बयानामा दुदिर खापरको मन्दिर रहेको छ। यसका धामी खड्का जातिका हुने गर्छन्। यहाँ अन्य पूजा सामग्रीका साथै गाई र भैँसी दुवैको दुध चढ्ने गर्छ। यहाँ मन्दिरमा घाँडो होइन, अन्य देवताहरूको जस्तै घन्टी नै चढाउने गरिन्छ। खप्तडमा पूजा लागेपछि मात्र यहाँ (तल) पूजा लाग्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

असोज पूर्णिमाको दिन पूजा लाग्छ। भाकल गर्दा बोका बलि, छडी, घन्टी आदि चढ्छ। कसैले घोडा चढाउने भाकलअनुसार चढाउँछन्। उक्त घोडा पुजारीका घरमा रहन्छ। तल खापर र माथि भगवतीको मन्दिर रहेको हुँदा माथि जाने क्रममा धामी कामेर घोडामा चढी जाने गर्छ। उक्त घोडा समात्ने, स्याहार्ने काम छन्नाकै सार्कीले गर्छन्। जोशी पण्डितले भित्रको तिलक, अक्षता सार्कीको धामीलाई दिन्छ। यसरी आफ्ना मन्दिरका खापर देवतालाई पुज्ने गर्दछन्।

घोडामा धामी काम्दा त्यसका साथ हिँड्ने बहुसङ्ख्यक सार्की समुदायका महिला-पुरुष (कामिरहेका) हुन्छन्। प्रज्ञा नेपाली मिथक कोश (पृ. ८०) का अनुसार भाद्रशुक्ल दशमीको दिन यसको (खापडे मस्टा) प्रमुख जाँत मानिन्छ। सोही जाँतमा यस देवताको भक्तिबापत चढाइएका अनेकौं घोडाहरूमध्ये कुनै एउटा घोडामा चढेर यसको धामी तीनचार पटक निकै गहिरो तलाउ मानिने खापड दहमा एक छेउदेखि अर्को छेउसम्म घुम्ने गर्छ। उक्त दह यसैको नामबाट खापड दहका रूपमा प्रख्यात छ। पहिला बझाङ निवासी बेलौरीका शिक्षक वेदप्रसाद जोशी भन्नुहुन्छ–"गौरा पर्वमा गौरा देवीको गाथा गाइन्छ।"

गौरा देवीको रूप हो। उनी खपऱ्याकि बहिनी मानिन्छिन्। खपऱ्यालाई विभिन्न प्रसङ्गमा अछुत मानिएको छ। तसर्थ, अहिले सुदूरपश्चिममा मनाइने गौरा पर्व पहिला शिल्पी समुदाय (विश्वकर्मा) को प्रमुख चाड रहेको विभिन्न सन्दर्भमा उल्लेख गरिएको पाइन्छ। यो प्रसङ्गले त्यो ऐतिहासिक तथ्यलाई थप पुष्टि गरेको छ।

१०.९ अछाममा खापर

अछाम साँफे नगरपालिका वडा नं. १०, धनगढीका सुरतबहादुर खड्का भन्नुहुन्छ– खापर हाम्रो मठ्या देवता हो। सङ्ग्रामसिंह बाजे डाँफेकोटबाट आएका हुन्। खापर थानमा ओडार रहेको र त्यसभित्र भाँडाकुँडा रहेछन् जब माथिबाट पहिरो आयो ती देखा परे अनि पूर्वजहरूले त्यहीँ पुज्न थाले। खप्तडबाट एक बाजे बझाङ गए, एक अछाम आएका थिए। खापरका धामी खड्का पनि छन्। शिल्पी/दलित पनि पहिल्यैदेखि धामी रहेका छन्। यहाँ बोकाको बलि दिइन्छ। ज्येष्ठ र पौषको पूर्णमासीमा पूजा लाग्छ। मेल्लेख गाउँपालिका जेबलाका निवासी हाल बालकोट भक्तपुरका बासिन्दा बलबहादुर खड्काको परिवार अछामको बलिष्ठ देवता खापरको भण्डारी परिवार हो।

निचोडमा खापर उनको कुलदेवता हो। जबलाको डाँडामा यस देवताको माडौं रहेको छ। मूल मन्दिरभित्र कुनै पनि प्रकारको पशु बलि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिइँदैन । अर्थात् सात्विक पूजा मात्रै गरिन्छ । मन्दिरभन्दा केही पर रोल देवताको थानमा बलिविधान गरिन्छ । खापर मन्दिरमा घाँडो चढाइँदैन । घन्टी, त्रिशूल आदि मात्रै चढाउने चलन छ । यस मन्दिरका अधिकारी भने क्षत्री हुने गर्दछन् । पुजारी पनि उनीहरू नै हुने गर्दछन् । यहाँका देवताको विशेषता कुनै व्यक्तिमाथि कुनै किसिमको अन्याय, अत्याचार, थिचोमिचो र भेदभाव भयो भने यस देवतालाई पुकार्ने अर्थात् घात गर्ने गरिन्छ ।

यसले न्याय प्रदान गर्छ भन्ने अनेक उदाहरण दिनुहुन्छ बलबहादुर खड्का । औलका मान्छे खापर देवतासँग डराउने उहाँ बताउनुहुन्छ । उनीहरू आफ्नो सबै कुरामा असल होस् भनी देवतालाई भाकल गरी पूजाआजा पनि गर्ने गर्दछन् । माओवादी द्वन्द्वकालमा मन्दिरबाट विभिन्न सामग्री लिएर गए तर हाम्रो घरमा सुनको मूर्ति छ भन्ने कुरा थाहा पाएर पनि लगेनन् भन्नुहुन्छ बलबहादुर खड्का ।

बैतडी, डँडेलधुरा र डोटीमा जस्तो विभेदकारी देवता खापरलाई बझाङ, बाजुरा र अछाममा मानिँदैन । खप्तडी खड्काहरू आफ्ना कुलदेवताका रूपमा पुज्दछन् । यस क्षेत्रमा विशेष गरेर ब्रह्मको ढोल चोरेको र मस्टाकी बहिनी भगवतीलाई बलात्कार गरेको आरोप लागे पनि ठुलो श्रद्धासाथ खापडे देवताको तड भनी खप्तड नामकरण हुन्छ । खप्तडमा निगालो काट्दा सार्कीले पाएको हुँदा मूल रूपमा सार्कीका देवता ठहरिन्छन् । खप्तडको मूल मन्दिरको धामी/पुजारी पनि सार्की नै हुन्छ । यसको महाशक्तिबाट प्रभावित भई सबै जाति समुदायले स्वीकार गरी पूजनीय बनाएको छ । यस क्षेत्रमा यसका दुइओटा रूपहरू देखिन्छन् –दुधे र दाडे । पुजा पनि सात्विक र तामसी रूपमा गरिन्छ । केही ठाउँमा घाँणा चढाइन्छ र भैँसीको दुध र घिउ मात्र चल्छ । केही ठाउँमा गाईको दुध र काँस पितलको घन्टी चढाइन्छ । राजा नरि बमले गरेको खपऱ्यामाथिको परीक्षणले यसको प्रसिद्धि झन् बढेको छ । यसै परिच्छेदमा गौरा देवी खपऱ्याकी बहिनी हुन् र तत्कालीन समयमा गौराको जात्रा विश्वकर्मा समाजले मनाउँथे भन्ने कुरा पनि हुन पुगेको छ । खपऱ्याकी रानीको नाम मुसी रहेछ भन्ने त्यहाँ बुझियो र यिनको डोलीजात्रा बझाङदेखि खप्तड दहसम्म पर्वको समयमा चलाइन्छ । सार्कीले चामल चपाएर खापरको पुना स्वीकार गरे पनि हालीमुहाली गैर दलित समुदायको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेदः एघार

११. कर्णालीमा खापर

११.१ खापर र मस्टा

विभिन्न व्यक्तिहरूसँगको अन्तर्वार्ताका क्रममा कर्णालीमा पनि खापरको उपस्थिति रहेको पाइएको छ। यस अध्ययनका क्रममा एउटा कुरा के पनि बुझ्न पाइयो भने हामीले अड्कल गरेको वा विशिष्टता बोकेको व्यक्तिबाट नै धेरै कुराको जानकारी प्राप्त होला भन्न नसकिँदो रहेछ। एक मान्छे सबै विषयको जानकार हुन्छ भन्न सकिँदैन। कहिलेकाहीँ सामान्य व्यक्तिबाट पनि महत्त्वपूर्ण विषयको जानकारी प्राप्त हुँदो रहेछ। यो कुरा मैले डँडेलधुराका वीरवहादुर साहू र जनसांस्कृतिक महासङ्घ नेपालका केन्द्रीय सदस्यसमेत रहेका कालीकोटका कृपाराम शर्मा (धमला) मा लागु हुन्छ। अध्ययनका क्रममा धमलाको भनाइबाट प्रमाणित भयो। उहाँको भनाइअनुसार–



बडीमालिका मन्दिर, बाजुरा

खापर मस्टा बाह्र भाइ मस्टाभन्दा फरक मस्टा देवताको नाममा राक्षसी देवता हो। धेरै देवतासँग त्यसको मेल हुँदैन। केवल दुध्या शिल्लो र धवलपुरोसँग मात्र मेल हुन्छ। यो विशेष गरी कालीकोटको रास्कोटका बम ठकुरीहरूले र कोलीगाउँका योगीहरूले मान्ने गर्दछन्। जस्तै– बम ठकुरीमा रानागाउँ, रावलवाडा र डाँडाखेतकाले पूजा गर्छन्। पूजाका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

क्रममा खसी काट्ने चलन हुन्छ। अरू देउतालाई घाँट (घन्टी) चढाउँछन् भने त्यसलाई घाँडो चढाउने चलन छ। यसका लागि एउटा गीत जनमानसको मुखैमा झुन्डिएको हुन्छ–"घाँडा मनि घाँडा दिमला, राख बाबु खापर", जुन बाजुरामा पनि कायम रहेको कुरा १६ औँ परिच्छेदमा उल्लेख भइसकेको छ।

अर्कोतिर दोहा शाही ठकुरी रास्कोटी पनि पूजा गर्दछन्। उनका भनाइअनुसार यस क्षेत्रमा दुध्या शिल्लो धमलाहरूले पुज्दछन् भने धौलपुरा दलित समुदायले। कृपाराम शर्मा अगाडि भन्नुहुन्छ– यस क्षेत्रका खापरका धामी जब साँच्चिकै अवतरित हुन्छन्। तिनले आफ्नो शक्तिको बखान गर्दै भनेका छन्– "नौराणका जगट्टा उदेल्या, बाह्र भाइका लठ्ठा उपाड्या हौँ।" अर्थात्, नौ बहिनी दुर्गामध्ये उक्त क्षेत्रकी सुप्रसिद्ध बडीमालिका भगवती समेतका रौँ चुँडाल्ने र बाह्र भाइ मस्टाका लट्टा (जुरी, टुपी) उखेल्ने देवता हुँ भन्ने भनाइबाट त्यस क्षेत्रका देवताहरूमा खापरको ठुलो दबदबा रहेको प्रस्ट हुन्छ।

सिञ्जा गाउँपालिका २, छुलालका शिक्षक धीरबहादुर वडका अनुसार जुम्ला जिल्लाको साबिकको महावैपाथर खोला र कलिकाखेतु गाउँ विकास समितिहरू जसलाई हाल हिमा गाउँपालिका नामकरण गरिएको छ, त्यहाँका दलित, क्षत्री, बाहुन, ठकुरी आदि सबै समुदायले खापर देवताको पूजाआजा गर्दछन्। यहाँका मन्दिरहरूमा घाँडोका साथसाथै घन्टी, त्रिशूल पनि चढाउने गरिन्छ।



खापर मन्दिर स्थल, रासकोट, कालीकोट

CC-0. Nepal Sanskrit Academy, Kathmandu

११.२ हुम्लाको ताजाकोटमा खापर

हुम्लाको ताजाकोट गाउँपालिका मैलाका जयधन सुनार बताउनुहुन्छ– मैलाको पात्ती हाल्ने डाँडामा खापरको एउटा मन्दिर छ। जो विशेष गरेर शिल्पी/दलित समुदायभित्रका चँदरा जातिले कुलदेवताका रूपमा मान्ने गर्दछन्। यसका धामी र डाँगरी पनि यसै जातिका हुन्छन्। तर यस देवताको पूजा गर्न घोडाकाँडी उपाध्याय बाहुन आउने गर्दछन्। यसको गर्भगृहमा पूजाआजाका लागि चँदरा समुदायको धामी र डाँगरको प्रत्यक्ष सहभागिता रहन्छ। पुजारी बाहुनको पनि त्यत्तिकै सहभागिता रहन्छ। तर बाहुनले प्रयोग गर्ने पूजाको सामग्री उनीहरूले नै पकाएर चढाउने गर्दछन्। वर्षमा एक पटक लाग्ने जात्रा कात्तिक पूर्णिमाको दिन लाग्ने गर्दछ।

यस जात्रामा चँदराबाहेक अन्य दलित जातिका सुनार, दमाईंलगायत गाउँका गैरदलित समुदायका मान्छेहरू भने नेजा ध्वजाहरू लिएर मेलामा सहभागी हुन्छन्। यस जात्राको थप विशेषता के पनि रहेको छ भने देवताका नाममा सङ्कलित खाद्यपदार्थ लिनका लागि चँदराहरूले सबै समुदायलाई निम्तो दिएका हुन्छन्। उपस्थित भएका घरमुलीलाई परिवार सङ्ख्याका आधारमा प्रसादका रूपमा वितरण गर्ने गरिन्छ। उनीहरूले आआफ्ना घरमा लगेर चुलोमा पकाएर खाने गर्दछन्।

यहाँको खापर पुज्दा जसलाई खापर मस्टो पनि भनिन्छ, यसको गर्भगृहमा एक ठाउँमा दुधले सात्विक पूजा गरिन्छ भने त्यसैको अर्को ठाउँमा बोका पनि बलि दिने गरिन्छ। हाल यस देवताका धामी हुनुहुन्न। अहिले घ्यार्पे चुँदरा डाँगरी हुनुहुन्छ। यहाँको अर्को विशेषता के पनि रहेको छ भने बाहुन आउन नसकेको अवस्थामा चुँदरा धामी र डाँगरीले आफै पूजाआजा गर्ने गर्दछन्। यसै गाउँपालिकाको वडा नं. ३ को दमाईंबाडामा दमाईं जातिले पनि खापर देवताको स्थापना गरी कुलदेवताका रूपमा छुट्टै पूजाआजा गर्ने गर्दछन्। यहाँ पनि घोडाकाँडी उपाध्याय बाहुनले आएर पूजाआजा गर्नमा सघाइदिने गर्दछन्। यस जिल्लाका अन्य ठाउँमा बुढाऐर क्षत्री जातिले पनि खापरलाई पुज्ने गर्दछन्।

११.३ खपन्या सार्की राजा हुन सक्ने

माथि विभिन्न ठाउँमा उल्लेख भइसकेको छ, आर्य समुदाय आउनुपूर्व यहाँ बसोबास गर्दै आएका समुदायलाई आर्यहरूले शूद्रका साथै विभिन्न अपमानसूचक शब्दहरूले सम्बोधन गरे। आफ्नो शासन सत्ता र धर्म संस्कृति स्थापना गरी सत्ता कब्जा गर्नुका साथै दमनकारी र विभेदकारी कार्य आरम्भ गरे। यो प्रक्रिया उनीहरूले युरेसिया, ककेससदेखि आउने क्रममा सिन्धुघाँटीको शासन सत्ता कब्जा गर्दै द्रबिडलगायतका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलवासीहरूसँग गरेको प्रक्रिया यहाँ पनि पक्कै दोहोरिन पुगेको हुनुपर्छ। खस आर्यहरूले विशेष गरेर नेपालको मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रमा यहाँको शिल्पी/दलितहरूको मौलिक गौरवपूर्ण राजकाज, सभ्यता र संस्कृतिलाई दलबल, साम, दाम, दण्ड, भेद नीतिका माध्यमबाट हडपेका थिए। त्यसरी खसआर्यबाट विस्थापित गरिनेहरूमध्येमा अनादिवासी रैथाने सार्की समुदाय पनि रहेको पाइन्छ।

११.४ रैथाने सार्की जाति

कत्युरी शासक पूर्वका आदिवासीमध्येका कुमाउँ र हालको सुदूरपश्चिम प्रदेश क्षेत्रमा जाड जाति, खस जाति र शूद्रमध्येका रैथाने भूल (सार्की) जातिले विभिन्न ठाउँमा कोट किल्ला बनाएर शासन सत्ता सञ्चालन गरेका अवशेष र इतिहासमा अपूर्ण रूपमा भए पनि तथ्य उल्लेख गरिएको पाइन्छ। जातभातका कुरा र आर्य संस्कृतिका विधिविधानबाट प्रशिक्षित हुँदै आउनुभन्दा पहिलाका जाति समुदायमा को ठुलो, को सानो, के खाने, के नखानेको वास्ता नभएको अवस्था थियो। बौद्ध संस्कृतिले पनि त्यत्तिको च्याप्न नसकेको अवस्थामा प्राकृतिक धर्मसंस्कृतिमा चलेका समुदाय भित्रकामध्ये जसलाई आर्यहरूले सार्कीको उपमा दिए, तिनको पनि प्रभाव रहेको देखिन्छ।

कुमाउँका इतिहासकार लेखक पं. बद्रीदत्त पाण्डेले आफ्नो पुस्तक (पृ. १८४) मा लेख्नुभएको छ– *"शूद्र जाति के भी एक बार कुमाउँ में राजा होने की किंवदन्ती प्रचलित है। किन्तु इसका प्रमाण इतना ही है कि कुमाऊ में एक चण्डालगढ उर्फ चमरकोट नामक एक नोकिली चोटी है। कहते हैं कि वहाँ कुछ समय तक (कोइ तो कहते हैं कि अढाई दिन तक) एक डोम राजा नै राज्य किया था। उसने चमडेका सिक्का चलाया था।"* उक्त कुरा कुमाउँ मण्डलमा मात्र नभई बैतडी जिल्लाको पुर्चौडी क्षेत्रमा एउटा "डिङकोट" नामबाट जमाडी नदीले सुरक्षा प्रदान गर्ने कुख्यात कोट अझै भग्नावशेषका रूपमा कायम छ।

उक्त कोटमा अन्य प्राणीको मासु खाने कुरा त सामान्य नै थियो। आफ्नो प्रभावित क्षेत्रभित्र पालो लगाएर मान्छेको मासु खाने राजाको शासन थियो रे। मान्छेको मासु उक्त राजाले किन खान आरम्भ गऱ्यो भन्ने कुरा फरक घटनाले सृजना गरेको छ। जमाडी गाडको नामकरणबाट उतिखेर जाड शासकको पनि हुन सक्छ। तर मैले सार्की जातिसँग जोड्नुको पछाडिको तर्क के पनि हो भने डिङकोटदेखि वारिपारिको भूगोलमा अझै पनि भूल समुदायको बाहुल्यता कायम छ। उक्त कोट क्षेत्रको उपभोग पनि उक्त जातिले गर्दै आएको छ। भण्डारी (वि.सं. २०६४:५४), वि.सं. ११२२

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम्म डिङकोटी राजाले लेकम, पुर्चौडी क्षेत्रमा तहल्का मच्चाएका थिए। अभय पाण्डे (कत्युरी गढबाट नागुपाललाई ल्याउनेमध्येका एक) लाई गाईको मासु खुवाउने गरी खोजी गर्दा झोलीमा रहेका देवता बिलाएका हुन्। बिलाएका दिनदेखि अभय पाण्डे दुई हात जमिनमाथि उठेर पूजा गर्दै आएका थिए। वि.सं. ११२३ मा निमनाथले मसान जगाएर चोलानी र जमाडी नदीका भूतहरूलाई डिङकोटी राजाको कोट भएको ठाउँमा पठाई लेकममा अत्याचार गर्न रोक लगाएका हुन्। यस कथनबाट के प्रमाणित हुन्छ भने त्यस बेलाका आगन्तुक शासकहरूले पौराणिक कालतिर आएर गौमांस त्यागिसकेका थिए तर यस क्षेत्रका शासक जाति तत्कालीन समयमा पनि गौमांसको प्रयोग गर्दै आइरहेका थिए। त्यस्तो कार्य आगन्तुक आर्य धर्मावलम्बीहरूको क्रियाकलाप मन नपरी नागुपाललाई राजा बनाउन लागिएको थियो। यस्तो षड्यन्त्रलाई परास्त गर्न पाण्डेमाथि नै आक्रमण गरेको देखिन्छ।

निमनाथले डिङकोटी राजाबाट असन्तुष्ट समूह जसलाई भूत भनियो (रातिको समयमा आक्रमण गरेकाले भूतको संज्ञा दिएको हुनुपर्छ), तिनीहरूलाई केही तान्त्रिक क्रियाकलापबाट प्रभावित गरी उक्त राजामाथि नै आक्रमण गर्न लगाइएको ठहर हुन्छ। बैतडी जिल्लाका विभिन्न क्षेत्रमा चमाकोट, चमारसैनी, चामा गाउँ, भूलगाउँ, भूलेउडा, डुमकोट (आर्यहरूले नामकरण गरेका सार्की जातिका पनि हुन सक्छन्) कायम छन्। डँडेलधुराकै अजयमेरुकोटको दक्षिणतिरको पोखरी जो अझै कायम छ। उक्त भागमा भूल समुदायको बस्ती थियो भन्ने कुरा हाटका प्रेम सार्की बताउनुहुन्छ। यस्ता नामयुक्त कोट र ठुला भूभाग विशेष गरेर सार्की समुदायको हाट गाउँदेखि अजयमेरु, भागेश्वर, अमरगढी क्षेत्रहरूमा ठुल्ठुला बस्ती र ठुलो देवता पाउनेमा सार्की जातिको संलग्नता मुख्य छ।

गाउँको नाम नै चमडा हुनु र बिज्वा भूलको अस्तित्व अझैसम्म मलास क्षेत्रमा कायम रहेको छ। गन्यापमा उच्च आसन सार्की समुदायलाई प्राप्त हुनुबाट आर्य समुदाय यस क्षेत्रमा आउनुपूर्व सार्की जातिको राजकाज र शासकीय अस्तित्व रहेको प्रमाणित हुन्छ। यो तथ्य इतिहासलाई नेपालका शासकवर्गका इतिहासकारले लेख्न कन्जुस्याइँ गरेका छन्। किनकि सत्य कुरा बाहिर आउँदा छुवाछुत र जातीय विभेदको अस्त्र प्रयोग गरी रजाइँ गरेका शासकहरूका लागि चुनौतीपूर्ण हुन सक्छ भन्ने सम्भावना होला। डोटीको डुम्राकोट कसको हो ? के त्यसको सम्बन्ध शक्तिशाली भूल शासकसँग त थिएन ? तराई/मधेसमा डुम/डोम जाति नै छन्। जो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अहिन्दु अनार्यभित्र पर्दछन् तर पहाडका शिल्पी/दलितहरूलाई हेयभाव वा हियाएर गाली गर्दा आज पनि उक्त शब्द प्रयोग गर्ने गरिन्छ। यसरी उनीहरूबाट राज्य खोसिएपछि स्पष्ट रूपमा देखिने शासन अभय मल्लले गरेका थिए। तर खप्तडको खापर सार्की धामीको जुठो चामलको पूजा मायापूर्वक किन खान्छ ? स्मरण रहोस्, देवता प्राप्ति पनि सार्की जातिबाटै भएको थियो।

बालकृष्ण पोखरेलसँगको प्रत्यक्ष भेटका क्रममा उहाँ भन्नुहुन्छ– डोटीमा पहिला दोष जाति बस्ने गर्थे। त्यसैको अपभ्रंश हुँदै दोष, दोष्टी हुँदै डोटी बन्न पुग्यो।

प्रा.डा. गोपाल शिवाकोटीको 'खसजाति स्वत्वको लडाइँ' (पृ. १०७) मा लेख्नुहुन्छ– दोष्टी खसहरूको राज्य भएकाले नै यसलाई डोटी भनिएको हुनुपर्छ। तर दोष जाति भन्ने कुराबाट के बुझिन्छ भने जुन जातिलाई छुँदा वा सम्पर्क गर्दा दोष लाग्दछ अथवा तल झारिन्छ भन्ने हुन्छ। तसर्थ, आर्य समुदायले अछुत, डोम भनेको हुनुपर्छ। यस्तो अवस्थामा ११/१२ औं शताब्दीभन्दा निकै अघि नै बलिया सार्की राजाहरूले ठाउँठाउँमा राज्य गरेको तथ्य यी प्रमाणबाटै पुष्टि भएको छ।

अझ कोट र जिल्लाको नामकरणबाटै पनि प्रस्ट छ। शिवाकोटी थप लेख्छन्– यशोवर्मा भने दोष वंशी थिए। यशोवर्माकै नेतृत्वमा नै यी दोष जातिले राज्य स्थापना गरेका थिए। बझाङ सुनीकोटका कालुसुनेल र डुम्राकोटका पुराना राजा दलित समुदायकै थिए भन्ने कुरामा कुनै दुबिधा छैन। इतिहास शासकीय दृष्टिकोणमा मात्रै लेखिँदै आएकाले इतिहासका पानामा उनीहरू नअटाइएका हुनुपर्छ। बैतडी जिल्लाको शिवनाथ गाउँपालिकाको सर्मालीमा अहिले पनि ठुलो मात्रामा विश्वकर्मा जातिभित्रका सुनी जातिको बसोबास कायमै रहेको छ। बझाङमा माओवादी द्वन्द्वकालमा छालाको सिक्का पाइएको कुराले पनि एक पटक चर्चा पाएको विषय मननीय छ। कर्णाली प्रदेशमा पनि यस जातिको उल्लेखनीय उपस्थिति रहेको छ। साबिकको डिलासैनी र भुइँसल्लीका शिक्षक नन्दराम सार्कीका अनुसार बैतडी मल्ढिकका भूलहरूको कुलदेवता बालीचन हुन्। उनी आफूलाई मलासका मल्ल हौं भन्छन्। यहाँ आएपछि यहाँका भूल समुदायसँगको लसपसले सार्की भएका हुन् भनिन्छ। फेरि एउटा विशेष मननीय कुरा बैतडी पुर्चौडी नगरपालिकाको तल्ला देहीको डन्डा खालीका भूल र जोशी समुदायले अठौती मल्ललाई देउघरमा पिठोको सया (घिउमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पिठो मुछी घिउमै भुटेर बनाउने परिकार) बनाएर चोखो पूजाले पुज्ने चलन छ । यी अठै मल्ल को हुन् अध्ययनयोग्य विषय छ ।

११.५ रक्तशुद्धता अझै कायम

तुलनात्मक रूपमा अरू जाति समुदायको भन्दा सार्की समुदायमा रगतको शुद्धता बढी छ । उनीहरूमा रहेको जातीय कट्टरताले आफ्नो अलग्गै पहिचान बनाएको छ । सार्की जातिको वैवाहिक सम्बन्ध सार्कीसँग मात्र हुन्छ । अरू कसैसँग हुँदैन । विश्वकर्मा जातिले अरू विभिन्न जाति समुदायसँग कर्म चलाउने हुँदा सार्की जातिले आफूभन्दा सानो मान्दछ । सार्कीले आफूभित्र मात्र वैवाहिक सम्बन्ध कायम गर्ने हुँदा विश्वकर्माले पनि भूललाई सानो मान्छ । भूल समुदाय दलित जातिभित्रको निडर, लडाकु र साहसी जाति हो । ठुल्ठुला उब्जाउ खेतहरूमा यस समुदायको हिस्सा हुनु र लेकबेसी सबै ठाउँमा ठुल्ठुला भूखण्डमा उनीहरूको अस्तित्व कायम गरी बस्नु सामान्य कुरा होइन । केही ठाउँमा त भूल समुदाय मठचा (भूमिको मालिक) नै छन् ।

११.६ ग्रहणसँग भूलको सम्बन्ध

सूर्यग्रहण वा चन्द्रग्रहण लागेको समय दुई किसिमका गतिविधि हुने गर्छन् । गैरसार्की समुदायमा बाहुन जातिबाट अरूभन्दा बढी पाठ पूजा र शङ्खध्वनि गरी ग्रहणद्वारा सूर्यदेवता वा चन्द्रदेवतालाई कष्ट कम गराउँछौं भनी विभिन्न उपाय गरिन्छन् । यसको ठिक विपरीत सार्की समुदाय अहिले त्यति चर्को स्वरमा नभने पनि राहुसँग 'लाग-लाग बडबाब (बाजे)' भन्ने गर्दछन् । अन्य थरीले भन्नुहुन्छ–"हेर राहु तिमीले बनाएर दिएको चाल्नो (छालाले बनाएको) र हलो जुवा बाँध्ने छालाको हलौंडो लिएबापतको ज्याला अवश्य दिउँला भगवान्लाई कष्ट भइसकेको छ । छोडिदेऊ, चाल्नी हलौंडीको बैकर दिउँला, छाड नव्वा छाड ।"

तिमीहरू हामीले कष्टपूर्ण ढङ्गले बनाएको चिजवस्तुको श्रम मूल्य पनि नदिनेलाई त्यत्तिकै कहाँ छोड्न मिल्छ र ? यिनलाई ग्रास बनाऊ वा अशुद्ध पार भन्ने आग्रह सार्की समुदायले गर्ने गर्दछन् । ग्रहण छोड्ने बेला त सार्की समुदायले पनि छाड्न त छाडिदेऊ तर हाम्रो पारिश्रमिक दिलाइदेऊ भन्छन् रे भन्ने कुरा सुनिन्छ । यो वैदिक कालको एउटा त्यो अवस्थाको साङ्केतिक परिघटना पनि हुन सक्छ । गौमेध लगाउने र इन्द्रको दरबार, विष्णुको दरबारलगायत विभिन्न देवताहरूका लागि काटिने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गाईगोरुलाई प्रतिबन्ध लगाएपछि आफूहरू शुद्ध चोखा भएका र राहु केतुहरूजस्तालाई राक्षस घोषित गरेपछि ती सूर्यवंशी र चन्द्रवंशी हामी ठुला चोखा जाति हौं भन्नेहरूलाई कुनै बेला पूरै ग्रसित गरिदिएको थियो। कुनै बेला अर्ध वा आंशिक रूपमा तिनको धर्म भ्रष्ट गरेको कुरालाई लाक्षणिक रूपमा ग्रहणसँग जोडिएको हुन सक्छ। फेरि खपऱ्या र देवताहरूको द्वन्द्व पनि यस प्राकृतिक घटनासँग जोडिन गएको छ।

यहाँका पुराना बासिन्दाहरूलाई वैदिक धर्म संकृतिका गुरु पुरोहित र आफूलाई सूर्यवंशी, चन्द्रवंशी क्षत्रिय र ठकुरी जात्याभिमानी (वद्रीदत्त पाण्डेका शब्दमा) हरूले डोम, दश्यू, चाण्डाल, अन्त्यज, अस्पृश्य, श्वपच, शूद्र, अछुत, शिल्पी, दलित भन्दै कतिको हत्या गरेरै शासन सत्ता कब्जा गरे। कतिलाई लखेटियो। कमजोरहरूलाई दास बनाएको देखिन्छ। कतिपयलाई आफ्नो वशमा ल्याउन नसकेका शक्तिसम्पन्नलाई शिखा (जुडी) र यज्ञोपवित (जनै) दिएर पवित्र गरियो। आफ्ना झोले, किताबी र शालिग्राम देवता स्थापित गर्ने र अनार्यका बलिया देवताहरू कब्जा गर्दै कमजोर देवताहरूलाई दमन गर्नेजस्ता अभियानको खिलाप उनले पछिल्लो काल खण्डमा गोमेधका रूपमा हत्या गरी खान छोडेको गोमांसलाई नै हतियार बनाई देवता हौं, चोखा हौं भन्नेहरूलाई बाँधेर, लखेटेर (नौ लडा, सातसङलाहरूले), कुटेर, छुवाएर, खुवाएर आफ्नो भूखण्डबाट हटाउने वा घटाउने वा अधीनमा लिने अभियान चाल्ने योद्धा कतै भूल जातिको खपऱ्या, अठौती, कलिया, मेधनी मल्ल नाम दिएको महाबली शासक पनि हुन सक्छ। यो छुट्टै अनुसन्धानको विषय बन्न सक्छ।

११.६ सार्कीको ऋण नतिरेबापतको ग्रहण

आर्य समुदाय आउनुपूर्व यस क्षेत्रका मूलवासी शासकहरूमा चमार अर्थात् सार्की जाति थिए भन्ने कुरा एउटा मिथकका रूपमा ग्रहणसँग जोडेर उत्तराखण्ड भारतका लेखक देवसिंह पोखरियाले आफ्नो 'उत्तराखण्डकी लोक संस्कृति और साहित्य' पुस्तकको पृष्ठ ५२-५३ मा लेख्नुभएको छ। जब देवताहरूले यस भूखण्डमा प्रवेश गरी, बसोबास गर्न थाले, तब तब रावणले कर तिर्न बाध्य पाऱ्यो। त्यो तिर्न नसक्ने अवस्था आएपछि देवगणहरूले रुपुली चमार्नीसँग नौ लाख ऋण लिनुभयो। साक्षीका रूपमा सूर्य र चन्द्रमा बसे तर लामो समयसम्म ऋणको बेवास्ता गरेपछि रुपुली छालाको बोरा लिएर सूर्य चन्द्रमाकहाँ जान लागिन्, यिनी भाग्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थाले । देवगणहरूले राज्य कब्जा गरिसकेपछि पनि रुपुलीको ऋण तिरेनन् र सधैँका लागि ऋणी रहिरहे । रुपुली चमार्नीको अन्त्यपछि पनि तिनका वंशजहरू पुस्ता दरपुस्ता माग्दै गरेको र सूर्य चन्द्रहरू भाग्दै गरेको प्रसङ्ग ग्रहणसँग जोडिन पुग्यो । तसर्थ आर्यहरूको यस क्षेत्रमा वर्चस्व हुनुपूर्व सार्की जातिको सम्भ्रान्त अस्तित्व थियो भन्ने पुष्टि हुन्छ ।

यस क्षेत्रकै पुराना आदिवासी जातिहरूमध्ये सार्की समुदायको पनि ठुलो वर्चस्व कुर्माञ्चलदेखि कर्णालीसम्म व्याप्त रहेछ । आर्य समुदाय आउनुपूर्व विभिन्न ठाउँहरूमा धनधान्यले परिपूर्ण भए र शासन सत्ता चलाएका प्रमाणहरू छरपस्ट अवस्थामा फेला परिरहेका छन् । पछिल्लो समयका खस आर्यहरूले यस समुदायलाई हराएर शासन सत्ता कब्जा गरी दास बनाएकाहरू बेलामौकामा विद्रोह गर्दछन् । गोपाल सिवाकोटीको मतानुसार यशुबर्मा पनि दोष जातिका थिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिच्छेदः बाह्र

उपसंहार

खपऱ्या र स्थानीय देवताहरूबिच भएको द्वन्द्वका मूल पात्रका रूपमा खपऱ्याको नामले चर्चित मध्यकालीन मल्ल शासक अठौती मल्ल देखिन्छन्। यिनी १४ औँ देखि १५ औँ शताब्दीको मध्यका डोटी राज्यका बलशाली शासकका रूपमा देखिन्छन्। त्यसको केही शताब्दीपूर्व नै कर्णालीका खस मल्लहरूले अभ्यासमा ल्याउँदै गरेको बौद्ध धर्म संस्कृतिमाथि हिन्दु धर्मका पुनरुत्थानवादी शङ्कराचार्यले भौतिक एवम् बौद्धिक आक्रमण आठौँ शताब्दीतिर गरेका थिए। हिन्दु धर्म संस्कृति र त्यसका संरक्षक स्थापित गरिसकेको केही शताब्दीपछि खपऱ्या नामधारी अठौती मल्ल र आर्य संस्कृतिका पक्षधरहरूबिच बैतडी, डँडेलधुरादेखि डोटी राज्यका बहुसङ्ख्यक भूभाग र भारत उत्तराखण्डका महाकाली नदीसँग जोडिएका कुमाउँ क्षेत्रहरूलाई प्रभावित गरेको भेटिन्छ।

गौरा पर्व र विभिन्न जात्राहरूमा गाइने यससम्बन्धी गीतहरूले कुन कुन ठाउँमा कुन कुन देवताहरूका धामी र जिम्मेवारहरूसँग द्वन्द्व भयो भन्ने कुरा यस अध्ययनबाट केही भए पनि जानकारी प्राप्त भएको छ। अवैदिक कालका जातिहरूलाई वैदिक कालका जातिहरूले दानव, दस्यु, असुर, डोम, चांडाल, अंत्यज, अस्पृश्य, शूद्र, स्वपच, वृषल, पावइ आदि अपमानजनक शब्दहरूले सम्बोधन गर्दै आएको पाइन्छ। तिनले खुन पसिना बगाई सुदृढ बनाएको मौलिक सभ्यता, संस्कार, राजकाज र आफ्नो धन सम्पत्ति कब्जामा लिँदै गए।

तिनले व्यवहारमा ल्याउँदै गरेको प्राकृतिक धर्म, संस्कृति, भाषा आदिमा ठुलो प्रहार भएपछि त्यसको तुस लामो समयसम्म कायमै रहन गयो। नागी मल्लले देवीदेवताहरूको शक्ति परीक्षणपछि मात्र स्वीकार गर्ने जुन क्रमको थालनी गर्नुभएको थियो, अठौती मल्लले सोझै आक्रामक भई हिन्दु धर्मावलम्बीहरूले अभक्ष्य भनी त्यागेको गोमांसले समेत आर्य ब्राह्मण धर्मका संरक्षक, प्रयोगकर्ता र संरचनाहरूमाथि प्रहार गरेको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसमा कलियालगायत सहयोगी शक्तिहरूको प्रत्यक्ष सहयोग देखिन्छ। तर जगन्नाथ, ग्वाल्लेक, केदार, भागेश्वरहरूले काटमार हामीलाई मन पर्दैन भनेर द्वन्द्वमा सहभागी नभएको उल्लेख भइसकेको छ। अवैदिक कालका तिनै अनादिकालीन रैथाने मूलवासी कथित दलित जातिहरूकै पूजनीय देवताहरू हुन् भन्ने निष्कर्षमा पुग्नलाई कुनै दुबिधा रहेको पाइँदैन। ऋग्वेदकालीन समयमा सिर्जना गरिएको वर्ण व्यवस्था अर्थात् आर्य समाजभित्रको ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र भन्ने कर्ममा आधारित सामाजिक व्यवस्थालाई मनुले जातीय विभेदपूर्ण व्यवस्थाका रूपमा परिभाषित गरे। यसबाट सामाजिक र जातीय विभाजनको क्रम सुरु भयो। त्यो मध्य एसियाबाट आरम्भ हुँदै सिन्धु सतलजको घाँटी र गङ्गा नदीका उर्वर भूमिहरूमा वेद, पुराण, उपनिषत्, स्मृतिका साथै रामायण र महाभारतका रूपमा लिखित र परिपक्व बनाइयो।

धर्म संस्कृति, समाज र राजनीति सञ्चालनको विधान नै घोषित गरियो। नेपालभित्र ती वर्णवादका पक्षपाती आर्यहरूको प्रवेशले विभाजनको शृङ्खला सुरु गरे। त्यसको प्रत्यक्ष प्रभाव खपऱ्यासँग जिउज्यानको शक्ति लगाएर लडेका, हिजोको दिन आफूले नै पूजनीय र सम्मानित बनाएका शूरा देवताहरूलाई अपवित्र र आफूले नुहाउँदा शुद्ध भइन्छ भन्ने तीर्थहरूमा ध्यान स्नान गरियो। तर विभेदको सिकार बनाइएका देवताहरूलाई तिम्रो पूजाआजा बढी होला भन्ने जस्ता सम्मान र केही आर्थिक प्रलोभन दिएर फेरि पनि प्रयोग गरियो। ऊ बेलादेखिको प्रयोगवादी नीति वर्तमान समयसम्म पनि जारी रहेको कुरा यो घटनाले थप प्रस्ट पारेको छ।

यस अध्ययनबाट के छर्लङ्ग भएको छ भने जनएकता नै ठुलो बल हो। त्यसले जस्तासुकै शक्तिशाली शासक भए पनि ढाल्न सकिन्छ। छलकपटपूर्ण व्यवहारले तत्कालीन लाभ प्राप्त भए पनि दीर्घकालीन रूपमा त्यो आलोच्य, आत्मग्लानियुक्त, कलङ्कित र आफन्तहरूका लागि नै पीडादायी भइरहन्छ। अपमानित हुने किसिमको वातावरण सिर्जना हुँदोरहेछ भन्ने कुराको बोध गराएको छ। जातीय विभेद कुनै अलौकिक शक्ति वा दैविक शक्तिबाट सिर्जित नभई सङ्कीर्ण मानवीय स्वार्थ र विकृत मानसिकताको उपज हो। यो अनुसन्धानको मुख्य विषय र निष्कर्ष पनि यही नै हो। विभिन्न मानिसले विभिन्न किसिमका संस्कार, चालचलन, रीतिरिवाज, खानपान, धर्म संस्कृति, आस्था विश्वास, बोली भाषा, शारीरिक बनोट, रूपरङ बोके तापनि सम्पूर्ण मानव जातिले महसुस गर्ने सुख-दुःख, हर्ष-विस्मात्, चिसो-तातो, राम्रो-नराम्रो, अपमान– सम्मान, भोक-प्यास, समान नै हुन्छन्। यो शाश्वत कुराको तत्त्वबोध गर्न सके

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परिवार, समाज, राष्ट्र र विश्वलाई सुन्दर, सभ्य, शिष्ट र समतामूलक बनाउन सकिन्छ।

यसका निमित्त एकअर्काको अस्तित्वलाई स्वीकार र सम्मान गर्न सक्नुपर्छ। एकअर्काको सिप, कला, प्रविधि, संस्कृति, सभ्यता र क्षमताको कदर गर्न सक्नुपर्दछ अनि मात्रै हाम्रा विभिन्न आवश्यकताको परिपूर्ति हुन्छ। सुखी नेपाली, समृद्ध नेपालको पहिलो पाइला अघि बढ्न सक्छ। समाजमा व्याप्त अशिक्षा, असमानता, पछौटेपन, गरिबी र अभावको समृद्धि आउन सक्दैन। म र मेरो मात्र वर्चस्व सदासर्वदा कायम रहोस् भन्ने भावनाले व्यक्ति, समाज र राष्ट्रले अहम् बोक्यो भने त्यो छिट्टै एक्लिन जान्छ। त्यो समाज र राष्ट्र कहिल्यै पनि माथि उठ्न सक्दैन। हामी सबै साक्षी किनारा छौँ। नेपालको दुर्दशाको कारण यही हो। अनार्यको पात्र खपर्‍या, कलिया आदि र देवताका पात्र बनारसी, लाटो, सैँपालहरू जो भए पनि अन्ततोगत्वा यसै भूखण्डमा दुवै थरीको पूजाआजा भइरहेको छ। तिनको अस्तित्व कुनै न कुनै रूपमा स्वीकार गरिएकै छ।

प्रारम्भमा नै सहमतिमूलक ढङ्गले एकअर्काको अस्तित्व स्वीकार गरेको भए त्यति ठुलो क्षति बेहोर्नुपर्ने थिएन। यो अवस्था अझै पनि देवताहरूको विषयमा लिएर कथित दलित, गैरदलित समुदायका बिचमा बेला मौकामा विवाद भई द्वन्द्व चर्कने गरेको छ। जब कि खस समुदायले प्रारम्भिक कालमा त्यस क्षेत्रका रैथाने शिल्पीहरूले मान्दै, पुज्दै आएका बौद्ध धर्मको पालन, मस्टापूजन अनुसरण गर्दै आएका थिए। पछि आर्यहरूले आफ्ना ब्रह्मा, विष्णु र दुर्गालाई मान्दै आउँदा पनि अन्ततोगत्वा बाध्यात्मक अवस्थामा शक्ति र संस्कृति चलाखीपूर्ण ढङ्गले स्विकारेको देखिन्छ। प्रारम्भमा स्वयम् शिवलाई अनार्य किराँतेश्वर, असभ्य, अछुत, अवैदिक भनी दक्षप्रजापतिकी छोरी सतीलाई दिन अस्वीकार गरिएको देखिन्छ।

सतीलाई यज्ञमा निम्तो नदिएकाले विक्षिप्त भई उनले यज्ञकुण्डमै हाम फाली आत्महत्या गरेकी थिइन्। यस घटनाले शिवशक्तिबाट आतङ्कित भई देवाधिदेव महादेव भनी पर्वतराज हिमालयकी छोरी पार्वती दिन राजी हुन पुगे। पछि तिनको लिङ्गपूजा गर्नसमेत पछि नपरेको कुरालाई नजरअन्दाज गरी विभेद पालिराख्नुको कुनै औचित्य देखिँदैन। बुद्धलाई विष्णुकै रूप मान्नु, मनकामना र मुक्तिनाथ दुवै थरीले विभेदरहित ढङ्गले पूजाआजा गर्नुले एउटा सहज वातावरणको सिर्जना भएको छ। सुदूरपश्चिम प्रदेशमा सहजीकरण गर्ने कि नगर्ने ? दुबिधा कायम रहेको छ। निराकरणका लागि नयाँ चेतना, नयाँ विधि विधान र राष्ट्रको नै नवनिर्माण गर्ने युवा पुस्ताको भूमिका हुने देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खपऱ्या र देवताहरूबिचको द्वन्द्व भनेको त्यो कालखण्ड ठहरिन्छ जतिखेर यस प्रभावित भूखण्डबाट आफ्नै किसिमको धर्म, संस्कृति र शासन पद्धति पूर्ण रूपमा छोड्न नसकेका अनादिवासी शिल्पी शासकवर्गको गौरवपूर्ण शासन चलिरहेको थियो। वैदिक धर्म, संस्कृति बोकेर आएका नवप्रवेशी आर्य शासकहरूले पनि आफूलाई पूर्ण रूपले स्थापित गर्न नसकेको अवस्थाका बिच आफ्नो अस्तित्व रक्षा र स्थापनार्थ हुन गएको द्वन्द्व हो। तत्कालीन समयमा धर्म संस्कृतिलाई माध्यम बनाई आफ्नो शासन सत्तालाई विस्तार र स्थायित्व प्रदान गर्ने क्रममा आर्यहरूले यहाँका अनादिवासी जसलाई तिनले अपमानित हुने डोम, चाण्डाल, अंत्यज, अस्पृश्य, शूद्र, श्वपच, अछुत, अशिष्ट, असभ्य, दस्यू, अनार्य आदि नाम दिए। यिनले आफ्नो बाहुवलबाट बनाएको श्रीसम्पत्ति पनि साम, दाम, दण्ड, भेदको नीतिबाट कब्जा गर्दै, मार्दै, लखेट्दै दास बनाउँदै गए। उनीहरूका शक्तिशाली र जनविश्वास प्राप्त देवताहरूलाई पनि हस्तछेप गरी आफ्नो नियन्त्रणमा राखे। बलिया शासकहरूलाई शूद्रत्वबाट शिखा र यज्ञोपवित
(जुडि जनै) दिँदै कब्जा गर्दै कुमाउँमण्डलबाट महाकालीवारिको क्षेत्र पनि प्रभावित पारियो।

उनीहरूको विभेदकारी र रैथानेहरूमाथिको दमनकारी नीतिका विरुद्ध मधेससम्म शासन गरी बसेका अठौती मल्ल (जसलाई खपऱ्या नाम दिइयो) ले यी सभ्य, शिष्ट, धार्मिक, सुशासक भनिएका र मुस्लिम शासकहरूबाट लखेटिँदै आएकाहरूलाई मधेसबाट नै आरम्भ गरी कुमाउँमण्डल हुँदै हालको बैतडी, डँडेलधुरा, डोटी क्षेत्रदेखि बाजुरासम्मका आर्यधर्मका आस्थाका केन्द्र मठ मन्दिरहरू र तिनका प्रतिनिधिहरू धामी पण्डा अन्य कारोबारीहरूलाई अपवित्र पार्न गाईको सिनो लिएर आक्रमण गरे।

प्रतिक्रान्तिद्वारा पुनः हिन्दु धर्मका कर्मकाण्डी र विभेदकारी धर्म संस्कृतिभन्दा फरक शैलीको जातीय विभेदकारी नभएको राज्य व्यवस्था कायम गर्न मेघजस्तै गर्जना तर्जना गर्दै मेधनी मल्लले पनि आक्रमण गरेको देखिन्छ। डोटी राज्यका प्रख्यात शासक नागी मल्ल (वि.सं. १४४४) जसलाई अठौती मल्लका बुबा भनिएको छ, तिनले कुनै पनि देवताहरूलाई सहज ढङ्गले स्विकारेको देखिँदैन। तिनले आफ्नो राज्य विस्तारका क्रममा प्रथमतः धार्मिक केन्द्रहरूमा आक्रमण गरी मन्दिरहरूको सरसम्पत्ति लुटेर आफ्नो राज्यको ढुकुटीमा भरेर शक्ति सञ्चय गरेको देखिन्छ, जहाँको ठुलो जनसमुदायले आफ्नो आस्थाका केन्द्रहरूमाथि आक्रमण गर्दा ठुलो विरोध हुने देखे। त्यसपछि जनभावनाको कदर गरी शासनविरुद्ध हुने विद्रोहको डरले ती देवस्थलमा स्थानीय जनताकै छोरी, बहिनी किनी जलपात्र बोकाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देवताको सेवा गर्न भनी पूजाआजामा सघाउन लगाएका थिए।

यही बेलादेखि नै यस क्षेत्रमा देउकी प्रथा सुरु भएको हो। शक्तिशाली मानिएका देवताहरूका मठ मन्दिर बनाउन लगाए। यो पनि त आखिर आस्थावान्हरूबाट नै त बनाउन लगाए होलान्। तिनले नै कब्जा गरेको जमिन मेरो राज्यको भनेर गुठी चढाए। केही सीमित व्यक्तिहरूलाई बिनाकष्ट सुखसयल हुने गरी श्रीसम्पत्ति प्रदान गरी शासन रक्षाको समर्थक बनाए। यो संस्कृति पनि भारत खण्डबाट नै आर्यहरूले ल्याएर प्रयोग गरेका थिए। तिम्रो देवता बलि विधानले नै खुसी हुन्छन् भने जनावरको मात्र किन त मान्छेको नै दिनुपर्‍यो भनेर सायद राज्यका विरुद्ध विद्रोह गर्नेहरूलाई ल्याएर गोरेली देवीमा बलि दिएर एकातिर हिन्दु धर्मप्रति आस्था देखाउने अर्कोतिर जनतालाई आतङ्कित पारी राज्य व्यवस्था सुदृढ बनाइराख्ने काम गरेको देखिन्छ। जब आर्य धर्मावलम्बी भारतबाट मुस्लिम शासक मोहम्मद अफ धुरले सन् ११७५ देखि भारतमा गरेको आक्रमणको सिलसिला आरम्भ गरेपछि अन्य मुस्लिम शासकहरूले हिन्दुहरूमाथिको आक्रमण १७०७ सम्म तिनीहरूबाट लखेटिँदै पहाडी क्षेत्रतिर आएर सुरक्षित हुन थाले। तिनको चाप यस क्षेत्रमा बढ्दै गयो। अठौतीले आफ्नो शासन सत्ता धर्म संस्कृति विनाशको अन्तिम चरणमा पुग्न थालेपछि नागमल्लले प्रारम्भिक कालमा चालेका हिन्दु धर्मविरोधी नीतिभन्दा पनि झन् सशक्त नीति अख्तियार गरे।

गौमांस परित्याग गरी पूजनीय बनाएको वस्तुको हत्या गरी अपवित्र बनाउने कामबाट वैदिक समुदायलाई तल झार्ने वा यस भूभागबाट लखेट्ने, आफ्नो एकछत्र राज्य कायम गर्ने ध्येय बोकेर खपर्‍या, दानव, दैत्य नामकरण गरिएको अठौतीले ठुलो अभियान सञ्चालन गरेको देखिन्छ। त्यस बेला अर्थात् चौधौँ-पन्धौँ शताब्दीतिर मुगल सम्राटमध्ये हिन्दुहरूका कट्टर विरोधी औरङ्गजेबजस्ता शासकहरूले यहाँका उक्त शासकहरूलाई प्रयोग गरी पुनः खेदो गर्ने वा आफ्नो मुस्लिम धर्म स्वीकार गर्न बाध्य तुल्याउने प्रपञ्चले पनि काम गरेको हुन सक्छ।

अठौतीलाई घटोत्कचको देवत्व रूप घटालको वरदानस्वरूप प्राप्त भएको भन्ने कुरा विज्ञानले त के कति स्वीकार गर्छ आफैमा विचारणीय कुरा छ। तर त्यतिखेरको समाजले स्वीकार गर्‍यो। फेरि घटाललाई दानवी अर्थात् अनादिवासी मानिएकी हिडम्बाको पुत्र भएको कारण त्यसको प्रसादस्वरूप पैदा भएको अठौती पनि आर्य धर्मावलम्बीहरूको नजरमा अपवित्र, अकुलीन र आफ्नो शासक मान्न र दिल खुलाउन नसकी चारैतिर आलोचनाको वातावरण सिर्जना भएको पनि हुन सक्छ। यदि त्यसो हो भने मैले पनि यी आफूलाई पवित्र मान्ने र कुलीन खानदानको ठहर गर्नेहरूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कहाँ बाँकी राख्छु र ? भन्ने प्रतिशोधात्मक भावनाले अभिप्रेरित भई तिनका आस्थाका केन्द्रहरूमा अभक्ष्य मानेको सिनोबाट प्रहार गर्न आरम्भ गरेको यो दोस्रो कारण देखा पर्दछ। कलियालाई लोहार अथवा विश्वकर्मा मान्ने गरिन्छ। आदिकालमा विश्वकर्मा अन्य प्रमुख देवताहरूसँगका उच्च श्रेणीका देवता मानिन्छन्।

प्रजापति विश्वकर्माले गरेको कुरा विश्वकर्मा महापुराणले बताउँछ। तत्कालीन समयमा कर्मप्रधान समाज भएको हुँदा ठुलो सम्मान पाउँथे। विश्वकर्मा देवताका राजा इन्द्र पनि भइसकेका र यिनलाई प्रजापति पनि भनिन्छ। यिनी सूर्यकी पत्नी सन्ध्याका पिता पनि हुन्। नौ ग्रह नाम दिएका सूर्यका सन्तति यिनका नातिनातिना भए। उक्त समय विभेद थिएन। यिनी वस्तुशास्त्री र शिल्पका देवता नै थिए। यिनी भौतिकशास्त्री मात्रै नभई जैविक विविधिताका अध्ययनकर्ता थिए।

जातीय विभेदका पक्षधर मनुले प्राविधिक र व्यावसायिक सिपयुक्त र परिश्रमी समुदायका रूपमा रहेको शूद्रलाई जन्मका आधारमा निम्न कोटिमा राख्ने काम गरे। त्यहीँबाट पछिका विश्वकर्मा कलिया बन्न पुगे। पढ्दै नपढे पनि जन्मका आधारमा ब्राह्मण हुने परिपाटीले वास्तविक श्रमजीवी वर्गलाई अछुत बनायो, छिः छिः र दुरदुर गऱ्यो। छुवाछुतको चरम प्रयोग भयो र साना ठुलाको विभेद भई अरू शोषण भएपछि स्वाभाविक रूपमा जहाँ कम हुन्थ्यो वा हुँदैनथ्यो पीडित समुदाय त्यतातिरै उन्मुख भयो।

कलियाले अठौती मल्ललाई सघाएको हुनुपर्छ। शत्रुको शत्रु मित्र हुन्छ भने झैँ तत्कालीन समयमा आर्यहरूले आफ्नो युद्धका लागि हतियार बनाउने, लुगा सिउने, छालाजन्य वस्तु बनाउने, नृत्यगान र वाद्यवादन गर्ने, काठकर्मीको काम गर्ने, डोली बोक्ने तप्कालाई शूद्र बनाएका थिए। सिन्धुघाँटीबाट आर्यहरूले द्रविड, शूद्रलाई उनीहरूको राजकाज, सभ्यता र संस्कृतिबाट विस्थापन गरिएपछि वर्तमान नेपालको कर्णाली र सुदूरपश्चिम प्रदेशमा द्रविड, शिल्पीहरूले सभ्यताको विकास गरेका थिए। ११/१२ औँ शताब्दीताका खस उपनिवेश फैलिनुअगि नै द्रविड, शिल्पीहरूले विकास र स्थापना गरेको कर्णाली र सुदूरपश्चिम सभ्यतालाई शङ्कराचार्यको निर्देशनमा आर्य/खस शासकहरूले नष्ट गरिदिएका थिए। तर आज रैथाने द्रविड, शिल्पी/दलितहरू आफ्नै भूमि, राजकाज, संस्कृति र सभ्यता भएको आफ्नै माटोमा दासतुल्य जीवन जिउन बाध्य छन्।

द्विज भनिने समुदायका व्यक्तिहरूले यी समुदायसँग लसपस गर्दा तल झारिए भने केही ठुला राजकाजविरुद्ध विद्रोह गर्दा शूद्रमा झारिएका थुप्रै उदाहरण छन्। केही यहीँका आदिवासी जनजातिलाई जितेपछि अछुत र दास बनाइएकाहरूमध्येका केहीले विभेदकर्ताविरुद्ध चालिएको खपऱ्याको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सङ्घर्षमा साथ सहयोग गरेको देखिन्छ। फेरि, यस्ता शिल्पी समुदाय आफ्नो पारिवारिक भरणपोषणका लागि आफ्ना शासकको हुकुम वा आदेश मान्ने पनि थिए। स्वाभाविक रूपले युद्धको मैदानमा कलियाजस्ता अस्त्रशस्त्र निर्माणकर्ताको पक्कै पनि साथ लगिएको हुनुपर्छ। फेरि कलिया पनि आफै शूरवीर लडाकु रहेको हुँदा विभिन्न ठाउँमा भएका युद्धमध्ये केही ठाउँमा त्यसको पनि मुख्य पात्रका रूपमा वर्णन गरिएको गीतिमय अभिव्यक्तिहरूबाट पुष्टि भएको छ।

यहाँ गीतिमय वर्णन र जनश्रुतिहरूअनुसार खपऱ्याको सेनामा कलियाको नाम पनि पटकपटक आउने गरेको छ। कुनै ठाउँमा त कलियालाई खपऱ्याको नै दर्जा दिएर वर्णन गरिएको छ।

यसलाई हामीले दश बर्से जनयुद्धसँग जोडेर हेर्ने हो भने देशका सर्वहारा श्रमजीवी शिल्पी समुदाय दिलो ज्यानले युद्धमा होमियो। आफ्नो कला र सिपको प्रयोग युद्धका प्रत्येक मोर्चामा गऱ्यो। विभेदबाट मुक्त भई सम्मानित जीवन बाँच्न जिउज्यानले लागे। जसले प्रत्यक्ष आँट गर्न सकेनन् तिनले अन्य किसिमको सहयोग र समर्थन गरे। अवस्था त्यहाँ पनि त्यस्तै देखियो। केही देवताहरू मौन बसे।

कसैले गुप्त सूचनाद्वारा खपऱ्यालाई सघाउनुको अर्थ एकातिर त्यसको आतङ्कबाट जोगिनु थियो। अर्कोतिर हिन्दु धर्मभित्रका विभेदकारी व्यवहारबाट राहत पाइन्छ कि भन्ने आशा भरोसा पनि हो। फेरि, यस द्वन्द्वमा शिवका प्रतिष्ठित स्वरूप मानिने जगन्नाथ, ग्वाल्लेक केदार, भागेश्वरहरूको सकारात्मक भूमिका देखिएन। जगन्नाथको भूमिका खपऱ्यालाई सघाउने किसिमको रह्यो। तर, ग्वाल्लेक केदारले बेवास्ता गरेको र भागेश्वरले योद्धाहरूलाई अपमानित गर्ने र आफू लुकी भागी सुरक्षित हुने कार्य गरेको देखिन्छ। सिमुकेदारले खापरलाई आफ्नो नजिक पूजास्थल दिनु, नागार्जुनले पनि आफ्नै संरक्षणमा रहेको भूमिमा खापरलाई स्वीकार गर्नुबाट खापरलाई हेर्ने दृष्टिकोण शङ्कास्पद बन्न गएको छ। पूर्ण रूपमा विस्थापित गर्न नसकेको विभेदको बाबजुद अस्तित्व स्वीकार गरेको देखिन्छ। विश्वकर्माभित्रको वड समुदायले पुज्दा हेर्ने दृष्टिकोण फरक भए पनि गाह्रो अप्ठेरोमा प्रयोग जसले पनि गरेको पाइन्छ।

खप्तड क्षेत्रवरिपरिका दलित समुदाय र गैरदलित समुदायले डरले वा भरले खापर मन्दिर स्थापना गरी भव्य मेला जात्रा लगाई पूजाआजा गरेको देखा परेको छ। त्यो चाहिँ गुदु खाँती होस्, सापट्टा होस् वा छेडेदहमा र खापर दहमा होस् पूजनीय छ। बझाङको जुजिमा पुजिन्छ। खापर मस्टा भनेर कालीकोट रास्कोटमा बम ठकुरी र दोहामा शाही ठकुरीका साथै कोलीगाउँका योगी पनि खसी काटी पुज्ने गर्दछन्। बैतडीमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खपऱ्या दलित समुदायले मात्र पुजेको देखिन्छ तर बझाङ, बाजुरा, अछाम, हुम्ला र कालीकोटमा अन्य ठकुरी, क्षत्री, दलित समुदायका कुलदेवता नै बाहुनले पनि पूजा गर्दै आएको देखिन्छ। यस क्षेत्रका केही ठाउँमा खापरलाई घन्टी होइन, घाँडो चढाउने प्रचलन पनि विशेष रहेको छ। केही समयपूर्व कुनै व्यक्तिले समाजको तत्कालीन नीति, नियम, धर्म, संस्कृतिभन्दा धेरै तल्लो स्तरको काम गऱ्यो भने उसलाई घाँडो लगाएर गाउँ घुमाउने अर्थात् अब त यो मान्छे पशुसमान भइसक्यो भन्ने अर्थमा दण्डित गरिन्थ्यो। अझै पनि कतै कतै भन्ने गरिन्छ "यो मान्छे त घाँडो लगाउन लायकको छ" भनेर।

फेरि, यस युद्धमा के पनि देखिन्छ भने खपऱ्याको युद्ध गाईको साँप्रो लिएर देवताहरूमाथि आक्रमण गरी खुवाएर आफ्नो धर्मबाट भ्रष्ट पारी परास्त गर्नमा बढी जोड दिएको छ। त्यसका लागि द्वन्द्वग्रस्त क्षेत्रमा अहिले पनि देख्न सकिने खाडलहरूबाट के पनि प्रस्ट हुन्छ भने ऊसँग प्रत्यक्ष लड्न गएका धामीहरू र त्यसका बिच पहिला सिनो खोस्ने र फाल्ने प्रयत्न भएको थियो। पछि मल्लयुद्ध बढी हुन गएर खाडल नै पर्न गएको हुनुपर्छ। चाहे त्यो झौलेकमा होस् वा ऐँच्याकाँडाको बृहत् खाडल होस्। त्यस कारणले के पनि देखा पर्छ भने खपऱ्यासँग लड्नुपूर्व गरिएका भेलामा तिमी लडाइँ गर, हाम्रो विजयपछि तिमीसँगै खाउँला र खेलौँला भन्नुको पछाडि खपऱ्या यस किसिमको अभक्ष्य पदार्थ खाने मान्छे भएको हुँदा त्यसलाई सामान्य मान्छे मान्न सकिन्न। त्यो पक्कै पनि बलशाली छ। त्यसका लागि तपाईंहरूजस्ता शक्तिशाली धामीहरू मात्र लड्न सक्नुहुन्छ। हामी लुरतुरे, बुढापाका र महिला कहाँ लड्न सक्छौँ र ? तपाईंहरूको साथमा रहने छौँ भनेको घटनाक्रमले देखाउँछ। केही यस्तै अवस्था भएका र केहीले आफूलाई चलाखीपूर्ण ढङ्गले जोगाउने यत्न गरेको कुरा वृद्ध परमानन्द पन्तको अभिव्यक्तिबाट पनि बुझिन्छ। यस क्षेत्रमा पनि देशका अन्य क्षेत्रमा जस्तै केही अनादिवासीका रूपमा आर्य समुदाय आउनुपूर्वका जातिहरू, जसलाई यिनले शूद्र नै घोषणा गरेकोमध्ये बहुसङ्ख्यक कलाका धनी छन्।

केही वर्णवादीहरूलाई शूद्र बनाइयो। कतिपयलाई कठिन र घिनलाग्दा कार्य र आवश्यक काम गराउँदै आएका थिए। जे जति कारणले भए पनि बलशाली देवताहरू यिनले नै प्राप्त गरेका छन्। डिलासैनी, निङ्गलासैनी, जगन्नाथ, राताशीला, धुनिमाई भगवती, उग्रतारा, भागेश्वर, धेरै ठाउँमा लाटो, बनारसी, खापरे र सालमुनि आदि। पछिपछि तिमीहरू विभिन्न किसिमका अभक्ष्य पदार्थ खान्छौ, पूजापाठ गर्न जान्दैनौ भनी सबै देवी र शक्तिशाली देवताहरूलाई चोखा हुँ भन्नेले कब्जामा लिएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो क्रम आजसम्मै जारी रहेको छ। बिस्तारै बिस्तारै आफै धामी काम्न पनि थाले। गोदान, सुनदान, वस्त्रदान र नगदनारायणद्वारा आर्थिक उपार्जन हुने र अरू जातिभन्दा सम्मानित र पूजित बन्ने राम्रो माध्यम बन्यो। अपमानित, अपहेलित दलित समुदायले आदिम जङ्गली अवस्थाबाट मांस भक्षण गर्दै आएका आदिवासी समुदायले मिठो मसिनो सधैं खान नपाइने हुँदा देवीदेवताहरूका विभिन्न पर्व राखी विभिन्न किसिमका जीवजन्तु काट्ने, घिउ, दुध, चामलको माध्यमबाट पूजा गर्ने र जुनसुकै समुदायको भए पनि नपोलेका खसीबोकाका टाउका र फिलाहरू कथित उच्च खानदान अर्थात् द्विजहरूलाई दिनुपर्ने नियम बनाइयो तर कथित चलाखहरूले तल्लो मानिएका शिल्पी/दलितहरूलाई आन्द्रा, भुँडी र खुट्टा दिने कुरीति बसाइयो। महिषासुर भनेको अवैदिक शासक थियो। बलशाली राँगोसमान भएकाले महिषासुर नामकरण गरिएको थियो। त्यसले आर्यकुलका महिला पुरुषलाई दु:ख दिएका बेला नारी शक्तिकी महामाया दुर्गाबाट त्यसको संहार गरेको हुँदा प्रतीकस्वरूप विभिन्न शक्तिपीठहरूमा त्यसको बलि दिनुपर्छ भनी आजको दिनसम्म सबैले बलि दिइरहेकै छन्। मन्दिर सिँगारिदिने, बाजागाजा बजाउने, देवीदेवता पाउने सबै शिल्पी/दलित समुदायकै देन हो। तर, बलि दिएका राँगाहरूको व्यवस्थापन पनि यिनै समुदायलाई गर्न बाध्य पारिँदै आएको छ। राम्रो राम्रो मासु भने अहिले अरू समुदायले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खाए पनि छुवाछुतको सिकार दलित समुदायले मात्र हुनुपरेको छ। कुनै कुनै ठाउँका यी देवताहरू राताशीला, बनारसी, सालमुनिका मूल धामी-पण्डा दलित समुदायकै हुन्छन्। उक्त ठाउँहरूमा सम्पूर्ण जाति समुदायको श्रद्धापूर्ण रूपमा उपस्थिति हुन्छ।

मेलौलीको खलिगाडलगायतका केही स्थानमा हुने धुनिमाई भगवतीको जात्राको मूल धामी दलितको हुने, पुजारी जोशी, भट्ट बाहुन हुने चलन छ। मौका मिल्ने ठाउँमा फेरि विभेद आरम्भ गरिहाल्ने यस्ता जात्रा यस सुदूरपश्चिम प्रदेशभित्र धेरै छन्। सिनो खाने र नखाने आधारमा आर्य समुदाय यस क्षेत्रमा आउनुपूर्वको दलित समुदायको मूल थातथलो छोड्न छोडाउन बाध्य पारेपछि उनीहरू कमसल र देशको अन्य भूभागतिर सर्दै गए कतै पूरै विस्थापित नै गराइयो। हरेक दृष्टिकोणबाट कमजोर पारियो।

जन्मदेखि मृत्युसम्मका हरेक नियम र विधिमा बाँधी पशुतुल्य जीवन जिउन बाध्य पारियो। पाटन खिपालीका लोहारहरू र सुदूरपश्चिमका बहुसङ्ख्यक शिल्पकार समुदायहरूको त्यो अवस्था भयो भने पुर्चौडी हाटका कमकर (कर्मा) अहिले पनि मूल ठाउँमा देवतासहित रहेका छन्। विभेदकारी वर्णवादी व्यवस्थालाई बचाइराख्न खपऱ्यासँगको द्वन्द्वले झन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संस्थागत गर्नमा ठुलो मद्दत मिलेको ठहरिन्छ।

अरू तीन वर्णलाई ब्राह्मणप्रधान समाज व्यवस्थाले सिनो खानमा प्रतिबन्ध लगाए पनि यस वर्णलाई भने छुट दियो। समाजमा माथिल्लो जात कहलिएका परिवारका पाल्तु जनावरको मृत्यु भएपछि, बुढा भएपछि र दुध नदिने भएपछि तिनलाई व्यवस्थापन गर्ने समुदायका रूपमा शूद्र समुदायलाई प्रयोग गरियो। डोका बाँध्ने, चाल्नो, हलौँडो, जुत्ता, ढाल, ढोलक, डमरु, दमाहा, खलाँती, काइँयो, बटन, खैँजडी, खुकुरी र तरबारका दापहरू आदिलाई छाला वा छालाजन्य वस्तुले मोहोर्नुपर्ने अनिवार्यता तत्कालीन समाजमा थियो र हाल पनि छँदै छ। यस्ता काममा शूद्र समुदायकै मान्छेहरूलाई लगाइयो। मृत प्राणी गाईगोरु, भैँसी आदिको मृत्युपछि काती (छाती चिर्नु) नलगाउन्जेल मालिकले खाना नखाने प्रथा बसालियो।

अछुतबाट माथि उठ्ने कुनै उपाय नभएपछि त जे गर्दा पनि हुने भयो। अरू समाजभन्दा फरक जीवन शैलीमा बाँच्नुपर्दा आफू पनि टाढाटाढा हुन थाले। यस किसिमको मांस भक्षणकर्ता समुदायमध्ये पनि सार्की समुदायलाई त के पनि भनियो भने गाईगोरुलाई काती लगाउँदा त्यो प्राणी पनि स्वर्ग जान्छ। तिमीलाई पनि ठुलो पुण्य प्राप्ति हुन्छ। तिम्रो त यो धर्म नै हो। सित्तैमा मासु खान पनि पाइने। धर्म पनि कमाउन पाइने कुरा सुनेपछि यो समुदाय रमाई रमाई मृत गोमांस भक्षण गर्न थाल्यो। सवर्णको पदधारण गरेकाहरूका लागि हाइसन्चो भयो। एकातिर काम नलाग्ने प्राणीलाई ठेगान लगाइयो। अर्कातिर अछुत बनाई कठिन काम गराउन सजिलो भयो। यस्तो अवस्थालाई चित्रण गर्दै विद्वान् चिन्तक एवम् कवि मोदनाथ प्रश्रित **देवासुर सङ्ग्राम** (महाकाव्य, पृ. ३४) मा लेख्छन्–

'अग्निष्टोम महायज्ञ' बिदाई उपलक्ष्यको
सक्नुपर्छ सबेरै नै आदित्यहरू हो उठ!
अल्छी छोडी छिटो थाल भारी-तारी मिलाउन
कसैले अग्नि-पूजाको सर्सामग्री जुटाउन
बिदाई भोजको निम्ति गोरु, बोका र मिर्गको
बनाओ स्वादिलो मासु सेकुवा, पोलुवाहरू।

आमाको गोत्रबाट चिनिएर गण विभाजन भई नयाँ भूगोल र सुविधा खोज्ने क्रममा यो अवस्था रह्यो। अरूले हजारौँ वर्ष दुःखकष्ट गरी बनाएको राज्यव्यवस्थालाई कब्जा गरी *'उल्फतको धन, फुपूको श्राद्ध'* भने झैँ आर्य नेतृत्वले कब्जा गर्दा बेलामौकामा खपऱ्याहरू जन्मिएका हुन्। प्रसिद्ध दार्शनिक भारतीय संविधानका निर्माता विशिष्ट विद्वान् डा.अम्बेडकर लेख्नुहुन्छ– "ऋग्वेदकालीन आर्य भोजन के लिए गोहत्या करते थे और गोमांस खाते थे।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ऋग्वेदमें इन्द्रका कथन है वे एक के लिए १५-२० बैल पकाते हैं।"

"ऋग्वेदका ही कथन है अग्नि देवताके लिए घोडों, वृषभों, बैलों, बाझ गौओं तथा भेडों की बलि दी जाति थी। ऋग्वेद से ही स्पष्ट होता है कि गौ एक खड्ग अथवा कूलहाडी से मारा जाता था। तैत्तरीय ब्राह्मण में जिन काम्योष्टि यज्ञोंका वर्णन है उनमें न केवल गौओं ओर बैलों की बलि देनेकी आज्ञा है किन्तु यह भी स्पष्ट किया गया है। इस प्रकार गौओं और बैलों की बलि किस देवताको चढनी चाहिए। जैसे की 'विष्णु' बलि देनी हो तो एक बौना बैल चुनना चाहिए। इन्द्रको बलि देनी हो तो ऐसा बैल चुनना चाहिए जिसके सिङ लटकते हों ओर जिसके माथे पर टीका हो। पुषणके लिए काली गौ, रुद्रके लिए लाल गौ।"

अन्य यज्ञ र देवताहरूका लागि फरक फरक किसिमका गाईगोरुको व्यवस्था गरिन्थ्यो।

अति महत्त्वपूर्ण गाईगोरुको बलि विधानको नाममा खाई सिध्याउने अवस्था सिर्जना भएपछि केही ऋषिमुनिहरूले चिन्तनमनन गरी यसको पालनपोषण र संरक्षण गर्न सामान्य आदेशले नहुने महसुस गरी यसको संरक्षण गरी दानधर्म गरे धर्म हुने अहिलेसम्म गरेका पापबाट पनि मुक्ति मिल्ने र हत्या गऱ्यो भने नर्क जानुपर्ने अर्थात् मरुभूमितिर लखेटिनेजस्ता कडा कानुन र व्यवस्थाका पक्षमा सकारात्मक देखिए भने ऋषि मुनिहरूलाई सित्तैमा पालेका गौ दिनुपर्ने कुराले सङ्कीर्ण स्वार्थ देखियो। यसका बारेमा मोदनाथ प्रश्रित देवासुर सङ्ग्राममा पुनः लेख्नुहुन्छ–

अब ता मासु खाएर गाईको नष्ट पार्दथ्यो!
जोत्नलाई दिने गोरु, खानलाई दही दूध,
खेती निम्ति दिने खाद, औषधि निम्ति रोचन
बस्त्र बोरा, जुत्ता, नारा निम्ति छालाहरू दिने
मरुभूमिहरू मल्न दिने गारत हाडका
सारा धेनुहरू साक्षात् 'कामधेनु' हुँदै गए।

दही मोही घिऊ झिक्ने आविष्कार गरेपछि–
"सम्पूर्ण खाद्य वस्तुमा महान् अमृत हो घिउ'
भनेर धन्वन्तरिले खोजको घोषणा गरे।
सर्वत्र पिटियो डुग्गी गोरक्षाको प्रचारमा
गाई अमृतकी नाभि हाम्री आमा भइन् यिनी
सदै पूजा गर्नु यिन्को, अब गाई न नमारनू।"

हामी गोरक्षक, हिन्दु धर्मका नीति सिद्धान्तका अनुयायी कत्तिका धर्मपरायण छौं र कतिका ढकोशला बाज छौं भन्ने कुरा निम्न अवस्था सम्झँदा आफैलाई उदेक लागेर आउँछ। ठुला घरानाहरूका वृद्ध व्यक्तिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मृत्यु हुँदा जीवित रहुन्जेल उसले उपभोग गरी आएको वस्तु पितृकर्म गर्दा दान आदि गर्ने प्रथाअनुरूप त्यसको नामबाट वृषभ (साँढे) कतै त बाच्छो पनि साथमा लगाउने चलन अहिले कायम छ। चाहे त्यसलाई बाघले खाओस्, भिरमा लडेर मरोस् वा आजको सहरीकरणमा गाडीद्वारा किचिएर वा भोकले मरोस्। त्यसलाई गोहत्याको कुनै मुद्दा लाग्दैन। धर्मका नाममा भनिएका, गरिएका यस्ता कुराहरू धर्मसङ्गत छन् कि छैनन्, चिन्तनमनन गर्नुपर्ने समय आएको छ। अहिले पनि सुदूरपश्चिम प्रदेशको तराई/मधेस क्षेत्रमा गाई पाल्न टाउको दुखाइको विषय बनेको छ। दुध दिउन्जेलसम्म आमाको दर्जा दिइन्छ। मलमूत्रबाट पनि पवित्रता कायम गरिन्छ। स्वर्गको सपना देखाएर गाईको पुच्छर समाती वैतरणी पार हुने विश्वास गरिन्छ। अनि बुढो वा बाँझो भएपछि बेवारिसे अवस्थामा खुला सडकमा वा वनमा छोडिन्छ।

वर्ण र जातीय विभेदको औचित्यहीनताका कारणहरू

(१) भक्ष्य-अभक्ष्य, खाने-नखाने आधारमा कोही शुद्ध, कोही अशुद्ध, कोही उँच, कोही नीच, कोही पवित्र, कोही अपवित्र, कोही चोखा, कोही बिटुला, कोही छुत, कोही अछुत, कोही माथिल्ला कोही तल्ला, कोही धार्मिक, कोही अधार्मिक, कोही ठुला, कोही साना, कोही श्रद्धेय, कोही घृणित र कोही पूजनीय कोही परित्यज्य मानिने हो भने कोही पनि जाति, समुदाय र व्यक्ति पवित्र वा चोखो छैन।

पृथ्वीका हरेक जाति/समुदायमा विभिन्न कालखण्डमा महामानव पनि पैदा भएका छन्। महादानव पनि पैदा भएका छन्। कोही पनि जन्मँदै असल र कोही जन्मँदै खराब हुन सक्दैन।

(२) कुनै जाति समुदायले पनि यो मामिलामा म पवित्र छु, मेरो रगतमा कुनै किसिमको लसपस वा मिसावट छैन भनी ठोकुवा गर्न सक्दैन। नचाहिँदो तर्क दिने र जिद्दी गर्नेबाहेक।

(३) अभक्ष भनिएको कुरा कसैका पूर्वजहरूले केही युगपूर्व छोडे, केहीले केही शताब्दीपूर्व परित्याग गरे, कोही कोहीले केही पुस्ताअघि मात्र छोडे, कोही छोड्ने क्रममा छन्। कसैका सन्तान जानी नजानी विभिन्न रूपमा खाइरहेका छन्। चाहे त्यो औषधी भनेर रातो रूपमा होस् चाहे त्यो 'गोरस' भनेर बाच्छापालनका लागि प्रकृतिले प्रदान गरेको दुधको सेतो रूप होस्। कहिले बिरामी हुँदा दुधमा राता सिर्का पनि आउने गर्छन्। सानो तिनो रगत मिश्रित दुध फालिँदैन। ठुलाबडाका सन्तान विदेशमा के खाइरहेका छन् त्यसको लेखाजोखा छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(४) खपऱ्या हावादारी, अदृश्य, अलौकिक, दानव, राक्षस भूत आदि केही पनि होइन । आफ्नो संस्कार, संस्कृति र धर्मसँग मेल नखानेहरूलाई आफूजस्तै बनाउन र आफ्नो एकछत्र राज्य कायम गर्न लडेको मध्यकालीन शासक हो । मल्लकालीन सभ्यता, राज्य व्यवस्था अजयमेरु दरबार क्षेत्रका मल्ल शासकहरूले देवताहरूको शक्ति परीक्षणका लागि नरबलि गर्नु, भिरको टुप्पोमा कलकुता (रिठाका बिउ) हरूमा स्लेट राखी काम्न लगाएर धेरै धामीहरूको हत्या गरी मठ मन्दिरको सम्पत्ति लुट्नु, धामीहरूलाई बोरामा हाली नदीमा बगाउनु, तरबारमा भुँडी राखी कमाउनु, ओखलमा टाउको हाली ढुङ्गाकै मुसलले मार्नु, विवाहकै दिन रैतीका दुलहीलाई दरबारमा राख्नु, अन्य राजारजौटाहरूलाई लज्जित पार्न, महिलाहरूको घाँगर मुनि छिराएर कुकुरलाई ढोग्न लगाउनुजस्ता अन्यायका चरम दुर्व्यवहारको रोमाञ्चित वर्णन भए तापनि यति ठुलो राजनीतिक, सांस्कृतिक र धार्मिक क्रान्तिलाई इतिहासकारहरूले लेखेका छैनन् । गाईगोरुको सिनो लिएर लडेको कुरा गौराका गीतहरूमा र किंवदन्तीमा प्रशस्त हुनु तर इतिहासमा कहीँ कतै पनि नलेखिनु अझै अनुसन्धानको विषय छ ।

(५) खपऱ्यासँग कुनै हावारूपी देवता लडेनन् । विभिन्न देवताका नाम दिइएका शूरा धामी अर्थात् मान्छे नै अठौतीसँग लडेका हुन् । केही इतिहासका जानकारहरूका अनुसार गौराका गीत र किंवदन्तीमा विभिन्न कालखण्डका पात्र जोडिएर दोहोरो पर्न गएकोमा शङ्का जाहेर गरेका छन् । अठौती नामका दुइटा पात्र मल्ल र साउद पनि देखा पर्छन् ।

अनार्यहरूमध्ये विभिन्न कालखण्डमा देखापरेका मधुकैटभ, महिषासुर, रावण, हिरण्यकशिपु, कंस आदिले आर्यहरूको शासन र संस्कृतिको अधीनता स्वीकार नगरेकाले तिनलाई दानव, राक्षस, असुरबाट सम्बोधन गरियो । उनकै सन्तान भाइ प्रह्लाद र बिभीषणहरू देवतुल्य बनाइए । त्यो सिलसिला खपऱ्याकालीनदेखि शक्तिशाली जङ्गबहादुर खड्काबाट कुँवर र कुँवरबाट राणा हुँदै श्री ३ बनेको आधुनिक समयसम्म पनि कायमै छ ।

(६) ज्ञान र शिक्षाबाट शूद्र र नारीलाई अलग गरियो । पढे भने मृत्युदण्डको सजायको व्यवस्था गरियो । यसको गुह्य कुरा थाहा पाए भने उनीहरूको मालिक र स्वामीपनमा भुइँचालो जाने भयो । उदाहरणका लागि एउटै पुर्खा कश्यपकी पत्नी दितिका सन्तानलाई दैत्य भन्नु, अदितिका सन्तानलाई आदित्य वा देवता भन्नु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चण्डालीका पुत्र परासर, वेश्याबाट जन्मेका वशिष्ठ, शूद्र स्त्रीबाट जन्मेका भारद्वाज, माताङ्ग आफै चाण्डाल थिए भने तिनका शाखा सन्तानहरूले आफूलाई शुद्ध र कथित ठुलो खानदानका हौं भनी गर्व पनि गर्नुलाई के भन्ने ? त्यसै गरी एकै गोत्र भएकाहरूसँग छुवाछुतको व्यवहार गरिराख्नु कत्तिको न्यायसङ्गत हो ? विश्वकर्मा महापुराणका अनुसार सूर्यकी श्रीमती (सन्ध्या) रन्नादेवी विश्वकर्माकी छोरी त्यसका परिवारमध्ये मनु सूर्यपुत्र जो विभेदकारी वर्णव्यवस्थाका संस्थापक थिए। त्यसै सूर्यवंशी इक्ष्वाकु, तिनकै पुत्र विकुसी अयोध्याका राजा भए। त्यसै सूर्यवंशका सत्यवादी महादानी हरिशचन्द्रले डुम बन्नुपऱ्यो। त्यसै वंशका दशरथका तीन रानीमध्येका एकजना सुमित्रा विश्वकर्माकी छोरी हुन्। तीनओटै रानीहरूबाट सन्तान नभएपछि राजा दशरथले लगाएका यज्ञपछि दिएको खिर रानीहरूले खाँदा तिनैबाट रामसहित चार भाइ छोरा जन्मेको कथा प्रसङ्ग पाइन्छ। यो कति तथ्य र तर्कसङ्गत कुरा हो ? खोजी हुनु आवश्यक छ।

केही पुस्तकहरूले सीता रावणकी छोरी हुन् भनेका आधारमा तिनका सन्तानहरू के भए ? रावण राक्षसको घर बसेर अशुद्ध भए भनी पुनः शूद्र वाल्मीकिको आश्रममा सीताद्वारा पैदा भएका लव कुशका वंशजहरूले ठुला सूर्यवंशी, चन्द्रवंशी चोखा हौं भनेर दम्भ गर्नु कतिको सार्थक छ ? आर्यधर्मका संरक्षक हौं भन्नु कत्तिको तर्कसङ्गत होला ? त्यसै गरी, जालन्धारी राजाहरू (जिजड, जाजड, जड आदि) कुम्भकर्ण, प्रल्हाद, खान र लाङ्गाली वंशका ठुलाठुला राजघरानाहरूले समयानुकूल आफ्नो थर गोत्र परिवर्तन गरेका थिए-शिवाकोटी प्रा.डा. गोपाल, खस जाति, स्वत्वको लडाइँ, (पृं.१११, ११३, ११४)। त्यस्तै, अधिकारी प्रा.डा. सूर्यमणि, खस साम्राज्यको इतिहास को (पृ. २८) मा महाभारत (८:४४:६ र ७) को नेपाली व्याख्या गर्दै लेख्नुहुन्छ– "खसहरूको बसोबास क्षेत्रलाई बाल्हिक अथवा बाहिक पनि भनिन्थ्यो। बाहिक देश र त्यहाँका बासिन्दाको निन्दा गर्दै महाभारतका कर्णले भनेका छन्– बाहिक प्रदेशहरू धर्म बाह्य र अपवित्र पनि छन्। यिनीहरूलाई पनि त्याग गर्नुपर्छ। त्यहाँ एउटै ब्राह्मण फेरि क्षत्रिय हुन्छ। त्यसपछि वैश्य, शूद्र र नापित पनि बन्दछ। नापित भएपछि फेरि, ब्राह्मण बन्दछ। ब्राह्मण भएर फेरि उही व्यक्ति दास पनि बन्दछ। बाहिक अर्थात्, खस देशका ब्राह्मणलाई संस्कारहीन, वेदका ज्ञान नभएका, यज्ञका वेदी नभएका र यज्ञयज्ञादि पनि नगर्ने भनी निन्दा गरिएको छ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(७) कुनै एक कालखण्डमा ब्राह्मणहरूले क्षत्रियहरूलाई निचा देखाउने र क्षत्रियहरू (शासक वर्ग) ले ब्राह्मण समुदायलाई होच्याउने कोसिस गर्दागर्दै मध्यकालीन अवस्थामा पुगेर एकथरी श्री ६ बन्ने, एक श्री ५ बन्ने र एक श्री ३ बन्ने पनि गरेको कुराबाट के प्रस्ट हुन्छ भने कुनै पनि जाति समुदायले छाती खोली म चोखो, ठुलो कुलघरानाको, सभ्य र अरू नीच, बिटुला, साना र अशुद्ध भन्नु सुहाउने कुरा होइन । यी सब कुराहरू अवैज्ञानिक छन् ।

मौर्य सम्राट् चन्द्रगुप्त र अशोकलाई समेत आर्यहरूले शूद्र घोषित गरे । ब्राह्मण धर्मले भन्छ– जन्मना जायते शूद्रः कर्मणा द्विज उच्चते । तत्कालीन समाजमा उच्च कर्मले मानिस उच्च जाति बन्छ भनियो । पछि उसका कर्म जति नीच भए पनि कर्मकाण्ड गरी जनै लगाई टुप्पी राख्दा द्विज रहिरहने प्रथा बस्यो । यसै कारणले हिन्दु धर्ममा ह्रास आएको हो र विश्वसनीयता घटेको हो ।

(८) यस द्वन्द्वका क्रममा केही मारिए पनि होलान् तर सिनोको हतियार प्रयोग गर्नुको अर्थ हामी गोमांस खाँदैनौं, हामी चोखा हौं । गौमांस खाने अपवित्र शूद्र हुन् भन्नेहरूलाई, जबरजस्ती खुवाउने, छुवाउने र हिन्दु धर्मअनुसारका र परिमार्जित पवित्र मठ मन्दिरहरूलाई अपवित्र बनाउने युद्ध नै खपऱ्या र देवताहरूबिचको द्वन्द्व हो ।

(९) देवताहरूलाई जबरजस्ती झुठा, पक्षपाती, विभेदकारी, अन्यायी अविश्वासी बनाउने काम हामी ठुला जातिका र चोखा हौं भन्ने धामी, पण्डित, मुखिया, गाउँका र राज्यका शासकहरूबाट गरियो ।

(१०) विभेद कायम गर्न मनोबल बढाउने काम वैदिक र पौराणिक कालमा देवता नामकरण गरिएका शासकहरू र ऋषिमुनिमध्येका केहीले साम, दाम, दण्ड, भेदको नीतिद्वारा आफ्नो जाति समुदायको संरक्षण र सम्मान हुने धर्म र संस्कृतिको सिर्जना गरेकाहरूबाट खपऱ्यासँगको द्वन्द्वमा पनि प्रयोग भएको देखियो ।

(११) विभेदमा पारिएका बलशाली देवताहरूको पूर्ण रूपमा बहिष्कार गर्न नसकी अर्ध मान्यता प्रदान गर्ने, अर्थात् उपयोग गर्ने बेला त्यसले गरेको व्यवहार र वाणी स्वीकार गर्ने काम निकालेपछि हामीले त देवतालाई पो काँधमा चढ्न दिएको र शरण परेका हौं त्यस दलित (कडा अपशब्द प्रयोग गर्दै) लाई मानेका कहाँ हौं र ? भन्ने दोधारे चरित्र कायम रह्यो ।

(१२) आफ्ना अन्यायपूर्ण कामले गर्दा केही स्थानीय देवताहरू (किताबी र फोटोवाला देवता राम, कृष्ण, विष्णु, बह्मा होइन) बाट दैवीय सङ्कट महसुस भयो भने यी विभेदित देवता बनारसी, लाटो,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निर्पाल, सैपाल, खापर आदिका धामीलाई रातिको समय घरमै बोलाएर शरणागत भई बिन्ती गराउने तर त्यसबाट पार नपाए अशान्तिको सीमा नाघेपछि सार्वजनिक रूपमै शरणागत हुनुपर्ने अवस्थाबाट मुक्त हुन अब त यो जातीय छुवाछुत र विभेद समूल नष्ट नै भइदिए हुन्थ्यो भन्ने अभिव्यक्ति र भावहरू उत्पन्न भइरहेको आजको नयाँ राजनीतिक परिवर्तनपछि मात्र नभई हरेक कालखण्डमा हुँदै आएको छ। तर, त्यस्तो घटनामा नपरेको र दलित समुदायको अस्तित्व स्वीकार नगर्ने तत्त्वहरूबाट डराएर प्रस्ट रूपले भन्न पनि नसक्ने र विद्रोह गर्न पनि नसक्ने जमातको यताको न उताको अवस्थामा सामाजिक जीवन चलिरहेको छ।

(१३) मानव विकासका क्रममा केही कालखण्ड हिन्दु धर्मका कट्टर शासक प्रशासकहरूले औपचारिक शिक्षा ग्रहणमा प्रतिबन्ध लगाए पनि प्राकृतिक र व्यावहारिक रूपबाट केही सचेत दलितहरूले धर्म, समाज, संस्कृति, राजनीति र अर्थनीतिको समसामयिक अवस्थाको सृजना कसरी भइरहेको छ र त्यसले आफ्नो समुदायलाई कसरी प्रभावित गर्दछ भन्ने कुरा बोध गर्दै आइरहेको छ। त्यसैले अन्धभक्त भएर यथास्थितिलाई स्वीकार गर्दैन। यदि कुनै सृष्टिकर्ता वा कुनै ईश्वर छ भने त्यसले मात्र मान्छे पैदा गरेको हो। जातभात, सानो ठुलो केही पैदा गरेको होइन। तसर्थ, यी सबै कुरा मानवनिर्मित हुन्। जसलाई परिवर्तन गर्ने जिम्मा पनि मानवको नै रहेकाले विभेदलाई पालिराख्नु आजको मितिमा धर्मसङ्गत हुनै सक्दैन। तसर्थ, विभेदरहित धर्म-संस्कृतिका लागि तत्पर हुन्छन्। वास्तविक समाजवादी दृटिष्कोणवालाका लागि चिन्तन गर्नु पर्दैन। त्यसका लागि सङ्घर्ष गर्दै आएका छन्। मात्र समस्या सामाजिक, शैक्षिक र बौद्धिक चेतनाबाट टाढा भएको तप्काको हो, जो अझ पनि धार्मिक, सामाजिक, सांस्कृतिक संरचनालाई ईश्वरनिर्मित मानेर परिवर्तनका सम्भावनाहरूलाई व्यवहारमा रूपान्तरित गर्न हिचकिचाहट गर्छ वा भनौँ डर्दछ। देवता र चोखा हौँ भन्ने मान्छेको बराबरै त्रास देखा पर्दछ।

(१४) ब्राह्मण धर्मको वर्णवादी व्यवस्थाले गाँजेको सुदूरपश्चिम प्रदेशका केही उपाध्याय बाहुन, जो स्वतन्त्रतापूर्वक सबैसँग खानपान, उठबस, कर्मकाण्ड गर्न चाहन्छन्। तिनी द्विज भनिने जजमानहरूबाट र आफ्नै प्रतिस्पर्धीबाट डराएका हुन्छन्। 'क' श्रेणी प्राप्त केही ठकुरीहरूले सबैसँग मानवीय र विभेदरहित व्यवहार गर्न चाहे पनि आफ्नै श्रेणीका प्रतिपक्षी र ख, ग, घ ले कतै आफै बराबरीमा झऱ्यौ भन्ने पो हुन् कि भन्ने डरले गर्दा कडापना

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देखाउने गर्छन्। क्षत्री समुदायमा पनि त्यही श्रेणी विभाजनले गर्दाको आन्तरिक डर, भय एकातिर छ। अर्कोतर्फ, एक पटक तल झरिसकेपछि कतै सानो त्रुटि भइदियो भने माथिका ठुलाहरूले कता पो पुऱ्याउने हुन् भन्ने डरले झन् थर्कमान हुन्छन्। खपऱ्यासँग लडेका महायोद्धाहरूसँग युद्धपछि गरेको व्यवहार सम्झेर कमजोर मनस्थिति भएकाहरू सबैसँग न्याय र वास्तविक धर्मसङ्गत व्यवहार गर्न अझै डराउने गर्दछन्।

(१५) 'बाँड र राज्य गर'को नीति यस समुदायमा व्यापक प्रयोग गरिएको पाइन्छ। प्रायजसो दलितमा विश्वकर्मालाई दलितको बाहुन भन्ने गरे पनि सार्की समुदाय त्यो स्विकार्दैनन्। यी दुइटै जाति आफूआफूलाई ठुलो मान्ने गर्दछन्। आफ्नो कामलाई प्राथमिकता दिन्छन्। सामान्य रूपमा पानी बाराबार भए पनि एउटै हुक्का चिलिमको प्रयोग हुने र जेठाकान्छाका आधारमा ढोग चल्ने गर्छ। मनुको जातिवादी वर्णाश्रम व्यवस्थालाई नै आधार बनाई जयस्थिति मल्ल र राम शाहका साथै जङ्गबहादुर राणाको सुधार, रीतिथिति र १९१० को मुलुकी ऐनले तथाकथित शूद्र वर्गभित्र छुवाछुतलाई पतिया गर्नसम्म पुऱ्यायो। जातिविशेषको हितका लागि मान्ने हो भने यसलाई अस्वाभाविक नमानिएला। तर, मानव मात्रका लागि हो भने मनुस्मृतिमा उनको आदेश छ कि–"स्त्रीरत्न' नीचकुलादपि गृहणीयात्' अर्थात् नीच कुलबाट पनि स्त्री रत्न लिनुपर्दछ।"
खपऱ्यासँगको द्वन्द्वले ठाउँपिच्छे लाटो देवतालाई दलित, गैरदलित दुवै थरीले पुज्ने गरेका छन्। आआफ्नो फरक मन्दिर बनाएर। एउटै निलपाल पनि लोहार र औजीमा विभाजित रूपमा पूजनीय छन् मेलौली बैतडीको ४ नं. वडा तिताबैमा।

(१६) बैतडीको साबिक विशालपुर गाउँ विकास समितिको कोटिगाउँ, डँडेलधुराको अजयमेरु, भागेश्वर, गन्याप र डोटीको जोराइलको नाइल क्षेत्रमा खपऱ्यासँग भएको द्वन्द्वमा गन्याप गैंसेर समैजी, लाटो, मुन्ठा अर्थात् मस्टा, पिल्को, पासो आदि देवताहरूको प्रत्यक्ष सिनो सङ्घर्षमा यिनीहरू बिटुलिए। समैजीको खुट्टो नै भाँच्यो कसैले खायो पनि भन्नुभएको छ। गन्यापको जिब्रो निकाल्यो, लाटो त प्रत्यक्ष रूपमा साँप्रो नै लगेर आक्रमण गरेको कुरा पटक पटक उल्लेख भएको छ। पिल्कोलाई त खपऱ्याको भाइ नै मानेको छ। मस्टा पनि असीमकेदारदेखि केही अन्यसँग पनि मेल नखाने देवता मानिन्छ। यिनीहरूले ज्यानै फालेर अठौतीसँग लडेर खप्तड कर्णालीतिर लखेटे। त्यसपछि मात्र यहाँको आर्य संस्कृतिले फस्टाउने

CC-0. Nepal Sanskrit Academy, Kathmandu
मौका प्राप्त गऱ्यो। तर परिणाम के भयो भने यी लडाकु देवताहरूलाई विजयपछिको उच्च सम्मान, कदर र स्याबासी दिनुको सट्टा बाध्यताले भागेश्वर, घण्टेश्वर, उग्रतारा, शैलेश्वरीहरूले स्विकारे तापनि यिनीहरूलाई तल्लो श्रेणीको दर्जामा नै राखियो। केही केहीलाई त झन् अपमानित हुने गरी हिन्दु संस्कृतिले अछुत बनाएका जातिहरूको जिम्मा लगाइयो।

(१७) गङ्गेश्वर, मौर्या र अन्य वीरबेताल देवता पुज्ने गैरदलितहरूले पनि भाकल गरी यी ठुलाहरूको देवस्थलमा जानै नहुने, लहडबाजीमा गइहाले पनि कारिन्दाहरूले थाहा पाए यिनको भेटी नै नलिने र प्रसाद नदिने चलन भागेश्वरमा देखिन्छ। बाजुराका ती जाति समुदाय जो खापरका पूजक हुन्, ती पनि मालिका दर्शनका लागि भाकल नै गरेर गाउँबाट जाँदैनन्। केही अन्य गाउँबाट साथीभाइहरूसँग अघोषित रूपमा जाने गर्छन्। पहिला प्रतिबन्धित नै गरिएका शिल्पकार समुदाय द्वन्द्वकालमा मालिका जाँदा चोखा हौँ भन्नेहरूबाट हानकुट नै गरियो। अन्य ठाउँमा पनि दलित समुदायले प्रवेश गर्दा देवताले मारि नै दिन्छ कि भन्ने जुन त्रास आफूभित्र थियो। त्यो गैरदलित समुदायले पारेको थियो। त्यो स्वात्तै घट्यो। देवताले होइन चोखा मान्छेले मार्दो रहेछ भन्ने प्रमाणित भयो। यो लेखकलगायत परिवर्तनकामी समुदायले जगन्नाथ, शिवनाथ, मेलौलीमा, डिलासैनी, निङ्गलासैनी, उदयदेव, शैलेश्वरी प्रवेशका क्रममा भोगेको पनि त्यही हो।

बैतडीको जगन्नाथ र त्रिपुरासँगको सम्बन्ध पनि जगन्नाथले खपऱ्यालाई अन्य लड्ने देवताहरूको गोप्य सूचना दिएको भन्ने कारणले गर्दा जुनसुकै जाति समुदायको भए पनि त्यसको देवस्थलमा लगाइएको तिलकप्रसाद धारण गरेर ननुहाई त्रिपुरामा जान नहुने प्रथा अझै कायम छ। सम्भव भएसम्म लुगासमेत फेर्नुपर्ने हुन्छ। फेरि, जगन्नाथ देवता भूल (सार्की) जातिले पाएकाले र खपऱ्यासँगको लडाइँमा साथ सहयोग नगरेबापत गीतमा पनि "ईश्वरको धामी खालो गाईको गुदन" भनी अझै खेल खेल्नु अपमानित गर्नु हो। ईश्वर अर्थात् जगन्नाथका धामी क्षत्री पनि हुन्छन्, दलित पनि हुन्छन्। बाजुरामा अरू देवतालाई घन्टी चढाउने र यसलाई घाँडो चढाउने र गाईको दुध होइन, भैँसीको दुध, घिउ आदि चढाउने चलन छ।

यसका लागि भनाइ पनि के छ भने– "खापरको भैँसी, ब्रह्मको गाई।" यस किसिमले यसलाई तल्लो तहको देवता माने पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्वामी कार्तिक खापर गाउँपालिकास्थित खापर सबै जाति ठकुरी, बाहुन, क्षत्री, विश्वकर्मा आदि समुदायका धामी हुने गर्दछन् । पुजारी उपाध्याय बाहुन हुन्छ भन्ने कुराबाट सम्मानित देखिन्छ । बझाङमा सिंह ठकुरीले सम्मानसहित पुज्दछन् । कर्णालीको रास्कोटका बम ठकुरी र दोहाका शाही ठकुरी पनि श्रद्धासाथ पूजाआजा गर्नुहुन्छ । बैतडी डँडेलधुरा र डोटीको जस्तो खापरप्रति त्यति साह्रै वितृष्णा देखिँदैन ।

फेरि, यस कर्णाली प्रदेशमा र सुदूरपश्चिम प्रदेशमा भएका वैदिक र अवैदिक देवस्थलहरूको जस्तो व्यापकता अन्यत्र त्यति छैन । कर्णाली क्षेत्रमा मस्टो संस्कृति नै प्रमुख धार्मिक र सांस्कृतिक रूपमा व्याप्त छ । शक्तिशाली नै मानिएको धवलपुरा देवतालाई–राक्षसी भनिएका विद्रोही शक्तिले (सम्भवतः त्यस्तो शक्तिशाली खपऱ्या नै हुन सक्छ, किन भने कृपाराम धमालाले भने झैँ कर्णालीमा खपऱ्यालाई राक्षसी देवता पनि भनिन्छ) १२ भाइ देवताका धामीहरूलाई गोठमा हुली धुवाँले आतङ्कित पार्दा तिनी बौतला (गोठको तलको फोहोरको नाली) बाट बाहिर निक्लेका हुँदा शिल्पी समुदायको जिम्मा लगाएको हो ।

धौलपुराले मालिकाको डोली 'मालको हिमाल, हिमालको माल' पुऱ्याउने जिम्मेवारी दिएर पनि तल झार्ने काम गरेको देखिन्छ । धवलापुराले बोक्दा मालिका छोइनुपर्ने तर त्यस्तो देखिँदैन । गाह्रो अप्ठेरोमा नछुने रहेछ भन्ने देखियो ।

(१८) देवताको वाणी निकाल्ने धामी पनि कुन किसिमको संस्कार बोकेर आएको हो, त्यसबाट पनि प्रभावित भएको हुन्छ । प्रायजसो जनमानसको भनाइ छ– जसको धामी आफ्नो त्यसको देवता आफ्नो । आज होस् वा हिजोको कुरा जुन निर्णायक नेताको चाकरी चापलुसी जसले बढी गर्छ, सेवा सुविधा पनि त्यसैले बढी पाउँछ ।

यसले गर्दा देवता फितला हुँदै गएका छन् आम नागरिकले न्याय खोजेका हुन्छन् । जनसाधारण धामीको वाणी र व्यवहार देवताको नै हो भनेर पटक पटक भ्रमित भएको पनि पाइन्छ । तिनकै विश्वासमा परेर धेरै मान्छेहरूको ज्यान पनि गएको छ । दलित समुदायले मन्दिर प्रवेशका बेला धामीलगायतकाहरूले ढोकामा अलिगढवाला ताल्चा ठोकी हातमा खुँडा खुकुरी लिएर डर त्रास देखाएका थिए । देवताभन्दा पनि मन्दिरका एकाधिकारवादीको डरले स्थानीय दलितहरूले पनि विभेदकारीकै साथ दिएका थिए । देवताकै डरले छाउपडी गोठमा महिलाहरू धमाधम मरिरहेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुझाव

खपऱ्या र देवताहरूबिचको द्वन्द्व र सिर्जित विभेदबारे अध्ययनको आरम्भ गर्न लाग्दा दुई/तीन जिल्लासम्म मात्र गर्ने सोच बनाइएको थियो। तर विषयवस्तुको गाम्भीर्यलाई जोड्दै खोज अनुसन्धान गर्दै जाँदा कुमाउँदेखि कर्णालीसम्म जोडिन पुग्यो। यति ठुलो भूखण्डलाई प्रभावित पारेको पात्रका बारेमा क्रमबद्ध अध्ययन गरी इतिहास नै नलेखिनु, इतिहासको पानामा स्थानै नदिइनु, इतिहासकारको कलम र आँखाले देख्दै नदेख्नु निकै गम्भीर र दुःखद कुरा हो। संसारका अरू देशका धार्मिक, सांस्कृतिक र ऐतिहासिक पुस्तक हामी खोजी खोजी ठुलो चाखका साथ पढ्ने गर्छौं तर आफ्नै घर समाज मात्र नभई राष्ट्रिय जीवनलाई नै प्रभावित पारेको विषयवस्तुबारे नलेख्नुका पछाडिको कारण भने लेखकहरूको धर्म संस्कृतिसँग मेल नखाने पात्र भएकाले नै होला।

अन्यायमा पारिएका लिङ्ग समुदायकाहरूबाट लुकाउन धौ धौ परेको हुनुपर्छ। यस घटनालाई लिपिबद्ध गरेर टाउको दुखाउन नचाहेर पो हो कि ? तर, लोककविहरू र सम्बन्धित समुदायले घटनाक्रमलाई गीति श्रुति लोककाव्यको माध्यमद्वारा शताब्दियौँदेखि अझ गौरा पर्वदेखि विभिन्न चाडबाडमा गाएको गायै छन्। पुस्तकहरूका कथा कहानीहरू त अक्षर ज्ञान भएकाहरू मात्र पढ्ने गर्छन्। तर यहाँ त औँठा च्याप्ने दाजुभाइ, दिदीबहिनीहरूले रमाइलोसाथ पैसा खर्च नगरीकनै श्रुतिकाव्यगाथाको इतिहासलाई कुनै न कुनै रूपमा यस कथाका सकारात्मक र नकारात्मक कुरालाई बचाइ नै रहेका छन्।

यस ऐतिहासिक परिघटनालाई लिखित रूपमा कसैले पनि लिपिबद्ध गर्न नचाहेर मात्रै ओझेलमा परेको हो। मध्ययुगीन इतिहासलाई कुन रूपमा प्रयोग गरी वर्तमान समयसापेक्ष उपयोगी बनाउन सकिन्छ ? भन्नेबारेमा गहन खोज अनुसन्धान गरी पाठकवर्ग, यस लोकप्रिय गीति आदिवंश गाथाका गिदराज्यूहरू, सहभागी सम्पूर्ण सहयोगीहरू, यस विषयमा अध्ययनकर्ता नवयुवावर्ग, धर्म, संस्कृति र समाजलाई समयानुकूल पार्ने परिवर्तनकारी व्यक्तित्वहरू, बुद्धिजीवी लेखकहरू, राज्यलाई विधि विधान र न्याय कानुनसम्मत बनाई सञ्चालन गर्न चाहने नेतृत्ववर्गका साथै समाजलाई समतामूलक बनाउन यो अध्ययनपछि तपसिलबमोजिम सुझावका रूपमा प्रस्तुत गरेको छु।

(१) प्रकृतिबाट नरनारीको जन्म एउटै विधि प्रक्रियाबाट हुने भएपनि हाम्रो धर्मशास्त्रले लामो समयसम्म चारवर्णको उत्पत्ति भगवान्‌ले गरेका हुन् भनी अन्धकारमा राखेको पाइन्छ। हिन्दु धर्मका

CC-0. Nepal Sanskrit Academy, Kathmandu
शुभचिन्तक, समर्थकहरूले हिम्मत र आँटका साथ सत्य, तथ्य र विज्ञानसम्मत ढङ्गले बोल्न र लेख्न सक्नुपर्दछ ।

(२) ढाकछोपको नीतिले ती संस्कृत भाषामा लेखिएका विशाल साहित्यिक, धार्मिक, ऐतिहासिक, नीतियुक्त, आयुर्वेद, खगोलशास्त्र, वास्तुशास्त्र, कलासंस्कृतिका भण्डारहरूमा धेरै कुराहरू जीवनजगत्सँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूलाई पनि शङ्काको घेरामा ल्याउने, विश्वसनीयतामा ह्रास आउने काम क्रियाकलापहरू भइरहेका छन् । बिवादास्पद विधिविधान र कुतर्कद्वारा सत्य प्रमाणित गर्ने चेष्टा गर्नुभन्दा आफ्ना महापुरुष भनिएकाहरूलाई सम्मानित बनाइराख्न उनीहरूबाट भए गरेका गल्तीलाई गलत र सहीलाई सही भन्न सक्नुपर्दछ ।

यसबाट हाम्रा असल सम्पत्तिहरूप्रतिको श्रद्धा र विश्वास कायम रहन सक्छ । श्रद्धेय एवम् पूजनीय पात्र पनि बनिरहने अभ्यासले केही व्यक्ति र समुदायको भरणपोषण त होला । तर यसको कुनै महत्त्व र गरिमा कायम रहन सक्दैन ।

सत्यता र वास्तविक रूपका धार्मिक, वैज्ञानिक सोच र प्रगतिशील विचार भएकाहरूलाई यी त प्रतिक्रियावादी र नास्तिक हुन् भनेर चोखिने अवस्था देखिँदैन ।

(३) एकातिरबाट आफूलाई काम नलाग्ने भएपछिका गाईबस्तु आर्थिक प्रलोभन दिएर वा धर्म हुने नामबाट अनादिकालीन रैथाने मूलवासी शिल्पीलाई छालासम्बन्धी काम गर्न लगाउने, खान लगाउने अर्कोतिरबाट जातीय रूपमा वा फोहरीको आरोपमा अछुत बनाइराख्ने दोहोरो नीति हटाइनुपर्दछ । बुढेसकालका, अपाङ्ग र थारो पशु ती समुदायलाई दिएर के गर्लान् भनी दिएका हुन्छन् ? पशु हत्याको जिम्मेवार को हुने ? विचार गर्ने बेला आएको छ ।

(४) मठ मन्दिरहरूमा सुख ऐश्वर्य प्राप्तिका लागि भनेर राँगाहरूको बलि दिने गरिन्छ । मुखैभित्र रगत पुगुन्जेलसम्म आफू काटिराख्ने अनि सिनो भएपछि अनादिकालीन मूलवासी दलित बनाइएका शिल्पीहरूले मात्र खानुपर्ने अवस्था छ प्रसाद भनेर । जब कि देवतामा चढाउनेले प्रसादका रूपमा आफू पनि खाने हो, बोकाको मासु खाएजस्तै । नरिवल चढाएपछि त्यसको आधा भाग लिने, फूलपत्रदेखि प्रत्येक वस्तुको अंश आफूले प्राप्त गर्ने र प्रयोग गर्ने गर्दछन् । हिजोको अर्थात् जसलाई सनातन धर्म भन्न हामी पछि पर्दैनौं त्यतिखेरका अश्वमेध, गोमेध आदि हरेक यज्ञमा गरिएका बलि विधानका यज्ञभाग समयानुकूल आफूले केही लिने र केही छोड्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुरामा राँगो मात्र छोड्नु धर्मसङ्गत हुनै सक्दैन । तसर्थ सम्पूर्ण समाजलाई नै धार्मिक, सभ्य, शिष्ट, सुसांस्कृतिक र चोखो बनाउन र दोस्रो, समाजलाई ती अभक्ष्य मानिएका गोमांसाहारबाट वञ्चित गर्दा त्यस धर्मको सुसंस्कृतिको गरिमा झन् बढ्न सक्छ । खुट्टा दुखिरहे शिरलाई सन्चो हुँदैन । कोही पनि सुखी हुन सकिँदैन ।

(५) विष्ठा (दिसा) खाने बाखो चोखो हुने, घाँस पराल, दुध गुड खुवाएर पालिएको राँगो कसरी अशुद्ध हुन्छ ? विचारणीय प्रश्न रहेको छ । धर्म गर्नु असल कुरा र अधर्म गर्नु गलत कुरा हो भने अमुक प्राणीलाई सयकडौँ मान्छे मिली लडा (डोरी) हाली रमाइलोको नाममा र आफ्नो रक्षार्थ चुट्दै चुट्दै मन्दिरमा बलि दिने गरिन्छ । बैतडीको निङ्गलासैनीलगायतका केही मन्दिरहरूमा चौसठ्ठमा लखेट्दै काट्ने गरिन्छ । भाकलअनुसार आरम्भमा अलिकता खुँडाद्वारा हल्का चोट लगाएर मौलाबाट भगाइन्छ । पीडाबाट छटपटाउँदै राँगो दौडेर काबुबाहिर गएपछि शरीरका जुनसुकै अङ्गमा जथाभाबी खुँडा खुकुरीहरूले प्रहार गरी तड्पाएर बलि दिइन्छ । के यो साँच्चिकै धर्म हो वा महाअपराध हो ? सम्भवतः कुनै पनि वास्तविक धर्मशास्त्रले बलि दिनु धर्म हो भन्दैन । यसमा मानवको स्वार्थबाहेक अरू कुरा केही छैन । कुन जमानाको महिषासुरको दण्ड अहिलेका एउटा अमुक प्राणीले तड्पी तड्पी मर्नुपर्ने के यो हाम्रो हिन्दु धर्मसङ्गत कुरा हो ? आफ्नो स्वार्थपूर्तिका लागि निर्दोष प्राणीको यातनापूर्ण ढङ्गले बलि दिइन्छ । त्यो पनि सार्वजनिक रूपमा कतिको जायज कुरा हो ? धर्मको रक्षण कर्तालाई सोचनीय बेला आएको छ । आफ्नो घरमा सन्तानसरह दुध सखरका साथै मिठो घाँस पराल र गेडागुडी खुवाई पालेको राँगो के त्यो आदिकालको राक्षस हुन सक्छ ?

बलि दिइनैपर्ने अवस्था हो भने निश्चित ठाउँमा बन्द घेरा वा पर्खालभित्र स्लटर केन्द्र तोकी अत्यधिक पीडा नदिईकन आधुनिक मेसिन प्रयोग गरी दिइनुपर्दछ । बलिको क्रूर तमासालाई व्यवस्थित, वैज्ञानिक र आधुनिक प्रविधिको प्रयोग गर्न स्थानीय र प्रदेश सरकार, समाजसेवी, बुद्धिजीवी, जनप्रतिनिधिहरूलगायत सरोकारवाला सबैले एकीकृत पहल तत्कालै गर्नुपर्ने देखिन्छ ।

अष्टादशपुराणेषु व्यासस्य वचनद्वयम् ।
परोपकारः पुण्याय पापाय परपीडनम् ॥

के यी अठार पुराणहरूभित्रको निचोड वाचन गरी

CC-0 Nepal Sanskrit Academy, Kathmandu

पण्डित्याइँ देखाउन मात्र हो ? वा प्राणी हितका लागि व्यावहारिक रूपमा पनि प्रयोग नगर्ने ?

(६) देवतालाई दिव्यशक्ति, देवत्व, प्रभुशक्ति, ज्ञानशक्ति र क्षमा दयाको भण्डार भएको मान्दछौं भने के त्यसले दिएको बचन, वाणी वा सर्त फेर्न सकिन्छ ? साँच्चिकै त्यसमा त्यो सर्वहितकारी देवत्व छ भने त्यसले नफेरिनुपर्ने भएको हुनाले मान्छेद्वारा निर्मित विभेद मान्छेद्वारा नै त्याग्नुपर्छ। मानव मात्रका लागि र जसलाई हाम्रो धर्म सबै धर्म संस्कृतिभन्दा उच्च भन्न थाक्दैनौं भने यथास्थितिवादलाई नै संरक्षण गरिनुले हामी आफ्नो धर्मकर्मलाई उत्थान कि पतन गराइरहेका छौं ? गम्भीर समीक्षाको विषय बनेको छ।

(७) बिरालो छोपेर श्राद्ध गर्ने प्रथा कतिसम्म राखिरहने हो अब सोच्नुपर्ने समय आएको छ।

(८) बाध्यतावश जेसुकै स्वीकार गर्ने, धर्म र संस्कृतिसम्मत नै हो भनी जोडबल गरिन्छ। कमजोर पक्षको हितकारी सुझाव, व्याख्यालाई उपेक्षा गर्ने प्रथाप्रणालीले धर्म संस्कृति संरक्षणमा क्षति हुँदै गएको छ।

(९) यदि हामी यस ब्रह्माण्डको रचनाकार व्यवस्थापक न्यायकर्ता कुनै महान् सर्वव्यापी परम् ब्रह्मको अस्तित्वलाई स्वीकार गर्दछौं भने त्यसलाई लुकाएर, पर्दा हालेर, झुटो बोलेर गरिने क्रियाकलापले के त्यसप्रतिको विश्वास कायम गर्न सकिरहेका छौं त ? वा फितलो बनाइरहेका छौं ? कतै रक्षक नै भक्षक त बनेका छैनौं ? आफूतिर नै फर्केर हेर्नुपर्ने भएको छ। प्रायजसो भन्ने गरिन्छ– हाम्रा देवतालाई रक्तको नामको रातो सिन्दूर पनि चल्दैन, श्रीखण्डको पूजा लाग्छ। अनि पूजा गरेपछि ढोका बन्द गरेर बाहिरतिर कालिकाको स्थापना गरेर विभिन्न किसिमका बलि दिइन्छ। जसलाई हामी सर्वज्ञ पनि भन्छौं, त्रिकालद्रष्टा मान्छौं त्यसै परम् ब्रह्मलाई नै ढोका थुनेर बलि दिँदा के त्यसले थाहा पाउँदैन होला ? त्यो धर्मसङ्गत छ र ?

(१०) एकातिर बनारसी, लाटो, समैजी, निलपाल, सैँपाल, मस्टा, गैँसेर (गयाँहरि), मसानी, धौलपुरा, पिल्कोहरूलाई सानो देवता, अछुत र शिल्पीहरूको देवता पनि भनिन्छ। तर गाह्रो अप्ठेरोमा ठुला हौँ भन्ने पनि शरण पर्ने गर्छन्। त्यसै गरी, खपऱ्या (खापर), देवगण्या आदिलाई राक्षस देवता पनि भन्ने निर्णय गराउन उनकै शरणमा जाने गर्छन्। यस्तो दोधारे चरित्रबाट के बुझियो भने देव, दानव जसलाई जे उपमा दिए पनि चोखा वा बिटुला जे जे भने पनि आफ्नो समयका हरेक सृष्टिले मानव समाजमा प्रभाव पारेको हुन्छ। कोही कसैलाई धेरै ठुलो र अरू कसैलाई धेरै सानो मान्ने वा

CC-0. Nepal Sanskrit Academy, Kathmandu
अनिच्छापूर्ण ढङ्गले स्वीकार गर्ने ? अनिच्छापूर्ण ढङ्गले खाएको राम्रै खानाले पनि बान्ता गराउँछ ।

शिवले इच्छापूर्ण ढङ्गले विष खाँदा पनि जगदीश भएको भनाइ छ। अनार्य शिवलाई आर्यकुल श्रेष्ठ ब्रह्मा विष्णुहरूले पनि देवताहरूका पनि देवता महादेव भनी स्वीकार गरेका थिए । तसर्थ, को ठुला ? को साना ? मानव स्वार्थ र मानसिक विकारबाट सिर्जित भ्रम मात्रै हो। ठुला नदीहरूको फोहर पानीलाई जल भनी सबै देवताहरूमा चढाएपछि वा मृत्युको बेला गङ्गाजल भनी पिलाएपछि असमानताको शेष कहाँ बाँकी रह्यो र ? आजका हामी एक्काइसौँ शताब्दीका भनी गर्व गर्नुको के अर्थ भयो र ? कुन धर्मको रक्षा गर्दै छौँ ?

आफ्नो अहम्वादी र स्वार्थवादी धर्मको हो वा निराकार, सर्वव्यापक, समद्रष्टा, न्यायकर्ता, चराचरको पिता भनेर बेला मौकामा हाम्रा अभिव्यक्तिबाट परिचय गराइने धर्मावतारको हो ? हातमा बाला, कानमा मुद्रा, राता पहेँला सफेद फेटा बाँधेका, वस्त्रधारण गरेका, रामनामी ओढेर मठ मन्दिरमा धाएकाहरूले ठुलाठुला यज्ञ गरेर प्रवचन गर्ने, नचाउने, पैसा सङ्कलन गर्ने, विशाल मठ मन्दिर निमार्णकर्ताहरूले अछुत भनिएकाहरूद्वारा बनाइएका मुख नबोल्ने ढुङ्गा, माटो, काठ तामा, पित्तल, काँसो, सुन, चाँदीका, देवता, उनकै पानस, पञ्चपात्रो, सुनको जनेउ, कमण्डलु, त्रिशूल, डमरु, घन्टी, पटक-पटक थुक लगाई धागोद्वारा निर्मित नेजा, ध्वजा, मण्डप, जनेउ, बाता, श्रद्धासाथ प्रयोग गर्ने तर छुवाछुत कायम राखिराख्नुको रहस्य उद्घाटन वेदवाचक, पुराणवाचकहरूले अब प्रस्ट बोल्नुपर्‍यो, द्विर्थी भ्रमको खेतीपाती कहिलेसम्म चलाइरहने हो २१ औं शताब्दीको विज्ञान प्रविधिको युगमा ? आफ्नो साँचो धर्मका खातिर मुख खोल्न निकै ढिलो भएन र ?

(११) महान् कर्मयोगी र कलाका निर्माताहरूलाई काम निकाल्न तिमी पनि हिन्दु नै हौ भनेर भनिराख्ने फेरि जातीयताका आधारमा देवताहरूकै घरआँगनमा लाजै नमानी छुवाछुत र जातीय भेदभाव गर्न पनि छोडिँदैन। यस्तो सङ्कटबाट त्राण पाउन यस समुदायले रोजेको धार्मिक आस्थातिर जानु वा नास्तिक हुनुजस्ता कुरालाई लिएर ठुलो मुद्दा उठाइराख्नु अनौठो र खेदजनक कुरा हो ।

मनुस्मृतिजस्ता शूद्र र नारीको शत्रु ग्रन्थ संस्कृतमा लेखिएका छन् भनेर निरन्तर रूपमा प्रकाशन गरिरहनु, पठनपाठन गराइराख्नु नेपालको वर्तमान संविधान र जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ तथा मुलुकी देवानी ऐन र मुलुकी फौजदारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu
संहिता ऐन-२०७४ को ठाडो उल्लङ्घन हो ।

यस्ता मानव उत्पीडनकारी, विभेदकारी धर्मको नामकरण गरिएका पुस्तकहरूलाई प्रतिबन्ध लगाउँदा उपयुक्त हुन्छ । कसैका पूर्वजहरूले अक्षम्य गल्ती गर्‍यो भने त्यस बेलादेखि आजको विज्ञान प्रविधिको युगसम्म सार्वजनिक रूपमै सङ्गीतबद्ध गरेर कथित दलित समुदायले गाली बेइज्जत गरिरहनु पनि उपयुक्त हुँदैन । शिष्ट सभ्यताका दृष्टिले पनि उचित देखिँदैन । अरूले विभेदकारी व्यवहार र छुवाछुतजस्तो जघन्य अपराध नगरेपछि आफूले पनि किन कसैको चीरहरण गर्नुपर्‍यो ? अब दुवै पक्षले सभ्यताको परिचय दिई संसारलाई, शिष्टताको व्यवहारबाट नयाँ समाजको छुट्टै रूप हाम्रा नयाँ पुस्तालाई हस्तान्तरण गर्नु हामी सबैको कर्तव्य हो ।

(१२) लोकतान्त्रिक गणतन्त्रमा दैनिक रूपमा जातीय विभेदका घटना सार्वजनिक भई अन्तर्राष्ट्रियकरण हुनुले देशको बेइज्जत भएको छ । सायद अब पीडित समुदायको भन्दा हिन्दु धर्म संस्कृति र राष्ट्रको नै शिर झुकिरहेको प्रतीत भइरहेको अवस्था छ । कुनै पनि रूपमा जातीय विभेदलाई प्रश्रय दिइराख्नु एकछिनका लागि पनि कसैको हितमा छैन ।

(१३) स्वयम् भित्र पनि गरिरहने छुवाछुत र अरूबाट पनि विभेदका सिकार साढे तीन हजार वर्षदेखि हुँदै आएको तथाकथित शूद्र, दलित भनिएका वैज्ञानिक शिल्पी समाजले यसलाई निर्मूल पार्न आफ्नो ठाउँबाट आफू पनि उठ्नुपर्छ । मौन रहनुको तात्पर्य स्वीकार गरेको ठहर्छ । तसर्थ, सुदूरपश्चिमको एउटा उखान छ जसको आसनमुनि पानी पस्छ, उसले नै उठ्नुपर्छ (जैका सेज पानी पस ऊ उठि बस) भन्ने कुराको मनन गर्न आवश्यक छ । आफू-आफूबिचको विभेदलाई पालिराख्ने अरूलाई मात्र दोष दिने नैतिकता नरहन सक्छ । तर, बढी जिम्मेवार यो कुप्रथा सुरु गर्ने र धर्मभीरुहरू नै बन्न जरुरी छ ।

(१४) चेतनाका कार्यक्रमहरू अब शिल्पी/दलितमा मात्र होइन संयुक्त रूपमा अझै बढी गैरदलितहरूलाई पनि समुदाय स्तरमा समावेश गरिनुपर्छ ।

(१५) सुधर्म, सुसंस्कृति र सुसमाज भनेको के हो ? यसका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय नीति नियममा के के छन् ? राष्ट्रियदेखि स्थानीय प्रसारणका छापा माध्यम, श्रव्यदृश्य सामग्रीहरूमा अनिवार्य र नियमित रूपमा सरकारी र गैरसरकारी क्षेत्रबाट प्रसारण भइरहनुपर्छ ।

(१६) जुन ठाउँमा जुन कुराको अभ्यास गर्दा विभेद ठहरिन्छ त्यसलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यसै तहबाट पूर्ण रूपमा प्रतिबन्ध लगाइनुपर्छ।

(१७) जुन किसिमको शब्द प्रयोग गर्दा जातीय भेदभाव ठहरिन्छ तिनलाई कडाइका साथ प्रतिबन्ध लगाउने कानुनी व्यवस्था हुनुपर्छ। भएका कानुनलाई कार्यान्वयन गरिनुपर्छ। आवश्यक कानुन केन्द्र, प्रदेश र स्थानीय सरकारले बनाई प्रभावकारी रूपमा कार्यन्वयन गर्नुपर्छ।

(१८) अपमानजनक थरहरू केही त गैरदलितभित्र पनि छन्। यसलाई सहज रूपमा यथाशीघ्र निर्मूल पार्नुपर्छ।

(१९) परिचयका क्रममा तिमी बाहुन, क्षत्री, वैश्य, शूद्र के हौ भनी खुट्याउने चलन प्रतिबन्धित हुनुपर्छ।

(२०) छोइछिटो जुनसुकै ठाउँमा निर्मूल हुनुपर्छ।

(२१) मठ मन्दिरलगायतका विभिन्न धार्मिक स्थलहरूमा जहाँसम्म तीन वर्णका लागि खुला हुन्छ। त्यहाँसम्म चतुर्थ वर्णका लागि पनि विभेदरहित ढङ्गले खुला गरिनुपर्छ। पूजा सामग्री पनि अरूको सरह स्वीकार गरिनुपर्छ। प्रसाद पनि विभेदरहित ढङ्गबाट प्राप्त हुनुपर्छ। अन्तमा अब हाम्रो शिव पार्वतीको क्रीडास्थल र बुद्ध जन्माउने सुन्दर शान्त भूमि नेपालमा खपऱ्याको पुनर्जन्म हुने अवस्था सृजना हुनु हुँदैन।

(२२) शिल्पी समुदायलाई प्रशस्त प्रशिक्षित गरिनुपर्दछ । भेदभाव भनेको दलितसँग गैरदलितले गर्ने मात्र नभई दलित-दलितबिच गरिने विभेद पनि हो भन्ने बुझाउनुपर्छ।

(२३) गैरदलित समुदायभित्र चुला खाने, बाहिर खाने, रोटी खाने भात नखाने, दिजहरूमा पनि फरक सङ्ख्याका डोरीयुक्त जनै जनै लगाउने प्रथा हट्दै जानु सकारात्मक पक्ष हो। सबै थरीले सरसफाइ, शुद्ध आचरण, नैतिकतापूर्ण व्यवहारमा बढी जोड दिनुपर्ने आवश्यकता अझै पनि कायम छ।

(२४) हिन्दुकरण गरिएका शिल्पी समुदायले आफ्नो आस्थाअनुसारको क्रियाकलाप गर्न सहज रूपमा पाउने व्यवस्थालाई सरलीकरण गर्ने र वर्णवादी व्यवस्थाको सनातन व्यवहार गर्ने हो भने ब्राह्मणले खुला दिलले यी समुदायको पनि कर्मकाण्ड गरिनुपर्छ। इच्छुक हिन्दु शिल्पी समुदायलाई पनि जनै धारण गराउनुपर्छ।

(२५) स्वैच्छिक रूपमा विवाह गर्ने युवायुवतीहरूलाई विभिन्न किसिमका आरोप लगाई सम्बन्ध विच्छेद गर्ने तथा हत्यासम्म गर्ने र आत्महत्या गर्ने अवस्थासम्म पुऱ्याउने व्यवहारलाई कडाइका साथ रोक्न लगाउनुपर्छ।

(२६) देवीप्रथाका अवशेषबाट अझै पनि पीडितहरूलाई न्यायपूर्ण व्यवस्थापन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरिनुका साथै आमा वा बुबाको नामबाट नागरिकता लिने सहज वातावरण बनाउने, नवयुवायुवतीको पीडाको समाधान गर्नुपर्दछ ।

(२७) धर्मसंस्कृतिसँग जोडिएर मृत्युवरण गरिरहेका देशैभरिका महिलाहरूको छाउपडी समस्या धामी र पुरोहितबाट नै समाधानको खोजी गरिनुपर्दछ । यसका लागि बनेका कानुनहरूको व्यवहारमा प्रयोग हुनु पर्‍यो । सरकारले कडाइका साथ कार्यान्वयन गराउनुपर्छ ।

(२८) इतिहास शासकहरूको मात्रै एकपक्षीय ढङ्गबाट लेखिनुहुँदैन । सत्यतथ्यमा आधारित इतिहास लेखिनुपर्छ ।

(२९) इतिहास एकपक्षीय, तोडमोड र बङ्ग्याइनुहुँदैन । सत्यतथ्य र निष्पक्ष लेखिनुपर्छ ।

(३०) यस्ता गहन ऐतिहासिक अध्ययन अनुसन्धानका लागि केन्द्र, प्रदेश र स्थानीय सरकारहरूले आवश्यक मात्रामा बजेट विनियोजन गर्नुपर्छ ।

(३१) बिगार्ने र सपार्ने काम राज्य संयन्त्रबाट नै भएको कुरा खपर्‍या र देवताहरूबिचको द्वन्द्वबाट पनि प्रमाणित हुने गएको छ । तसर्थ झिनामसिना कुरा भनेर कसैलाई चोट पुर्‍याउने काम गर्ने गराउन हुँदैन ।

निष्कर्ष

जङ्गबहादुर राणाले वि.सं. १९१० मा मुलुकी ऐनद्वारा जातीय विभेद झन् कडा बनाए । आफूलाई विवाह गर्नुपर्दा शाल्मी, मेचेहरूलाई अछुतबाट मुक्त गरी सुन्दर कन्याहरू ल्याए । विरोधीहरूलाई घटाउने, पक्षधरहरूलाई बढाउने काम यिनका खेल थिए । भगत सर्वजित विश्वकर्मालाई हिन्दु धर्मबारेको बहसपछि श्री ३ मोहन शमशेर राणाबाटै खड्का क्षत्रीसरहको दर्जा प्रदान गर्नुबाट शासन सत्ताले नै मान्छेलाई जुन तहमा पनि राख्न सक्दो रहेछ भन्ने प्रस्ट हुन्छ । त्यो हिजोको धर्मशास्त्र होस् वा आजको संविधान । मानिसलाई मानिस बनाउन हजारौं वर्षदेखिका सङ्घर्षहरूको बलिदानपश्चात् केन्द्रीकृत सामन्ती शासन व्यवस्थाको वि.सं. २०६५ मा अन्त्य गरियो ।

पहिलो २०६४ को संविधान सभा र २०७० को दोस्रो संविधान सभामा राष्ट्रका सबै जाति, धर्म-संस्कृति लिङ्ग, क्षेत्र भूगोलका सभासदहरूको उपस्थितिबाट संविधान लेखिएको छ । सबै सुधर्म, सुसंस्कृतिको संरक्षण र राज्यका सबै अङ्गमा समानुपातिक समावेशीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

व्यवस्थाले समतामूलक र कानुनी राज्यको शासन व्यवस्थाद्वारा न्यापूर्ण समृद्धिका द्वार खोलिएका छन्। सम्पूर्ण नेपाली जनताका लागि खोलेको बाटोवाट सबैका मौलिक हकअधिकार स्थापित गरिएको छ।

अब समृद्ध नेपाल सुखी नेपाली बनाउनका लागि कुनै किसिमका धर्म संस्कृति, रीतिरिवाज र परम्पराको नामबाट विभेद गरिनुहुँदैन। कुनै पनि नेपालीलाई असमानता र विभेदको सिकार बन्न नदिने अठोट सचेत नेपालीले गर्नु नितान्त आवश्यक छ। अब न कसैले निरीह पशुलाई हतियार बनाएर खपऱ्या बन्नुपरेको छ, न त कसैले देवता हौँ भनी त्यागी बलिदानी र संरक्षणकर्ताहरूलाई नै छलछाम, जालभेल, षड्यन्त्र गरेर तल झार्नुपरेको छ। तसर्थ आजको मितिमा हामीले न देवता बन्नु छ, न त दानव नै बन्नु छ। हामी मान्छे थियौँ सनातन भन्ने युगमा पनि, आज पनि मान्छे नै छौँ। हाम्रा पिता पुर्खा, बाजे बराजुहरूले देवता बनाएर पनि दुःख पायौँ, राक्षस बनाएर पनि दुःख पायौँ। अहिले पनि हाम्रो सिङ्गो समुदायले बाउन्न हन्डर, त्रिपन्न ठक्कर खाइ नै रहेका छन्। यो अमानवीय उत्पीडनको जाँतो र ओखलले अब कसैलाई कुनै पनि बहानामा पिसिरहनु र कुटिरहनु पर्दैन। यो नारकीय उत्पीडनको सिलसिला अब समाप्त हुनुपर्दछ।

महाभारतको शान्ति पर्व १०७३० ले भने झैँ "जात्या च सदृशाः सर्वे कुलेन सदृशास्तथा" आदिम समाजका मानिसहरू जात र कुलमा सबै समान थिए। अर्थात् त्यहाँ मानिस-मानिसबिच असमानता र कुनै पनि प्रकारको भेदभाव थिएन। सायद त्यसैलाई सत्ययुग भनिएको होला। यसैलाई सरलीकरण गरी देवासुर सङ्ग्राममा मोदनाथ प्रश्रितले भनेको उतिखेरको समाज यस्तो थियो-

"साझा थ्यो सबको मैत्री मुटुको धुकधुकी पनि
माया-प्रीति पनि साझा, नाच गान र वादन।

विशाल सबका छाती भित्र साझा सबै कुरा
अटेका थे त्यहाँ हुन्थ्यो साझा मृत्यु र जीवन।

"समानी व आकूतिः समाना हृदयानि वः" (ऋग्वेद १०।१९१।४) त्यो सनातन र आजको अवस्थालाई मध्यनजर गरी कवि दैवज्ञराज न्यौपानेले नेपाली मान्छेको परिचय यसरी दिएका छन्।

जात मेरो नेपाली हो जहाँ गए पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थर पनि नेपाली हो जसले सोधे पनि ।

यसो भने न कसैमा अहम् भावनाको बोझ रहन्छ न कसैमा हीन भावनाको लवलेश नै रहन्छ न अठौती र देवताहरूबिच द्वन्द्व हुन्छ, न मान्छे मान्छेबिच कुनै विभेद रहन्छ। यो युग न्याय, समानता र समभावको भएकाले स्वच्छ समाजको निर्माणका लागि सकारात्मक सोच र तदानुकूल व्यवहारको अनुभूति आजको आवश्यकता हो। वर्णवादी व्यवस्था, संस्कृति र त्यस सोचको अन्त्यका लागि विभेदकारी, सामाजिक, आर्थिक, सांस्कृतिक र शासकीय संरचनाको विरोधका लागि खपञ्याले कठोर सङ्घर्ष गरे। केही क्षेत्रमा उनलाई देवत्व नै प्रदान गरियो। उनको सङ्घर्ष र त्यसले दिएको सन्देश नै यस कृतिमा विवेच्य विषय रह्यो। भवतु सब्ब: मङ्गलम्। अस्तु !

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनुसूचीः १

भेटवार्ताबाट प्राप्त सूचना

कर्णसिंह बिस्ट

१) विभेद दैवी नै थियो जस्तो लाग्छ। जसको कारण त्यो मानव जातिमा पनि असर गरेको छ। समयअनुसार देवीदेवतामा पनि परिवर्तन आउँछ जस्तो लाग्छ।

२) लडाकु सहयोगी देवताहरूसँगको विभेद अन्यायपूर्ण थियो। पहिला भूलाएर दैत्यलाई मार्न लगाउने अनि उनीमाथि नै अन्याय गर्ने काम छलकपट नै थियो। छलकपटको नकारात्मक परिणाम स्वयम् गर्नेले पनि भोग्नुपर्ने हुन्छ।

३) चलाख मानिस वा देवताले साम, दाम, दण्ड, भेद अपनाए र हिजो पनि विभेद गरेको देखिन्छ र आज पनि जारी छ।

४) तत्कालीन अवस्थामा त विभेद साह्रै नै थियो। पछिपछि सौहार्द्रपूर्ण हुँदै गएको छ।

५) समयानुसार परिवर्तन हुनुपर्छ।

६) द्वन्द्वमा सकारात्मक र नकारात्मक पक्ष हुन्छन्। इतिहास त्यही हो। यसका सकारात्मक पक्षलाई लिएर नकारात्मकलाई छोड्दै जानुपर्छ।

७) विशेष चाडबाडमा दलित समुदायले देवतालगायत ठुलाबडालाई गाली गर्नु खपऱ्याको कारण मात्र हो भन्ने लाग्दैन। अरूतिर पनि यो चलन रहेको छ।

खगेन्द्र सङ्ग्रौला

१) जित्ने देवता, हार्ने दानव हुन्।

२) नयाँ युगका देवता हुन् अहिलेका नेता।

३) अन्याय र विभेद रहुन्जेल द्वन्द्व रहन्छ।

४) नस्लवादी शासन अहिले पनि दोहोरिँदै छ नाम जे दिए पनि।

गङ्गासिंह नायक

१) अष्टसिद्धिको बलमा संसार हेर्न जहाँ पनि जाने हावारूपी हुनुपर्छ खपऱ्या।

२) घमण्ड र अहम् भावले राक्षस गुण उत्पन्न भयो।

३) कमिलादेखि हात्तीसम्मका प्राणी एकै तत्त्व हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गौरी पन्त

१) खपऱ्यालाई देवताहरूले विभेद गरेबापत प्रतिकारस्वरूप देवताहरूमा आक्रमण गऱ्यो ।

२) मानवरूपी नै हुन् दानव र राक्षस ।

डा.जगमान गुरुङ

१) चन्दननाथ जोगी आई जुम्ला कालागाउँको केटालाई राजा बनाएर कल्यालवंशी भए । हिन्दुकरण गरियो ।

२) बाबुराम आचार्यले जैन खानमाथि इतिहास अन्धकारमा छ भनेका छन् ।

जयराज ओझा

१) खपऱ्या महिषासुरको वंशज हो ।

२) अष्टादश पुराणेषु व्यासस्य वचनद्वयम् ।
परोपकार पुण्याय पापाय परपीडनम् ।।

३) जन्मना जायेते शूद्रः कर्मणा द्विज उच्यते ।

४) कश्यपका दिति र अदिति दुई जना श्रीमती हुन् । हिन्दु र मुस्लिमका बाजे एउटै हुन् । हामी पनि अनार्य हौँ ।

५) श्रीकृष्णकी १६,१०८ रानीहरू भिल्लहरूले अपहरण गरेपछि विभिन्न आदिवासी पैदा भए ।

डम्बरदत्त पाण्डेय

१) खपऱ्याको द्वापरयुगको समय हो जस्तो लाग्छ। अठौती मल्ल राज्यका हकदार हुन् । खपऱ्या देवता सताउने दानव वा राक्षस हो ।

२) खपऱ्या दैत्य थियो मुस्लिम होइन, किनभने मुसलमानको डरले सबै नेपाल, उत्तराखण्ड भागेर आएका हुन् ।

३) सज्जन पुरुषलाई देवगण र जाली फटाहरूलाई दानवको संज्ञा दिइएको हो । गौरा पर्वमा देवीदेवताको गीत गाइने हुनाले देवतालाई सताउनेमा खपऱ्यासमेत जोडियो ।

४) देवतालाई जातिभन्दा पनि उनको शक्ति र उत्पत्तिअनुसार पूजाआजा फरक-फरक तवरले गरिन्छ ।

५) विभेद मानवीय थियो किनकि ठाउँ र टोलअनुसार फरक-फरक देखिन्छ । उत्पत्तिको आधारमा स्थान दिइएको छ ।

६) यस गाथाबाट नयाँ पिँढीमा पनि राम्रो काम गर्नु वा सेवा गर्नु ठिक छ भन्ने विचार उत्पन्न हुन सक्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७) केही ठाउँमा मन्दिरका कार्यकर्ताको अज्ञानताले विभेद देखिएको छ। ज्ञान प्राप्त भएका व्यक्तिहरूले सुधार गर्नुपर्ने देखिन्छ।

प्रा. बालकृष्ण पोखरेल

१) तेत्तिस कोटी देवता र ८४ सिद्ध मिली अठौतीलाई अछामतिर भगाएका हुन्। यिनी भित्री मधेसका जाति हुन्।

२) कुम्भकर्ण जातिको कुमाल्तडो भयो अछाममा।

३) डोटी क्षेत्रमा दोष जाति बस्ने गर्दथे। पहिला माथिकै हुन्, पछि तल झारिए।

४) गाइनेका प्रमुख राइँभाट हुन्।

५) कलिया (करिया) अठौती मल्लको सिपाही हो। प्रवक्ता हो।

६) धामदेव नपक्रँदा हिमालको गौरव रहँदैन।

६) धामदेवको पालामा हिमाल र माल तिनका पखेटा थिए।

भरतराज जोशी

१) राक्षस वा दानव भन्नु राक्षसी क्रियाकलाप र प्रवृत्ति हो।

२) गङ्गेश्वरले खपऱ्या मारेको हुँदा यस आलकेरका मान्छे भागेश्वर जान पाउँदैनन्। गङ्गेश्वरलाई अपवित्र मानिन्छ।

३) देवताले होइन समाजले विभेद गरेको हो। यो अनुचित हो।

४) ठुला देवता र ठुला मान्छेहरूले गल्ती गरेबापत गाली सहनुपरेको हुन सक्छ।

राजेन्द्र रावल

१) चानिफा (चम्पा) रावल (जो आफै कलाकार पनि थिए) की बहिनी नाग मल्लकी रानी थिइन्।

२) नाग मल्लले देवतालाई चढाएकी कन्या रौला चेली हुन, रावलकी छोरी होइनन्।

३) शासक नै देवता बने।
कत्युरी शासक-खपरदेव बने खापरदेव
निम्बरदेव-निमुन
भूदेव-भूमिराज
अशान्तिदेव-असीमकेदार
कटारमल्ल-लाटो कटारी
उदयदेव-उदयदेव (ठाकुर देवता)
निलपाल-निलपाल देवता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४) अठौती शाके १३२० पछिको
५) अलग अलग इतिहास एकमा जोडिए । खपऱ्या अलग पात्र हो ।

डा. लक्ष्मीराज पण्डित

१) खपऱ्याको काल १०-११ औं शताब्दी हुन सक्छ ।
२) यो द्वन्द्व लौकिक अर्थात् भौतिक हुनुपर्छ ।
३) काम्ने कुरा डरले पनि हुन्छ ।
४) जसलाई हामी लट्टाधारी भूत वा दानव भन्छौं तिनी वनजङ्गलमा भागेर गएपछि त्यहाँ काट्न नपाउँदा, दारीजुङ्गा, कपाल र नङहरू बढेर डरलाग्दा हुन पुगेका हुन सक्छन् ।

लालबहादुर ओली

१) आफ्नो समाजका लागि कर्म गर्ने मान्छे त्यो समाजको देवता हो । विरोधीका लागि राक्षस, दानव जे नाम दिए पनि हुने भयो । खापरको मामिलामा पनि त्यस्तै भएको हुनुपर्छ ।

लक्षीसिंह नायक

१) नागी मल्लकी जेठी छोरी गुनपाल रावलकी श्रीमती ।
१) देवताको रूप बिग्रिएमा राक्षस हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सन्दर्भ सामग्री

अख्तर सिद्दीकी, डा. सलाहुद्दीन (२०७३), *धर्मशास्त्रका पारिवारिक व्यवस्थाहरू र नेपाल कानुन,* नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं ।

अधिकारी, विपिन (२०६८), *नेपालका खस जाति,* न्यु नेपाल रिसर्च सेन्टर, विराटनगर ।

अधिकारी, प्रा.डा., सूर्यमणि (२०६१), *खस साम्राज्यको इतिहास,* भुँडी पुराण प्रकाशन, बागवजार, काठमाडौं ।

अम्बेडकर, डा. बी.आर. (२००८), *हिन्दु नारी का उत्थान और पतन,* सम्यक् प्रकाशन, पश्चिमपुरी, नई दिल्ली- ६३ ।

खत्री, प्रा.डा. प्रेम (२०७२), *नेपालका जातीय संस्कार,* भाग ३, नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी काठमाडौं ।

चटौत, आर.डी. प्रभास *बेलाको बोली, बखतको इतिहास ।*

जोशी, जयराज (२०७१), *तल्लो स्वराडको एक झलक,* कञ्चन राष्ट्रिय छापाखाना, महेन्द्रनगर, कञ्चनपुर ।

जोशी, दिव्येश्वरी (२०७०), *डोटेली चाडपर्व र लोकगीत* लेख सहिद दशरथचन्द स्मृति प्रतिष्ठान सुन्दरखाली (बस्कोट) बैतडीको सुशील स्मारिका २०७० ।

डेउडा भडा, अन्तराम बिस्ट (अडियो भिडियो) । बिस्ट, अन्तराम, डेउडा भडा (अडियो भिडियो ।)

त्यागी डा. श्रीराम तथा भाटिया प्रा.पी. आर. ई. १९७७/७८ *भारत वर्ष का इतिहास* भाग २, रस्तोगी पब्लिकेसन्स, मेरठ २५०००२ ।

दयाल, गणेश (२०६९), *अतीतका घटनाक्रम- २,* वंशावली, जगदम्वा पब्लिकेसन प्रा.लि., कञ्चनपुर ।

दयाल, धुव, (२०७०), *बैतडी जिल्ला मेलौली गाउँ विकास समितिका दलित जाति 'लोहार'को सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था,* (अप्रकाशित शोधपत्र), त्रि-चन्द्र बहुमुखी क्याम्पस, काठमाडौं ।

दयाल, पुरनसिंह (२०७१) "दलित मानव मर्यादाका व्यक्तित्वहरू" प्रकाशन सहयोगी- दलित समाज विकास मञ्च र विभिन्न सङ्घ-संस्थाहरू ।

पन्त, जयराज (२०५५), *अँजुलीभरि सगुन, पोल्टाभरि फाग,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं ।

प्रभात, विष्णु र श्रेष्ठ, सुदर्शन (२०७०), *गोविन्द भट्टका दार्शनिक रचनाहरू,* नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी, काठमाडौं ।

.............., *भारत वर्षका इतिहास :* भाग १ रस्तोगी पब्लिकेसनस शिवाजी रोड, मेरठ २५०००२ ।

प्रश्रित, मोदनाथ (२०७१), *देवासुर सङ्ग्राम,* माइलस्टोन प्रकाशन तथा प्रसारण लि., ललितपुर ।

पाण्डे, बद्रीदत्त (१९९०), *कुमाउँका इतिहास,* श्याम प्रकाशन, श्री अल्मोडा बुक डिपो, अल्मोडा (उ.प्र.) ।

पाण्डेय, मधुसूदन (२०६५), *नेपालका जनजातिहरू,* पैरवी प्रकाशन, पुतलीसडक, काठमाडौं ।

पुरातत्त्व विभाग, नेपाल सरकार, महाकाली अञ्चलका वर्गीकृत सांस्कृतिक सम्पदाहरूको विवरण- २०६६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

फुले, ज्योतिराव (२००९), *गुलामगीरी*, गौतम प्रिन्टर्स, नई दिल्ली, अनुवाद डा. विमल कीर्ति ।

बागचन्द, बसन्तवहादुर (२०७१), *विमार्जन जातिवाद र परिवर्तन*, ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि., काठमाडौं ।

विस्ट, डोरवहादुर (२०५२), *सबै जातको फूलबारी*, अभिव्यक्ति छापाखाना, चाबहिल, काठमाडौं ।

बोगटी, दीर्घसिं वि.सं. २०६७ *हाम्रो संस्कृति तथा पर्यटन सम्भाव्यताको एक झलक*, शैलेश्वरी अफसेट प्रिन्टर्स, दिपायल, डोटी ।

भण्डारी, जितसिंह, *डोटी क्षेत्रको प्राचीन इतिहास, धार्मिकस्थल र वंशावली*, मेघा प्रेस प्रा.लि., पुतलीसडक, काठमाडौं, वि.सं. २०६४ ।

नेपाली, डिबी (सोलु), (२०७६), कर्नालीका शिल्पी/दलित समुदायको सामाजिक-सांस्कृतिक सम्पदा (स्थिति विश्लेषण) प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कर्नाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।

नेपाली, गोविन्द (२०७७), गोविन्दको: मौलिक ज्ञानको कलासिद्धान्त, मिलिन्डा नेपाली, ThemesNepal Pvt. Ltd., काठमाडौं, नेपाल ।

महर्जन, राजेन्द्र, किसान डा. यामबहादुर (२०७०), *दलन विरुद्ध प्रतिरोध*, समता फाउन्डेसन, सानेपा, ललितपुर ।

मालिका वार्षिक पत्रिका, वर्ष ३०, अङ्क १४, कैलाली जनपुस्तकालय, धनगढी, कैलाली ।

मुकारुङ, श्रवण (संयोजक) वि.सं. २०७४, प्रज्ञा नेपाली मिथक कोश, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

विश्वकर्मा, दानबहादुर (२०७१), *शिल्पी समुदायलाई दलित पहिचानबाट मुक्त र* शिल्पी पहिचान स्थापित गराउने सम्बन्धी कार्यपत्र, जनचाहना अर्धवार्षिक पत्रिका-२०७२ ।

शङ्कर, चक्रवहादुर (२०६६), *प्राचीन शूद्रः वर्तमान दलितहरूको "दलित वासस्थान"*, बराह ज्वेलरी इन्डस्ट्रिज प्रा.लि., न्युरोड, काठमाडौं ।

शाक्य, डा. केशवमान (२०६६), *नेपालमा खस जाति र बुद्ध धर्म (कार्यपत्र)*, धर्मोदय सभा, भृकुटीमण्डप, काठमाडौं ।

शिवाकोटी, प्रा.डा. गोपाल (सन् २०१४), *खस जाति स्वत्वको लडाइ*, पैरवी प्रकाशन, पुतली सडक, काठमाडौं ।

श्री श्रीमद ए.सी. भक्तिवेदान्त स्वामी प्रभुपाद, बाह्रौं मुद्रण, *गीतासार*, भक्ति वेदान्त बुक ट्रस्ट, जुहू, मुंवई ।

श्रीमद्भगवद्गीता प्रभास गीता महाकाव्य (२०७१), श्रीकृष्ण जन्माष्टमी आगम प्रकाशन नयाँ बानेश्वर ।

सन्त रामपाल जी महाराज अनुवादक. भक्त सुमन दास 'ज्ञान गङ्गा' प्रचार प्रसार समिति सतलोक आश्रम, चण्डीगढ रोड बखाला जिल्ला हिसार (हरियाणा) भारत ।

सिंह, शिवजित सन्-२००९, विश्वकर्मा महापुराण-रूपेश ठाकुरप्रसाद प्रकाशन कचौडीगली, वाराणसी २२१००१ ।

सुदूर पश्चिमाञ्चल, मासिक पत्रिका (२०६६), न्यु नेपाल प्रेस, न्यूरोड, काठमाडौं ।

Bista, Dor Bahadur (1976).*People of Nepal*. Ratna Pustak Bhandar, Kathmandu.

Caplan, A.P. (1978). *Priest & Cobblers: A study of Social Change in Hindu Relations*. Himal Books Center, Kathmandu.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल प्रज्ञा-प्रतिष्ठान

९ ७८९९३७ ७२३३९८